परमात्माको दर्शन

१.४
४६३प

नरेन्द्रनाथ भट्टराई

परमात्माको दर्शन

नरेन्द्रनाथ भट्टराई

गीता समुदय प्रकाशन
वागवजार चोक, काठमाडौं
२०५३

परमात्माको दर्शन

181.4
BHA

प्रकाशक :
गीता समुदय प्रकाशन
बागवजार चोक
काठमाडौं
फोन: ४७१३९०, २२८९१५

9757

१८१.४
अ४६९१

दोस्रो संशोधित संस्करण : १००० प्रति

मूल्य : पचास रुपयाँ
(यस पुस्तकको विक्रीवाट उठेको रकम अन्य पुस्तकहरुको प्रकाशनमा उपयोग गरिने छ ।)

कम्प्यूटर टाइपसेटिङ्ग
सिद्धार्थ सुन्दर शाक्य
महेश (ज्ञानेन्द्र) जंङ्ग कुँवर

मुद्रक :
रत्न अफसेट प्रेस प्रा. लि.
डिल्ली वजार, काठमाडौं
फोन - ४१६०४३, ४१६३१५

प्रकाशकको कथन

गीता समुदय प्रकाशनको स्थापना, जनसाधारणमा धर्माचरण गर्ने प्रवृत्तिलाई वलियो पार्दै धर्म र नैतिकतामा आधारित एक उन्नतिशील समाजको विकासमा योगदान गर्ने तथा सनातन धर्ममा रूचि वढाउने पुस्तक-पुस्तिका प्रकाशित गरी जनसाधारणलाई सुपथ मूल्यमा उपलब्ध गराउने उद्देश्यले भएको हो ।

उपर्युक्त उद्देश्य प्राप्त गर्ने क्रममा गीता समुदय प्रकाशनले आफ्ना प्रथम पुस्तक श्री नरेन्द्रनाथ भट्टराईको "परमात्माको दर्शन" पाठक समक्ष प्रस्तुत गर्दैछ । यो पुस्तक २०४१ सालमा श्री ५ को सरकारको सूचना विभाग द्वारा प्रकाशित भएको थियो र केहि महिना न वित्दैमा यसका सवै ५००० प्रतिको वितरण भई सकेका थिए । पाठकहरुको रुचिलाई ध्यानमा राख्दै यस पुस्तकलाई इच्छुक पाठकहरुमा पुन: उपल्ब्ध गराउने उद्देश्यले पुस्तकको यो संशोधित र परिमार्जित दोश्रो संस्करण प्रकाशित गरिएको हो ।

"परमात्माको दर्शन" अत्यन्त सरल भाषा र शैलिमा लेखिएको छ । पुस्तक भित्र रहेका प्रत्येक शीर्षक अन्तर्गत विभिन्न आध्यात्मिक संदेशहरु रोचक कथाका रुपमा व्यक्त गरिएका छन् जसले गर्दा सामान्य पाठकहरुलाई ती संदेश वुझ्न सजिलो हुने छ । पाठकहरुलाई आफ्नो जीवन शान्त, सुखी र सार्थक वनाउनमा यस पुस्तकवाट सहायता मिल्ने छ, र कतिपय पाठकहरुलाई यसले हाम्रा धर्मशास्त्रको वढी गहन अध्ययन गरि मानव-जीवनको परमलक्ष्य प्राप्त गर्न प्रेरित पनि गर्ने छ भन्ने आशाले यो पुस्तक प्रकाशित गरिएको हो ।

यस पुस्तकको प्रकाशन सम्वन्धी सम्पूर्ण व्यय-भार श्री एम.एस.सुवालले वहन गर्नु भएकोमा यस सहृदय उदारताका लागि उहाँ प्रति गीता समुदय प्रकाशनका तर्फवाट हार्दिक कृतज्ञता व्यक्त गर्दछु । साथै, गीता समुदय प्रकाशनलाई पुस्तकको यो संशोधित संस्करण प्रकाशित गर्ने अनुमति दिनु भएकोमा श्री नरेन्द्रनाथ भट्टराईज्यूमा पनि धन्यवाद अर्पण गर्दछु ।

अध्यक्ष

गीता समुदय प्रकाशन

पुस्तकबारे

प्रेरणाका स्रोत, करुणाका सागर समस्त ऋषि-मुनि, संत महात्मा, ज्ञानीजन र वृद्धपुरुषहरुलाई सतत प्रणाम गर्दछु, जसवाट मलाई यो पुस्तक तयार गर्न प्रेरणा मिल्यो । एक पटक कुनै ठाउँमा एकजना महात्माले प्रकट गर्नुभएको सदिच्छा मेरो कानमा पर्‍यो : 'धर्ममा प्रवृत्त मानिसलाई धार्मिक शिक्षादीक्षाको व्यवस्था भएमा पछिसम्मका लागि उसले कर्तव्य कर्मको वास्तविकता वुझेर, धार्मिक वनेर आफ्नो, समाजको, देशको र विश्वकै कल्याण गर्ने छ ।' यस महान् सदिच्छालाई केही हदसम्म भए पनि मेरो यस प्रयासले सघाउ पुर्‍याउन मद्दत गर्न सक्ला भनी यो कदम चालेको हुँ ।

संस्कार भनौं वा विधाताको वुझ्न नसकिने चाँजोवाट निक्लेको यो मैले युवावस्थादेखि नै श्रवण, पठन–पाठन र सत्संगको अवसर पाएँ । ज्ञानरूपी अमृतमै डुवुल्की मार्न नसके पनि ज्ञानरूपी रसको पान आँखा, कान र मुखले गर्न पाउने सुअवसर समय-समयमा पाइराखिएको पनि छ । आफूले वुझेसम्म, जानेसम्म, पढेसम्म, र सुनेसम्मको आधारवाट सम्झनाको भरमा उपमाहरू समेत प्रस्तुत गरेर आफ्नो वुद्धिले पुगेसम्म सरल र सरस पारेर यो पुस्तक तयार गरेको छु । सत्य सदा सत्य रहन्छ, सत्य सदा अखण्ड हुन्छ, सत्य सदा सनातन रहन्छ, सत्य सदा शाश्वत हुन्छ । उपमा, उद्गार, प्रवचन, उपदेश, सत्य, सनातनलाई स्मरण गराउने उपकरण मात्र हुन् । संत, महात्मा, ज्ञानी, सद्गुरुहरूवाट अनादि समयदेखिनै आफूलाई विर्सिएर दुःख र अशान्तिमा परेर छट्पटिरहेका मानिसको लागि स्मरण गराउने क्रममा हजारौं-हजार कथा र उपमा निक्लिरहेका छन् । यस्तै सन्त, महात्मा ज्ञानी र सद्गुरुहरुको दिव्य उपदेश श्रवण, पठनपाठन गरिंए र गरिंदै पनि छ । आफूले सम्झेवुझेको आधारमा आफ्नै ढङ्गवाट लेख्ने प्रयास गरेको हुँ । जस्तो आफू उस्तै अरू अर्थात् आफूलाई जुन ढंग मन पर्‍यो उस्तै सवैलाई मनपर्ला भन्ने धारणाले यो पुस्तक तयार गरेको छु । ढङ्ग मन परे पनि नपरे पनि सत्य त सवैलाई मनपर्छ किनकि हामी सवैको स्वभाव नै सत्य हो, स्वरूप नै सत्य हो । आफूले आफूलाई विर्सेर अर्थात् सत् चित, आनन्द आफ्नो स्वरूपलाई विर्सेर आफू असत्य, अनित्य दुःखी र अशान्त हुँ भन्ने ठानेर यसैलाई धेरै समयदेखि आफूले मानेकोले मात्र दुःखी, आशान्त जस्तो भान भएको मात्र हो । आफ्नो सच्चा स्वरूपको स्मरण गराउने काममा यी

कथा, उपमा र लेखनले मात्र अलिकति काम गऱ्यो, झझल्को मात्र दिलाइदिन सक्यो भने पनि आफ्नो प्रयासलाई सफल मान्नेछु । कथा, उपमाहरु त वाटो कतावाट जाने अव कतिसम्म जानुपर्ने रहेछ, कति वाटो काटियो भन्ने जानकारीको लागि वाटामा राखिएका पथसङ्केतका लट्ठाजस्ता मात्र हुन् । लट्ठालाई मंजिल ठानेर त्यसैलाई अंकमाल गरेर वस्न हुँदैन ।

यी लेखहरूमा प्रस्तुत भएका उपमाहरू मध्ये हजारौं वर्ष अघिदेखि अहिलेसम्म पनि प्रवुद्ध पुरुषहरूले भन्दै आउनुभएका उपमा पनि धेरै छन् । कुन उपमा कसले,कहिले र कहाँ भनेको, लेखेको भन्ने कुरा भन्न पनि सकिन्न ती सवै कुरा जनाएर फायदा हुने कुरा पनि होइन । अर्को कुरा थेसिस (शोधपत्र) को रूपमा लेख्न लागिएको अर्थात् विद्वत्ता देखाउन लेखिएको लेख पनि होइन । वाटोमा हिंड्दा काँडा विझ्यो वा टाउकोमा चराले विष्ट्याइदियो भने काँडा झिक्न तथा विस्टा सफा गर्नतिर नलागेर, केको काँडा, कसले त्यहाँ फालेको हो, के जातको फूल विरुवाको काँडा हो भन्ने कुरा स्पष्टसंग नवुझीकन काँडा कहाँ झिक्न हुन्छर भन्नतिर लाग्नु भन्दा काँडो तुरुन्तै झिक्नेतिर, विस्टा तुरून्तै सफा गर्नेतिर लाग्नु नै कल्याणप्रद र विद्वत्ता हुनेछ ।

जिज्ञासु पाठकवर्गहरूसँग फेरि पनि म निवेदन गर्दछु काँडा र विस्टाको उपमालाई संझेर यताउता अलमलिनतिर नलागेर उद्देश्य, लक्ष्य, मंजिलतर्फ उन्मुख होऊँ । समय र परिस्थिति सधैं वदलिँदै जान्छन् तर शाश्वत, सनातन, धर्ममा समयले र परिस्थितिले कहिलै पनि रत्तिभर असर गर्न सक्दैन । समुद्रको गहिराइ शान्त र निर्मल हुन्छ, परिधिमा समय र परिस्थति अनुरूप छाल, फोकाफीज आउँछन् जान्छन् तर समुद्रलाई केही असर पर्दैन, त्यसै गरी मानिसको समाजमा वाहिर गरिने चलन, परम्परा र अन्य चालचलन, उपमा, दृष्टान्त, कथा, उपदेश पनि फरक हुन्छन्, वदलिन्छन्, आउँछन्, जान्छन् तर शाश्वत सनातन धर्म सदासर्वदा एकनासले रहिरहन्छ । मेरो सतत प्रयास पनि परिधिमा नअलमलिएर गहिराइमै अर्थात् सत्यमै डुवुल्की मार्ने भावना जागरण गराउनुमा नै रहेको छ । मेरो, तेरो भन्ने धारणालाई नविर्सिएसम्म सत्य पाइन्न । धारणा मात्र सत्यको लागि वाधक छ । धारणारहित भएर शून्य चित्तले हेर्ने, सुन्ने, पढ्ने, वोल्ने गरेमा नै सत्यको नजीक पुग्न सकिन्छ ।

विश्व-व्रम्हाण्डमा हर मानिसको रूप,रंग, स्वभाव अर्कोसंग मिल्दैन । मानिस मात्र होइन प्रत्येक जीव-जन्तु रूख, विरुवाहरु आफू आफूमै पनि फरक फरक हुन्छन् । एउटै वोटको एउटा फूल वा पातसम्म पनि अर्कोसँग मिल्दैन । परमात्माको सगुण रूपको चमत्कार नै यही हो !

मानिस मानिस पिच्छेका सोचाइ, धारणा छन् । आ-आफ्नो स्वभावअनुसार यथाशक्य सवैलाई उपयोगी होस् भन्ने धारणा राखिएकोले पुस्तकमा प्रस्तुत लेखहरूमै पनि विभिन्नता र विरोधाभासहरू अवश्य छन् । कुनै लेखमा भक्तिभाव छन् त कुनैमा ज्ञान, कुनैमा योग त कुनैमा ध्यानका भावहरू छन् ।

यो पुस्तक केटाकेटी, युवा र वृद्ध सवैलाई चाख लागोस्, घत लागोस् र ज्ञान दिन सकोस् भन्ने उद्देश्यले तयार गरिएकोले यसमा लेखिएका कतिपय उपमालाई सामान्य कथाको रूपमा पढेमा मात्र पनि रमाइलो लाग्नेछ भने धर्मप्रति जिज्ञासा राख्ने र अन्धविश्वास, रुढिवाद, कर्मकाण्ड, र धर्मको नाममा चलेका कुप्रथा देखेर धर्मको यथार्थ अर्थ नवुझेर धर्मवाट विचलित भएका वा धर्मप्रति नै आस्था डगमगाउन लागेका युवावर्गलाई धर्मको वारेमा सही वोध भएर धर्मतिर उन्मुख हुन र सही मार्ग वुझ्न वढी प्रेरित पनि गर्नेछ ! यसैगरी वयस्क वा वृद्धहरूले उपमाको पृष्ठभूमिमा मनन चिन्तन गरेमा सत्यको झिल्को अवश्य मिल्ने छ । केटाकेटीलाई केही सरल उपमाहरू कथाकै रूपमा मात्र सुनाइदिने गरेमा कथाको प्रभावले पछि गएर सत्मार्गमा लाग्न काफी मद्दत पुग्नेछ । युवावर्गको मस्तिष्क नै विश्लेषणात्मक हुने भएकोले विश्लेषणपूर्वक नै उपमाका सारसूत्र र व्याख्यालाई अध्ययन गर्ने वानी गर्नु उपयुक्त हुनेछ । वयस्क र वृद्धमा जीवन-रसको अनुभव प्रशस्त हुने हुँदा वास्तविकतालाई मात्र समातेर त्यसैमा मनन र चिन्तन गर्ने गरी अध्ययन गर्ने गरेमा यसवाट सत्यको, परम्‌को स्वाद पाउन सरल हुनेछ भन्ने लाग्दछ ।

परमात्माको दर्शन नचाहने, अर्थात् सत्य जान्न नचाहने, आनन्द नचाहने कोही छैनन् । सवैको लक्ष्य नै यही हो । सारा धर्मशास्त्रको उद्देश्य पनि यही लक्ष्यमा पुऱ्याउनु हो । तर मानिस लक्ष्यलाई विर्सिएर वाटोमै मेरो वाटो ठीक, तेरो वाटो वेठीक भनेर लड्नमै व्यस्त देखिन्छन् ! लडाइँ चाहे शब्दको होस् चाहे शस्त्रअस्त्रको । वाटोमै अलमलिएर वाटोकै मार्गदर्शक लट्ठालाई अङ्गालेरै वस्नवाट हटाएर लक्ष्यतर्फ अघि वढ्न प्रेरणा दियो भने म धन्यभागी हुनेछु ।

नरेन्द्रनाथ भट्टराई

विषय सूची

क्र.सं.	शीर्षक	पेज नं.
१.	दर्शन	१
२.	आफ्नो दर्शन नै परमात्माको दर्शन हो	२
३.	आफ्नो सच्चा स्वरुपको स्मरण नै वोध हो	४
४.	सर्वसमर्पण नै वुद्धत्व हो	५
५.	ज्ञानी र अज्ञानीको दृष्टि	७
६.	भगवान् आफैंभित्र छ	८
७.	जस्ताको तस्तै देख्नु नै ज्ञान हो	९
८.	भगवान् पनि एकै छ, धर्म पनि एकै छ	११
९.	सन्तपुरुषको पहिचान	१२
१०.	वहाना गर मर्म नपार	१४
११.	यो पनि वितेर जान्छ	१५
१२.	जहाँसम्म भय हुन्छ त्यहाँसम्म भगवान् पाईन्न	१७
१३.	षड्यंत्रले आफ्नै नाश गर्छ	१८
१४.	फोहोर, चुहिने र भरिएको भाँडोमा केही राख्न सकिन्न	२०
१५.	श्रद्धा र शंका	२२
१६.	जीवन संगीत हो	२३
१७.	संपत्तिको लालसा विपत्ति हो	२५
१८.	संसर्गले संसार वन्दछ	२६
१९.	असंतोष नै दुःख हो	२८
२०.	प्रकृति पूर्ण छ	२९
२१.	विवेकशीलता	३१
२२.	तर्क नै नर्क हो	३२
२३.	मनको गाँठो	३३
२४.	पाउनु पर्ने र जान्नुपर्ने के छ यहाँ ?	३५
२५.	आत्मस्मरण नै ज्ञान हो	३६
२६.	सुनेको भरमा पर्नु खतरा छ	३७
२७.	व्यवहारी वन, तोता पण्डित होइन	३९
२८.	दानमा भगवान्	४०

२९.	वैराग्य नै द्वार हो प्रभुको	४१
३०.	पद सबभन्दा कडा मद हो	४३
३१.	शिष्यत्व भाव भए सद्‌गुरु जताततै भेटिन्छन्	४४
३२.	जीवन एक नासो मात्र हो	४६
३३.	कामवासना	४८
३४.	ममताले मृत्युमा लैजान्छ	४९
३५.	सच्चा धर्मवाट अमृत, कच्चावाट मृत्यु	५०
३६.	भगवान् जो गर्छ भलाई नै गर्छ	५१
३७.	धर्म ठूलोसानो छैन, अखण्ड छ	५३
३८.	मृत्यको सन्देश नै जागरणको मूल ढोका	५५
३९.	मृत्यु कसैले टार्न सक्तैन	५६
४०.	वुद्धि वीज हो	५७
४१.	संसारले मानिसलाई वाँधेको छैन	५९
४२.	मोक्ष	६०
४३.	अज्ञानचक्षु र ज्ञानचक्षु	६१
४४.	खानपीनको प्रभाव	६२
४५.	भयमा भूत अभयमा भगवान्	६४
४६.	महच्वाकांक्षा	६६
४७.	अरुको हा-हामा लाग्ने खाल्डोमा पर्छ	६८
४८.	सानो सूत्रमा ठूलो रहस्य लुकेको हुन्छ	७०
४९.	जीवनको दौड कहाँसम्म ?	७१
५०.	पापको पिता	७३
५१.	परमात्माको दर्शन	७५
५२.	मुट्‌ठी वाँधी आयौं मुट्‌ठी खोलेर जानु छ	७६
५३.	शक्ति असीम छ	७८
५४.	जवसम्म माग रहन्छ तवसम्म माग्ने हुन्छ	८०
५५.	सुख र दु:खको कारण आफैंमा छ	८१
५६.	मतलवका हुन् यी सव दुनियाँ	८२
५७.	अड्नु नै सड्नु हो	८४
५८.	मानिसको जिन्दगी कस्तो छ ?	८६
५९.	नैतिकता र धार्मिकता	८७

६०. व्यर्थदान र सार्थक दान ८९
६१. एकग्रतामा सफलता ९०
६२. सुनेर, पढेर, वुझेर मात्र पुग्दैन् अनुभव नै गर्नुपर्छ ९२
६३. भगवान् पाउने कसरी ? ९३
६४. भाषण मात्र सुनेर पुग्दैन ९५
६५. वाहिरी आचरण र भित्री मनोभाव ९६
६६. भक्ति नै सर्वोत्तम ज्ञान हो ९८
६७. दृढभावनामा भगवान् १००
६८. वुद्धि वाधा वोध सत्य १०१
६९. भोगवाट दुःख मात्र मिल्दछ १०४
७०. भाग्य ठूलो कि पुरुषार्थ ठूलो ? १०५
७१. परंको रहस्य जान्न खोज्नेको अन्त्य दुःख, परंमा वाँच्नेको सुख १०७
७२. भगवान्का सच्चा भक्त १०८
७३. विद्वान होइन विवेकवान हुनुपर्छ ११०
७४. सच्चा त्याग र वैराग्य ११२
७५. सानो विउमा विशाल वृक्ष हुन्छ ११३
७६. शान्ति ११५
७७. देव, मानव र दानव ११६
७८,, म को हुँ ? ११८
७९. अन्धो हुनु अज्ञान हो आँखा देख्नु ज्ञान हो ११९
८०. कल्पनाको प्रभाव १२१
८१. वनको वाघले खाँदैन मनको वाघले खान्छ १२२
८२. प्रार्थना कसरी ? १२४
८३. सच्चा दान अनन्त भेटी १२५
८४. वासना १२७
८५. मन १२८
८६. मृत्यु र विदेह १३०
८७. समर्पण नै सफल जीवन हो १३२
८८. सुनेर स्वाद पाइन्न चाख्नै पर्छ १३३
८९. मानिसले ईच्छा अनुरुप नै चाहन्छ, देख्छ र लिन्छ १३५
९०. सर्वसमर्पण १३७

९१.	कति भए पुग्ने ?	१३८
९२.	ध्यान नै परम धन हो	१४१
९३.	प्रतिबिम्वमा मात्र नभुल	१४३
९४.	ध्यानमा असीम शक्ति हुन्छ	१४४
९५.	वाहिर होइन आफैंभित्र छ	१४५
९६.	आत्मज्ञान	१४६
९७.	जीवन गंगा	१४८
९८.	भगवान छन् कि छैनन् ?	१४९
९९.	भक्तिको साकार रुप अभय हो	१५१
१००.	अड्कलवाट होइन सही कुरा वुझेर हिंड्नु पर्दछ	१५२

❑ ❑

१. दर्शन

दर्शन भनेको देख्नु हो । देखेपछि मात्र कुरा पक्का हुन्छ । सुनेको कुरा केवल जानकारी मात्र हुन्छ । दर्शन नगरी केवल जानकारीवाट मात्र जानेँ भन्नु मूर्खता मात्र हुनेछ । त्यसैगरी धर्मसम्वन्धी कुरा जान्नुलाई आध्यात्मिक दर्शन मानिन्छ । सारा धर्मशास्त्र अर्थात् आध्यात्मिक दर्शनहरूको पनि लक्ष्य एउटै छ, के गरेमा, कसो गरेमा, कहाँ गएमा परमात्माको दर्शन हुन्छ भन्ने । परमात्माको दर्शन गर्ने अर्थात् परमात्मालाई देख्नेहरूले परमात्माको वयान गरेअनुसार परमात्मा सत्य छ, चेतन छ र आनन्द छ भनेका छन् । यो भनेको कुरा हामीले पनि दर्शन नै गर्नुपर्दछ ! पदार्थको दर्शन वाहिरी आँखाले हुन्छ भने परमात्माको दर्शन भित्री आँखाले मात्र हुन्छ । भित्री आँखाले देख्ने भनेको अनुभव हुनु हो, वोध हुनु हो, ज्ञान हुनु हो । वास्तवमा परमात्मा हामी सवैभित्र रहनु भएको छ । वाहिरी पदार्थ देखे जस्तै गरी परमात्मालाई पनि राम्ररी वुझ्नु र अनुभव गर्नु, थाहा पाउनु नै परमात्माको दर्शन गर्नु हो ।

जागरण भन्नु, होश भन्नु, ज्ञान भन्नु, स्मरण भन्नु अनि धर्म भन्नु पनि उस्तै हो । नामले मात्र हुन्न, काम नै चाहिन्छ । काम भएमा नाम जे भए पनि हुन्छ । प्रायश: मानिस कामलाई छोडेर नाममै वाद-विवाद गर्न वढी मन पराउँछन् । भोकले छटपटिएको वेलामा खाना खान पाउनुपर्दछ, पाकशास्त्र पढेर सुनेर भोक मेटिन्न । यसै गरी चिन्ता, पीडा र अशान्तिवाट भैरहेको छट्पटाइवाट छुट्कारा पाउने एउटै उपाय छ, त्यो हो, धर्म, त्यो हो परमात्माको दर्शन ! दर्शन भनेको प्यासाले जलधारमा पुगेर प्यास मेट्नु जस्तै हो । जसले आफूभित्र रहेको परमात्माको दर्शन पाउँछ उसले जहाँतहीँ उही परमात्माको दर्शन पाउँछ । परमात्मा अखण्ड छ, पूर्ण छ, शाश्वत-सनातन छ । नजानेर, नवुझेर विर्सिएर, एकथोकलाई अर्कै थोक भन्नु ठीक हुँदैन । वास्तवमा धर्म नै, वोध नै, आनन्द नै हाम्रो स्वभाव हो । यो कुरालाई विर्सिएर परमात्माको नाममा पदार्थमा, धर्मको नाममा मत-संप्रदायमा, वोधको नाममा जानकारीमा र आनन्दको नाममा वासना तृप्ति आदिमा भुलेर यही नै

आनन्द हो भन्ने ठानी यिनै कामकुराको पछिलाग्दा नै मनुष्यजीवन झन्-झन् दु:खित, पीडित र चिन्तित वन्न पुगेको हो ।

सिद्धार्थ गौतमलाई जव वोध भयो, अर्थात् जव वहाँले सत्यको दर्शन गर्नु भयो तव वहाँलाई कसैले यस्तो प्रश्न गरे, "वोध भएर, तपाइँले के पाउनुभयो ? गौतमले भन्नुभयो, "मैले त्यो पाएँ, जो सँधै मसंगै थियो, छ र रहिरहनेछ तर वोध भएपछि मैले धेरै कुरा गुमाएँ जो मेरा थिएनन् तर तिनलाई मैले मेरा भनी मानेको थिएँ !" वोध शव्दवाटै वुद्ध वनेको हो । जसले जान्नुपर्ने कुरा जान्यो त्यही वुद्ध हो । कसैले वुद्ध भनेर सिद्धार्थलाई वुद्धको पदवी दिएको होइन ।

सत्यको (परमात्माको) दर्शन अनेक तरीकावाट हुन्छ । मानिसको स्वभाव अनुसार कसैले पढ्दा-पढ्दै दर्शन पाउँछ भने कसैले सुनेर मात्र पनि दर्शन पाउँछ । यसै गरी कसैले प्रकृतिलाई हेर्दाहेर्दै परमात्माको दर्शन पाउँछ, कसैले भक्तिवाट, कसैले ज्ञानवाट, कसैले त्यागवाट, कसैले योगवाट त कसैले भोगको व्यर्थताको वोधवाट पनि सत्यको दर्शन पाएका छन् । नारद, प्रल्हाद, मीरा, चैतन्य महाप्रभु, रामकृष्ण आदिले भक्तिवाट भगवान्को दर्शन गरे भने वुद्ध, महावीर, गोरख तथा शंकरले ज्ञानवाट पाए, तुलसीदास, विल्वमंगल, भर्तृहरिले भोगको व्यर्थताको वोधवाट त पतंजलीले योगवाट पाए । यस्तै गरी कोही रूखवाट सुकेको पात झरेको देख्दा वैराग्य उठेर दर्शनमा डुवे भने कसैमा अरूले भनेका वचन घुसेर आफूमा डुव्न पुगे ।

❀

२. आफ्नो दर्शन नै परमात्माको दर्शन हो

भक्ति, तप, ज्ञान, ध्यान जुनसुकै मार्गबाट हिंडे पनि जवसम्म आफ्नो महत्त्व थाहा हुँदैन अर्थात् आत्मवोध हुँदैन तवसम्म परमात्माको दर्शन हुँदैन ।

एक जना राजाले एउटा सन्तकहाँ गएर 'के गरेमा भगवान्को दर्शन होला', भन्ने प्रश्न राखेछन् । सन्तले एउटा ढुंगो झोलावाट झिक्केर,

'दिनदिनै यो ढुंगाको पूजा गर्नुस फूल, अक्षता, नैवेद्य चढाउनु, भगवान् नभेटिन्जेल पूजा गर्न नछोड्नू' भनी पठाइदिए । राजा नित्य विधिपूर्वक पूजाआजा गर्न लागे । एकदिन राजा पूजा गरिरहेका वेला एउटा मूसो आएर अक्षता र नैवेद्य खाएको देखे ! यो देखेर उनले सोचे, मैले चढाएका अक्षता र नैवेद्य मुसोले खाएकोले अक्षता नैवेद्य नखाने ढुंगाको भगवान् भन्दा त चढाएका कुरा खाने यही मूसो नै पो भगवान् रहेछ भन्ठानी त्यस दिनदेखि मूसाको पूजा गर्न थाले । एकदिन उनले एउटा विरालोले त्यो मूसा समातेर खान लागेको देखे । यो देख्दा मूसालाई पनि खाने विरालो पो झन् ठूलो भगवान् रहेछ भन्ठानी विरालोको पूजा गर्न थाले । अल्ली दिनपछि एउटा कुकुरले त्यो विरोलोलाई लघारेको र विरालो भागेको देखेर कुकुर पो भगवान् रहेछ भन्ठानी कुकुरको पूजा गर्न थाले । एकदिन पूजागर्न कुकुर खोज्दै जाँदा कुकुर त रानीको पछि पछि लागेर रानीको कोठामा पुगेर रानीको खुट्टा मुनि वसिरहेको देखेर कुकुर भन्दा त रानी पो ठूली रहिछन् भनी रानीको पूजा गर्न थाले । रानीले, 'के गर्न लागेको !' भनी विस्मय प्रकट गर्दै सोद्धा राजाले आफूले सोचेका सवै कुरा भने । रानीले भनिन्, "म हजूरकी दासी ! हजुर मालिक, मालिकले दासीको पूजा गर्नु हुँदैन ।" यो कुरा सुन्दा राजाले आफ्नो महत्त्व थाहापाए ! त्यस दिनदेखि राजाले आँफैलाई खोज्न थाले । खोज्दा खोज्दै आफूलाई भेटेर आँफैमा मस्त रहन थाले ।

आत्मदर्शन नै परमात्माको दर्शन हो । आत्मा अर्थात् आफू नै परमात्मा हो । आफूभित्र एकै पटक पुग्न, डुब्न गाहारो हुनेले अरूवाट सुरू गर्नुपर्दछ । राजाले ढुंगा होइन मूसा हो, मूसा होइन विरोलो हो, विरालो होइन कुकुर हो, कुकुर होइन रानी हो, रानी होइन आँफै हो भनेर आफूभित्र पस्दा परमात्मदर्शन पाएझैं हामीले पनि यों त होइन, यो पनि होइन, यो पनि होइन भन्दै अगाडि बढ्दै गएमा आफू भित्र सजिलैसँग पसिन्छ । सही अर्थमा परमात्माको दर्शन यही हो ।

❀

३. आफ्नो सच्चा स्वरूपको स्मरण नै बोध हो

आफ्नो सच्चा स्वरूप चिन्ने वित्तिकै सवै प्रकारका दुःखवाट मुक्ति मिल्दछ, जान्नु पर्ने सवै कुरा जानिन्छ । आनन्दनै हाम्रो सच्चा स्वरुप र स्वभाव हो ! यस्तो आफ्नो सदा आनन्द स्वरूपमा जाने एउटै उपाय छ, त्यो हो, आत्म स्मरण । यो कसरी हुन्छ त ?

एक पटकको घटना हो, एउटी गर्भवती सिंहिनी सिकारीको हातवाट वच्न भाग्दाखेरि उसको गर्भ पतन भएछ । संयोगको कुरा त्यो वच्चा जंगली भेडाको वथानमा खसेछ । एउटी माउ भेडीले त्यो वच्चालाई दयागरेर आफ्नै दूध ख्याएर हुर्काउन थाली । भेडीको दूध खाएर, भेडाकै वथानमा चरेर त्यो सिंहको वच्चा हुर्कन थाल्यो । हुँदा हुँदै त्यो ठूलो भयो तर पनि भेडाकै वथानमा चर्ने, घाँसपात खाने, भेडाले जस्तै कराउने गर्न थाल्यो । एकदिन एउटा सिंहले त्यो वथानमा आक्रमण गरेछ । सवै भेडा आफ्नो ज्यान जोगाउन भागे । त्यो भेडासिंह पनि सिंहलाई देखेर डराउँदै कराउँदै भाग्न थाल्यो । आफूजस्तै सिंहले भेडा जस्तो कराएको र डराएर भेडासंगै भागेको देखेर त्यो जंगली सिंहलाई आश्चर्य लाग्यो । यो भेडासिंहलाई पक्रेर कुरा नवुझी भएन भनी भेडालाई पक्रन छोडेर त्यो सिंहले त्यसैलाई लघार्दै गएर पक्रियो । सिंहले पक्रेको त्यो भेडासिंह अरू भेडाले जस्तै गरी रुँदै डराउँदै, मलाई नमार ! मलाई नखाउ, मलाई मेरो आफ्नै परिवार भएको ठाउँमा जान देउ-भनी विन्ती भाउ गर्न थाल्यो । त्यसको कुरा सुनेर त्यो जंगली सिंहले तिमी भेडा होइनौ, तिमी त म जस्तै सिंह हौ, छोड यो भेडाको भीड मसँग हिंड घरमा-भन्दा "होइन वावा ! मत भेडा नै हुँ, तिमी पो सिंह हौ मलाई नमार, नफकाऊ" भनेर त्यो भेडासिंहले भन्यो । यसरी जति संझाउँदा पनि केही नलागेपछि त्यो सिंहले घिच्याउँदै अल्ली पर एउटा तलाउको छेउमा लगेर, 'ल हेर त्यो पानीमा आफ्नो अनुहार ! अनि हेर मलाई भनेर त्यो भेडा सिंहलाई पानीको नजिकै लगेर मुन्टो निहुऱ्याई दियो । त्यो भेडा सिंहले आफ्नो स्वरूपको प्रतिविम्व पानीमा देख्यो । आश्चर्य ! त्यो सिंह र आफु त एउटै पो रहेछ ! आफ्नो सच्चा स्वरूपको उसलाई

स्मरण भयो । अनायास उसको मुखवाट जंगल नै थर्काउने गर्जना प्रस्फुटित भयो, भेडा हरायो सिंह प्रकट भयो ! भेडा हराएको पनि होइन उत सिंहनै थियो तर धारणा मान्यता तथा संस्कारले गर्दा आफुलाई भेडा ठानेको मात्र थियो !

हामी मानिसले पनि आफनो सच्चा आनन्द स्वरूपलाई विर्सेर सिंहले भेडा संझे झैं दु:खरूप नाम र शरीरलाई आफू संझी दु:ख र पीडामा परिरहेका छौं !सकली सिंह जस्तै आत्मस्वरूपलाई चिनेका, जानेका सत्पुरुष जसले "अहं व्रह्मास्मि" को उद्घोष गरेका छन् त्यस्ताको संगतमा गएर आफनो सच्चा स्वरूपको स्मरण गर्नु परेको छ । यही हो परमात्माको दर्शन ।

४. सर्वसमर्पण नै बुद्धत्व हो

सवै तरफवाट अस्तितवमा समर्पण हुन सक्ने व्यक्ति नै मुक्त हुन्छ, ज्ञानी हुन्छ, वुद्ध हुन्छ । घरवारै छोडेर, संन्यासै लिएर, भिक्षापात्र नै लिएर मात्र मुक्ति, ज्ञान तथा वुद्धत्व प्राप्त हुने होइन, परिस्थितिका हर अवस्थामा सम भएर रहन नसक्नु नै वुद्धत्व हो, परमात्माको दर्शन हो । वुद्ध पुरुपका लागि घर र जंगल, संन्यास र संसारमा केही फरक हुँदैन । हर परिस्थिति उसका लागि कल्याणप्रद मात्र हुन्छन् ।

भगवान् वुद्धका एकजना शिष्यले वुद्धत्व प्राप्त गरेछन् । उनका हर क्रियाकलाप र लक्षणहरूवाट वुद्धत्वको सुगन्ध निक्लन थालेछ । यो देखेर भगवान् वुद्धले ती शिष्यलाई वोलाएर परको कुनै एक गाउँमा गएर वस्न र त्यहाँका मानिसमा शान्ति संदेश सुनाएर तिनीहरूलाई उद्धार गर्न आग्रह गर्नु भयो । भगवान्को आज्ञा शिरोधार्य गर्दै उनी त्यहाँ जान ततपर भए । वुद्धले त्यहाँ पठाउनाको कारण वताउँदै भन्नुभयो- "हेर भिक्षु ! त्यस गाउँका मानिस सारै निर्दयी, उद्दण्ड र अज्ञानी छन् । तसर्थ तिमी त्यहाँ गएर तिनीहरूको कल्याण गरिदेऊ । तर त्यहाँका मानिस सारै दुष्ट स्वभावका भएकाले तिमी त्यहाँ पुगनासाथ तिमीलाई अनेक

प्रकार गाली वेइज्जती गर्नेछन् । त्यो सहन सक्छौ ?" यो कुरा सुनेर भिक्षुले हाँस्दै भने, "भगवान्, तिनीहरूले मलाई हातै छाड्न सक्थे भने गाली मात्र गरेर के भयो त ?" "हातैहाले भने के गर्छौ त ?" भनी वुद्धले सोध्नु हुँदा भिक्षुले भने, "घात नै गर्न सक्थे भने हात मात्र छोडेर के भयो र !" "घात नै हुने गरी पिटे भने नि ?" भनी वुद्धले सोद्धा, "मार्न नै सक्थे भने केवल घात मात्र गरे । मार्न त मारेनन्, के भयो र" भनी भिक्षुले जवाफ दिए । वुद्धले पुनः सोध्नु भयो "मारे नै भन के गन नि ?" भिक्षुले भने, "हे भगवान् !' ढिलो चाँडो एक न एक दिन मरेरै जाने यो शरीरलाई मारि नै दिए भने पनि वेसै हुन्छ नि ।" भिक्षुको यो जवाफ सुनेपछि गद्‌गद् हुँदै भगवान्ले ती भिक्षुलाई आलिंगन गर्दै भन्नुभयो, "तिमी वुद्ध भैसकेछौ ! अब मैले भन्नुपर्ने केही छैन, जहाँ गए पनि, जे गरे पनि तिमी अव धन्य हुनेछौ" भनी विदा गर्नु भयो ।

गाली, पिटाइ, घात, मृत्यु जसलाई पनि कल्याणकै दृष्टिले जसले देख्न सक्छ, सोच्न सक्छ, लिन सक्छ त्यही वुद्ध हो । त्यही ज्ञानी हो । हाम्रो जीवन दुःखमय हुनाको मूल कारण एउटै छ, परेको र पर्न सक्ने हर घटनालाई विकरालरूप वनाएर हेर्ने वानी ! कुनै परिस्थिति घट्नु अघिवाटै अज्ञानी मानिस काल्पनिक परिस्थिति र घटना सृजना गरेर त्यसमा सिङ र पुच्छर जोड्दै झन् झन् विकट र विकराल वनाउन थाल्दछन् । उता, ज्ञानी कुनै घटना घट्यो भने त्यस घटनालाई केही पनि होइन जस्तो वनाउँछ । त्यो घटनाभन्दा पनि ठूलो घटना घट्न सक्थ्यो भने यो त के हो र भनेर धन्य भावमा मग्न हुन्छ । अज्ञानीलाई काँडा विझ्यो भने ऐया र आत्थु गर्न थाल्छ, तर ज्ञानीलाई काँडा विझ्यो भने धन्यभाव प्रकट गर्दै भन्छ, सुइरो विझ्न सक्ने थियो, काँडामात्र विझेर टऱ्यो ।

५. ज्ञानी र अज्ञानीको दृष्टि

जहाँसम्म कुनै पनि कुरामा भिन्नता रहन्छ तवसम्म संझनु कि ती केवल मन र वुद्धिका कल्पना मात्र हुन्, ती झुठा हुन् । ती सवै अज्ञानीका दृष्टि मात्र हुन् । मन र वुद्धिको कल्पना नभएको अवस्थामा देखिएको दृष्टि ज्ञानीको दृष्टि हो ।

एकजना दम्पतीको विवाह भएको धेरैवर्षपछि एउटा छोरा जन्मेछ । ५ वर्षको उमेर पुग्दा त्यो छोरो पनि एकदिन विहान उठ्दा त मरिरहेको ! शोकसंतप्त भएर आमा अनेक विलौना गर्न लागिन् । वावुचाहिं सुतिरहेका थिए । पत्नीले पतिलाई उठाइन् र सवै वताइन् तव पति जिल्ल परेर हेरिरहे ! 'के भयो ? किन टोलाइरहनुभएको, वोल्नुस्न' भन्दा लोग्नेले हांस्दै भने, "हेर ! तिमीले मलाई नउठाउन्जेल म यस्तो सपना देखिरहेको थिएँ : एक से एक लायकका आठ जवान, वुद्धिमान् आज्ञाकारी छोराहरुले मलाई हरतरहवाट सुखसुविधा दिलाएर राखेका, तिनीहरूसँग वसेर म खेतीपातीको वारेमा सल्लाह गर्दै थिएँ । यतिकैमा तिमीले मलाई व्यूँझाइदियौ ! म अव सोच्दैछु, यहाँको ५ वर्षको एउटा छोरा गुमेकोमा शोक गरौं कि सपनाको आठजना जवान छोराहरू गुमेकोमा शोक गरौं ?' पत्नीले "के भन्नुभएको त्यस्तो कुरा ! यो पो साँच्चिकै छोरा ! ती त सपनाका असत्य छोरा हुन् ।" पतिले भने, "त्योपनि त त्यसवेला सत्य नै थियो, नि ? यहाँको केही छँदै थिएन ! अव यहाँको छ, यही मात्र सत्य जस्तो छ, त्यो छैन त्यो असत्य जस्तो छ । म त दुविधामा परें, के गरूँ !" यत्तिकैमा त्यहाँ एक जना संत आइपुग्नुभयो । संतलाई देखेर पतिले आफ्नो दुविधाको कुरा सोधे 'त्यो सत्य कि यो सत्य ! ८ छोरा गुमेकोमा पीर गरूँ कि एउटा छोरा गुमेकोमा पीर गरौं ?" सन्तले भन्नुभयो, "यी दुवै उस्तै हुन् । पहिले सत्य र असत्यको कुरा राम्ररी वुझ, अनि जे ठीक लाग्छ त्यसै गर । सत्य भनेको त्यो हो जो जहिले पनि जस्ताको तस्तै रहन्छ । अनि जो पहिले थिएन पछि पनि रहँदैन तथा वर्तमानमा पनि हरक्षण वदलिरहन्छ त्यो असत्य हुन्छ । सपना र विपनामा केवल यतिमात्र भेद छ, सपना छोटोजस्तो देखिने कल्पना हो तथा विपना लामो जस्तो देखिने कल्पना हो । यी दुवै सत्य होइनन् । तसर्थ दुवैको लागि पीर गर्नु उत्तिकै मूर्खता हो । जो न आउँछ न जान्छ सदा सर्वदा जो रहिरहन्छ

त्यही सत्य हो । सपना, विपना, सुषुप्ति यी सबै अवस्था असत्य हुन् । यी कुनै पनि रहिरहँदैनन् तर यो सबै अवस्थालाई देख्नेवाला जो हो त्यही सत्य हो, यी तीनै अवस्था जसमा घट्छ, त्यही सत्य हो । ज्ञानीको दृष्टिले यी तीनै अवस्थालाई दृश्यको रूपमा मात्र हेर्दछ, द्रष्टा भएर दृश्यलाई अलग राखेर हेर्दछ । यस तथ्यलाई राम्ररी मनन चिन्तन गरेमा अज्ञानीको दृष्टि हटेर ज्ञातको दृष्टि पाइन्छ ।" सन्तका यी महावाक्यले दुवै पतिपत्नी शोकरहित भएर द्रष्टाभावमा मग्न भएर रहन लागे ।

६. भगवान् आफैंभित्र छ

जवसम्म मानिसले आफूभित्र हेर्दैन तवसम्म भगवान् पाउन सक्तैन । आफूवाट वाहिर जो जति खोज्दछ त्यो त्यतिनै भट्किरहन्छ । किनकि आफूभित्रको भगवान् वाहिर कहीं पनि कतै पनि हुँदैन । जसरी घाँटीमा लगाइराखेको माला कहीं पनि जति खोजे पनि भेटिन्न घाँटीमै छाम्नुपर्छ, हेर्नुपर्छ ।

भगवान्को वारेमा एउटा रोचक कथा छ: भनिन्छ, धेरै पहिले भगवान्ले मानिसहरू संगै पृथ्वीमा वसेर आफू पनि अनि मानिसलाई पनि आनन्द मग्न राखिछाड्नुभएको थियो । विस्तार-विस्तार मानिसको वानी विग्रन थालेछ । सानो सानो कुरामा पनि भगवान्लाई करकर गर्न थालेछन् । कोही भगवान्कहाँ गएर मेरो सन्तान भएन सन्तान देऊ भन्ने, कोही छोरीको विवाह भएन विवाह गराइदेऊ भन्ने, कोही गएर मेरो घर भएन घर देउ, भन्ने, गर्नथाले । भगवान्ले पनि सबैको इच्छा पुऱ्याइदिनु भयो । एकै दिनमा कोही आएर घाम लगाइदेऊ त कोही पानी पारिदेऊ समेत भन्न लागे ! भगवान्लाई अव एकै छिन पनि फुर्सद हुन छोड्यो । आनन्दसँग वस्नै पाउनुभएन । तव भगवान् लुक्न थाल्नुभयो तर पनि पिछा गर्न छोडेनन् । जहाँ लुके पनि खोजेर पत्ता लगाउने भए भनेर निर्जन नदीको छेउछाउमा वस्न लाग्नुभयो । त्यहाँ पनि आएर मन्दिर वनाएर त्यहीभित्र वन्द गर्न थाले ! त्यहाँवाट भागेर जंगल पहाडमा

जानुभयो त्यहाँ पनि आए । हिमालका टुप्पोमा वस्दा पनि आउन छोडेनन् । गंगासागरमा जानुभयो त्यहाँ पनि भीड आउन थाले । चन्द्रमामा गएर वस्नुभयो । त्यहाँ पनि यानमा चढेर मानिस आएका देखेर अव के गरूँ, कहाँ जाऊँ ! सोच विचारमा परिरहनुभएको थियो । त्यसै वेलामा नारदजी आइपुग्नु भयो र भगवान्लाई चिन्तित हुनाको कारण सोध्नुभयो । भगवान्ले आफूलाई परेको सवै वृत्तान्त सुनाउनुभयो । सवै कुरा सुनेर नारदजीले हाँस्दै भन्नुभयो "यति सजिलो कुरालाई त्यस्तो गाह्रो संभन भएन ।" भगवान्ले "कसरी लौ भन त नारद, कहाँ गएर वसेदेखि यी मानिसको भन्भटवाट पार पाउँला" भनी भन्नु भयो । तव नारदले भन्नुभयो, "तिनै मानिसभित्र हजुर वसिदिनुस् वाहिर खोज्ने वानी परेका यी मानिसले आफूभित्र खोज्न जान्दैनन्, यो पक्का छ । हजारौं वर्षमा एकाध महापुरुषले भेटलान् तर त्यस्ताले माग गर्दैनन् । मानिसको यो स्वभाव वसिसकेको छ, माग भइन्जेल भित्र पस्दै पस्दैनन् माग नहुने भित्र पस्छ, हजुरको दर्शनमै गद्गद हुन्छ !" नारदको यो कुरा भगवान्लाई ज्यादै चित्त वुझ्यो । त्यसै वेलादेखि भगवान् मानिसभित्र वसिदिनुभयो । नारदले भने भैं भगवानलाई आनन्द भयो । भगवान् कहाँ कोही पनि आएनन् । वाहिर खोज्ने आदतले गर्दा वाहिरै भौंतारिन लागे !

७. जस्ताको तस्तै देख्नु नै ज्ञान हो

मानिसले ज्ञानलाई ज्यादै जटिल विषय हो भन्ठानेका छन् । जानकारीको रूपमा ज्ञानलाई लिने हो भने ज्ञान सांच्चिकै जटिल मात्र होइन दु:साध्य नै छ । संसारका के के, कति कति, कुन कुन कुरालाई कहाँसम्म, कतिसम्म जान्ने ? धेरै कुरा के गर्नु, आफ्नै शरीरलाई मानिस जान्न सक्तैन । शरीर मात्र होइन शरीरको एक अंगलाई पनि राम्ररी जान्न सक्तैन, असीम कुरालाई सीमित साधनले जानोस् पनि कसरी ! तर सच्चा ज्ञान ज्यादै सरल छ । यसमा जान्नु पर्ने भन्ने कुरै केही छैन । एक थोक कुरालाई अर्को थोक भनेर जान्न मान्न थालेपछि, एउटा कुरालाई

अर्कै नाम र रूप दिएर कल्पनाको घोडा चढ्न थाले-पछि त्यस्ता मानिसको लागि ज्ञान हुनु असंभव हुन्छ ।

एक संत दंपती कुनै जंगल नजिकै कुटीमा प्रकृतिसंगै हेलमेल गरेर आनन्दसंग वस्दथे । जंगलका केही सुकेका काठ दाउरा वोकेर वजारमा लगेर वेच्दथे । दिनको एक छाक खाएर वचेको जति अरुलाई बांडिदिएर मस्त भएर दिन विताइरहेका थिए । एकदिन जंगलवाट दाउरा काटेर दुवैजना आउँदैथिए वाटोमा पति अघिअघि थिए पत्नी अल्लि पछि पछि थिइन् । लोग्नेले एउटा सुनको असर्फी भएको थैली देखे । यसो विचार गरे, "यो सुनको थैली देख्दा कता मेरी पत्नीलाई लोभ वढ्यो भने त वर्वाद हुन्छ ।" यस्तो विचार गरेर उनले त्यो थैलीलाई माटोले पुरिदिए । माटोले पुर्दै थिए स्वास्नी नजीकै आइपुगिन् र लोग्नेलाई के गर्न लाग्नुभएको त्यहाँ ? भनेर सोधिन् । पतिलाई फसाद पऱ्यो ! भनुँ भने कसरी भन्ने, नभनुँ भने कसरी ढाँट्ने ! आखिर झुठो वोल्न सकेनन् र भनिदिए, "यो सुनको थैली देखेर तिम्रो लोभ नजागोस् भनेर त्यो थैलीलाई माटोले छोपिदिएको हुँ ।" त्यो कुरा सुन्नेवित्तिकै पत्नी त धुरुधुरु रुन पो लागिन् ! किन रोएको भनेर पतिले सोधे । पत्नीले भनिन्,'माटोलाई माटोले छोपेर के गर्नुभएको ! तर म रोएको मुख्य कारण त यो हो कि अझसम्म पनि तपाईले सुन र माटोमा फरक नै देख्नु भएको रहेछ !' पत्नीको यो दिव्य वाणी सुनेर पतिले पत्नीप्रति अहोभाव प्रकट गरे । तदुपरान्त पतिबाट पनि त्यो भाव स्वतः हरायो ।

वास्तवमा गहिरिए सोच्ने हो भने सुन र माटोमा केही फरक छैन । सुन पनि एक प्रकारको माटो नै हो । मानिसले त्यो चाहिं माटोलाई सुनको नाम दिएर त्यसको महत्त्व बढाई दिएर मात्र त्यो मूल्यवान् र महत्त्वपूर्ण भएको हो । पृथ्वीतलका अन्य कुनै पनि जीवजन्तुको अगाडि सुन, हीरा, मोतीका रास लगाइदिनु तिनीहरू वास्तै गर्दैनन् । सुनको माथिवाट हिंड्दा पनि विस्ट्याइदिन्छन् सुन त वास्तवमा मानिसले कल्पना गरेको वस्तुमात्र हो । त्यो जे हो त्यही हो । सुनको नाम, मूल्य सवै मानिसका कल्पना मात्र हुन् । ज्ञानीले कुनै पनि चीज वस्तुलाई नाम र रूपको दृष्टिले हेर्दा पनि हेर्दैन, देख्दा पनि देख्दैन । जो जस्तो छ त्यस्तै देख्छ, त्यसलाई विशेषण दिनतिर लाग्दैन । त्यसैले ज्ञान अति सरल छ । कल्पना नगरिकन जस्ताको तस्तै हेर्नु, देख्नु, जान्नु नै

सत्य ज्ञान हो । मन र वुद्धि अगाडि राखेर नाम र रूप नै नभएको वस्तुलाई जव नाम, रूप दिन थाल्छ, निर्गुण वस्तुका गुण अवगुण देख्न थाल्दछ अनि अनेक दु:ख, पीडा, चिन्तामा आफूलाई झन्-झन् गाड्न थाल्दछ । जस्ताको तस्तै हेर्नु, देख्नु नै वास्तविक ज्ञान हो ।

८. भगवान् पनि एकै छ, धर्म पनि एकै छ

अनेकता नै अज्ञान हो, एकता नै ज्ञान हो । धर्म र भगवान् भन्नु एकता हो, ज्ञान हो भने धर्म र भगवान् भिन्न-भिन्न संझनु अनेकता हो, अज्ञान हो । संसारका मानिस आपसमा एकता कायम राख्ने त कुरै छोडौं धर्म र भगवान्लाई पनि अलग-अलग राखेर यिनलाई पनि खण्ड-खण्डमा विभाजित गरिरहेका छन् ! सदासर्वदा जस्ताको तस्तै रहनेलाई सनातन भनिन्छ । धर्मको नाम नै पनि सनातन हो । धर्ममा, भगवान्मा विशेषण हुँदैन । हिन्दू, इसाई, इस्लाम, वौद्ध, जैन आदि सव विशेषणमात्र हुन् । धर्मवाट अलग कोही कहिल्यै छैनन् र हुँदैनन् । हाम्रो स्वरूप नै धर्म को हो । अहंकारीहरुले स्वार्थपूर्तिको लागि अनेक मत, सप्रदाय खडा गरेका मात्र हुन् । यस्तै स्वार्थीहरुले मत सम्प्रदायमात्र खडा नगराएर भाषा भाषीभित्र पनि धर्मलाई वाँध्न पछि परेका छैनन् !

वेलायत र फ्रान्सको वीचमा एक पटक लडाइँ परेको थियो । त्यो लडाइँमा फ्रान्सको पराजय भयो । युद्धवन्दी निरीक्षण गर्न आएका एकजना वेलायती जर्नेल र पक्राउमा परेका फ्रान्सका एकजना जर्नेल वीच यस्तो कुरा भएछ । फ्रान्सको जर्नेलले भने, "यो लडाइँमा तिमीहरूले कसरी जित्यौ ? मलाई आश्चर्य लागिरहेछ ! हात-हतियार, फौज तथा युद्धमोर्चा सवै व्यवस्थित थिए !" यो कुरा सुन्दा हाँस्दै वेलायती जर्नेलले भने, "हामीले विजय गर्नाको कारण हामी धर्ममा विश्वास गर्छौं, तिमीहरू गर्दैन होलाउ ।" फ्रेन्चले भने, "हामी पनि धर्ममा विश्वास गर्दछौं" । "हाम्रो त सवभन्दा ठूलो धर्म क्रिश्चियन धर्म छ, त्यसैले हाम्रो विजय भएको हो" भनी अंग्रेज जर्नेलले भन्दा "हामी पनि क्रिश्चियन धर्म

नै मान्दछौं" भनी फ्रेन्च जर्नेलले भने । "उसो भए मुख्य कुरा यसो हो सुन, "हामी लडाइँ गर्न आउनुअघि चर्चमा गएर भगवान्संग लडाइँ जिताई दिनुहोस् भनी प्रार्थना गरेरमात्र आउँछौं" भनी अंग्रेज जर्नेलल भने । "हामी पनि लडाइँको मैदानमा आउनुअघि चर्चमा गएर भगवान्संग लडाइँ जिताइदिन प्रार्थना गरेर आउँछौं" भनी फ्रेन्च जर्नेलले भने । यो कुरा सुनेपछि अंग्रेज जर्नेलले एकैछिन घोरिएर सोधे, "तिमीहरू के भाषामा भगवान्संग प्रार्थना गर्छौ ?" "हामी त फ्रेन्च भाषामै प्राथना गर्छौं" भनी फेन्च जर्नेलले भने । "लौ उसो भए तिमीहरू हार्नाको कारण पत्ता लाग्यो ! हेर ! भगवान् फ्रेन्च भाषा नै वुझ्नुहुन्न, भगवान् त अंग्रेजी भाषामात्र वुझ्नुहुन्छ ! हाम्रो प्रार्थना वुझ्नुभयो, सुन्नुभयो ! इच्छा पुऱ्याइदिनुभयो । तिमीहरूको भाषा वुझ्दैवुझ्नु भएन, नवुझे पछि के सुन्ने, र के पुऱ्याइदिने !"

आज संसारका मानिसको अवस्था पनि यस्तै छ । धर्म र भगवान्लाई पनि तेरो र मेरो । भाषा पनि कोही ल्याटिनलाई देवभाषा भन्छन्, कोही हेव्रुलाई, कोही संस्कृतलाई, कोही अरवीलाई ! भाषासंग भगवान्को केही संवन्ध छैन । धर्मले त सवैलाई एकनासले धारणा गरेको हुन्छ । जस्तै आगोको धर्म तातो र पोल्ने हो । आगो चाहे भारतको होस्, इस्लामी देशको होस् सवै ठाउँको आगो तातो हुन्छ । यसैगरी क्रोधको धर्म दुःख हो । चाहे हेव्रु धर्म मान्ने होस्, चाहे वौद्ध धर्म मान्ने होस्, चाहे इसाई, इस्लामी, हिन्दू जसले लोभ क्रोध गरे पनि त्यस्तालाई नाश गर्छ, दुःखमा धकेलिदिन्छ । तसर्थ धर्म पनि एकै छ भगवान् पनि एकै छ ।

९. सन्तपुरुषको पहिचान

सवै परिस्थितिमा जो सम रहन सक्छ उही सन्त हो । जसको नजीकमा वस्दा वस्नेहरूलाई पनि शान्तिको अनुभव हुन थाल्दछ उही सन्त हो । वाहिरी भेषभूषा र आचरणवाट मात्र सन्त भन्न मिल्दैन ।

यस्तैकेही पाखण्डी सन्तहरूले गर्दा सच्चा सन्तहरूकै पनि अपहेलना हुन लागिसक्यो !

सदा सत्संगमा संलग्न रहने एकजना राजा कतै कोही साधुसन्तको खवर सुन्यो कि त्यहाँ जाने, सत्संग गर्ने, अर्ति उपदेश सुन्ने, ती साधु सन्तको आदर सत्कार गर्ने, गाँसवासको राम्रो व्यवस्था गरिदिने गर्दथे । एक पटक नवागन्तुक एकजना सन्त कहाँ राजा दर्शन गर्न गए । उनको सत्संगवाट राजालाई चित्त वुझ्यो, शान्तिको अनुभव भयो । राजाले एकदिन सन्तलाई राजदरवारमा गएर वस्न आग्रह गरे । राजाको आग्रहको शव्द नटुङ्गिँदै सन्तले "ल, हिंड !" भनिहाले । 'म सन्तलाई झुपडी नै ठीक छ, कहाँ दरवारमा जाने' भन्लान् भनेको त तुरून्तै उठेर ल हिंड भन्दा त राजाको सन्त प्रति शका उठ्यो । दोमन हुँदै दरवार लिएर गए । मीठा-मीठा खानेकुरा दिए । नाइँनास्ति नगरेर सवै खाए । स्याहार गर्नको लागि तरूनी सुसारे पठाइदिए त्यो पनि नाइँनास्ति गरेनन् । नरम ओछ्यानमा मजासँग सुते । दरवारवाट जाने कुरै गरेनन् । राजाको श्रद्धा क्रमश: घट्दै गयो । हुँदा-हुँदा राजा दिनदिनै आउन पनि छोडे । एकदिन राजाले भने पनि, "तपाइँ त सन्त हुनुहुन्थ्यो अहिले त पूरै दरवारी पो वन्नुभयो !" सन्तले भने, "म सन्त नै हुँ र सदा सन्त नै रहन्छु ।" "कसरी त ? तपाइँ त दरवारवाट जाने कुरासम्म पनि गर्नु हुन्न ?" भनी राजाले भन्दा "हुन्छ आज साँझ घुम्न जाऊँ अनि म तिम्रो प्रश्नको जवाफ त्यही दिउँला" भने । साँझ घुम्न जाँदा-जाँदै राज्यको सीमानामा पुगिसकेपछि राजाले भने "अवेर भैसक्यो, धेरै टाढा आइसक्यौं ! फर्कंदा रात पर्छ, अवत प्रश्नको उत्तर दिनुहोस् !" तव सन्तले, "नमस्ते, मलाई अव फर्कनु छैन, तिमीलाई फर्कनु छ भने जाऊ" भनी कदम अगाडि वढाए । "मेरो प्रश्नको जवाफ खोइ त ?" भनी राजाले भन्दा "यही त हो तिम्रो प्रश्नको जवाफ ! तिमी दरवारमा छौ, दरवार विना तिमी छैनौ, म दरवारमा छैन, ममा दरवार छ । तिम्रो दरवार र यो रूख मुनिको ठाउँ मेरो लागि फरक छैन । दरवारको सुखसुविधाको आकर्पणले मलाई छुनसक्दैन । सन्त र असन्तमा फरक यति मात्र हो, एउटा संसारमा वसेर पनि संसारवाट अलग्गै हुन्छ, कमलको पात झैं हिलोमा वसेर पनि हिलो लिदैन ! अर्को जंगलमा रहेतापनि संसारी नै हुन्छ", राजाले ती सन्तको चरणमा परेर क्षमा याचना गर्दै फेरि दरवार फर्कने आग्रह गरे । सन्तले

भने, 'अझ पनि मेरो लागि त केही फरक छैन तर तिमीलाई फेरि फरक पर्छ' यति भनी सन्त अघि वढे !

सच्चा सन्तले के खान्छ, कहाँ वस्छ, के कसरी वोल्छ भन्ने कुरा हुँदैन ! यस्ता हर कुराहरुको हिसाव किताव राख्ने सन्त देखौवा मात्र हुन्छ । भावनामा भगवान् भनेझैं शान्तिमा सन्त हुन्छ । सन्त हर परिस्थितिमा हर क्षणमा शान्त र संतोषी हुन्छ ।

१०. बहाना गर, मर्म नपार

मनले, वचनले र कार्यले तीन किसिमका हिंसा हुन्छन् । हिंसाको अर्थ शारीरिक रूपमा अरूलाई मार्नुमात्र होइन आफ्नो शरीरलाई मार्नु पनि हिंसा हो । यत्तिमै हिंसा सकिन्न । मनले मार्नु र मर्नु, वचनले मार्नु र मर्नु मात्रमा पनि हिंसा सीमित छैन । मनले, वचनले, कार्यले अर्कालाई र आफूलाई समेत दुःख दिनु, पीडा दिनु, गाली गर्नु, अपमान गर्नु पनि सवै नै हिंसा हुन् ।

कुनै एउटा गाउँको ओहोरदोहोर गर्ने ठाउँको कुनै प्वालभित्र एउटा विषालु र दुष्ट मति भएको सर्प वस्दो रहेछ । त्यसको दूलो नजीकवाट पनि हिंड्डुल गर्न सवैले छोडिसकेका थिए । एक दिन एक जना महात्मा त्यसै वाटोवाट गाउँ जान लाग्नु हुँदा सर्पले वहाँलाई डस्न अघि वढ्यो । तर महात्माको प्रभावले त्यो शक्तिहीन भएर खडाको खडै भयो ! त्यो देख्दा महात्माले भन्नभयो, "हे सर्प ! तिमी किन विना कारण मानिसलाई डसेर मार्ने जस्तो कुकृत्य गर्छौ ? यस्तो गर्न छोड, वाँच र वाँच्न देऊ" भनी त्यहाँवाट महात्मा वाटो लाग्नुभयो । एक दुई वर्षपछि त्यही वाटोवाट फर्कन लाग्नु हुंदा त्यस्तो अजंगको देख्दै डरलाग्दो सर्प दीनहीन भएर वडो तकलीफले अलि अलि गरेर घिस्रिरहेको देखेर महात्माले सोध्नुभयो "होइन वावु ! तिमीलाई के भयो ! किन यसरी दुव्लाएको ?" सर्पले भन्यो, "हजुरले दिएको उपदेश पालन गरेकोले मेरो यो गति भयो ।" कसरी ? भनी महात्माले सोध्नु हुँदा, सर्पले भन्यो,

"हजुरले उपदेश दिएको दिनदेखि मैले मानिसलाई आक्रमण गर्न छोडें । विस्तार विस्तार केही दिनपछि मानिसहरू मेरो नजीक नजीक आउन थाले । मैले केही गरिनँ । हुंदा हुंदा त मलाई जिस्क्याउने, ढुंगाले हान्ने, लट्ठीले घिसार्ने गर्दा गर्दै मेरो यो अवस्था भयो ।" महात्माले हाँस्दै भन्नुभयो, "हे सर्प ! मैले त तिमीलाई मान्छेलाई नडस, नमार पो भनेको थिएँ, मनमानी जे गरे पनि चुप लागिराख त भनेको थिइनँ ! वेकाइदा गर्नेलाई समय र परिस्थितिअनुसार टोक्न आँटेको जस्तो अभिनय गरेर तह लगाउनु पनि पर्छ ।"

अर्कालाई नमार्नु, दु:ख, पीडा नदिनुको साथै आफूलाई पनि नमार्नु र दु:ख पीडा नदिनु नै अहिंसा हो । अहिंसक हुनको लागि कहिले काहीं हिंसकजस्तो वहाना पनि गर्नुपर्दछ । अहिंसक वनेर, हिंसावाट वच्न र वचाउनको लागि गरिएका अभिनय हिंसा जस्तो देखिन आए तापनि हिंसा हुँदैन, अहिंसा नै हुन्छ ।

११. यो पनि बितेर जान्छ

समय र यसभित्र घटेका हर काम कुरा वितेरै जान्छन् । त्यो क्षण नै वितेपछि त्यस क्षणका के कुरा वाँकी रहने ? मानिस सुखलाई टिकाउन खोज्दछ भने दु:खलाई हटाउन खोज्दछ ! टिकाउने र हटाउने भन्ने कुरै केही छैन । सुख आउँछ, आउँदा आउँदै वितिहाल्छ । त्यसै गरी दु:ख पनि आउँछ, आउँदा आउँदै वितिहाल्छ । हामीलाई सुख चाँडो वितेको र दु:ख लामो समयसम्म अडिएको जस्तो लाग्दछ त्यो भ्रममात्र हो । रुचाएको कुरा चाँडै वितेको र नरुचाएको कुरा ढिलोसम्म रहन गएको भान मात्र हो । शाश्वत, सनातन जो छ त्यो मात्र सदा सर्वदा सर्वत्र एकरसले व्याप्त छ । यस सत्यलाई राम्ररी वुझेर आत्मसात् गर्ने हो भने अरू केही जान्न वाँकी रहँदैन ।

एकसमयको कुरा हो कुनै देशका राजालाई आफू मर्नुपर्ने कुरा संझेर नैराश्यता हुन थालेछ । यस मानसिक दु:खवाट छुटकारा पाउन

अनेक उपचार गराए तर ठीक भएनन् । एकदिन एकजना महात्मा त्यस देशमा आउनु भएछ । महात्माले केही उपचार गरिदिन्छन् कि भन्ने विचारले राजा ती महात्मा वस्नु भएको झुपडीमा गएर आफूलाई परेको सवै कुरा वताएर त्यस अवस्थावाट छुटकारा दिलाईदिने प्रार्थना गरे । महात्माले एक टुक्रा कागजमा केही लेखेर जंत्र वनाएर राजाको पाखुरामा बाँधेर भन्नुभयो, "हे राजा, मैले यो महामंत्र लेखेर बाँधिदिएको छु, यसले तिम्रो रक्षा गर्नेछ, तिमीलाई अव केही हुँदैन, मृत्युलाई पनि तिमीले जित्न सक्छौ । आफूले, आफ्नो वुद्धि र वलले सकुन्जेल गर्दै जाऊ, जुन वेलामा तिम्रो वुद्धि, वलले पनि केही गर्न नसक्ने अवस्था हुन्छ तवमात्र यो जंत्र खोलेर हेर्नु, तिमीलाई यसले रक्षा गर्ने छ ।"

त्यस दिनदेखि राजाको मानसिक अवस्था राम्रो हुँदै आयो । केही दिनमा विल्कुलै ठीक भएर आफ्नो राजकाज राम्ररी चलाउन लागे । एकपटक अर्को देशसंग लडाइँ चल्यो । त्यस वखतको लडाईमा घोडामा चढ्ने, तलवारले काट्ने र स्वयं राजा पनि युद्धभूमिमा जानुपर्दथ्यो । लडाइँका क्रममा दुश्मनका फौजले राजालाई चारैतिरवाट आक्रमण गरे । राजा त्यहाँवाट वल्लतल्ल उम्केर भागे । राजा अघि-अघि दुश्मनका मानिस पछि पछि घोडामा थिए । राजा भाग्दाभाग्दै एक यस्तो ठाउँमा पुगे जहाँवाट अगाडि वढ्ने वाटै थिएन ! सवतिर धापैधाप मात्र थियो । पछाडि फर्कौं भने दुश्मनका फौज ! राजा घोडावाट ओर्लिएर, के गरेर वच्ने उपाय होला भनी महात्माले वाँधिदिएको जंत्र फुकाए । जंत्रभित्रको कागजको टुक्रा खोलेर पढे, 'यो पनि वितेर जान्छ' लेखिएको देखे ! एकछिनमा घोडाको टापको आवाज कम हुँदै गयो र केही वेरमा त्यो पनि हरायो । फेरि आवाज आयो, नजिकै आयो ! तर आश्चर्य ! अगाडि त आफ्नै सैनिकहरू अभिवादन गरेर लडाईमा जित भएको र दुश्मनलाई खेदेको शुभ समाचार सुनाए ! तव राजाले एकैछिन सोचे, जंत्रको महत्त्व वल्ल वुझे, अनि दंग परेर फेरि त्यो जंत्रलाई राम्ररी वाँधेर दरवारतिर लागे । घटना पश्चात् अर्थात् जंत्रमा देखिएको महामंत्रको भाव वुझेपछि राजामा कर्ता भाव हट्यो सदा साक्षीरूपमा रहेर, तमाशे वनेर, जे जस्तो आइपर्दा पनि 'यो पनि वितेरै जान्छ' भन्ने दृढताले गर्दा अभयको जागरण भयो ।

१२. जहाँ सम्म भय हुन्छ त्यहाँसम्म भगवान् पाइन्न

झट्ट यो उद्‌गारलाई पढ्दा कस्तो कस्तो लाग्छ किनभने भय देखाएर भगवान्को पूजा प्रार्थना गर्न लगाउने अनि भयवाट वच्नको लागि भगवान्को आराधना गर्ने वानी परेका मानिसलाई भयमा भगवान् छैन भन्दा मन नपर्नु पनि ठीकै हो तर यो कुरा पक्का छ, त्रास रहुन्जेल भगवान् पाइन्न ।

एक समयको कुरा हो, भगवान् वुद्धका एकजना उच्चतम श्रेणीमा पुगेका चेला एक विकट डाँडोको टुप्पोमा मनन, चिन्तन, ध्यान गरेर वस्थे । एकपटक एकजना भगवान् वुद्धकै मुमुक्षु भिक्षु त्यो डाँडोमा वस्ने भिक्षुको दर्शन गर्न गए । डाँडो चढ्दै थिए, आश्रम आइपुग्ने वेलामा एउटा भालु देखेर डराएर जोडसँग उकालो उक्लेर स्वाँ स्वाँ, फ्वाँ फ्वाँ गर्दै, असिना, पसिना हुँदै पुगे ! ती जंगलमा वस्ने भिक्षु त्यसवखत एउटा चट्टानमाथि वसिरहेका थिए । आगन्तुक भिक्षुलाई 'तपाइँ कहाँवाट किन आउनु भएको र यस्तो असिना पसिना भएको ? भनी सोद्धा, 'तपाईंको दर्शन गर्न, ज्ञान सिक्न आएको थिएँ वाटोमा भालु देखेर भालुवाट वच्न उकालोमा दौडँदा यस्तो भएको हो' भने । त्यो कुरा सुनेर डाँडोमा वस्ने भिक्षुले हाँस्दै भने, "हेर भिक्षु ! जहाँसम्म मनमा भय हुन्छ, तवसम्म अज्ञानी नै हुन्छ, मोक्ष मिल्दैन ।" यति सुनेपछि ती भिक्षुले, "म प्यासले मर्न आँटिसकें पहिले पानी खान दिनुहोस् अनि तपाईंको उपदेश सुनुँला," भने । पानी लिन भनी ती भिक्षु झुपडीभित्र पसे । त्यसै वेलामा ती आगन्तुक भिक्षुले भूइँवाट एउटा ढुंगाको टुक्रा लिएर ती भिक्षु वस्ने गर्नु भएको चट्टानमा 'नमो वुद्धाय' भनेर ठूलो ठूलो अक्षरले लेखिदिए । कुटीवाट पानी लिएर आएर पानी दिइसकेर यसो चट्टानमा वस्नको लागि खुट्टा राख्न मात्र लागेका थिए हच्केर खुट्टा झिके ! त्यो देखेर आगन्तुक भिक्षुले भने, "भालु देखी डराएको मलाई तपाईले भय रहुन्जेल अज्ञानी नै भइन्छ, मोक्ष मिल्दैन भन्नु भएको थियो तर तपाई पनि त त्यो चट्टानमा लेखिएको अक्षरसँग डराएर हच्कनु भयो ! के त्यो भय होइन र ?" यो कुरा सुन्दा ती भिक्षु आगन्तुक भिक्षुको चरणमा परेर, मेरो अन्तिम क्लेश

तपाईले हटाइदिनुभयो, मेरो अज्ञान हटाइदिनुभयो, मेरो आँखा खुलाइदिनु भयो ! तपाईले भन्नु भएको बिल्कुलै सही हो । भय, जो सुकैको भए पनि भय नै हो चाहे भगवान्‌को होस् चाहे भालुको भय केही फरक छैन । भनिन्छ तिनै भिक्षुले पछि बुद्धत्व प्राप्त गरेर वर्मा, चीन, जापानमा व्यापक रूपले ज्ञानको ज्योति फैलाए ।

अभय भगवान्‌को प्रसाद हो । अभयको प्रसाद वर्सेपछि भगवान् प्राप्तिमा ढिलाइ कत्ति पनि हुँदैन । अभयलाई नीडर भनेर संझनु हुँदैन । चोरी, ढाँटी, छली तथा हिंसा गर्न नडराउने मानिस अभयी हुँदैन । यस्ता त केवल दुष्कृत्य गर्ने नीडर र निर्दयी मानिसमात्र हुन्छन् । यस्ता नीडर मानिस नै सबभन्दा वढी भगवान्‌को भयले अनेक दान, पूजा, प्रार्थना, तीर्थयात्रा आदि गरेर पाप पखाल्न खोज्दछन् ! अभयको मतलव हो शरीर, मन, बुद्धि, धन-संपत्ति, मान, पद आदिको लाभ हानिमा कत्ति पनि, केही पनि असर नपर्नु ।

१३. षड्यंत्रले आफ्नै नाश गर्छ

मानिसको जीवनव्यवहारलाई गहिरिएर हेर्ने हो भने धेरै जसो समय अरूउपर षड्यंत्र गरेर स्वार्थसिद्ध गर्नमा नै लागेको पाइन्छ । धार्मिक र राजनैतिक क्षेत्रमा त षड्यंत्रले भन् गहिरो जरा गाडिसकेको छ । षड्यंत्रको रोगले समाज र गृहस्थको क्षेत्रमा पनि आफ्नो आक्रमण शुरू गरिसकेको छ । मान, पद, प्रतिष्ठा र धनको लागि त षड्यंत्रको विद्या अनिवार्य भैसक्यो ! षड्यंत्रले तत्काल केही फाइदा पुऱ्याएजस्तो, स्वार्थसिद्ध भएजस्तो देखिए तापनि यसको नतीजा दुःख मात्र हुन्छ ।

कुनै देशमा एउटी अति सुन्दरी राजकुमारी थिइन् । तिनको सुन्दरताको वयान सुनेर धेरै राजकुमारहरू तिनीसँग विवाह गर्न लालायित भएका थिए । त्यही देशको कुनै जंगलमा बस्ने एकजना ब्रह्मचारी पनि तिनको सुन्दरता देखेर राजकुमारीलाई हत्याउने एउटा षड्यन्त्र विचार गरी राजदरवार गए । ती महात्मा त्यो देशमा वावा ज्यादै मान्यता

पाएका सिद्धको रूपमा समेत पुजिएका थिए । राजाले पनि अति मानेका तथा देशमा ठूला ठूला समस्या आइपर्दा तिनको सल्लाह पनि लिने गरेका रहेछन् । दरवारमा ठूलो स्वागत सत्कार गरेर राजाले आफ्नो कोठामा लगेर महात्मालाई आउनाको कारण सोधे । 'तिमीमाथि तिम्रो परिवारकै तर्फवाट ठूलो अनिष्ट आउन लागेको संकेत पाएर त्यो संकटवाट तिमी र तिम्रो देशलाई वचाउन म यहाँ आएको हुँ' भनी ती वावाले भने ! यसको लागि के गर्नुपर्ला त भनी राजाले सोधे ! 'तिम्री महारानी, छोरा र छोरीहरुसवैको हात हेरूँ अनि के गर्नुपर्छ भनुँला' भने । राजा, महारानी, छोराहरू र छोरी सवैलाई पालैसँग वोलाई हात हेरे । छोरीको हात हेर्नासाथ वावाले आफ्नो अनुहारको आकृति विगार्न थाले । हात हेरिसकेर राजालाई एकान्तमा लगेर 'तिम्री छोरीकै कारणवाट हुन लागेको रहेछ ! यो कुरा कसैलाई नभन्नू । राजकुमारीको ज्यान लिन पनि भएन ! यिनको नाम निशान रहन दिनु पनि भएन ! तसर्थ सामान्य वेश, भूषामा यिनलाई एउटा वाकसमा राखेर वगाइदिनू, यिनको पनि कल्याण हुन्छ, राजा र देशको पनि रक्षा हुन्छ' भने । ती वावा प्रति ज्यादै श्रद्धा भएको राजाले तिनले भने जस्तै गरे । त्यो वाकस वग्दै वग्दै गयो । जंगलमा सिकार खेल्न लागेका एकजना राजकुमारले नदीमा वग्दै आएको त्यो बाकस देखेर त्यसलाई समाती किनारमा ल्याएर खोलेर हेर्दा ती अनुपम सुन्दरी राजकुमारलाई देखेर उनी मोहित भएर तिनीसँग त्यहीं गन्धर्व विवाह गरेर दरवारमा लगी युवराज्ञी वनाएर राखे । त्यो वाकसमा चाहिं ती राजकुमारले सिकारमा पक्रेको एउटा भालूलाई वन्द गरी वगाइदिए । उता ती महात्मा कहिले त्यो वाकस कुटी अगाडि आउला र राजकुमारी हात लाउँला भनी प्रतीक्षा गरिरहेका थिए । वाकस पर देखियो । शिष्यहरूलाई त्यो वाकस समाती कुटीभित्र ल्यांओ भनी अराए र शिष्यहरूलाई तीनदिनसम्म कुटीमा नआउनू मेरो साधना गर्नुछ भने । शिष्यहरू वाकस राखेर गए । राजकुमारी फसाएँ भनी ज्यादै प्रफुल्लित हुँदै वाकसलाई सुमसुम्याएर विस्तारै वाकस खोले । वाकसको विर्को के खोलेका थिए त्यो अजंगको भालुले वाहिर निस्केर झम्टिहाल्यो ! त्यो जोगी वावालाई मारेर त्यो भालू जंगलभित्र पस्यो । तीन दिनपछि चेलाहरू आउँछन् त सडेर दुर्गन्धयुक्त भएको गुरुको लाश पो देखे !

षड्यंत्रको फल यस्तै हुन्छ । मनले, वचनले र कार्यले गरिएका कुनै पनि षड्यंत्रले अन्त्यमा यस्तै दुर्गतिमा मानिसलाई पुऱ्याइदिन्छ । मानिसको र देशको आँखा कहिलेकहीं छल्न सकेपनि परमको आँखा छल्न कसैले सक्तैन ।

१४. फोहोर, चुहिने र भरिएको भाँडोमा केही राख्न सकिन्न

फोहोर अर्थात् अशुद्ध मन नै हामीलाई दुःखमा पार्ने पहिलो तत्त्व हो । दोस्रो कुरा हो, पठन-पाठन र श्रवणका कुराहरू त्यसै विर्सिदिने । अन्तिम र सवभन्दा वढी महत्त्वपूर्ण कुरा हो पूर्वधारणा र अंधविश्वास । धर्मका, आनन्दका, सत्यका वाधक यिनै तीन कुरा हुन् । यिनै तीन कुरालाई भाँडोसँग तुलना गरेर हेरौं:

एकजना जिज्ञासु भक्त दिनदिनै साधुकहाँ आएर सत्संगमा वस्दा रहेछन् । धेरै समयसम्ममा पनि आफूमा केही परिवर्तन नआएकोले एकदिन उनले साधुलाई यसोहुनाका कारण सोधे । मलाई प्यास लागेको छ पहिले एक ग्लास मोही खाऊँ अनि तिम्रो प्रश्नको जवाफ दिउँला भनी साधुले भने । ती भक्तले तुरुन्तै एक भाँडो मोही ल्याएर दिए । साधुले त्यो मोहीलाई राम्ररी हेर्नु भयो, सुँध्नु भयो, अलिकति चाख्नु भयो अनि ठीक छ भनेर भित्र पसेर एउटा भाँडो ल्याएर थाप्नु भयो । त्यो भाँडोको अवस्था देखेर भक्तले यस्तो फोहोर भाँडोमा मोही हाल्यो भने त मोही नै विग्रन्छ हजूर ! भने । त्यसो भए के गर्ने त भनी साधुले सोध्नु हुँदा 'खाने भाँडो त सफा हुनुपर्छ भनी जिज्ञासुले भन्दा एउटा सफा भाँडो साधुले ल्याउनु भयो र थाप्नु भयो । भक्तले यसो मोही खन्याउन के लागेका थिए त्यो भाँडोमा त प्वालैप्वाल परेको देखी ती भक्तले आश्चर्य प्रकट गर्दै, 'चुहिने भाँडोमा कसरी मोही अड्छ र हजुर !' भने । 'के गर्ने त ?' भन्दा नचुहिने सफा भाँडो चाहिन्छ भने । तत्पश्चात् फेरि भित्र गएर अर्को सफा, प्वाल नपरेको भाँडो लिएर आउनुभयो र थाप्नुभयो । मोही

खन्याउन लाग्दा त घाँटी घाँटीसम्म त्यो भाँडोमा विभिन्न चीजहरूले भरिएको देखे ! "होइन के गरेको यस्तो ! हजूर यत्रो साधु भएर पनि कहिले फोहोर भाँडो थाप्ने, कहिले प्वाल परेको चुहिने भाँडो थाप्ने अनि कहिले अरू नै कुराले भरिएको भाँडो थाप्ने" भनी भक्तले भन्दा "हे सज्जन ! यो त मैले तिम्रो प्रश्नको उत्तर तिमीवाटै दिलाएको मात्र हुँ" भनी साधुले भन्नुभयो । कसरी, अलि प्रष्ट हुने गरी वुझाइदिनु पर्‍यो भनी भक्तले भन्दा साधुले भन्नुभयो, "हेर जसरी फोहोर भाँडामा शुद्धतम चीज पनि त्यहाँ पर्नासाथ विषाक्त हुन्छ त्यस्तै गरी शरीर मन फोहोर भैन्जेल जतिसुकै चाँडो ज्ञानरूपी मोही पिउन मन लागे पनि तथा पिलाउनेको इच्छा हुँदा हुँदै पनि न त उ पिलाउन सक्दछ, न त पिउनेले पिउनै सक्छ । पिई हाल्यो भने पनि पिएको अमृतवचन पनि विषाक्त भै हाल्दछ ।

"दोस्रो कुरा, जतिसुकै प्यास लागेको भए पनि, जतिसुकै सफा भाँडो भए पनि यदि त्यो भाँडो चुहिने छ भने मोही राख्न नपाउँदै चुहिएर सकिन्छ । त्यस्तै जतिसुकै अर्ति उपदेश दिए पनि लोभ, मोहजस्ता छिद्र मानिसमा भैन्जेल ती अर्ति, उपदेश त्यसै चुहिएर जान्छन् । तसर्थ पठनपाठन, श्रवण, सत्संगवाट प्राप्त कुराहरूलाई मननचिन्तन गरेर ग्रहण गर्न सक्ने सुपात्र हुनपर्दछ ।

"तेस्रो र अन्तिम कुरा हो सफा र नचुहिने भांडोमात्र भएर पनि यदि त्यो भाँडो पहिले नै भरिएको छ भने त्यो भरी भाँडोमा जतिसुकै प्यास लागे पनि अनि दिनेले जतिसुकै मोही खन्याए पनि त्यो न त भाँडोमै अड्दछ, न त प्यास नै मेट्छ । यसै गरी शरीर मन सफा राखेर मनन चिन्तन गरेर पनि यदि यो वुद्धिरूपी भाँडो पूर्वधारणाले भरिएको छ भने त्यस्ताले पनि ज्ञानरूपी मोही पाउन सक्दैन ।"

त्यसपछि साधुले फेरि भन्नुभयो, " हेर सज्जन, मैले तिमीले मोही ल्याउनेवित्तिकै सर्वप्रथम त्यो मोही हेरेको, सुँघेको अनि चाखेको पनि देख्यानै होला । त्यसको पनि अर्थ छ । सवभन्दा पहिले सेतो झोलजति सवै मोही हुँदैनन् । मोही पनि सडेका, विग्रिएका, वासी हुन्छन् । त्यस्तो मोहीको सेवनले एकैछिन् प्यास मेटे पनि स्वास्थ्यलाई हानि गर्छ । त्यस्तै पहेंला वा सेता लुगा लगाउने अथवा कपाल मुड्ने वा जटा राख्ने जति सवै महात्मा हुँदैनन् । परवाट हेर्दा उस्तै देखिन्छन् । तसर्थ सर्वप्रथम सडेका, विग्रिएका र वासी अर्थात् अर्काको पुरा वाँड्ने साधुलाई पनि

चिन्नुपर्छ । नजीकवाट क्रियाकलाप, आचरण, हेर्नासाथ थाहा हुन्छ । सच्चा साधुको नजीक वस्दा त्यहाँको वातावरण मनमोहक हुन्छ । प्रत्येक वोलीवचन अमृतमय हुन्छन् ।

१५. श्रद्धा र शंका

श्रद्धा हो आत्मावाट निक्लने आस्था । शंका हो मन र वुद्धिवाट निक्लिएको । श्रद्धाले स्वर्गमा पुऱ्याउँछ, शंकाले सदा नर्कमा खसाल्छ । यहाँ स्वर्गको अर्थ हो दु:ख, पीर, चिन्ता, अशान्तिमा रहनु ।

एकजना मुमुक्षु मानिस सद्‌गुरुको खोजमा जाँदाजाँदै एउटा आश्रममा पुगे । सयौं शिष्यको माझमा वसेका एकजना महात्मालाई देखेर ती मुमुक्षुको भित्रैदेखि महात्माउपर श्रद्धा उत्पन्न भयो । तिनले ती महात्माको चरणकमलमा ढोग दिएर शिष्यत्व ग्रहण गरी दिन विन्ती चढाए । महात्माले पनि शिष्यत्व ग्रहण गरिदिएर शिष्यमण्डलीमा समावेश गराइदिनु भयो । ती शिष्यले श्रद्धापूर्वक तन,मन, धन दिएर गुरुको सेवा गर्ने, आज्ञापालन गर्ने गरेको देखेर गुरु पनि तिनीसँग धेरै नै खुसी भएर अरू शिष्यलाई भन्दा वढी स्नेह देखेर अरू शिष्यमा ईर्ष्या वढ्न थाल्यो । यसलाई खतम नपारे हाम्रो महिमा वढ्दैन भन्ठानी अनेक षडयंत्र गर्न थाले । एकदिन गुरु अन्यत्र गएको वेलामा ती गुरुभक्त शिष्यलाई, तिमी खूव गुरुभक्त छु भन्छौ, गुरुब्रह्मा, गुरुविष्णु, गुरुदेवमहेश्वर, भन्छौं । लौ त उसो भए डाँडोको टुप्पोवाट फालहाल, तिम्रा गुरु साँच्चै भगवान् भए तिमीलाई वचाइहाल्नु हुन्छ भनी अरु शिष्यले भने । ती शिष्यले, "जय गुरुदेव" भनेर डाँडोको टुप्पोवाट फाल हाले । तल पुगे, जुरुक्क उठेर माथि आए, उनलाई केही पनि भएन ! यो देख्दा सव आश्चर्यचकित भए ! गुरुको आगमन भएपछि सवै कुरा गुरुलाई भने । गुरुले कुरा पत्याएनन् । अर्कोपटक त्यही नजिकै गाउँको कुनै एउटा घरमा आगलागी हुँदा त्यो घरभित्र एउटा वच्चा परेछ । चारैतिर आगो दन्किएकोले कोही भित्र पसी त्यो वच्चा ल्याउन सकेनन् । शिष्यहरु पनि सवै त्यस ठाउँमा पुगे । यसै

वेला अरु शिष्यहरुले ती गुरु भक्त शिष्यलाई यसो भने, त्यो दन्किरहेको घरमा पसेर भित्र परेको वच्चा ल्याउन सक्यौ भने तिम्रो गुरुभक्ति मानिन्छ भने । उनी उत्तिखेरै जय गुरुदेव, भनेर दन्किरहेको घरभित्र पसेर वच्चा च्यापेर वाहिर सकुशल निक्लिए ! शिष्यगणमात्र होइन गाउँले पनि आश्चर्यमा परे । गुरुलाई सवै गाउँलेले पनि गएर कुरा सुनाए । गुरु दंग परे, हो कि होइन आफै जाँच गर्नुपऱ्यो भनेर गुरुले एकदिन घुम्न गएका वखत नदीको किनारामा 'हेर शिष्य तिमी मेरा अति प्यारा छौ, ममाथि तिम्रो ठूलो श्रद्धा छ भने तिमी यो नदीमाथि टेकेर पारि गएर आऊ भने । ती शिष्यले जय गुरुदेव, भन्दै नदीमा गए ! नदीको पानी माथि माथिवाट जमीनमा हिंडे झैं हिंडेर पारी पुगेर फर्किए । गुरुले पनि प्रत्यक्ष देखे । म त साँच्चिकै सिद्ध पुरुष पो रहेछु भन्ने ठानी गुरु दंग पर्दै अव आफैं पनि पानीमा हिंड्नुपऱ्यो भनी यसो एउटा खुट्टामात्र के हालेथे चुर्लुम्म डुविहाले ! घुट-घुट पानी खाए ! शिष्यहरूले वल्लतल्ल निकाले । होश फर्केपछि ती आफ्नो पनि गुरु कहाँ गएर, 'ममाथि श्रद्धामात्र गर्ने यो चेलाले, मेरा नामको वलमा मात्र पनि नदीमाथि हिंड्न सक्ने तर मैले नसक्ने ! म आफैलाई नदीले डुवाउने ! यो क्या हो ? मैले वुझ्न सकिनँ' भनी प्रश्न गर्दा गुरुले भने, 'हे वावु ! तिम्रो शिष्यको तिमी उपर पूरा श्रद्धा छ तर तिम्रो आँफैउपर पनि शंका रहेछ त्यसैले यस्तो भएको हो अरू केही कारण होइन ।'

श्रद्धामा असीम शक्ति हुने कुरा तथा शंकाले नाशगर्ने कुरा हामीले यस घटनावाट वुझ्नुपर्दछ ।

❀

१६. जीवन संगीत हो

'अति सर्वत्र वर्जयेत्,' अतिशय केहीमा पनि नगर्नु । यस महान्वाणीलाई राम्ररी वुझ्ने हो भने यसैभित्र धर्मको सार पाइन्छ । केहीमा पनि अति हुनु ठीक हुँदैन ! धर्म पनि अतिमा छैन । धर्म सरल

छ । सरल हुनु नै धर्म हो । हाम्रो स्वभाव पनि सरल छ । हर काम कुरामा सरल, ठिक्क, मध्यम रहन सकेमा नै धर्ममा रहिन्छ ।

भगवान् वुद्धको समयमा एकजना राजपुत्रले आनन्दप्राप्तिको लागि सांसारिक भोगविलासमा लाग्दा त्यसको परिणाम झन्झन् अतृप्ति र अशान्ति मात्र हात लागेकोले अब कसो गरूँ भनी भट्किरहेका थिए । एकजनाले वुद्धको शरण गएमा त्यहाँ शान्ति पाइन्छ भनेको सुनेर त्यहीं गए । वौद्ध भिक्षुहरूले एकछाक खाएको, सादा लुगा लगाएको र कसैले भोकै समेत वसेको देखेर ती राजकुमारले पनि अव म पनि यसै गर्छु भनेर भोकभोकै वस्ने गर्न थाले । भोकै वस्दा वस्दै ती हृष्टपुष्ट राजकुमारको एकदम हाडछालामात्र वाँकी भएको देख्दा एकदिन भगवान् वुद्धले तिनीकहाँ गएर तिनलाई प्रश्न गर्नु भयो, 'हे वावु ! तिमी त पहिले संगीतज्ञ पनि थियौ क्यार, एउटा कुराको जवाफ देउत ! वीणाको तार ज्यादै कस्यो भने के हुन्छ हँ ?' राजकुमारले भने, "वीणाको तार ज्यादै कस्सियो भने चुँड्छ भगवान् ।" अनि वीणाको तार ज्यादै खुकुलो भयो भने के हुन्छ नि ? भनी भगवान्ले सोध्नु हुँदा राजकुमारले भने, - 'वीणाको तार ज्यादै खुकुलो भयो भने वीणा नै वज्दैन ! वजे पनि वेसुरा हुन्छ ।' यो सुनेपछि भगवान्ले हाँस्दै भन्नु भयो 'हेर वावु ! हाम्रो जीवन पनि यही वीणाजस्तै हो । यसलाई ज्यादै कडा नियन्त्रण गऱ्यो भने यो कसिन्छ र जीवन नै चुँडिन्छ । ज्यादै खुकूलो गऱ्यो अर्थात् जता मन लाग्यो उतै जान दियो भने पनि जीवनमा केही रस आउँदैन र यो जीवन नै वेकार हुन्छ ।" 'अव वावु ! वीणामा राम्रो आवाज ल्याउन के गर्नुपर्छ त ?' भनी सोध्नुहुँदा राजकुमारले भने, "वीणावाट मधुर संगीत त तव पैदा हुन्छ जब त्यो वीणाका तारहरू न त वेसरी कस्सिएका हुन्छन् न त खुकूला हुन्छन् । सवै तार ठिक्कको अवस्थामा राखेमा नै चाहेजस्तो संगीत वजाउन सकिन्छ" । यो कुरा सुनेर भगवान् वुद्धले राजकुमारलाई भन्नु भयो, 'वत्स ! यही नियम मानिसको जीवनमा पनि लागु हुन्छ । मानिसले पनि जीवनवाट मधुर संगीत वजाउने हो भने अर्थात् आनन्दमय जीवन विताउने हो भने जीवनका हर क्रियाकलापहरू ठिक्क अवस्थामा राख्नुपर्दछ । तिमीले यहाँ आउनुभन्दा अगाडि आफ्नो जीवनको तारलाई ज्यादै खुकुलो पारेर भोगमा लगाएका थियौं भने अहिले यहाँ आएर ज्यादै अर्थात् अति त्यागमा लागेर कसेर चुँडाल्न आँटिसक्यौ ! अतिवाट केही

भलाइ पाइन्न वरु दु:खमात्र पाइन्छ । जीवनका हर आयाम सम्यक् भएमा नै जीवनमा आनन्द रूपी संगीत वज्दछ जसले आफू र अरूलाई समेत आनन्द दिन्छ । भगवान्का यी दिव्य उपदेशलाई मनन गरी सोही अनुरूप चलेर राजकुमारले वुद्धत्व पाए ।

अहिलेको संसारमा परमार्थको वाटोतिर लाग्ने मानिसलाई हेर्दा पनि धेरैजसो कुनै न कुनै अतिमा नै लट्केको पाइन्छ । त्यसैकारणले तिनीहरूको दैनिक अवस्था पनि निरस, अहंकारयुक्त र दंभीमात्र हुनगएको हो ।

❀

१७. संपत्तिको लालसा विपत्ति हो

जुन सम्पत्तिलाई मानिसहरू सुख सुविधा पाउने एकमात्र साधन भनेर रात दिन त्यही जम्मा गर्ने धूनमा रहेका छन्, जति जति त्यो संपत्ति जम्मा गर्दै जान्छन् त्यत्तिनै त्यसले विपत्तिको रूप लिएर मानिसलाई दु:ख, पीर चिन्तामा पारेर मृत्युको मुखमा धकेल्दिइरहेको हुन्छ ।

एकजना सन्तकहाँ एकजना सज्जन आएर सत्संग गर्दथे । एकदिन ती सज्जनले एउटा प्रश्न गरे - "जति पूजा-पाठ गरे पनि, तीर्थ व्रत गरे पनि मेरो चित्त शान्त हुँदैन । सँधै अनेक प्रकारका दु:ख, पीर र चिन्ताले नै घेरिरहन्छ, किन होला ?" महात्माले भन्नु भयो, "अज्ञानका कृत्यवाट दु:ख र ज्ञानका हर कृत्यवाट मात्र आनन्द प्राप्त हुन्छ ।" ज्ञान भनेको के हो भनी प्रश्न गर्दा महात्माले भन्नु भयो, "जेसुकै कुराको पनि यथार्थता महशुस हुनु नै ज्ञान हो । हेर ! दाम, पैसा, सुन, हिरा-मोती आदिलाई मात्र सम्पत्ति हो भनेर मानिस दौडिरहेछन् यही वास्तवमा विपत्तिको कारण हो । यो कुरा मात्र महशुस भयो भने अहिलेका मानिसको सवै जसो दु:ख, पीर, चिन्ता हराउँछ । यो कुरा वुझ्नु नै ज्ञान हो ।" धन सम्पत्ति नभए त खान, लाउन, वस्त्र, कसरी पाइन्छ र ? भनी सोधनी गर्दा महात्माले भन्नुभयो, "परमात्माको जगतमा केही कमी् छैन । मानिसले जान्ने भएर यता उता गर्न खोजेकोले नै मानिस आँफैल दु:ख वेसाएको छ । धन सम्पत्तिलाई नै सवथोक ठान्ने मानिस कसरी विपत्तिमा परेका

छन् भन्ने कुरा म तिमीलाई प्रत्यक्ष उदाहरण देखाई दिउँला भनी महात्माले ती सज्जनलाई लिएर जंगलको वाटोतिर लाग्नुभयो । परवाट दुईजना घोडचढी आउँदै थिए । ती महात्माले झोलावाट एउटा ठूलो हिरा झिकेर वाटोको वीचमा राखिदिएर आफू र उनी त्यही नजीकै रूख पछाडि लुकेर वस्नु भयो । घोडचढी त्यहाँ आइपुगे । हिरा चम्किरहेको देखे ! दुवैले हत्त न पत्त तरवार झिकेर हिरामाथि टुप्पो अड्याए । एउटा घोडचढीले भन्यो 'मैले पहिले देखेको हिरा मेरो हुन्छ' । अर्कोले भन्यो, 'मैले पहिले तरवारको टुप्पो राखेको हिरा मेरो हुन्छ' । भनाभन हुँदा हुँदै तरवार हानाहान भयो । दुवै त्यहीं ढले, मरे ! तर हिरा जहिंको त्यहीं थियो ! रूखको आडवाट वाहिर निक्ले । धन सम्पत्ति सदा जहिंकोतहीं हुन्छ मूर्ख मानिस चाहिं यसैको लागि जीवनभर संघर्ष गरिरहन्छ, दुःख, पीर, चिन्तामा डुब्छ र यसैगरी सकिन्छ ! सज्जनको चित्त वुझ्यो, धनको व्यर्थता र सम्पत्तिवाट पर्ने विपत्ति उनले वुझे ।

१८. संसर्गले संसार बन्दछ

एक एक मसीना रेशा मिल्दै गएमा छिनाल्नै नसकिने डोरी वन्दछ र हात्तीलाई पनि वाँधेर लडाउन सकिन्छ यसै गरी वलियो से वलियो डोरीवाट पनि एकएक रेशा झिक्दै जाने हो भने त्यो डोरी कम्जोर हुँदाहुँदै त्यसै फ्यास्स जान्छ । वास्तवमा डोरी भन्नु नै रेशाहरूको जोड हो । यसै गरी संसार भन्नु पनि संसर्गको जोड हो । जति-जति संसर्ग वढ्दछ त्यति-त्यति संसार विस्तार हुँदै जान्छ, जति-जति संसर्ग कम हुन्छ त्यति-त्यति संसार गायव हुँदैजान्छ । संसर्ग रहुन्जेल संसार रहिरहन्छ । संसर्ग छुट्यो कि संसार पनि छुट्यो ।

सांसारिक वैभवले सम्पन्न एउटा घरमा दुईजना दाज्यू भाइ थिए । दाज्यूले एकदिन सत्संगमा "यो संसर्गमा वसुन्जेल यसले वाँध्छ तसर्थ यो छोडेर एकान्तमा नवसी आत्मज्ञान हुँदैन भन्ने कुरा सुनेछन् । त्यो कुरा उनलाई खूव चित्तपनि वुझेछ र सवै त्याग गरेर जंगल जाने नै अठोट गरे ।

सम्पत्ति, भिटिभाम्टा सबै भाइलाई दिएर एउटा धोती लगाएर अनि एउटा गीताको पुस्तक हातमा लिएर जंगलतिर प्रस्थान गर्न लागे । ढोकानेर पुगेका दाज्यूलाई हेरेर भाइले भने " होइन दाज्यू ! त्यो हातमा के नि ?" दाज्यूले भने, "यो गीताको पुस्तक, जंगलमा वस्दा पठन-पाठन गर्न सजिलो हुन्छ भनेर लिएको ।" संसार नै त्याग गरेर जंगल जाँदै हुनुहुन्छ भने त्यो पुस्तक साथमा लैजानु पनि संसर्ग भएन र ?" भनी भाइले भन्दा दाज्यूले भने, "यो धार्मिक ग्रन्थ हो, वेद, उपनिषद्हरूको सारनिचोड भएको यस्तो पवित्र ग्रन्थ पनि कहीं वन्धन हुन्छ र ?" यति भनी दाज्यू हिंडे । घोर जंगलको ओडारमा वसेर कन्दमूल खाएर पठन-पाठन, मनन-चिन्तन र ध्यान गरेर वस्न लागे । एकदिन एउटा गोठालोले हराएको वाखा खोज्दा खोज्दै त्यो ओडारमा वसेका तिनलाई देखे र गाउँमा गएर एकजना महात्मा ओडारमा वसेका छन् भनेर हल्ला गरे । एक दुईजना गर्दा-गर्दै जिज्ञासुहरूको भीड त्यहाँ आउन थाल्यो । उनले पनि गीताका कुरा व्याख्या गरेर वताइदिने गर्न थाले । नैवेद्य, फूल, अक्षता, कोसेली आदि पनि आउन थाल्यो ! गन्धले त्यस ओडारमा मूसा पनि पसे । मूसाले राती महात्मालाई दु:ख दिन पनि थाले ! एक दिन प्रवचन गर्ने गीताको पुस्तक झिक्दा त मूसाले केही पाना टुक्रा-टुक्रा पारिदिएको देखेर एकजना भक्तले एउटा विरालो ल्याएर ओडारमा वाँधिदिए । दूध खान नपाएर कराएको विरालोको लागि दूध पनि ल्याइदिन लागे । कहिले कहीं झरी-वर्षादमा कोही नआउँदा विरालो भोकै मर्न लागेको देखेर एकजनाले एउटी गाई सँधै राखिदिन पाए त महात्मालाई पनि, विरालोलाई पनि दूध अटूट हुने थियो भन्ने ठानी गाई ल्याएर वाँधिदिए । दूधको समस्या त हल भयो तर गाईको खानपीनलाई के गर्ने ? अर्को एकजना सज्जनले एउटी नोकर्नी केटी ल्याएर गाई र महात्माको सेवा गराउने कार्यमा राखिदिए । निर्जन जङ्गल, जवान महात्मा, जवानी केटी, कामवेगमा अड्न सकेनन्, केटीले गर्भधारण गरिन्, वच्चा पनि पाइन् ! केही वर्षपछि दाज्यूको हालखवर वुझ्न भनेर भाइ खोजखवर गर्दै त्यही जङ्गलमुनि पुगे । जङ्गल नजिकको खोलामा दाज्यू धोती धुन लागेको देखेर "ओहो दाज्यू ! के गर्दै हुनुहुन्छ ?" भनी सोधे । 'गीताको गु धुँदैछु भाइ'! भने । (कारण छोरालाई काखमा लिंदा काखमा दिसा गरिदिएछ) । यावत् वृत्तान्त भाइलाई वताएर तिमीले

भनेको कुरा ठीक रहेछ आखिर गीताको पुस्तकको संसर्गले गर्दा नै म फेरि संसारमा धकेलिएँ !'

आसक्ति, संसर्ग अर्थात् संग्रह भन्ने वित्तिकै चाहे असल होस् चाहे खराब, त्यो संसर्ग नै हुन्छ, बन्धन नै हुन्छ, तसर्थ संसर्गवाट मात्र अलग हुनुपर्छ । यही सच्चा ज्ञान हो ।

❀

१९. असंतोष नै दुःख हो

एउटा किसान रहेछ । ऊ हरसमय, हरमौसममा एक न एक खोट निकालेर भगवान्लाई दोष दिइरहँदो रहेछ । 'फलफूलमा चिचिला लागेका वेलामा, गहुँमा गेडा पसेको वेलामा असीना पार्ने ! नचाहिने वेलामा घाम, पानी, हुरी, असिना पार्ने कस्तो भगवान् ! हेर यी लटरम्म फलेका फलफूलका गेडा झरेका ! पानी नपरेर गहुँका वोट सुक्न थालेका ! मेरो जतिको पनि वुद्धि नभएकोले के भगवान् वनेर सारा विश्वव्रम्हाण्डको व्यवस्था मिलाएर वस्नु ! यस्तो कुरा वार वार भनिरहन्थ्यो । त्यो किसानले गरेको कचकच सुन्दासुन्दा भगवान्ले एक दिन त्यो किसानकहाँ आएर भन्नुभयो' "हे किसान ! तिमीले मलाई धेरै दोष दियौ, के गर्दा तिमीलाई चित्त वुझ्छ त ल भन !" किसानले भने 'मलाई एक वर्ष मात्र मौसम चलाउन दिनुस् अनि म यसरी भनेर देखाइदिउँला' । 'लौ हुन्छ त आजदेखि एक वर्ष तिमी नै मौसम चलाउनू' भनेर भगवान् जानुभयो । ती किसानले पनि त्यस दिनदेखि आफ्नो विचार अनुसार घाम र पानी मागेर मौसम चलाए । फलफूल लटरम्म फले, गहुँ लहलह भयो, मानिस डुवाउने वोट भयो । किसान फलफूलका चिचिला देखेर, गहुँको वोट देखेर दङ्ग परे अनि मनमनै भने 'यसपालि मैले देखाइदिने भएँ भगवान्लाई कसरी मौसम चलाउनु पर्छ भनेर । गहुँ काट्ने वेला भयो, गहुँ काटे तर आश्चर्य गहुँका वाला पनि प्रशस्त छन्, तर गेडा छैन ! किसान दिक्क भए । फलफूल पाक्ने वेला हुँदानहुँदै रूखका हाँगाविंगा भाँच्चिन लागे ! फलफूल कुहिँदै झर्न थाले ! हेर्दा हेर्दै फलफूल

शून्य भए ! किसान अक्क न वक्क भएर पुर्पुरोमा हात लगाएर पिंडीमा वसिरहेका थिए । भगवान् त्यहाँ आउनुभयो र भन्नुभयो, 'किसान वावु ! किन दिक्क भयौ ? 'एक वर्ष भयो, अव म मौसम फिर्ता लैजाऊँ कि तिमी नै अर्को वर्ष पनि राख्छौ ?' किसानले सोधे, 'होइन भगवान् ! किन गहुँमा गेडा नलागेको ? अनि फलफूलका विरुवाका हाँगा भाँचिएका र फलफूल कुहिएर झरेका ? भगवान्ले भन्नु भयो 'हे किसान ! तिमीले केवल घाम र पानी मात्र माग्यौ खडेरी मागेनौ ! असिना, हुरी, आँधी मागेनौ ! विना खडेरी, असिना, हुरी गहुँका विरुवामा गेडा कसरी लाग्छन् ? त्यस्तै आँधी, असिनाको चोट नखाई चाहिनेभन्दा वढी र विरुवाले थाम्न सक्ने भन्दा वढी चिचिला नझरी कसरी रूख विरुवाले धान्ने अनि फलफूलमा रस पसेर पाक्ने ? किसानले आफ्नो मूर्खतामा धिक्कार गर्दै परंको व्यवस्थामा गद्गद् हुँदै भगवान्सँग क्षमा मागे । भगवानको व्यवस्था पूर्ण छ । यसमा यत्रक्त्र गर्न खोज्नु नै संवै दुखको कारण हो ।

२०. प्रकृति पूर्ण छ

प्रकृति पूर्ण छ । यहाँ केही कुराको अभाव छैन, खाँचो छैन । प्रकृतिमा भएका सव व्यवस्था पनि आपसे आप व्यवस्थित छन् । यहाँ कत्ति, कतै, कही पनि अव्यवस्था छैन । प्रकृति भन्नु र स्वभाव भन्नु पनि एउटै कुरा हो । स्वभावमा रहनु नै प्रकृतिमा रहनु हो । हर जीवको आ-आफ्नै स्वभाव हुन्छ । आफ्नो स्वभावमा रहनु नै प्रकृतिमा रहनु हो । प्रकृतिमा रहनु नै पूर्ण भएर रहनु हो । हर जीव प्रकृतिवाटै जन्मन्छ, प्रकृतिमै हुर्कन्छ र प्रकृतिमै लीन हुन्छ । यस तथ्यलाई विर्सेर आफ्नो स्वभावको विपरीत चल्ने प्रयास गरेकोले नै यो सृष्टिमा मानिस सवभन्दा वढी दु:खित र चिन्तित भएका हुन् । मानिस जति रोगी र अस्वस्थ छन् त्यस्तो अस्वस्थ घरपालुवा जीवजन्तुवाहेक अन्य आफ्नो स्वभावमा रहेका जीवजन्तु कोही छैनन् । यसो हुनाको कारण मानिसले वढी जान्ने भएर वुद्धिको प्रयोग स्वभावको विपरीत चालमा चलाएकोले नै हो । प्रकृतिभन्दा

वढी जान्ने हुन खोजेर शाश्वतको नियमलाई तोडेकाले नै मानिसको जीवन यस्तो भएको हो ।

एउटा गाउँ घरको आँगनमा देखिएको एउटा घटना । एक जना गाउँलेले वनमा घाँस काट्न जाँदा कालिजको गुँडवाट एउटा फुल ल्याएर घरमा पालेको कुखुरीलाई कोरल्न दिए । चल्ला पनि निक्लियो । अरू चल्ला झैं त्यो कालिजको वच्चा पनि कुखुरी माउसँगै चर्ने, दगुर्ने, खेल्ने गर्न थाल्यो । एक दिन चल्लाहरू चरिरहेका ठाउँमा एउटा चीलले हमला गऱ्यो । कुखुराका सवै चल्ला आफ्ना माऊतिर दौडेर माऊको पँखेटामुनि लुकेर सुरक्षित भएर वसे तर कालिजको वच्चा खै ? वरपर वस्ने मानिस सवैजना कालिजको वच्चा खोज्न थाले, पाएनन् । एकै छिनपछि त त्यो वच्चा त्यही अगाडिवाट फुत्त निक्लियो ! आश्चर्य ! त्यो चल्लाले त्यहीं अगाडिको एउटा पात दुईटा खुट्टाले समाएर त्यो पातले आफ्नो जिउ ढाकेर उत्तानो परेर पल्टिएको रहेछ ! चिलले त्यसलाई देखेन र गयो । कसरी त्यो कालिजको वच्चाले दुश्मनवाट आफ्नो सुरक्षा गऱ्यो ? कसले सिकायो त्यस वच्चालाई त्यो तरकीव ? न त त्यसलाई त्यसका वावुआमाले सिकाए न त कुखुरीले सिकाई ! कुखुरीले कोरलेको चल्लासंगै जन्मिएर हुर्कन लागेकालाई पनि त्यस्तो वुद्धि कहाँवाट आयो ? कसले दियो ? उत्तर स्पष्ट छ । प्रकृतिले दियो, स्वभावैले पायो । जसको नियमले फुल वनायो, वच्चा वनायो, चर्न सिकायो, त्यसैले वच्न सिकायो । त्यो वच्चाले यदि कुखुराको चल्लाको नक्कल गरेर वच्ने प्रयास गरेको भए चीलको आहारा वन्थ्यो यसमा शंका छैन । सृष्टिका कुनै जीवजन्तु अन्यथा हुनै चाहँदैनन् र भएका पनि छैनन् तर मानिस नै यस्तो जीव छ जो तृप्त हुन नसकेर हरकुरामा अन्यथा हुन, नक्कल गर्न, कृत्रिम वन्न खोज्दछ र आफू खनेको खाडलमा आँफै खस्दछ !

❀

२१. विवेकशीलता

विवेकशीलताको सरल अर्थ हो, सही वुद्धि भएको ! के गर्नु ठीक,के गर्नु वेठीक, के वोल्नु ठीक, के नवोल्नु ठीक, के खानु ठीक, के नखानु ठीक यस्तै अनगिन्ती कृत्य छन् जसउपर विचार वुद्धि प्रयोग गरी गर्नु या नगर्नुलाई विवेक भनिन्छ । विवेकी वन्नु नै सही अर्थमा मानवको पहिचान हो । तर आज मानिस दिनदिनै आफ्नै आँखा अगाडि धनीगरिव, वूढा-वच्चा, आफन्त पराई, शक्तिशाली शक्तिहीन सवैका लाश जलेका, अर्थी उठेका दृश्य देख्दा देख्दै पनि नचेत्ने कस्तो विवेक त ! आफ्नै शरीरले दिनदिनै दिइरहेको जनाउ पनि नदेख्ने कस्तो दृष्टि ! वाल्यावस्थाको यही शरीर, युवावस्थाको यही शरीर अनि वृद्धावस्थाको यही शरीर, यति पनि वुझ्न नसक्ने कस्तो वुद्धि ! यति मात्र हो र घच्घच्याउँदा पनि नउठ्ने कस्तो निद्रा !

एकजना मानिस मृत्युदेखि डराएर मुत्युवाट वच्न भनेर यमराजको तपस्या गर्न लागेछन् । घोर तपस्या देखेर यमराज आएर दर्शन दिएर 'वर माग' भन्नुभयो । 'मेरो मृत्यु नहोस्' भनी तिनले वर मागे । यमले भन्नुभयो "हेर, मृत्यु त सवैको अनिवार्य छ, अरू नै वर माग ।" "उसो भए मलाई थाहा दिएर मात्र लिन आउनु होस् त' ! भनी भन्दा यमले 'हुन्छ म तिमीलाई चिठी लेखेर खवर पठाएर, जनाउ दिएर मात्र लिन पठाउँला" भनी अन्तरध्यान हुनुभयो । धेरै वर्षपछि एक दिन ती मानिसका ढोकामा यमदूत आएर "लौ हिंड तिम्रो वेला भयो" भने । अचानक त्यसरी यमदूत आएको देख्दा ती मानिसले भने । "मलाई चिठी पठाई जनाउ नदिइ लिन पठाउँदिन भनेको त यो अचानक के हो ? यमराजजस्ताले पनि आफ्नो वचन नराख्ने ? म जान्न, यमराजलाई नै लिएर आऊ, म वहाँसँगै कुरा गर्छु, अनि मात्र जानुपरे जाउँला" भने । ती मानिस यमभक्त भएका हुनाले यमराज पनि आफैं आउनु भएर भन्नु भयो "हे सज्जन ! मैले तिमीलाई चार पाँचवटा पत्र पठाएको हुँ । जनाउ पनि दिएको छु ।" "ख्वै मैले त एउटा पनि न त चिठी पाएँ न त जनाउ नै !" भन्दा यमले भन्नुभयो, "मेरा चिठी र जनाउ त अहिले पनि तिमीसँगै छन्, आफूले वोकेर पनि छैन भन्नुहुन्छ ?" भनी यमले भन्नुभयो । "ख्वै कहाँ छ र मसंग ?" भनी ती मानिसले भन्दा यमले भन्नुभयो "हेर पहिलो

चिठी हो, तिम्रा सेता रौं, दोस्रो चिठी हो तिम्रा थोतो दांत, तेस्रो चिठी हो तिम्रो कमजोर नजर, चौथो चिठी हो तिम्रो शरीरका चाउरी, तिम्रो कमजोर पाचन प्रणाली, तिम्रो निर्वल शरीर - यतिका पत्र र जनाउ पाएनौ तिमीले ?"

यो सत्य कथा हामी प्रत्येकमा पनि दिनदिनै घट्दैछन् । यमको चिठी र जनाउलाई ध्यान दिएर तदनुरूप सचेष्ट रहेमा मात्र पनि मानिसमा विवेकशीलताको जागरण हुने थियो ।

२२. तर्क नै नर्क हो

धेरैको भनाइ छ 'खराव' कुरा छोड्नुपर्छ राम्रो कुरा लिनुपर्छ' । हो, खराव र राम्रोमा छान्नुपर्दा कसले खराव लेला ! तर राम्रो र खराव भन्ने काम कुरा प्राय: मानिसको धारणामा र मान्यतामा भर पर्ने कुरा हुन् । अर्को कुरा समय, परिस्थिति र स्थानविशेषले पनि यसमा ठूलो भूमिका खेलेको हुन्छ । खराव र असल भन्ने कुरा धारणाका उपज भएकाले यसवारे राम्ररी विचार गर्नुपर्दछ । यहाँ लिने कुरा पनि केही छैन, छोड्ने कुरा पनि केही छैन । वुद्धिले सत्य जान्न खोज्नु नूनको डल्लोले समुद्रको गहिराइ नाप्छ भन्नु जस्तै हो ! सत्य अतर्क्य छ । निरर्थक तर्कवाट सत्य पाउने प्रयासमै हामी धेरैको जिन्दगी वितिरहेको छ ! यदा कदा यो तर्क भूमिमा हजारौं वर्षमा एक दुइ महामानवहरु प्रकट हुन्छन् । तर्कको जालो लागेको मानिसको आँखाले महापुरुषलाई नत देख्न सक्छ नत तर्कको दुर्गन्धमा अभ्यस्त भएको नाकले तिनको सुगन्ध नै थाहा पाउन सक्छन अनि न त अंधविश्वासको कानेगुजीले भरिएको कानले ती महापुरुषको अमृत वचन नै सुन्न सक्छ ।

धेरै अघि कुनै एउटा सानो देशमा त्यस देशका मानिस प्रकृतिसंग मिलेर वडो आनन्दमग्न भएर वसेका थिए । एक दिन अर्को कुनै देशको एक जना धर्मप्रचारक त्यस देशमा आए । त्यस देशको शान्त वातावरण, आनन्द मग्न मानिस देखेर उनी पनि आफ्नो वाँकी जीवन त्यहीं वसेर धर्मप्रचारमा लागेर विताउने अठोट गरे । त्यसको केही

दिनपछि एक जना नास्तिक देशका मानिस पनि त्यही देशमा आएर त्यहाँको वातावरणवाट मुग्ध भएर उनी पनि त्यहीं वस्ने अठोट गरे । ती आस्तिकले विस्तार विस्तार त्यहाँका निर्दोष मानिसलाई देव-दानव, स्वर्ग-नर्क, पाप-पुण्य आदि विषयमा संझाउन वुझाउन थाले । अलि-अलि मानिसमा त्यसको प्रभाव पनि पर्न थाल्यो । उता यो कुरा नास्तिकले पनि थाहा पाए र नास्तिकता वारे उनले पनि मानिसलाई संझाउन वुझाउन थाले । त्यहाँका सिधासाधा मानिस जसको कुरा सुन्यो उसैको कुरा ठीक जस्तो लाग्ने हुँदा वडो अलमलमा पर्न थाले । आस्तिकको तर्क सुन्दा कुरा ठीक हुन् भन्ने लाग्ने अनि नास्तिकको तर्क सुन्दा यी सव कुरा फजुल हुन् जस्तो लाग्ने ! शान्त वातावरणमा प्रकृतिसँग मिलेर आनन्द मग्न भएका मानिसहरू पनि विस्तार विस्तार तर्कको नर्कमा परेर दु:खित र पीडित हुन थाले । एक दिन सवै मानिस मिलेर तिनीहरूकहाँ गएर, हामी धेरै दुविधामा पऱ्यौं, तपाईहरू मध्ये जो ठीक हो, जसको कुरा ठीक हो त्यो निधो गर्नु पऱ्यो, भोलि खुला मैदानमा तपाईहरू दुई जनाको वाद-विवाद गराउने तयारी गरेका छौं" भनी खवर गरे । भोलिपल्ट ती दुई जनाको वाद-विवाद भयो । दिनभरि आस्तिकले आस्तिकताको तर्क दियो नास्तिकको तर्कको खण्डन गऱ्यो, नास्तिकले नास्तिकताको तर्क दिई आस्तिकको तर्क खण्डन गऱ्यो । रात पऱ्यो सवै घर घर गए । रातभरमा आस्तिकले नास्तिकले दिएको तर्क उपर सोच्दा-सोच्दा भोलिपल्ट उ नास्तिक वन्यो ! नास्तिकले आस्तिकले दिएको तर्क विचार गर्दा गर्दै भोलिपल्ट उठ्दा उ आस्तिक वन्यो ! त्यसदिनदेखि नास्तिक आस्तिक वनेर आस्तिकताको प्रचार गर्न थाल्यो, आस्तिक नास्तिक बनेर नास्तिकताको प्रचार गर्न थाल्यो ! मानिस जस्ताको तस्तै समस्यामै परिरहे ! अनि सवैले अठोट गरेर ती दुवैलाई देशवाटै धपाएर आनन्दसंग वस्न थाले ।

२३. मनको गाँठो

धेरैको वानि नै परिसक्यो, कोही खाल्डो वा कुवामा खसेको देखेमा कहाँबाट, कसरी खस्यो भन्नेतिर अलमलिने ! जो खाल्डो वा कुवावाट कसरी झिक्ने भनेर झिक्नेतिर लाग्दछ त्यही वुद्धिमान हुन्छ ।

यसैगरी दुःख पर्‍योभने पनि कसरी भयो भन्नेतिर लागेर समय खेर फाल्नु मूर्खता मात्र हुनेछ । कसरी हटाउने भनेर हटाउनेतिर लाग्नु नै बुद्धिमानी हुनेछ । मनको गाँठो कसरी हटाउने भन्ने कुरा पनि त्यस्तै हो । अनन्त समय भैसक्यो, यो पत्ता लगाउन पछि लाग्ने हो भने त अनन्तजन्म लाग्छ । विसर्जन चाहिं अहिल्यै गर्न सकिन्छ ।

प्रायः भगवान् बुद्ध विहान प्रत्येक दिन जसो आफ्ना भिक्षुहरूको लागि केही न केही उपदेश दिने गर्नुहुन्थ्यो । एकदिन यसै गरी उपदेश दिनु हुंदा वहाँले आफ्नो हातमा एउटा रेशमको रूमाल लिएर आउनु भएको थियो ! आफ्नो आसनमा वसेपछि वहाँले त्यस रूमालमा पांचवटा गाँठो पार्नुभयो । भिक्षुहरू अचम्ममा परे ! एक त बुद्ध कहिल्यै हातमा केही पनि लिएर आउनु हुन्नथ्यो आज रेशमको रूमाल किन ल्याउनुएको होला ? फेरि वोल्न छोडेर त्यही रूमालमा गाँठो पार्नतिर किन लाग्नुभएको होला ! भनेर भिक्षुहरूमा वडो खस्-खस् र उत्सुकता हुन थाल्यो । केही जादू पनि गर्न लाग्नुभएको हो कि भनी सोध्न लागे । बुद्धले शान्तसँग आफ्नो स्थानमा वसेर गाँठोहरू पारिसकेर भन्नुभयो: “हे भिक्षु हो ! रूमालमा गांठो पारें, अव म तिमीहरूलाई दुईटा सवाल सोध्न चाहन्छु: पहिलो सवाल, यो रूमाल गाँठो पार्नुभन्दा अगाडिको र अहिले गांठो पारिसकेपछिकोमा स्वरूपगत केही फरक छ ?” एकजना भिक्षुले भने, “स्वरूपगत त केही फरक छैन, रूमाल उहीको उही छ ।” बुद्धले भन्नुभयो, “ठीक ! रूमाल उही नै भएपनि पहिले गाँठो थिएन, अहिले गाँठो छ तर यो चाहिँ केवल वाहिरी फरक मात्र हो । रूमालको स्वरूप चाहिं उही छ । संसार र निर्वाणमा पनि यति नै फरक छ । निर्वाणमा पनि उही स्वरूप हुन्छ संसारमा पनि उही स्वरूप हुन्छ तर संसारी मानिस गाँठो परेको रूमाल जस्तै हुन्छ अनि बुद्ध गांठो नपरेको रूमाल जस्तै हुन्छन् ।” त्यसपछि बुद्धले एउटा भिक्षुलाई फेरि सोध्नु भयो, “गाँठो कसरी परेको भन्ने कुरा नवुझिकन अर्थात् गाँठोको बारेमा राम्ररी थाहा नपाईकन गांठो खोल्ने प्रयास गर्नु ठीक हुन्छ कि गाँठो खोल्नतिर लाग्नु ठीक पर्ला ?” भिक्षुले भने, “कसरी गाँठो परेको हो भन्ने थाहा भएपछि त्यसको विपरीत काम गर्‍यौं भने फुकाउन सजिलो हुन्छ, तर यदि यो गाँठो धेरै वर्ष पहिले पारेको रहेछ भने कसरी थाहा पाउँछौ ?” भनी बुद्धले सोध्नु हुँदा भिक्षुले भने, “उसो भएत गाँठो फुकाल्नतिर लाग्नु नै

वेश होला ।" तब वुद्धले भन्नुभयो - "जुन तरीकाले भए पनि पहिले गाँठो खोल्नेतिर नै लाग्नु पर्दछ । हेर भिक्षु हो ! तिमीहरू पनि यसै गरी मन कसरी पैदा भयो भनी सोचविचार गर्नेतिर नलाग, मनको पकड कसरी हट्छ त्यसैमा लाग । जुन वेला मन हट्छ त्यसै वेला मन कसरी पैदा भएछ भन्ने कुरा पनि स्वत: पत्ता लागिहाल्छ किनभने जसले विसर्जन गर्न सक्छ उसैले सिर्जन पनि गर्न सक्छ ।

❀

२४. पाउनुपर्ने र जान्नुपर्ने के छ यहाँ ?

भगवान् वुद्धले वुद्धत्व पाइसक्नु भएपछि एक दिन कपिलवस्तु पनि जानु भयो । वुद्धका पिता शुध्दोधनले आफ्नो छोरा राजकुमार गौतमलाई जोगीको लुगा लगाएर भिक्षापात्र लिएर आएको देखेर भित्र-भित्र दु:खित हुँदै, हेर वावु ! अझ पनि तिमी मेरा छोरा नै हौ, फाल यी लुगा र पात्र अनि वस गद्दीमा । म तिमीलाई एक पटक माफदिन्छु भने । वुद्धले भन्नु भयो, कुनै पनि जीवको जन्मको माध्यम अनेक भए झैं तपाई पनि यो जीवनको जन्मको माध्यम मात्र हुनुहुन्छ । वावु छोरा आदि नाता त मानिसका कल्पना मात्र हुन् । म न त राजकुमार हुँ न त तपाईको छोरा ! मत शुद्धवुद्ध हुँ । थाहा पाउन सके तपाई पनि शुद्ध वुद्ध नै हुनुहुन्छ ! यहाँ जम्मा भएका पनि सवै शुद्ध वुद्ध नै छन् ।" यतिका वर्ष वाहिर वसेर पठन-पाठन, जप-तप, ध्यान-ज्ञानवाट के पायौ तिमीले ? भनी शुद्धोधनले प्रश्न गर्दा वुद्धले भन्नुभयो - मैले त्यो पाएँ जो मसँगै थियो, मसँगै सदा सर्वदा जो छ, जो थियो त्यही पाएँ तर मैले धेरै कुरा गुमाएँ जो मेरा थिएनन् तर मैले मेरा हुन् भनेर मानिराखेको थिएँ । यसै गरी मैले एउटा कुरा जानें कि मैले केही पनि जानेको रहेनछु । आफूलाई नजानेर, आफूसँग भएको कुरा विर्सेर मैले जो यो संसारको नाता-गोता, धन-दौलत, सुख-दु:खलाई नै म हुँ, मेरा हुन् भनेर मानेको थिएँ, जानेको थिएँ, ती कुनै कुरा पनि म र मेरा होइन रहेछन् भन्ने कुरा जानें । जो सदा मेरा थिए, मसँगै थिए त्यही पाएँ ।

पाउनुपर्ने केही छैनन्, हामी आफैं भरिपूर्ण छौं । केवल आफूले आफैंलाई निहार्नु छ, आफैंभित्र खोज्नु छ, बाहिर पाउने धूनमा लागेको मनलाई रोकेर आफैं भित्र राख्नु मात्र छ । कसैले देला, कसैवाट पाउँला, कहीं गएमा भेट्टाउन सकुँला भन्नु पर्दैन । जान्ने मानिस भेट्टाउन सकेमा उसले संझाइ दिनसम्म सक्ला, मार्गदर्शनसम्म गराइदिन सक्ला । तर आफैं भित्रको कुरा अर्कोले दिलाइदिन, देखाइदिनचाहिं सक्तैन । पाउनु पर्ने र जान्नु पर्ने केही छैन यहाँ । आफैंसँग भैरहेकै कुरा पाउनु छ अनि नभएको कुरा जो जानिरहेकै हो अर्थात् मैले जानेको छु भनिराखिएको छ त्यो अहंकारलाई विसर्जन गर्नु मात्र परेको छ ।

२५. आत्मस्मरण नै ज्ञान हो

ज्ञान पाउने तथा नयाँ कुरा जान्नुपर्ने भन्ने केही पनि छैन । हामी सवै पूर्ण छौं, सदा-सर्वदा पूर्ण छौं । यो तथ्यको स्मरण मात्र ज्ञान हो अनि यो तथ्यको विस्मरण नै अज्ञान हो । नभएको कुरालाई हो भन्ठान्दा-भन्ठान्दा जन्म-जन्मान्तरदेखि मानिसले भएको कुरालाई विर्सिएर अज्ञानमा डुब्नु परेको मात्र हो । आफ्नै खल्ती भरी हीरा-जवाहरातले भरिएको मानिसले म गरीब छु, मसँग पैसा छैन भनेर एक-एक पैसाको लागि सधैं कराउँदै घर-घरमा भीख माग्न गएजस्तै भैरहेछ ! सांसारिक जीवनमा हामीले ठानेका, मानेका दुःख, अशान्तिहरू पनि हाम्रो आफ्नो सच्चा स्वरूपको विस्मरणको कारणमात्र हो । भगवतरूप यस पूर्ण जगत्‌लाई अपूर्ण संझेर म के के न हुं, म नभए, मैले नगरे यो जीवन कसरी चल्छ र ! भन्ने ठानेर कर्ता वनेर आफैंले आफूलाई दुःखमा घसेट्दै छौं !

एकजना जिज्ञासु सेठ धेरै वर्षसम्म पारिवारिक, सामाजिक सांसारिक, सुख-दुःख भोगवाट विरक्त भएर मुक्ति पाउने इच्छाले सत्संग गर्न लागेछन् । एकदिन महात्माले, "छोड अव यो घर परिवार र सन्यस्त होऊ भने । ती जिज्ञासुले "मैले घरपरिवार छोडें भने कसले मेरो घर

चलाउला ? मेरी स्वास्नीको, छोराछोरीको के गति होला, यिनीहरुको वुद्धि छैन । मेरो यत्रो व्यापार, व्यवसाय सवै खतम हुन्छ" भने । महात्माले भने, "हेर तिम्रो यो सोचाइ विल्कुलै गलत हो । यहाँ कसैले चलाएर केही चल्ने र नचलाएर केही नचल्ने होइन । यो पूर्णमा "केही अभाव छैन । कोही नभएर पनि यहाँ केही खाँचो हुँदैन" आदि अनेक कुरा संझाउँदा पनि उनलाई चित्त वुझेन ! एकदिन ती महात्माले फेरि भन्नु भयो, "केही महीना हेर, यदि तिमी ठीक रहेछौ भने घर फर्क, मैले भनेको ठीक भए सन्यस्त होऊ" । सेठको चित्त वुझ्यो । केही महीनाको लागि तीर्थाटन गर्न जान्छु भनी घरवाट निक्लिए । महात्मासँग उनी तीर्थाटनमा गए । कुनै एक तीर्थस्थलमा सेठलाई राखेर महात्मा आएर घरमा सेठले सन्यास लिएको र तीर्थस्थलमै मरेको भनी सुनाइदिए । त्यसपछि उनी फर्केर फेरि सेठ भएकोठाँउमा गएर वसे । तीन-चार महीनापछि सेठलाई लिएर आए । सेठलाई उनले आफूले घरमा भनिदिएको सवै कुरा सुनाए र अव गोप्य तरीकाले घरको परिस्थिति हेर्न र वुझ्न लगाए । सेठले आफूले छोडेर गएको समयको घरको अवस्थाभन्दा झन राम्रो भएको पाए । व्यापार-व्यवसायमा सवै छोराहरुले पहिलेको भन्दा वढी ध्यान दिएर झन् उन्नति गरेको पाए । सेठनी पनि घरमा निश्चिन्त भएर धार्मिक कार्यमा संलग्न भएको देखे । स्वास्नी छोराछोरी सवै आ-आफ्नो धूनमा मस्त देखे । सेठको लागि चिन्तित कोही पाएनन् । गर्नेवाला म नै हुँ, म नभए त मेरो परिवार नै डुब्छ, मेरो समाज नै विग्रन्छ भन्ने जुन धारणा थियो अव त्यसको वदला म त कर्ता होइन रहेछु, मेरो अभावमा कतै केही कुराको कमी नहुने रहेछ । सारा जगत् र यसमा देखिएका यावत् कुरा पूर्ण नै रहेछन् । अहं नै अज्ञान रहेछ भन्ने कुरा स्मरण भयो र तत्कालै उनी ज्ञानी वने ।

❀

२६. सुनेको भरमा पर्नु खतरा छ

एकपटक एकजना महात्माले प्रवचन गर्दै भने, "यस विश्वव्रम्हाण्डमा जो जे छन् सव भगवान्कै स्वरूप हो । भगवान्देखि

वाहेक अरू केही छैन ।" आदि आदि । यो प्रवचनको प्रभाव एकजना सज्जनलाई खूब परेछ । प्रवचन सुनेर घरतिर फर्कदै थिए, परवाट धेरै मानिसहरू कराएको आवाज सुने "वहुला हात्ती आयो ! भाग ! लुक ! वच !" परवाट हात्ती आउँदै गरेका पनि देखे । महात्माले भन्नुभएको प्रवचनको याद आयो । सव जीवजन्तु, मानिस सवै भगवान् हो भन्ने कुरा सोची विस्तारै अघि वढ्दै गए । मानिसले झन् जोडले ती सज्जनलाई भाग ! भाग ! भनी कराए । हात्तीमाथि वसेर नियंत्रण गर्ने कोशिशमा लागेको माहुतेले पनि कराउँदै भाग भाग भने । ती मानिस प्रवचनकै कुरा संझी सरासर हिंडे तर हात्तीले तिनलाई सूँडले उठाएर फ्याँकिदिहाल्यो । संयोगले प्राण बच्यो, हातखुट्टा भाँचिए । हात खुट्टामा काम्रो वाँधी ३।४ दिनपछि बोकाएर तिनै महात्माकहाँ गएर, "तपाइँले भन्नु भएको कुरा त विल्कुलै गलत रहेछ," भने ! कसरी ? भनी महात्माले सोध्नुहुँदा ती सज्जनले ३।४ दिनअगाडि को सवै घटना वताइदिए । सज्जनको त्यो वृत्तान्त सुनेर महात्माले हाँस्दै भन्नुभयो, "हे सज्जन ! पहिलो कुरा, तिमीले त्यो हात्तीलाई भगवान् देख्यौ कि हात्ती देख्यौ ?" सज्जनले भने "मैले देख्न त हात्ती नै देखें," तव महात्माले फेरि भन्नुभयो - "अव दोस्रो कुरा हात्तीलाई मात्र भगवान् ठान्यौ कि कराउने मानिसहरू र माहुतेलाई पनि भगवान् मान्यौ ?" सज्जनले भने "हुन त भन्ने मानिसहरू र माहुतेलाई पनि भगवानै मान्नुपर्ने, त्यो त विचारै गरिनँ अनि जाँच्ने मन पनि लाग्यो" । महात्माले भन्नु भयो, "हेर सज्जन ! पहिलो कुरा कुनै पनि कुरा मानेर, पढेर, सुनेर मात्रै पुग्दैन । यतिले नै पुग्ने भए त अहिलेसम्ममा सव मानिस धार्मिक भैसक्ने थिए ! यस जगत्मा पढ्ने र पढाउने मानिस, मान्ने र मनाउने मानिस अनि सुन्ने र सुनाउने मानिसको केही कमी छैन । आफैंले राम्ररी नजानी, नवुझी गरेको कामको फल यस्तै हुन्छ । दोस्रो कुरा भगवान् सर्वत्र छ भन्ने कुरा मानेमा पनि त एक्लो हात्तीमा मात्र किन ? त्यतिका मानिसमा रहेका त्यतिका भगवान्का कुरा किन नसुनेका नि ?" सत्यता वुझ्न, अनुभव गर्नेतिर नलागेर अन्धविश्वास र अर्कालाई जाँच गर्ने अर्थात् शङ्काको भावना राख्नाले यस्तै फल भोग्छन् ।"

❀

२७. व्यवहारी बन, तोता पण्डित होइन

सैद्धान्तिक ज्ञानको भण्डार वोकेर त्यही कुरा व्याख्या गर्दै जीविका चलाउनेलाई आजकल पण्डित भनिन्छन् । एकपटक एकजना त्रिवेदी डुङ्गावाट नदी तर्दै थिए । तीनै वेद पढेका त्रिवेदीजी गाउँ-सहरभरि 'त्रिवेदी पण्डित' भनेर सुविख्यात थिए । उनले नपढेका वेद, शास्त्र, उपनिषद् केही थिएन । आफूलाई ज्यादै जान्ने र अरू केही जान्दैनन् भन्ने कुरामा उनमा निकै घमण्ड थियो । हुन पनि कुरामा उनलाई तल पार्न कसैले सकेका थिएनन् । डुङ्गामा तर्दै थिए, माझीलाई आफ्नो विद्वत्ता छाँट्न मन लागिहाल्यो । माझीलाई सोधे, "ए माझी ! तैंले कति पढेको छस् ?" माझीले एक अक्षर पनि नपढेको कुरा वतायो । "धत्तेरी ! नपढेको भए त तेरो आधा जीवन वेकार भयो । हेर ! मैले त तीनै वेद र सव शास्त्रहरू पढेको छु । अनि तैंले हिसाव गर्न त जानेको होलास् नि ?" भनेर सोधे । "रोजी रोटीको समस्याले गर्दा हिसाव पनि मैले केही सिक्न सकेको छैन" भनी माझीले भन्यो । "उसो भए बाँकी आधा जीवन पनि वेकारमै गएछ ! हेर्, मैले त गणितमा आचार्य पास गरेको छु" भनी पण्डितले भने ! यसैवखत वीचनदीमा डुङ्गा के पुगेको थियो भयंकरको तूफान-वाढी आयो । त्यो देखेर माझीले भन्यो, "होइन पण्डितजी ! तपाईले पौडी खेल्न जान्नुभएको छ कि छैन ? तूफान, वाढी आयो, अव डुङ्गालाई हुत्याएर लैजान्छ ।" "पौडी खेल्न त जानेको छैन" भनी आत्तिदै पण्डितले के भनेका थिए माझीले "मैले त पौडी खेल्न जानेको छु, म त आफ्नो ज्यान जोगाउन कुदें, तपाइँको जीवन अव कति सार्थक भयो ? सोच्नुस् ।" यति भनी माझी फालहाल्यो र पौडेर पारी पुग्यो, पण्डित डुङ्गासँगै कता हुत्तिए थाहा भएन !

यसै गरी एकजना ठूलो ज्योतिषीको वारेमा पनि एउटा कथा छ । कुनै ठाउँका राजज्योतिषी एकपटक ताराहरूको अध्ययन गर्दै हिंडिरहेका वखत कुवामा खसे ! नजीकैको घरमा वस्ने एउटी वूढीले चाल पाएर दौडँदै कुवामा आएर ज्योतिषीलाई झिकिदिइन् । ज्योतिषीले वुढियासँग प्रसन्न हुँदै भने, "वूढीआमा ! म राजज्योतिष हुं । तपाईले मेरो उद्धार गरिदिएको हुनाले म तपाइँको सम्पूर्ण भविष्यको कुरा वताइदिउँला, भोलि मेरो घरमा आउनु होस् । कुरा सुनेर वुढियाले हाँस्दै "जो आफ्नो

आँखाअगाडिको कुवा नदेखेर खस्दछ त्यस्ताले अरूको भविष्य हेर्ने !" भन्दै घरभित्र पसिन् ।

अहिलेको संसार यस्तै मानिसहरूले भरिएको छ । सिद्धान्तका कुरा कण्ठ छन्, तर व्यवहार भने शून्य छ !

❀

२८. दानमा भगवान्

ध्यान र ज्ञानपछि भगवान् वस्ने अर्को ठाउँ हो दान । दानको महिना नभएको कुनै पनि धर्म छैन । दानको अर्थ हो दिनु । जसले विना उद्देश्य जति दिन्छ त्यसको धेरै गुना वढि अग्लो पाउँछ । दिने कुराको संख्या परिमाणभन्दा पनि भावले ठूलो स्थान लिएको हुन्छ । मिल्न त दान मात्रले पनि पुण्य मिल्दछ तर पापबाट जम्मा गरेको धन र पाप पखाल्नको लागि तथा धर्मात्मा छु भनेर देखाउनको लागि गरिएको दानले झनझन पाप वढाई दिन्छ । संसारका प्राय: सवै मानिस भगवान्सँग केवल मागिमात्र रहन्छन् ! तर भगवान्लाई केही दिने चाहिं कुरै गर्दैनन् !

एकपटक एउटा माग्ने सधैं झैं विहान झोला र भिक्षा पात्र लिएर झुपडीवाट माग्न भनेर निस्कियो । सवै माग्नेहरूको प्रचलनअनुसार झोलामा एक मुठी जति अन्न, भिक्षापात्रमा केही पैसा र चामलका केही गेडा हालेर माग्न निक्लनुपर्ने हुँदा उसले पनि त्यसै गरी निक्लियो । सूर्योदयको पहिलो किरणमा उसले परवाट राजाको रथ आफूतिर आउन लागेको देखेर खुशी हुँदै भाग्यलाई तारीफ गर्न लाग्यो । राजाको रथ नजीकै आयो । रथ उसको अगाडि रोकियो ! राजालाई यसरी उसले देख्न पाएको पनि कहिल्यै थिएन । ऊ त एकदम अलमल्लमा पऱ्यो ! हात जोर्न पनि विर्सियो ! माग्न पनि विर्सियो ! राजा रथवाट ओर्लेर त्यो माग्नेको सामु एउटा झोली फैलाएर भन्न लागे ! "हे भिकारी ! तिमी यसोउसो केही नभन, ज्योतिषीले भनेका छन्, 'यो देशमा ठूलो दुर्भिक्ष आउँदैछ रे ! त्यसको निवारणको लागि आज विहानको पहिलो सूर्यकिरणमा मैले जसलाई भेट्छु त्यससँग जे-जति भए पनि मागेर त्यो अन्न ल्याएर

राजाको ढुकुटीमा राखें भने त्यो दुर्भिक्ष हट्छ । तसर्थ कुनै आनाकानी नगरीकन यो झोलामा के छ देऊ नत्र सारा देशवासी दुर्भिक्षको यातनामा पर्नुपर्नेछ ।" वडो गाहारो मानी-मानीकन झोलामा हात हालेर वल्ल-वल्ल एउटा चामलको गेडा झिकेर राजाको झोलामा राखिदियो । राजा रथ चढेर गैहाले । वाटोभरी त्यो माग्नेले आफूले आफैंलाई धिक्कार्न लाग्यो । "यत्रो राजासँग केही मागिनँ, केही पाइनँ, उल्टो आफ्नै एक गेडा अन्न गुम्यो !" त्यस दिन त्यो माग्नेले प्रशस्त अन्न र पैसा पायो । यति धेरै भिक्षा उसले कहिल्यै पाएको थिएन । घरमा आयो स्वास्नी झोलाभरी अन्न ल्याएको देखेर वहुत खुसी भई तर लोग्नेलाई चिन्तित देखेर कारण सोधी । एकगेडा आफ्नो चामल दिनुपरेको र राजावाट केही नपाएको गुनासो गर्दै नाङ्लोमा खन्यायो ! नाङ्लोमा उसले एकगेडा सुनको चामल देख्यो र आश्चर्य हुँदै विचार गर्दै थियो त्यसै वखत एकजना सन्त त्यहाँ आइपुगे र त्यो माग्नेलाई भने, 'हेर वावु ! आश्चर्य नमान ! तिमीले देशको संकट हटाउन दान दिएको एक गेडा चामलको वदलामा त्यतिनै सुन (त्यसको हजार गुना वढीपायौ) सन्तको कुरा सुन्दा त्यो माग्ने पछुताउँदै भन्न थाल्यो "मैले किन आफूसँग भएका सवै चामल दिइन हुँला ?"

यही अवस्था आज हर मानिसको छ । स्वयं भगवान् आएर हामीसँग देऊ भनेर माग्नु भयो भने हामी के दिन तत्पर हुन्छौ त ? हामीले आजीवन संगालेर राखेका गौरव, मान, अहंकार, लोभ, राग, मध्ये एक कुरामात्र भएपनि भगवान्ले हामीसंग दान माग्नु भएको छ । कोही यी दान दिन तयार छ ?

९१५७
डाक्टर हिक्मत रमण रेग्मी, कन्याशी ...
स्था.-२०३७
मानिसघाट

❀

२९. वैराग्य नै द्वार हो प्रभुको

वैराग्यविना प्रभुको द्वारमा पुगिन्न । वैराग्य भनेको सांसारिक सुखभोग सच्चा सुखभोग होइन रहेछ भन्ने ज्ञान भएर त्यसवाट विमुख हुनु हो । वैराग्य नैराश्यता होइन । नैराश्यता रोग हो, वैराग्य वरदान

हो । सांसारिक कुरामा वैराग्य हुने वित्तिकै प्रभुपट्टि राग हुन थाल्छ । वैराग्य दुई प्रकारबाट उब्जन्छ: एक, भोगेर, दोस्रो, बुझेर । भोग्नै नपरी बुझेर वैराग्य प्राप्त हुने मानिसलाई ज्ञानी भनिन्छ, भोगेर वैराग्य पाउने मानिसलाई बुद्धिमान् भनिन्छ । पहिलोथरी मानिस विरलाकोटीमात्र हुन्छन्, दोस्रो थरी मानिस कोहीकोही हुन्छन् । प्रायश: तेस्रोथरी मूढ मानिस नै अधिक छन् जो वारम्वार भोगेर, परेर पनि नचेतेर त्यही भोगमा वारंवार डुविरहने हुन्छन् !

राजा भर्तृहरि ज्यादै कुशल भएपनि कामुक र भोगी थिए । यिनले काम भोग सम्वन्धमा अनुपम ग्रन्थहरू पनि लेखेका छन् । यी राजाकी अति सुन्दरी पिंगला नामकी राम्री रानी थिइन् । राजा रानीलाई ज्यादै प्यारो गर्दथे । रानीलाई हर तरहले सुखी र प्रसन्न राख्न चाहन्थे । कतैवाट कुनै किसिमको असुविधा नहोस् भनेर खूव ध्यान दिन्थे । संक्षेपमा भनौं राजाले आफ्नो प्राणभन्दा पनि वढी प्रेम रानी पिंगलालाई गर्दथे । एकदिन एकजना योगीले सधैं जवान र सुन्दर राख्ने एउटा अति मीठो वहुमूल्य, अप्राप्य फल राजालाई भेट गरे ! यस्तो फल मेरी रानीलाई ख्वाउँछु भनेर राजाले त्यो फल रानीलाई दिए । आश्चर्य ! भोलिपल्ट त त्यही फल एउटी वेश्याले राजाकहाँ सौगात चढाउन भनेर ल्याई ! राजाले, त्यो फल रानीलाई खान भनेर दिएका थिए वेश्याको हातमा कसरी परेछ भनी गोप्य तरीकासँग वुझ्न लगाए । ती वेश्यालाई अति प्रेम गर्ने राजाको दरवारको वैठकेले दिएको पत्ता लाग्यो । अब वैठकेले कसरी पायो भनेर वुझ्दा त रानी पिंगला त्यो बैठकेको प्रेममा रहिछन् । रानीले सधैं जवान र सुन्दर राख्ने त्यो अमूल्य फल आफ्नो प्रेमीले खानुपर्छ भनेर वैठकेलाई दिएकी रहिछन्, तर वैठकेले आफ्नी प्रेमिका वेश्यालाई दिएछ । वेश्याले यस्तो अमूल्य फल त राजाले पो खानुपर्छ भन्ठानी राजालाई चढाई ! राजाले यथार्थ कुरा थाहा पाए । आफूले त्यस्तो प्राणभन्दा प्यारो गरेकी रानीले राजालाई नरुचाई वैठकेलाई प्राणप्रिय वनाएकी देखेर उनमा सांसारिक कामभोग र ममताप्रति तत्कालै वैराग्य उठ्यो । तुरुन्तै दरवार छोडी संन्यासी भए । जुन कुराप्रति आफ्नो अगाध प्रेम थियो, जसको लागि प्राण वलिदान दिनसम्म तत्पर थिए उसैबाट आफूप्रति दर्शाएको भावले तुरुन्तै राजाको बेहोशी टुटाइदियो, होशको जागरण भयो । तत्काल पुगे प्रभुको द्वार !

वैराग्य नै ो प्रभुको द्वार, मंजिल हो प्रभु । होशपूर्वक गरिएको कर्मले नै द्वारभित्र पुऱ्याइदिन्छ । खुट्टा राख्ने वित्तिकै प्रभुको दर्शन भैहाल्छ । रक्सी खाएर वेहोश भएर हिंडेको मानिसले जसरी खाल्डोलाई मैदान देख्छ, घुम्तीलाई सोझो देख्छ, अचललाई चलेको देख्छ र हिंड्नुपर्ने मार्गवाट नहिंडेर अनेक यातना पाउँछ, त्यस्तै गरी वेहोशीमा कर्म गर्ने मानिस पनि सदा कर्ममै भट्किएर यातना पाइरहन्छ । राजा भर्तृहरिको होश आयो, आँखा खुल्यो । सही मार्ग देखे । लिए संन्यास । पुगे प्रभुको द्वार ।

❀

३०. पद सबभन्दा कडा मद हो

जुन कुराको सेवनले मानिसको होश असंतुलित हुन्छ त्यसैलाई मद भनिन्छ । जाँड, रक्सी, गाँजा, चरेस, भाङहरू मात्र मादक पदार्थ होइनन् जसले आदतको स्थान लिन्छ, जसले आफ्नो पछि हामीलाई लगाउँछ ती पनि सवै मद हुन् । तसर्थ मद धेरै प्रकारका छन् । कुनै खाने मद छन्, कुनै पिउने, कुनै तान्ने, कुनै देखाउने, कुनै ठान्ने, कुनै जान्ने । मनुष्य जीवनलाई राम्ररी विश्लेषण गर्ने हो भने हर मानिस कुनै न कुनै मदमा डुवेरै रहेको पाइन्छ । मदहरूमा सवभन्दा कडा मद पदको मद हो । रक्सी, गाँजा, भाँगको मदले मानिसलाई जति नोक्सान गर्दछ त्योभन्दा धेरै वढी नोक्सान पदको मदले गर्दछ । अरू मदले प्रायशः आफ्नो र आफ्नो परिवारको मात्र नोक्सान गर्दछ । तर पदको मदले त आफ्नो साथै लाखौं लाख अरूको समेत नोक्सान गर्दछ । यस कुराको प्रत्यक्ष उदाहरण विश्व इतिहासनै छ । पदको लागि वन्धुहत्या समेत भएका र भैरहेका पनि छन् । पद भन्नु र मान, प्रतिष्ठा भन्नु पनि एउटै कुरा हो । यी मान, पद र प्रतिष्ठाको मदले मानिसलाई यसरी जकडेको हुन्छ कि नमरिन्जेल मात्र पनि होइन मरिसकेपछिको अवस्थाको लागि पनि यो पदले समातेको हुन्छ ।

कुनै देशका एकजना अवकाशप्राप्त विशिष्ट तहका सैनिक अधिकारी तीर्थाटनको लागि विदेशको केही तीर्थस्थल घुम्दै थिए । ती

व्यक्ति अति शंकालु प्रकृतिका भएकाले खान-पीन, रहन-सहन सवैमा ज्यादै सतर्क रहने, अलिकति केही भयो कि मर्ने पो हुँ कि भनेर डराउने गर्दथे । मान, पद, प्रतिष्ठा (इज्जत) मा पनि ज्यादै लोलुप थिए । उनलाई तीर्थको समयमा एउटै कुराको पीर परेको रहेछ जुन कुरा उनले आफ्नो हितैषीलाई भनेछन् ! 'म विदेशमा छु, यदि यहाँ मरें भने त मेरो अभिलाषा अधूरो हुन्छ' । 'किन र मरिसके पछि मर्ने मानिसको लागि जहाँ मरे पनि के फरक पर्दछ ?' भनी सोध्दा उनले भने, "म यदि आफ्नो देशमा मरें भने सैनिक सम्मानको साथ मेरो शवयात्रा गरिन्छ । मेरो इज्जत रहन्छ, मेरो परिवारको इज्जत पनि वढ्छ । यहाँ मरें भने त त्यस किसिमको रौनक नै केही हुँदैन, यही एउटा ठूलो पीर छ मलाई ।"

अक्षरारम्भ गर्ने समयदेखि नै यो मान, पद, प्रतिष्ठाको मद पिलाइएको मनुष्यले यसैलाई जीवनको सर्वस्व हो भन्ने सम्झेका छन् ! किन र कसरी भन्ने प्रश्न छैन, जसरी भए पनि प्रतिष्ठा होस्, पद होस् !

❀

३१. शिष्यत्व भाव भएमा सद्गुरु जताततै भेटिन्छन्

शिष्यत्व भन्नु र पात्रता भन्नु एउटै कुरा हो । पात्र शुद्ध र रित्तो हुनेवित्तिकै त्यस पात्रमा अमृत भर्न केही कठिनाइ पर्दैन । यसैगरी शुद्ध हृदय र निरहंकारी हुनेवित्तिकै त्यस्ता शिष्यमा भगवत् प्रसाद सजिलैसँग भर्न सकिन्छ । यस्ता मानिसले गुरु खोज्न कहीं जानुपर्दैन । गुरु नै स्वयं खोज्दै उसकहाँ आउनुहुन्छ । अर्को शव्दमा भनौंभने त्यस्ता शिष्यले सर्वत्र गुरु पाउँछन् अर्थात् शुद्ध हृदय र निरहंकार भावमा भएका मानिसले गुरु र ज्ञानमात्र भेट्छन् ।

दत्तात्रेय भन्ने एकजना मुमुक्षु यस्तै शिष्यत्वको अवस्थामा पुग्दा जतासुकै गुरु र ज्ञान पाएको कुरा हामीले सुनेकै छौं । दत्तात्रेयका २४ गुरु भन्ने त उखानै छ । पहिलो गुरु उनले आफू वसिरहेको पृथ्वीवाट

सहनशीलताको शिक्षा पाए । पृथ्वीमा कतै मानिसले दिसापिसाव गरिरहेछन् ! कतै थुकिरहेछन् ! कतै दुराचार गरिरहेछन् ! कतै खनिरहेछन् ! तैपनि पृथ्वीले मानिसप्रति कत्ति पनि रीस ईवी नराखी गाँस वास जुटाइदिइरहेको उपकारको यो शिक्षा पाएर पृथ्वी नै उनको गुरु भइन् । केही दिन दत्तात्रेय जङ्गलमा कुटीमा वस्दा उनले एउटा अजिंगर देखे । कैयौं दिनसम्म पनि केही खाना नखाएर, कतै खाना खोज्न समेत नगएर केवल हावा खाएर पनि त्यो अजिंगर हृष्टपुष्ट भएको देखे ! एकदिन त्यही अजिंगरको सामने एउटा जन्तु आएको र अजिंगरले त्यसलाई खाएको समेत देखे ! यो अजिंगरको अवस्था देख्दा त्यसवाट यस्तो शिक्षा पाए : "सवै कुराको वन्दोवस्त भगवान्ले नै मिलाएको रहेछ, व्यर्थको चिन्ता गरेर खान र वाँच्नको लागि यताउति दौडधूप गर्नु मूर्खतामात्र रहेछ ।" यसरी अजिंगर पनि उनको गुरु वने । घुम्दैफिर्दै समुद्रको छेउमा पुग्दा समुद्रवाट पनि शिक्षा पाएर गुरु माने । समुद्रवाट उनले पाएको शिक्षा: समुद्रको सतहमा कति लहर छाल उठ्छन्, जान्छन् ! समुद्रमा कति नदी पस्छन्, हरक्षण समुद्रका कैयौं पानी वाफ वनेर उड्दै पनि जान्छन् ! तैपनि समुद्र कुनै पनि प्रभावमा नपरी सदा गम्भीर र शान्त रहेका देखी यो आत्मारूपी समुद्रमा जीवन जन्म, मृत्युरूपी अनेक छाल, लहर, नदी, वादल आउँछन्, जान्छन् तर आफू सदा शान्त रहने शिक्षा पाए । एकपटक वाटोमा हिंड्दै थिए लावा लस्करसहित राजा कतै गैरहेका थिए । राजा गएको एकैछिनमा त्यही ठाउँमा एउटा मन्त्री आएर त्यही वाटोको छेउमा काम गरिरहेको एउटा कामीलाई "ए ! राजाको सवारी यतावाट भएको देखिस् ?" भनी सोधे । कामी झस्यांग भएर "अहँ मैले त केही देखिन हजूर" भन्यो । त्यो कामीको काम प्रतिको एकाग्रता देखेर एकाग्रताको शिक्षा कामीवाट पाएकोले कामीलाई अर्को गुरु माने । यसै गरी एकपटक एउटा रूखमुनि बसिरहेका थिए । मौरीहरूले फूलको सुन्दरता र आकारप्रकारमा समेत कत्ति केही असर नपारी फूलभित्रवाट मह झिकेको देखे । साथै, यति दु:ख गरेर सँगालेको मह मानिसले झिकेर लगेको पनि देखे । माहुरीको यस कृत्यवाट उनले विभिन्न आकार-प्रकारका मानिस भएका यस संसाररूपी वगैंचावाट कसैलाई केही वाधा अडचन नपारी सार वटुल्ने शिक्षा पाए । साथै जम्मा गरेर अर्थात् थुपारेर राख्दा अरूले नै भोग्ने वा हेर्ने रहेछ भन्ने शिक्षा पाए । यसरी माहुरी पनि उनका गुरु वने । जाँतो

घुमाउन लागेकी एउटी गाउँले युवतीको जाँतो घुमाउँदा अतिथिले आफ्नो चुराको आवाज सुन्लान् भनेर लाज मानेर एक-एक गरी चुरा झिक्दा झिक्दै केवल एउटामात्र बाँकी रहेपछि आवाज नआएपछि शान्त भएर काम गरेकी केटीलाई देख्दा उनले जति धेरैको संगत उति खलवल हुने, दुईटामा पनि संघर्ष हुने रहेछ भन्ने शिक्षा पाएर ती केटीलाई पनि गुरु माने । यसै गरी दत्तात्रेयले जता जान्छन् त्यहीं गुरु पाएर ज्ञानी भएको कथा वडो सारगर्भित छ

कथाको सार यति नै हो, शिष्यत्वमा जताततैवाट गुरुत्वको वर्षा हुन्छ । शिष्य तयारमात्र हुनुपर्छ हर आकारमा, हर कृत्यमा गुरु प्रकट हुनुहुन्छ । गुरु खोज्नतिर लाग्नुपर्दैन आफूलाई सुयोग्य शिष्य वनाउनु पर्दछ । शिष्यको लागि एकमात्र योग्यता चाहिन्छ अहंकारशून्य भाव ।

३२. जीवन एक नासो मात्र हो

नासोको रूपमा रहेको यो क्षणिक जीवनलाई म र मेरै हो भन्ने गलत धारणा लिएकोले नै मानिसले दुःख वेसाउनु परेको हो । आफ्नो जीवनउपर चिन्तन गर्ने हो भने स्पष्ट हुन्छ कि न त हाम्रो इच्छामा जन्म भएको हो न त मृत्यु नै हाम्रो इच्छामा हुन्छ । जीवन र मरणको वीचको पलभरको समयमा कत्ति न आफ्नै इच्छा आफू जन्मेको र आफू अजरअमर हुँ तथा शरीर नै आफू हुँ सन्तान संपत्ति मेरा छन् भन्ठानी नाना कुकृत्यसमेत गर्न उद्यत हुन्छन् यी मानिस ! आफू ! आफू नै आफ्नो छैन र होइन भने झन् सन्तान धन सम्पत्ति कसरी आफ्नो होला ? जीवन केवल एक नासोको रूपमा आएको हो भन्ने वुझी यो नासोलाई सकेसम्म हिफाजतसाथ राखेर नासोको मालिक लिन आएका वेलामा जस्ताको तस्तै दिन सक्नु नै सफल जीवन हो, सार्थक जीवन हो ।

धार्मिक प्रवृत्ति भएका कुनै पतिपत्नी एक गाउँको छेउमा झुपडीमा वसेर आनन्दसँग जीवनयापन गरिरहेका थिए । गरीव भए पनि ती दुःखी थिएनन्, जेजस्तो पाउँथे त्यसैमा तृप्त हुन्थे । सुख-दुःख, घाम-पानी, धूप-सर्दी, सवै भगवान्को कृपा सम्झेर सदा भगवान्प्रति अहोभाव

प्रकट गर्दथे । तिनीहरूका दुई जुम्ल्याहा छोराहरू थिए । तिनलाई वावुले साथैमा राखेर खाने, ख्वाउने गर्दथे । एक दिन वावुचाहिं दिउँसो काममा गएका वखत ती दुवै छोराहरू खेल्न गएका गाउँमा घर भत्केर पुरिएर मरे ! आमाचाहिंले थाहा पाइन् । छोराहरूको लाश घरमा ल्याएर छोपेर राखिन् । यो पनि भगवान्कै मर्जी भन्ठानेर चित्त वुभाएर शान्त भएर पतिलाई कुरेर वसिरहिन् । साँझ वावु आए । "छोराहरू ख्वै, खाना खाने वेला हुन लाग्यो ?" भने । छोराहरूलाई ज्यादै माया गर्ने हुँदा छोराहरूको मृत्युको खवरले आघात पर्ला भन्ठानी पत्नीले छोराहरू उता कोठामा छन् भनिन् । पति खाटमा वसिसकेपछि "मलाई एउटा कुरा सोध्न मन लागिरहेछ, सोधूँहै ?" भनिन् । पतिले : 'के हो सोधन' भने । पत्नीले सोधिन्, "यदि केही वर्षअघि हामीलाई कसैले केही नासो राख्न दिएको थियो र अहिले त्यो नासो आएर उसले लग्यो भने नासो राख्ने मानिसले दुःख मान्नु ठीक होकि होइन ?" पतिले हाँस्दै भने: "जुन कुरा नै आफ्नो होइन, अर्काको नासो हो त्यो नासो नासोको धनी आएर लैजान्छभने त्यस्तो कुरामा दुःखित हुनु त मूर्खतामात्र हो ! किन, केको सिलसिलामा तिमीले यो प्रश्न सोधेकी ?" भनी पतिले भन्दा पत्नी भन्छिन्: "हाम्रा घरमा दश वर्षअगाडि कसैले दुइटा रत्न नासो राख्न दिएको थियो । हामीले ती रत्नलाई वहुत सुरक्षासाथ राखिदियौं, आज अचानक ती रत्नका मालिक आए, रत्न लिएर गए" भनी आफ्ना मृतक दुई छोरालाई देखाइदिइन् ! त्यो देख्दा पतिले मीठो स्वरमा भने, "स्यावास् ! धन्य तिम्रो समझ, धन्य तिम्रो ज्ञान ! शायद तिमीले यति कुरा नभनीकन सोझै कुरा भनेकी भए मलाई एकपटक त जरूरै चोट पर्ने थियो होला, तिमीले सत्य कुरा गऱ्यौ । साँच्चिकै हो नि १० वर्ष अगाडिसम्म यी को थिए ! कहाँ थिए, थाहा छैन । अचानक वीचमा यहाँ आए, केही समय वसे, अव अहिले कहाँ गए ? केही थाहा छैन । परमात्माले दियो, परमात्माल लयो । सव उसैको खटन । " यति भनी कत्ति पनि दुःखित नभै, विचलित नभै मृतकहरूको दाह-संस्कार गरेर आए ।

अव हामी आफू कत्तिको ज्ञानी र अज्ञानी रहेछौं भन्ने कुरा पनि जीवनको क्रममा आइपर्ने यस्ता घटनाक्रमवाट थाहा पाइन्छ । वोलेर, लेखेर, पढेरमात्र हुँदैन ।

❀

३३. कामवासना

काम र राम यी दुई विल्कूलै विपरीत नाम पनि एकै शक्तिवाट निक्लेका हुन् । शक्तिको लागि राम र काममा केही भेट छैन । प्रयोगकर्तामा भर पर्दछ । जसरी सूर्य तटस्थ छ । सूर्यको काम उज्यालो दिनु, ताप दिनु हो । त्यो तापमा, त्यो उज्यालोमा जे गर-चाहे दुराचार गर, चाहे सदाचार गर, चाहे मन्दिर जाऊ चाहे भट्टी । सूर्यले यसो गर, यसो नगर, म रिसाउँछु, म खुसाउँछु भन्दैन । यसै गरी हामीमा भएको शक्ति पनि तटस्थ छ चाहे त्यसलाई राममा लगाऊ चाहे काम भोगमा लगाऊ ।

कामभोगमा लम्पट तुलसीदास एकैछिन पनि नवविवाहिता पत्नीसँग विछुडिन नसक्ने थिए । स्त्रीले कति पटक माइत जान खोज्दा समेत पठाएनन् । एक दिन उनी हाट वजार गएको वेला पारी पत्नी माइत गइन् । घर आएर पत्नीलाई नपाउँदा तुलसी सोच्दै ससुराली गए । ससुराली पुग्दा मध्यरात गइसकेको थियो । सवै सुतिसकेका । सुनसान थियो । ढोका सव वन्द देखे । एउटा झ्याल खुल्ला देखेर त्यही झ्याल चढेर कोठाभित्र पुगे । एउटा छिमेकीले कसैले झ्याल चढेको देखेर "चोर ! चोर !" भनी कराए । सवै गाउँलेले लाठो लिएर घर घेरिहाले । पत्नी पनि व्यूँझिन्, हेर्छिन् त कोठामा आफ्ना पति ! कतावाट आएको ? भनी सोद्धा झ्याल चढेर आएको भनेर पत्नीलाई अँगालो हाल्नलाग्दा पछाडि हटेर पत्नीले भनिन्, "धिक्कार छ तपाइँलाई ! क्षुद्र कामको पछि लागेर तपाइँले वल, वीर्यमात्र गुमाउनु भएन कि मान इज्जत समेत गुमाउनुभयो । हेर्नुहोस्, गाउँले सव चोर भनेर लाठी लिएर घेरिरहेछन् ! हेर्दा हेर्दै जवानीवाट वुढ्याइँ र वुढ्याइँबाट मृत्युमा जाने हाड, मासु, रगत, राल, खकारले वनेको यस शरीरको पछि यसरी लाग्नुभयो ! तपाईको यही काममा लागेको शक्ति राममा लगाइदिनु भएको भए उहिल्यै राम पाइसक्नु हुन्थ्यो !" यस मार्मिक वाक्यले तुलसीदासलाई कामवाट राममा पुऱ्याइदियो । तुरुन्तै उनी त्यहाँवाट हिंडे । राम-भक्त भए । तुलसीकृत रामायण उनैवाट प्रस्फुटित भयो ।

मानिसले पनि यदि आफूभित्रको शक्तिलाई कामवाट मोडेर राममा लगायो भने त्यही शक्तिले उसलाई राम समक्ष पुऱ्याइदिन्छ ।

३४. ममताले मृत्युमा लैजान्छ

मृत्युको वास नै ममतामा रहेको हुन्छ । जीव कहिल्यै मर्दैन ममताको मात्र मृत्यु हुन्छ । ममता भनेको मेरो पना हो । मेरो र तेरोवाट सम्पूर्ण द्वन्द्व खडा हुन्छ । यही द्वन्द्वको वीचमा संघर्ष गर्दागर्दै मानिसको जीवन सकिन्छ । नभएकोलाई मेरो वनाउन खोज्नु र मेरो भएपछि त्यसको रक्षा-गर्न खोज्नु नै द्वन्द्व हो । कुनै पनि कुरा किन नहोस् द्वन्द भयो कि घातक भैहाल्छ । चाहे त्यो द्वन्दले धर्मको नाम अँगालोस्, चाहे कर्मको, चाहे परमात्मा अँठ्याओस्, चाहे परिवार । मेरो धर्म, म धर्मात्मा, मेरो परमात्मा, मेरो धन,म धनी, मेरो परिवार, मेरो जाति जे भने पनि केही फरक पर्दैन । शव्द र अर्थ फरक मात्र हुन् । ध्येय एउटै हो । यी सवैले मृत्युमै लैजान्छ, अंधकार र दु:खमै लैजान्छ ।

हवाइजहाज नचल्दैको समयको कुरा हो एकज़ना धनी सेठका छोरा यूरोपवाट आफ्नो अध्ययन समाप्त गरी पानीजहाजवाट फर्कंदै थिए । वम्वैको वन्दरगाहमा १५ तारिखको दिन राती आइपुग्ने भनी घरमा खवर पठाएका थिए । सेठजी छोरालाई लिन साँझपख वन्दरगाह गएर प्रतीक्षा-कोठामा वसिरहे । पूर्वनिर्धारित कार्यक्रमअनुसार जहाज रातमा मात्र आउने भनी सेठजी आराम गरेर पल्टिन लागेका थिए अचानक त्यही कोठाको एक कुनाको वेन्चमा सुतिरहेको एकजना मानिसले झाडा र वान्ता गर्न लाग्यो । सेठजीको आराममा वाधा पऱ्यो । धेरैवेरसम्म पनि सेठजीले जहाज आएको नदेखी सोधपूछ गर्ने ठाउँमा गएर सोधे । यूरोपवाट आएको त्यो जहाज त आज दिउँसो १२ वजे नै आइसक्यो भनेर भने । वन्दरगाहका एकजना कर्मचारीले भने, 'अरू सवै यात्रु त गैसके, एकजना विरामी यात्रु प्रतीक्षा कोठाको वेन्चमा सुतेका थिए यहीं छन् कि हेर्नुहोस् त ?' भने । त्यो कुरा सुनेर सेठ दगुर्दै त्यो कोठामा गएर २ घन्टा अगाडि झाडा र वान्ता गर्ने व्यक्तिकहाँ पुगे । अन्तिम श्वास फेरिरहेका ती व्यक्ति आफ्नै छोरा पो रहेछ ! अस्पताल पुऱ्याउन नपाउँदैमा वाटैमा छोरा मरे । सेठलाई वज्रपात भयो । ४।५ वर्ष यूरोपमा वसेर पढेर आएको छोरा आफ्नै कारणले गर्दा आफ्नै अगाडि मरे । भनिन्छ, सेठ पनि हृदय गति वन्द भएर मरे रे !

घटना होइन ममताको दृश्य देखाउन खोजिएको मात्र हो । २ घण्टाअगाडि 'मेरो छोरा' भन्ने नहुँदा अर्थात् अरू नै कुनै मानिस ठानेर त्यही मानिसलाई झाडावान्ता लाग्दा रिसाएर हिंडे अब त्यही मानिसलाई आफ्नो छोरा ठान्ने वित्तिकै बोकेर अस्पताल लैजाने, विलौना गर्ने र त्यही मानिस मर्दा सहन नसकी आफूले पनि प्राण छोड्ने ममताको पागलपन कस्तोसम्म हुँदो रहेछ ! 'मेरो' नै हो सवैभन्दा ठूलो वन्धन, खरानीको डोरी भन्दा पनि कमजोर वन्धन भएर पनि मानिसलाई यसले फलामको साङ्लोले भन्दा पनि वढी जोडले वाँधिरहेको छ ! तेरो-मेरो भाव छोडेर कर्तव्यपथमा रहेर जीवनव्यवहार चलाउने मानिस नै सर्वज्ञानी र सर्वज्ञ हुनेछ, तथा सदा सुख शान्ति पाउनेछ यसमा शंका छैन ।

३५. सच्चा धर्मबाट अमृत, कच्चाबाट मृत्यु

जुन कामकारवाहीवाट आफू र अरूलाई समेत आनन्द र शान्ति प्राप्त हुन्छ त्यही धर्म हो तथा जुन कामकुरावाट दुःख, अशान्ति मिल्छ त्यो पाप हो भनेर जान्नुपर्दछ । सदा प्रफुल्ल चित्त मानिसलाई धार्मिक तथा सदा दुःखित चिन्तित र झगडाले मानिसलाई अधार्मिक भनेर जान्नुपर्दछ ।

कुनै एक टापुका मानिस सदा प्रफुल्लित र आनन्दमग्नसँग वस्दथे । कुनै समयमा एकजना कुनै एउटा धार्मिक संप्रदायका मानिस त्यस टापुमा उत्रेछन् । त्यहाँका मानिसको स्वच्छ, पवित्र, र आनन्दीजीवन देखेर यिनीहरू के धर्म मान्दा रहेछन् भनेर बुझ्दा त तिनीहरूले धर्म भन्ने शव्दनै सुनेका रहेनछन् ! आफ्नो मतको प्रचार गर्ने राम्रो ठाउँ पाएँ भन्ने ठानी ती मानिसले आफ्नो मतको धर्मका विधविधान सिकाएर, त्यो मतको स्मारक समेत वताएर हिंडेछन् । केही समयपछि अर्का एकजना संप्रदायी टापुको अर्को छेउमा आइपुगेछन् । तिनले पनि त्यसै गरी आफ्ना मतको धर्मको शिक्षा दिएर एउटा स्मारक बनाएर गएछन् । फेरि अर्को मतका आए अनि फेरि अर्का पनि आए । तिनीहरूले पनि आ-आफ्नो

मतको धर्म र विधि सिकाएर एक एक कुनामा स्मारक राखेर गए । प्राकृतिक धर्ममा रहेर सदा प्रफुल्लित आनन्दमग्न हुने ती सीधासाधा धार्मिक मानिसहरूमा विभिन्न चार मतको धर्मको प्रभावले गर्दा आफू-आफूमा वादविवाद, झगडा पर्दा-पर्दै एक अर्का उपर हिंसा गर्ने, एक-अर्काका स्मारक, मन्दिर, मस्जिद, चैत्य, गिर्जामा समेत हमला गरेर भत्काउन थालेछन् ! दश वर्षभित्रमा त आपसमा मारकाट गर्दागर्दै सवै नै नाश भएछन् । धर्मको टापु मरघटमा परिणत भयो । दश वर्षपछि ती धर्मावलम्वी चारैजना आफ्नो धर्मको कति विकास भएछ भनी हेर्न फेरि त्यही टापुमा आएछन् । त्यहाँ आएर हेर्छन् त मानिसको चालचुल नै छैन ! आफ्नो धर्म-मतको स्मारक भएको ठाउँमा पुग्दा त यत्रतत्र मानिस काटिएर मरेका सिनो, हाडखोर र खुकुरी, तरवार, छुरी छरिएको पाए । स्मारकहरू पनि सवै भत्किएर भग्नावशेषको रूपमा रहेको पाए ! अचानक ती चारैजनाको एकै ठाउँमा जमघट हुन पुगेछ । एकले अर्कालाई तेरो धर्मको कारणले यस्तो भएको भन्दा-भन्दै त्यहीं जमीनमा पडेका हतियारले काटाकाट गरेर ती चारजना पनि त्यहीं ढलेछन् !

यही हो कच्चा धर्मको परिणाम ! अरूलाई पनि मृत्यु दिलाए, आफूले पनि मृत्यु पाए !

३६. भगवान् जो गर्छ भलाई नै गर्छ

मानिस जान्ने हुन खोजेर भगवान्को मर्जीमा यसोउसो गर्न खोज्दछ ! फलतः दुःखसुखको भुमरीमा जकडिन जान्छ । भगवान्को मर्जी भन्नु प्रकृतिको नियम भन्नु र धर्म भन्नु एउटै कुरा हो । धर्मसँग विचलित नभै जो वाँच्दछ उसैले वास्तविक जीवनका भोग भोग्दछ । गहिरिएर जीवनका घटनाक्रमलाई विचार गर्ने हो भने सवैलाई स्पष्ट हुन्छ कि सानो-से-सानो अनि ठूलो-से-ठूलो हरघटनामा समेत उसैको हात रहेको हुन्छ । उसवाट जे हुन्छ, सुखदुःख, हानिलाभ सवैमा कल्याणमात्र हुन्छ भन्ने कुरा जसले वुझ्दछ उसैले धर्म वुझेको हुन्छ ।

एकपटक एउटा राजा शिकार खेल्न जङ्गलमा गएका थिए । दिउँसो शिकारवाट थाकेर विश्रांन्ति लिएका वखत राजाले एउटा रूखको हाँगो तरवारले काटेर तिखार्दै थिए अचानक उनको चोरीऔंला चटक्क काट्यो ! सबै रुन कराउन थाले तर प्रधानमंत्रीले हत्तपत्त रुमाल भिजाएर पट्टी वाँधिदिए र भन्नलागे, "महाराज ! भगवान् जो गर्छ भलाई नै गर्छ, वेसै भयो" प्रधानमंत्रीको त्यो कुरा सुनेर अर्का एकजना मंत्रीले राजालाई कानमा भने, "सरकार ! हजूरलाई यत्रो चोट लाग्दा वेसै भयो भन्ने यो प्रधानमन्त्री राम्रो नियतको छैन, यसले मौका पायो भने राज्य नै हडप्न पनि वेर छैन ।" यो कुरा राजालाई चित्त वुझ्यो तुरुन्तै प्रधान मन्त्रीलाई कैद गराएर झ्यालखानमा थुन्न पठाइदिए । त्यसको एक महिनापछि राजा फेरि शिकार खेल्न गएका वखत जंगलमा बाटो भुलेर घोर जंगलमा भट्कन थाले ! वाटो कतै पाएनन् । त्यसै जंगलमा रहने एकथरी जंगली जातिले भगवतीको पूजाको आयोजना गरेका रहेछन् । त्यस पूजामा नरवलि पनि दिनुपर्ने हुँदा वलि दिने मानिस खोज्न निक्लेका जत्थाले राजालाई भेट्टाएर बाँधवुध गरेर देवस्थानमा ल्याए । राजाको लुगा-सुगा फुकालेर नांगो, पारे, सबै जिउ हेरे । एक जनाको आँखा राजाको काटिएको औंलामा पऱ्यो । जिउमा कतै पनि खत भएको मानिसलाई वलि दिन नहुने नियम रहेछ । सरदारले भने, "हे मानिस ! तेरो औंला काटिएको रहेछ, तँलाई वलि दिनु भएन, जा"-भनेर पठाइदियो । राजा लुगा लगाएर फर्किए । बाटोमा प्रधान मन्त्रीले भनेको कुरा संझिदै विचार गरे, "त्यो वेलामा यदि यो औंला नकाटिएको भए आज मेरो टाउको नै काटिने रहेछ ! स्यावास प्रधानमंत्री !" भन्दै आफ्नो मूर्खतालाई धिक्कार्दै र प्रधानमन्त्रीको वुद्धिमत्तालाई तारिफ गर्दै दरवार पुगेर प्रधानमंत्रीलाई मुक्त गराएर क्षमायाचना गरे । प्रधान मंत्रीले आफू कैद हुनु पनि भगवान्ले भलाईकै लागि गरेको हो भनी राजालाई विन्ति गरे । "कसरी तिम्रो भलाई भयो र !" भनी राजाले सोध्दा उनले भने, 'सरकार, ! यदि म थुनामा नपरेकोभए यस पटक पनि मनै हजुरसँग शिकारमा जान्थें । हजुरको साथमै हुन्थें । ती वन मानिसले ममा कुनै खत नपाएपछि मलाइनै वलि दिने थिए । थुनामा भएकोले म पनि वच्न पाएँ भगवान्ले जो गर्छ भलाइनै गर्छ ।"

मनुष्य जीवनका हर घटनाभित्र प्रभुको मर्जी रहको छ । वास्तवमा हाम्रो जन्म, जीवन तथा मृत्यु वहाँकै मर्जीहो वहाँको लीला जानेर जानि नसक्नु छ ! मानिसको क्षुद्र वुद्धिले यसलाई पक्रन भने सक्तैन । हामीले कल्पना गरेका सुख दु:खमध्ये सुख मात्र पाऊँ, हानि र लाभमा लाभमात्र पाऊँ भन्ने सोच्नु नै मूढता हो । यो रहस्ययमय जीवनमा घटेका हर घटनाक्रमलाई शान्तिपूर्वक "भगवान् जो गर्छ भलाई नै गर्छ" भन्ने कुरा वुझेर जीवनयापन गर्नु नै ज्ञानी वन्नु हो ।

३७ धर्म ठूलोसानो छैन, अखण्ड छ

मानिसले स्वार्थवश धर्मलाई खण्डखण्ड पारेर, तेरो र मेरो वनाएर मानिस-मानिसमा काटमार गराएर सदा आनन्दमय, अजर, अमर जीवनलाई दु:ख, पीर, चिन्ता र विषादमा धकेलिरहेछन् ! धर्म जस्तो स्वच्छ, पवित्र, स्वतन्त्र चीजले दुर्गन्ध, अपवित्र र सीमित भएर रहनु परेको छ !

कुनै देशमा त्यहाँका सम्पूर्ण जनतामा एक चौथाइ जनताले इसाई धर्म, अर्को चौथाइले इस्लामी धर्म, अर्को चौथाइले हिन्दु धर्म र चौथाइले वौद्ध धर्म मान्नेगरेका रहेछून् । त्यस देशमा समय-समयमा धर्मको नाममा अनेक दंगाफसाद पनि मच्चिरहने गर्दथ्यो । शासनव्यवस्थाको लागि चारै क्षेत्रवाट उत्ति-उत्ति संख्यामा प्रतिनिधि छानेर पठाउने तथा चारै धर्मावलम्वीहरूवाट एक-एक जना मंत्री छानेर राखिएको थियो । त्यस देशमा अमन चैन कायम गर्न सारै मुस्किल परिरहेको थियो । एक दिन संयोगवश एउटा फकीर त्यस देशमा आए । त्यस देशमा भैरहेको दंगा-फसाद देखेर ती महात्माले करुणावश एउटा उपाय सोचेर चारैजना मंत्रीहरूकहाँ पालैसँग गएर भेट्नुभएछ र नवुझेजस्तो गरी देशमा अशान्ति हुनाको कारण सोध्नु भएछ । सवै मंत्रीहरूले आ-आफ्नो दलील दिएर आफ्नै धर्म ठूलो, अरूको धर्म सानो हो, अशान्ति हुनाको मुख्य कारण अरू नक्कली धर्मवालाहरूले गर्दा

भएको हो भने । ती महात्माले चारैजना मंत्रीहरूलाई जन प्रतिनिधिहरूसमेत एक ठूलो वैठकमा भेला भएमा देशमा सदाको लागि शान्ति स्थापित हुने उपाय बताइदिने कुरा गर्नुभयो । वहाँको कुरा मंजूर भएर वैठकको आयोजना पनि भयो । वैठकमा महात्माले चारैजना मंत्रीहरूलाई आ-आफ्नो धर्म ठूलो हो भन्ने वारे दलील पेश गर्न लगाउनु भयो । त्यसपछि महात्माले भन्नुभयो, “मेरा दश प्रश्नको जवाफ चारजना यी मंत्रीहरूवाट पाऊँ म त्यो सवै जनता र जनप्रतिनिधिहरूलाई पढेर सुनाउँछु, अनि यस कुराको फैसला गरौंला । प्रश्न नं. १) तपाइँहरू चारजनामा कसको सूर्य चम्किलो ?, २) कसको आकाश गहिरो ?, ३) कसको रगत वढी रातो ? ४) कसको आगो नपोल्ने ?, ५) कसको वढी श्वास चल्ने ?, ६) कसको शरीरलाई आगोले नपोल्ने ?, ७) कसको जन्म-मृत्यु नहुने ?, ८) कसको वच्चा नरुने ?, ९) कसको धर्मको सुन्तलाको वोटमा आँप फलाउने ?, १०) कसको धर्मले दु:ख मन पराउने ? चारैजना मन्त्रीहरुले जवाफ तयार गरेर दिए । सवैको जवाफ एउटै आयो । जनप्रतिनिधि र जनताहरूले पनि सुनिरहेका थिए । त्यसपछि ती महात्माले भन्नुयो- “हे भाइ हो ! सत्य कुरा सदा एकै थियो, एकै छ र एकै रहनेछ भन्ने कुरा तपाइँहरूको एउटै जवाफवाट स्पष्ट भयो । धर्म भन्नु र सत्य भन्नु एकै कुरा हो । धर्मवाट कोही कहिल्यै अलग रहनै सक्तैन । सत्यलाई कसैले वाँड्न, तेरो-मेरो भन्नु, ठीक-वेठीक भन्न पनि सक्तैन । मेरो धर्म राम्रो तेरो धर्म नराम्रो भन्न पनि सक्तैन, किनकि धर्म एक छ, सदा सत्य सनातन छ । आफ्नो मतलव पूरा गर्न केही वाठा-टाठा मानिसले धर्मलाई खण्ड-खण्ड गरेर सिधासादा मानिसलाई शव्दजालले अलमल्याएर आफ्नो संप्रदाय, मत, दलमात्र खोलेका हुन्। सत्य एक छ, धर्म एक छ, भगवान् एक छ ।”

साधुको कुरा सवैलाई चित्त वुझ्यो । त्यस दिनदेखि त्यसदेशका जनतामा एकै सत्य सनातन धर्म कायम हुन गयो, विभिन्न मत, संप्रदाय हरायो र आनन्दसँग मिलिजुली सच्चा धार्मिक भएर रहे ।

❀

३८. मृत्युको सन्देश नै जागरणको मूल ढोका

जागरणको सरल अर्थ हो ज्ञान अर्थात् वोध । जागरणको लागि अनेक तरिका छन् । मनुष्यजीवनको लक्ष्य नै हो जागरण । जागरण नभईकन प्राप्त भएका कुनै पनि कुराको केही सार हुँदैन । कुनै कोठाभित्र पुग्न मूल ढोकावाट पनि जान सकिन्छ, झ्याल चढेर, भऱ्यांग हालेर, डोरीमा समाएर पनि पुग्न सकिन्छ । तर जति सरल र सुगम मूल ढोकावाट जानुमा हुन्छ त्यति नै विकट र खतरनाक अरू उपायवाट हुन्छ । यसै गरी जागरणको लागि मूल ढोका मृत्युलाई नै लिइएको छ ।

एकजना जीवनमुक्त सन्त हुनुहुन्थ्यो । एकदिन एकजना मुमुक्षु आएर 'मलाई ज्ञान दिनुपऱ्यो, यो दु:ख सागरवाट पार लगाइदिनु पऱ्यो' भनी वारंवार सन्तको पाउ पर्ने, रुने, प्रार्थना गर्ने गर्न लागे । मुक्तिको ज्यादै अभीप्सा देखेर यसलाई जागरण गराइदिनैपऱ्यो भन्ठानी, महात्माले एकदिन नैवेद्य दिन लाग्नु हुंदा उनले अँजुली थापेका थिए त्यस वखत महात्माले तिनको हात हेरेर मुख विगार्नुभयो । महात्माले आफ्नो हातमा टोल्हाएर मुख विगारेको देख्दा ती सज्जनले "किन हजूरले मुखको आकृति विगारेको ?" भनी सोधे । 'नसोध्नु नै वेस होला' भनी महात्माले भन्नुभयो । "होइन हजूर भन्नुपऱ्यो मेरो मनमै खुलदुली भयो" भनं । "लौ त उसो भए भन्नैपऱ्यो" भनी महात्माले भन्नुभयो- "हे सज्जन ! तिम्रो हातको रेखा देख्दा आजको सातौं दिनको साँझ तिमी मर्ने कुरा स्पष्ट छ । त्यसैले मेरो मुखको आकृति विग्रिएको" । यो कुरा सुन्नेवित्तिकै ती सज्जन कालोनीलो भए ! महात्माले 'नआत्तिऊ वस म तिमीलाई ज्ञान दिउँला, तर्ने उपाय वताइदिउँला,' भन्नुहुँदा पनि ती सज्जन सातै दिनमा मर्ने भएपछि केलाई चाहियो यो ज्ञान स्यान भनी लुरुलुरु घरमा गएर ओच्छ्यानमा ढले । स्वास्नी छोराछोरीले के भयो ? भन्न लागे । साधुले भनेका सवै कुरा सुनाइदिएर हतास र निराश भएर रहन लागे । सवैले मानेका ठूला साधु हुनाले उनले भनेका कुरामा कसैले पनि शंका गर्ने ठाउँ नै थिएन । रातभर सुत्न पनि सकेनन् ! अनेक विचार आउन थाले । आफूले गरेका चिताएका अनेक कुकृत्य र

कुभावनाउपर दुःखित भए, भगवान्सँग क्षमायाचना गरे । तत्पश्चात् सबै रागद्वेष आप-से-आप हट्न लाग्यो । शत्रु मानेका र ठानेकाहरूलाई पनि बोलाउन पठाएर क्षमा मागे । आफ्नो बितेको ५० वर्षको लामो आयुतर्फ विचार गरे, ५० मिनेटजस्तो पनि लागेन । महात्माले पहिले-पहिले बताउनु भएका संसारको क्षणभंगुरताको कुरा अहिले यसबेला प्रत्यक्ष भयो ! पहिले कति कोशिश गर्दा पनि नआएको वैराग्य अहिले आप-से-आप फलित भयो । यसरी सातौं दिनसम्ममा त उनले संसारको निस्सारताको बोध गरेर बिल्कुलै महात्मा बन्न पुगे । सो दिन आनन्दमग्न अवस्थामा बसिरहेका थिए-साँझपख, सूर्य डुब्ने बेलामा ती महात्मा आउनुभयो र ती मुमुक्षु (जो अब स्वयं सन्त बनिसकेका थिए), लाई प्रणाम गर्दै अंकमाल गर्नुभयो । दुबै संत गद्गद् भएर अश्रुधारा बगाएर आनन्दमा डुबे । तत्पश्चात् ती नवसाधुले भन्नुभयो, "हे महात्मा ! हे गुरु ! हजुरले मलाई मृत्यु देखाएर अमृत पिलाइदिनु भयो, क्षणभंगुरताबाट ब्यूँझाइदिएर शाश्वतमा पुऱ्याइदिनु भो । हजूरप्रति धन्य-धन्यबाहेक केही बोल्न म सक्तिनँ ।"

सात दिन जो महात्माले मृत्युको दिन बताउनुभएको थियो त्यो केवल जागरणका लागिको मूल ढोका खोल्नको लागि भनिएको मात्र थियो । सात दिन, सात वर्ष, सात सय वर्ष अब केही फरक परेन ती नव साधुलाई । समयातीत अवस्थामा पुगिसकेकालाई के समय !

❀

३९. मृत्यु कसैले टार्न सक्तैन

संसार एउटा रंगमंचमात्र हो । जस्तो सबै कलाकारको अभिनय गर्ने समय, अभिनयको क्रम, पर्दामा देखिने समय र पर्दाबाट अगल हुने सबै कुरा पहिले नै तोकिएको हुन्छ, त्यस्तै गरी हाम्रो जीवन, मृत्यु र यसबीचका हर घटना पनि सबै पूर्व निर्धारित छन् । कसैले यसमा एक रौं सम्म पनि तलमाथि, यताउति पार्न सक्तैन । अहंकारलाई अँगालेर यताउति गर्न खोज्नु नै विपदमा पर्नु हो ।

कुनै समयमा एउटा देशका राजा सुतिरहेका थिए । रातमा अचानक ती राजाको निद्रा खुलेछ । यसो आँखा खोल्छन् त मध्यरात १२ वजेको समय, यमराज अगाडि उभिरहेका ! राजा घवराए । "नडराऊ ! अहिले म तिमीलाई लिन आएको होइन । राजा भएकाले तिमीलाई खवरसम्म गर्न आएको हुँ । भोलि साँझ सात वजे मात्र लिन आउनेछु । ठीक समयमा, ठीक ठाउँमा वसिराख !" यति भनी यमराज अन्तर्ध्यान भए । राजा रातभरि सुत्न सकेनन् । के गरेमा यमको हातवाट वच्न सकिएला भनी भोलिपल्ट विहान सवेरै सवै मन्त्री र भारदार जम्मा गराई सल्लाह मागे । कसैले पनि यसो गरेदेखि वच्न सकिन्छ भनेर यकीन सल्लाह दिन सकेनन् । एकजना मंत्रीले भने, "यहाँ यसरी समय विताउन भएन । भरे साँझ यमराज जरूर यहीं आउनेछन् ! तसर्थ जतिसकेको चाँडो यहाँवाट भाग्नुपर्‍यो ! आफ्नो राज्यकै सीमावाहिर पुग्न सकेमा मात्र कालको पंजावाट छुट्कारा होला, अरू कुनै उपायले पनि केही लाग्दैन" । त्यो कुरा राजा र अरू सवैलाई पनि चित्त वुझ्यो । राजा उत्तिखेरै सवभन्दा छिटो दौडने घोडामा चढेर टाप कसे । साँझ पर्ने वेलासम्ममा सीमानामा पुगे । साँझ पर्दा नपर्दै सीमानापारि पुगेर वल्ल अव वचें भन्ठानी घोडावाट ओर्लेर एउटा रूखमुनि उभिएर पसीना यस्सो के पुछ्न लागेका थिए कसैको चीसो हातले पछाडिवाट घाँटीमा समाएको थाहा पाए ! यस्सो फर्केर हेर्छन् त उही काल ! हाँस्दै कालले भने " हे राजा ! धन्यवाद छ तिमीलाई र साथै तिम्रो घोडालाई पनि किनकि यही स्थान र समय नै थियो तिमीलाई लैजाने !" यति भन्दै यमले राजालाई लिएर गए ।

❀

४०. वुद्धि बीज हो

जसरी रूख विरुवा, फलफूल, अन्नपात सवैको आधार यिनको वीजमा रहेको हुन्छ, असल वीजवाट असल रूखविरुवा हुन्छन् त्यसै गरी मनुष्यजीवनको वीज वुद्धि अर्थात् विवेक हुन्छ । राम्रो वुद्धि भएको मानिस

नै राम्रो हुन्छ । सफल हुन्छ, योग्य हुन्छ । मानिसको पहिचान नै विवेकवाट हुन्छ अरू कुरावाट हुँदैन ।

कुनै देशका एकजना राजाका तीन छोराहरू रहेछन् । कुन छोरा वुद्धिमान् र वढी समझदार छ तथा कुन छोराको जिम्मामा राजपाट सुम्पिएमा देश र जनताको सुखसमृद्धि होला भन्ठानी जाँच गर्ने अठोट गरेर तीनैवटा छोरालाई वोलाएर राजाले भनेछन्, "हेर वावु हो ! म ३।४ वर्षको लागि तीर्थाटन गर्न जान्छु । मैले तल छिंडीमा तीन कोठामा वोरा भरी भरी विभिन्न फल र फूलका वीउहरू राखिदिएको छु । तिमीहरूले राम्ररी संरक्षण गर्नु । म फर्केर आएर माग्नेछु ! पहिलो कोठाको जिम्मा जेठाको, दोस्रो माहिलाको र तेस्रो तथा छेउको जिम्मा कान्छाको भयो ।" यति भनेर राजा तीर्थतिर लागे । ५ वर्षपछि राजा फर्किए । छोराहरूलाई वोलाएर मेरो नासोको के छ खवर, भनी जेठा छोरासँग सोधे । जेठाले भने, "वुवा ! लिवक्सियोस् यो साँचो, मैले ढोकासम्म खोलेको छैन ।" राजाले भने "साँचो मागेको होइन । साँचोको संरक्षण गर्न दिएको पनि होइन, देऊ मेरा वीउहरू, देखाऊ मलाई मेरा वीउहरूको अवस्था" भनी छिंडी खोल्न लगाए । ढोका खोल्नेवित्तिकै कुहिएका वीउहरूको दुर्गन्धले भित्रै पस्न सकिएन ! नोकरलाई लगाई वोरा झिक्छन् त वीउको साथै वोरा पनि कुहिएको लत्याकलुतुक भैसकेको ! माहिला छोरातर्फ फर्केर ख्वै मेरो वीउ भने । माहिला छोराले रुपैयाँको थैली ल्याएर अगाडि राख्दै भने, "त्यसै राख्दा कुहिएर सड्ला भन्ठानी ती वीउ वेचिदिएँ, अव चाहिए यही रुपियाँले किनेर ल्याइदिउँला ।" राजा कान्छा छोरातर्फ फर्के । कान्छा छोराले भने, "माथि अटालीमा जाउँ वुवा, त्यहाँवाट देखाइदिन्छु ।" यति भनी माथि गएर राजाको कम्पाउन्डभरि र वाहिर समेत लटरम्म फलेको फल र फूलहरूको वगैंचा देखाएर भने, "मैले हजुरले दिवक्सेका सवै वीउ आफ्नै कम्पाउण्डभित्र र अरू जनतालाई समेत वाँडेर रोप्न लगाएँ । ५ वर्षमा तिनको अवस्था यस्तो भयो ।" त्यसपछि राजाले भने, "हे राजकुमार हो ! तिमीहरूको वुद्धिको जाँच गर्न मैले यो गरेको हुँ । जेठाको हातमा राज्य दियो भने देश र जनता यिनै वीउ सडेझैं सड्दछ । महिलामा थोरै मात्र होश भए पनि यसले राज्य नै वेच्न सक्छ । कान्छा सांच्चिकै समझदार रहेछ । यसको हातमा राज्य पऱ्यो भने राज्य र प्रजा फल र फूल अनन्त गुणा

वढे झैं वढ्छन्, समृद्ध हुन्छन्" वुद्धि मनुष्य जीवनको वीज हो । वुद्धि पनि खोपडीमा वन्द गर्ने वा विक्री गर्ने वस्तु होइन, सदुपयोग गरेर फैलाउने वस्तु हो ।

❀

४१. संसारले मानिसलाई बाँधेको छैन

सवै मानिस भन्छन् संसारको वन्धन अति कडा छ ! छुटाउनै नसक्ने चुँडाल्न नसक्ने छ । संसार- वन्धनवाट छुटाऊ भगवान् ! भनेर प्रार्थना पनि गरिरहेका हुन्छन् ! वास्तवमा संसारले वाँधेको छैन हामी आफैले आफूलाई संसारमा वाँधेका छौं ।

यो संसारवन्धनवाट कसरी मुक्त हुने भन्ने प्रश्न लिएर एक जना राजा महात्माकहाँ गएर निरंतर प्रश्न गर्दथे । महात्माले अनेक तरहले सम्झाउँदा पनि राजाको चित्त वुझेन । महात्माले राजालाई आज यिनको चित्त वुझाइदिनै पऱ्यो भन्ठानी "ल हिंड एकै छिन घुमेर आउँ तिम्रो चित्त वुझाइदिउँला" भनेर राजा र सन्त जंगलतिर घुम्न गए । वाटोमा एक ठाउँमा महात्माले एउटा रूखलाई दुवै हातले फेरो मारेर अँगालो हालेर कराउन लाग्नुभयो, "लौ न ! मलाई यो रूखले समायो यो रूखलाई छुटाइँदिनु पऱ्यो राजा !" राजाले आश्चर्य मान्दै भने "के भनेको ? रूखले कहाँ तपाइँलाई समाएको छ ? वरु म त तपाइंले नै रूखलाई समाउनुभएको देख्छु"! महात्माले भन्नुभयो, "हे राजा ! त्यसो नभन, रूखले मलाई अँठ्याइरहेछ, यसवाट छुट्कारा दिलाइदिनुपऱ्यो, तिमी यस्ता पराक्रमी छौ ।" महात्माको कुरा सुनेर हाँस्दै राजाले भने, "तपाइँ जस्ता महात्माले पनि यस्तो असत्य कुरा भन्नु हुन्छ ! तपाइँ आफ्नो हात रूखवाट झिक्नोस् त ?" महात्माले रुखवाट हात झिकेर राजालाई भन्नुभयो, 'लौ त राजा तिम्रो सवालको जवाफ अव त तिमीवाटै आयो, प्रत्यक्ष पनि भयो होइन त ? यो संसारवाट छुट्ने उपाय पनि यही हो । संसारले वाँधेको छैन तिमी आफैंले संसारलाई अँगालो हालिरहेका छौ !

तिमीले नै अँगालो भिक, तिमी मुक्त छौ" । भनिन्छ, राजालाई आफ्नो मूर्खताको ज्ञान भयो र उनी तत्कालै वुद्ध वने ।

अर्कोलाई देखाइन्जेल आफूलाई जान्न सकिन्न । वन्धन र मोक्ष वाहिर छैन । आफैं हो आफ्नो वन्धन, आफै आफ्नो मोक्ष हो । तथ्य कुरा जान्नु नै मोक्ष हो । वेहोशमा रहनु अर्थात् अज्ञानमा रहनु वन्धन हो ।

४२. मोक्ष

हामी धेरै जसो मोक्षको नारा दिन्छौं, मोक्ष पाए हुन्थ्यो भन्छौं, मोक्षकै नाममा पठन-पाठन, पूजाआजा, भजन- कीर्तन आदि पनि गर्छौं । तर गहिरिएर यस वारे सोच्ने हो भने मोक्ष होइन वरु झन् वढी वन्धन नै चाहेका देखिन्छौं ! प्राय: मानिसले धर्मको नाममा जेजति गरेका छन् र गर्दछन्, गहिरिएर हेर्ने हो भने तिनको उद्देश्य, झन् वढी धन कमाउने, झन् वढी मान पद, प्रतिष्ठा, वटुल्ने तर्फ नै लागेको देखिन्छ ! लौकिक ऐश आराम, भोगविलासले नपुगेर परलोकमा स्वर्ग गएर पनि सोमरसमा डुब्ने र अप्सराको नृत्य हेर्न पाउने लालसाले मानिसले धर्मकर्म गरेको पाइन्छ !

मानिसको छटपटी, दु:ख, पीर र चिन्तालाई देखर एकदिन पार्वतीले महादेवलाई मानिस माथि दया गर्न पर्‍यो, तिनलाई दु:खरूपी संसारवाट मोक्ष दिलाइदिनु पर्‍यो भनी शिवजीसँग विन्ती गर्नुभयो । "परंधाममा आउन कोही चाहँदैन ती मानिस" भनी शिवजीले भन्नुभयो । "किन चाहँदैनथे, हेर्नुहोस्न, कैयौं मानिस दिनदिनै हजूरसँग प्रार्थना गर्दछन्, पूजाअर्चना गर्दछन्, भवसागरवाट पार हुन पाऊँ भनेर" ! पार्वतीले यस्तो भन्नुहुँदा महादेवले भन्नुभयो, 'ल हेर है त ! ती एकजना मानिस जो दिनदिनै मेरो प्रार्थना, पूजा गर्छन् तिनलाई मुक्ति दिलाइदिन जान्छु' भनी जानुभयो । ती मानिस प्रार्थना गरिरहेका थिए, "हे, भगवान् ! मलाई दर्शन देऊ, मेरो उद्धार गर, मलाई यो दु:ख रूपी भवसागरवाट पार लगाऊ", महादेव अगाडि उभिएर भन्नुभयो, 'भक्त ! दर्शन दिएँ, अव तिम्रो उद्धार गर्छु हिंड मसँग ।' सशंकित दृष्टिले हेर्दै, 'मेरो छोराको विवाह गर्न

वाँकी नै छ, त्यो सकेर मात्र जान्छु, त्यसै वखत लिन आउनुस्' भनी ती भक्त घरतिर हिंडे । छोराको विवाहपछि महादेव फेरि लिन जानुभयो । 'नातिको मुख नहेरी कसरी जाने ? नाति जन्मेपछि आउनुस्' भनी पठाइदिए । नाति जन्मेपछि महादेव फेरि आउनुभयो र, 'अवत जाऊँ हिंड ! ७० वर्ष पनि नाघिसक्यौ ! वूढा भैसक्यौ, आज हो कि भोलि हो भैसक्यौ' ! भन्नुभयो । नाति सानै छ, म नभए त यो कसरी हुर्किएला फेरि यसको व्रतवन्ध, विवाह पनि त गरिदिनु पर्छ, सवै काम सकिएपछि म जव वोलाउँला त्यसै वेला आउनु होला अहिले जानुस्' भनी फिर्ता पठाइदिए ! मानिसको यो चरितकला देख्दा पार्वती पनि आश्चर्य मान्दै चुप लागेर वस्नुभयो !

४३. अज्ञानचक्षु र ज्ञानचक्षु

आँखा वन्द गर्नु अज्ञान हो र आँखा खुला गर्नु ज्ञान हो । आज हामी लाखौं, करौडौं मानिस खुला आँखा भएर पनि अज्ञानमै छौं किन त ? वाहिरवाट देखिने र वाहिर देख्ने हाम्रा दुई नेत्र छन् जसलाई चर्मचक्षु भनिन्छ । हाम्रो तेस्रो एउटा नेत्र पनि जसलाई त्रिनेत्र अर्थात् ज्ञानचक्षु पनि भनिन्छ । त्यही तेस्रो नेत्र खोल्नुपर्छ, त्यही तेस्रो नेत्र खुलेमा मात्र मानिस ज्ञानी वन्दछ । त्यो नेत्र वन्द भइन्जेल अज्ञानले नै ढाक्दछ । यो तेस्रो नेत्रलाई दिव्य दृष्टि पनि भनिन्छ । त्यो तेस्रो नेत्रवाट देखिएका यावत् कुरा सच्चा मात्र देखिन्छन् । तेस्रो नेत्रको अभावमा देखिने र देखिएका सवै कुरा काल्पनिक र अनित्य हुन्छन् ।

यस विषयमा हामी सवैले पढेका, जानेका, सुनेका एउटा कथा छ : "हात्ती र ६ जना अन्धाहरू ।" यो कथा सामान्य जस्तो देखिए पनि यस कथामा ज्ञानको ठूलो रहस्य लुकेको छ । एउटा गाउँमा ६ जना अन्धा मानिस थिए । एक दिन त्यो गाउँमा माउतेले चराउन र घाँस खोज्न भनी एउटा हात्ती ल्याएछ । गाउँका सवै केटाकेटी रमाउँदै, कराउँदै, 'हात्ती आयो', 'हात्ती आयो !' भनेको ती अन्धाहरूले पनि

सुनेछन् र हात्ती कस्तो हुँदो रहेछ भनेर हात्ती भएको ठाउँमा गएर हात्तीलाई हातले छामेर यस्तो रहेछ भनी थाहा पाउन खोजे । एकजना अन्धाले पुच्छर समातेर, ए हात्ती त डोरी जस्तो पो हुँदोरहेछ भन्ने ठाने, 'अर्काले आङ समातेर, हात्ती त भित्ता जस्तो हुँदोरहेछ, अर्काले कान समातेर नांगलो जस्तो र अर्काले खुट्टा समातेर खम्वा जस्तो हुँदोरहेछ भन्ने जानेर फर्के । आफ्नो स्थानमा आएपछि आ-आफ्नो ज्ञान भन्न थाले, कहिल्यै नटुंगिने विवादमा परे ! आ-आफ्नो भनाइमा, सोचाइमा सवै ठीक थिए तर पनि वास्तविकतामा सवै गलत थिए ।

कथा थाहा भएर मात्र पुग्दैन । हामी धेरैजसो पनि आज हात्ती वुझेका ६ जना अन्धा जस्तै एकसरो अधुरो ज्ञान भएका तथाकथित ज्ञानी, विद्वान् र धर्मावलम्वीहरूको व्याख्या र प्रभावमा परेर एक अंशलाई नै अर्थात् खण्ड-खण्डलाई नै धर्म, ज्ञान, भगवान्, सत्य सम्झेर पछि लागेर अन्धविश्वासमै परेर, वसेका छौं ! यसरी खण्डलाई नै पूर्ण मानेर विश्वासमा परिरहेकोले नै दुःखमा पर्नु परिरहेको छ । एक अंशलाई समातेको भरमा यही मात्र पूरा हो भन्नेसँग सावधान भएर आफ्नै तेस्रो नेत्र अर्थात् ज्ञानचक्षु खोल्नतिर लागेमा नै पूर्णको, सत्यको, परमात्माको अनुभूति हुन्छ अन्यथा हुँदैन ।

४४. खानपीनको प्रभाव

कुनै पनि खानाले शरीरमा मात्र असर पर्ने होइन, खानाले मन, वुद्धि र विचारलाई पनि ठूलो असर पार्दछ । सात्विक, राजस र तामस तीन प्रकारमा खानालाई विभाजन गरेर त्यसै राखेको होइन । जुन किसिमका खाना खानाले सद्वुद्धि वढाउने, सरलता, परोपकारी, अहिंसक आदि भाव जगाउने कार्य गर्दछ त्यो सात्त्विक खाना भनेर भनिएको छ । जुन खाना खानाले वल-वीर्य वढने, उत्तेजित गराउने, घमण्ड वढाउने,

मर्न-मार्नको लागि उद्यत पार्ने कार्य गर्दछ त्यसलाई राजस खाना र अल्छी, वेहोशी तुल्याउने खानालाई तामसी खाना भनिन्छ । यो शतप्रतिशत सही कुरा छ कि खानाले हाम्रो मन- वुद्धि र विचारमा सवभन्दा वढी स्थान लिइरहेको हुन्छ । यसै कारणले गर्दा नै आज कैयौं मानिस धर्म-कर्म, पाठ-पूजा ध्यान-ज्ञान, भजन-कीर्तन अनेक पुण्य कर्म गर्छन् तर पनि मानसिक अशान्तिमा रत्तिभर फरक पाउँदैनन् ! सात्त्विक भोजन गर्दा पनि कहिले कही मनमा अशान्ति हुने, ज्यू भारी र वेचैन हुने गर्दछ ! यो कसरी त ?

शिष्यगणहरूलाई खानाको महत्त्व र खापिनले शरीर, मन, वुद्धिमाथि खेल्ने भूमिकावारे महात्माले धेरै सम्भाउँदा पनि केही शिष्यहरूलाई चित्त वुभ्रेनछ । सात्त्विकी, राजसी र तामसी खानापिनाको वारेमा त चित्त वुझ्यो तर सात्त्विकी खाना खाँदा पनि मन अशान्त रहने, पेट गडवड हुने आदि भएकोले यस्तो कसरी भयो त ? भनी केही शिष्यले प्रश्न गर्दा महात्माले २।४ दिन हामी गाउँ घुमेर आऔं अनि म यो प्रश्नको उत्तर दिउँला भन्नुभयो । शिष्यमण्डलीसहित महात्मा गाउँ घुम्न थाल्नु भयो । पहिलो रात गाउँका एक ग्रामपतिको घरमा वास माग्न पठाउनु भयो । ग्राम-पतिले ठूलो स्वागत र सत्कार गरेर महात्मा र शिष्यमण्डलीलाई समेत लगेर खानपीन, आराम, विश्राम आदिको भव्य व्यवस्था गरेर राखे । भोलिपल्ट विहान उठेर त्यहाँवाट अगाडि वढे । वाटोमा महात्माले सोध्नुभयो, 'तिमीहरूले रात आरामसँग त वितायौ होला अनि खानपीन पनि राम्रोसँग गऱ्यौ होला ?" एकजना शिष्यले भने- "गुरुदेव व्यवस्था त सव ज्यादै राम्रा थिए, खानपीन सवै शुद्ध नै थिए तैपनि रात भरी राम्ररी निन्द्रा परेन अलिकति निन्द्रा लाग्दा पनि दुखस्वप्नहरू आए । जीउ अहिले पनि आलस्य भैरहेछ । मलाई मात्र हो कि ?" भन्दा अरू सवै शिष्यगणले पनि आफूहरूलाई त्यस्तै अनुभव भएको कुरा वताएर यो हुनाको कारण गुरुसंग सोधे । गुरुले "यस विषयमा भोलि उत्तर दिउँला" भनी अघि वढ्नुभयो । त्यो दिन साँझ त्यही गाउँको छेउमा तिनै ग्रामपतिका दाज्यूको घरमा वास वस्न पुगे । ती दाज्यू चाहिं मामुली भुपडीमा वस्ने, जग्गा-जमीनमा आँफैले खनजोत गरेर १।२ वटा गाईभैंसी पालेर वसेका साधारण किसान थिए । तिनले महात्मा र शिष्यहरूलाई प्रेमपूर्वक पिंढीमा गुन्द्री विच्छाइदिएर राखे, राती

पनि सामान्य खानपीन र सुकुलगुन्द्रीमै विश्राम गराए । भोलिपल्ट विहान त्यतावाट हिंडेपछि अघिल्लो दिनको जस्तै गरी गुरुले खानपीन र निद्रावारे सोध्नु भयो । आजको रात त सपना नै नदेखी मस्तसँग निदाएको कुरा सवै शिष्यहरूवाट सुनेपछि महात्माले भन्नुभयो - "लौ हेर वावु हो ! अव म तिमीहरूलाई हिजो त्यस्तो आरामदायी ठाउँमा पनि निद्रा राम्रो नपरेको र दुःस्वप्न देखेको अनि आज सुकुलमा सुत्दा पनि मस्त निद्रामा परेको तथा जीउ पनि हल्का भएको कारण वताउँदछु: खान त हामीले हिजो पनि सात्त्विक खाना नै खाएका थियौं आज पनि सात्त्विक खाना खाए पनि हिजोको रातमा दुःस्वप्न देख्नु, जीउ आलस्य पार्नमा ती ग्रामपतिले शोषण गरेर कमाएको खानाको प्रभाव हो । यस्तै उता दाज्यूचाहिं सरल, इमान्दार परिश्रमी र राम्रो भावनाका थिए । मेहेनत र सच्चा कमाइको, खाना खान पाएकोले हाम्रो त्यस घरको वसाइ र मनस्थिति पनि राम्रो भएको हो । खानामात्र भनेर हुँदैन । कस्तो कमाइवाट आएको खाना हो ? कस्तो भावदशामा तयार गरेको दिइएको खाना हो त्यसले पनि ठूलो असर पार्दछ ।

४५. भयमा भूत अभयमा भगवान्

साधारणतया तर्साउने, सताउने, दुःखदिने कुनै काल्पनिक आकृतिलाई भूत भनेर मानेका छन् । भूतको अर्को अर्थ हो वितिसकेको समय र घटना । यी दुवै अर्थलाई एकै ठाउँमा मिलाएर हेर्‍यो भने भूतको सक्कली अर्थ आउँछ । भूतलाई जसले मान्दछ त्यो तर्सन्छ, त्यसले दुःख पाउँछ, अशान्ति र अतीतको भयको कल्पना रहन्छ । वितिसकेको कुरा वितिसक्यो त्यसउपर सोचविचार गर्नु मूर्खता सिवाय केही हुँदैन । जो मानिस अतीतको सोचविचारमा पर्छ त्यसलाई त्यो भूतले खान्छ, खान्छ । यसैगरी आकारको रूपमा मानिसले हुँदै नभएको भूतसँग डराएपछि त्यसले पनि खान्छ । हुँदै नभएका यी दुई भूतले नै आज धेरै मानिसलाई खाइरहेछ !

आफैंमाथि घटेको एक सानो घटना : २०१३ सालतिरको कुरा हो । सरकारी कामको सिलसिलामा ३।४ दिन राती ११।१२ वजेतिर मात्र घर फर्कने कार्यक्रम परेको थियो । माघ-फागुन महीनाको कृष्णपक्षको अँध्यारो रात, मोटरवाट ओर्लेर छेडोवाट अलिकति हिंडेर जानुपर्ने ठाउँको घर, छेडोको वीचमा घुम्ती र घुम्तीको एकतर्फ वाँसको झ्याँग, सिस्नु र काँडाका वाक्ला वुट्यानहरू थिए ! आफू भूतमा विश्वास नगर्ने खालको मानिस भएता पनि राती एक्लै हिंड्न पर्दा चोरको चाहिं निकै ठूलो भयले पक्रिन्थ्यो । रातमा त्यो छेडो हिंड्दा यदि चोर आयोभने पहिले नै आफूसँग भएको कलम, घडी र पैसा समर्पण गरिदिने अठोट गरेर सतर्कसंग पहिलो दिन हिंडियो । केही घटना घटेन । दोस्रो दिन, सवा १२ वजेको मध्य रातको समय, त्यही मोडमा उही चोरको त्राश मनमनमा लिएर अघि वढियो । तर आश्चर्य ! विशाल कालो आकृति ! नांग्लोजत्रा टाउको ! लामा लामा हातखुट्टा भएको के हो ! के हो ! आफूतिर केही पदचाप नै नगरी आइरहेको देखियो ! भूत-प्रेत नमान्ने मेरो मनमा समेत केको हो भयले अँठ्यायो ! मुटु ढुकढुक हुन थाल्यो ! ठण्डी रातमा पनि पसिना छुट्न थाल्यो ! टक्क अडिएँ ! अड्नासाथ त्यो आकृति पछि हट्दै हट्दै गयो ! भ्रम गयो होला भन्ठानी अघि वढें । एक कदम मात्र के अघि वढेथें फेरि त्यो भयावह आकृति आफूतिर आयो ! मुख सुक्यो, काम छुट्यो, जीउ शिथिल भयो ! फेरि रोकिएँ । पुनः त्यो आकृति अघि जस्तै गरी पछि हट्यो । वडो मुस्किलले के पाइला अगाडि वढाउन लागेको मात्र थिएँ फेरि आयो ! वेहोश भएर ढल्ने अवस्था भयो ! व्रतवन्ध गर्दा दिइएको गायत्री मंत्रको प्रभावको याद अचेतनवाट आयो । अनायास जनैमा हात पऱ्यो । प्रार्थनाको लागि आँखा माथि उठ्यो । आश्चर्य ! मोडको २०/२५ कदम अगाडिको घरको छानाको कुनामा पिलपिल वलेको विजुली वत्ती, वत्तीको अगाडि सुकेका घिरौंलाका पात र लहरा मन्द हावामा यतावाट उता र उतावाट यता भैरहेको, अनि त्यो धमिलो प्रकाशमा परेको घिरौंलाको पात र लहराको छायाँ सडकमा पुग्दा नांग्ला र दलीन जस्तो आकार लिएर कालो आकृतिको भूत वनेर पो मेरो अगाडि आउने-जाने गरेको देखें ! विचारणीय कुरा छ, तेस्रो पल्ट यदि मेरो आँखा त्यहाँ नपुग्दो होत म यात, वेहोश अवस्थामा पुग्दथें या मृत ! रहस्य थाहा नपाई वस्नु परेको भए शायद म पनि एक व्यक्ति हुने थिएँ भूतको

प्रत्यक्ष दर्शन गर्ने । अनि मेरो इष्टमित्र, नाताकुटुम्बमा मेरो कथनले भूत हुन्छ भन्ने धारणा अझ मजवूत हुन्थ्यो र यो अन्धविश्वास अझ कति फैलन्थ्यो होला ? धन्यवाद छ भगवान्लाई जसले मेरो आँखालाई सत्यतामा पुऱ्याइदिएर मलाई झण्डै खस्न लागेको अन्धविश्वासको अन्धकूपवाट वचायो ।

केटाकेटी अवस्थामा कतिपय घरमा वूढावूढी र जवानहरू समेतले वताउने गरेका अनेक भूत-प्रेतले दुःख दिएका, किचकण्डी, वोक्सी, मुरकट्टा आदिले गरेका उपद्रवका वर्णनको छाप प्रायः धेरैको मनमस्तिष्कमा परेको हुन्छ । त्यसै संस्कारले गर्दा धेरै मानिसमा भित्र कता हो कता भूतको भयले केही न केही ठाउँ ओगटेकै पाइन्छ । अहिल्यै पनि जान्ने मानिसकहाँ गएर झारफूक गर्ने, मशान, दोवाटोमा भूत मंछिने, अनि विरामी पर्दा पहेंलो अक्षताले जीउ पुछेर फाल्ने चलन प्रशस्त कायमै छ । यी सव हुनाको मूलकारण भय हो । भूत= भय, भय=भूत अभय= भगवान् , भगवान्= अभय । भयले भूतमै लैजान्छ, चाहे समयको भूत होस् चाहे आकृति र कल्पनाको । यसैगरी अभयले भगवान्मै लैजान्छ चाहे आकारको होस् चाहे निराकारको ।

४६. महत्त्वाकांक्षा

महत्त्वाकांक्षा भनेको विषय वासना लागेको तीव्र इच्छा हो । इच्छाले ठीक वाटो लियो भने सत्मार्गवाट डोऱ्याउँदै संतोष, शान्ति र आनन्दतिर लैजान्छ भने गलत वाटो लियो भने महत्त्वाकांक्षाको रूप लिँदै कुमार्गवाट झन्-झन् असंतोष अशान्ति र दुःखमा लगिदिन्छ । महत्त्वाकांक्षा भनेको, यसो हुन पाए, यसो गर्न पाए, यति कमाउन पाए, यस्तो हुने थिएँ ! अरूभन्दा ठूलो हुने थिएँ, प्रतिष्ठित हुने थिएँ, सुखी हुने थिएँ आदि । यो एक किसिमको कडा मानसिक रोग हो । यो रोग जति वढ्यो उति त्यो मानिस विक्षिप्त अवस्थामा पुग्छ । अनि विक्षिप्त अवस्थाको मानिसवाट के-के हुन्छ कसैले अन्दाजसम्म पनि गर्न सक्दैन ।

यही महत्त्वाकांक्षाको ज्वरोले विक्षिप्त भएका मानिसवाटै समाज र देश मात्र होइन विश्वलाई नै खतरा पुग्न लागिरहेछ ! समाजमा चोरी, व्यभिचार, घुसखोरी, कालावजार, चोरी निकासी, वलात्कार, हत्या, युद्ध यावत् जेजति दुर्घटना घटिरहेकाछन् ती सवैका पछाडि यही महत्त्वाकांक्षा रहेको हुन्छ । महत्त्वाकांक्षालाई जसले महारोग, संक्रामक रोगको रूपमा देख्दछ, जान्दछ उसले जीवनको सार सूत्र जान्दछ ।

गुरुकूलको समयको कुरो हो । एउटा शिष्यले आफ्नो पूरा अवधिसम्म अध्ययन गरिसकेपछि पनि गुरुवाट दीक्षा पाएनन् । गुरुआमा पनि आश्चर्य भइन् । ती शिष्य संगैका अरूहरूले आफ्नो अध्ययन सकी दीक्षा पाएर फर्किसके ! सवै विषयमा अध्ययन पूरा गरिसकेर पनि यिनले चाहिं किन दीक्षा नपाएको होलान् भनी उनले पतिलाई कारण सोधिन् । पतिले भने, 'यिनको अन्तिम परीक्षा वाँकी छ, त्यसको लागि योग्य वनाउँदैछु ।' केही समयपछि शिष्यलाई वोलाएर गुरुले भने, 'भोलि तिम्रो अन्तिम परीक्षा छ । भोलि विहान सवेरै राजाको ढोकामा जाऊ' भनी भने । ती राजाको एक यस्तो प्रतिज्ञा रहेछ: जो व्यक्तिलाई त्यस दिनको विहान सवेरै ढोकामा राजाले देख्छन् त्यसलाई जे मागे पनि राजाले दिने ! भोलिपल्ट विहान सवेरै ती शिष्यलाई ढोकामा देखेर राजाले अगाडि आएर 'जे जति माग्न मनलाग्छ माग,म दिन्छु' भने । यो कुरा सुन्दा ती शिष्यलाई के मागूँ के मागूँ जस्तो भएछ । राजालाई, 'हजूर वगैंचाको एक चक्कर लगाएर आइवक्सियोस् त्यतिन्जेल म के माग्ने भन्ने कुरा विचार गर्छु,' भने । राजाले हुन्छ भनी गएर एक चक्कर मारेर फर्केर सोधे । त्यतिन्जेलमा शिष्यले सोचेका थिए : माग्नुसम्म परेपछि सय दुईसय के माग्नु हजार पो माग्नु पर्ला भन्ने तर राजा नजिक आइपुग्दा नपुग्दै हजार मात्र किन लाखौं किन नमाग्ने भन्ने विचार आयो। त्यसै वेला राजाले सोधे । तव फेरि एक चक्कर लगाउन र विचार गर्न समय मागे । राजाले हुन्छ भनी चक्कर मार्न लागे । भिक्षुको महात्त्वाकांक्षा यति वढ्दै गयो कि करोडवाट दरवार नै किन नमाग्ने, राज्य किन नमाग्ने ! भन्ने विचारमा पुगे । राजा आइपुगेर, 'लौ त अव माग भन्दा-'राज्य, दरवार, रानी र राजापद समेत देऊ, मेरो लुगा लगाएर तिमी वाहिर जाऊ, तिम्रो लुगा लगाएर म दरवारभित्र जान्छु' भने । राजा गद्‌गद् हुँदै, आकाशतिर फर्कैरै 'धन्य ! भगवान् हजुरको कृपा, मेरो मनोकामना पनि पूर्ण हुने भयो' ।

राजाले यस्तो भनेको सुन्दा ती शिष्य फेरि सोचमा परे ! राजाले लुगा फुकाउन के लागेका थिए शिष्यले फेरि भने, 'हे राजा ! अब एकपटक एकचक्कर मार्नुहोस् म अन्तिम विचार गर्छु' भने । राजाले, "मागिसकेपछि अब किन फेरि चक्कर लगाउने ! मेरो लुगा लगाएर भित्र पस्नुहोस् राजा भएर शासन चलाउनुहोस्" भनी भने । शिष्य झन् अलमलमा परे ! पुनः एक चक्कर लगाउन आग्रह गरे । राजाले माने । राजा चक्कर मार्दै थिए । शिष्यले सोचे: 'जो पद, प्रतिष्ठा, धन, राज्य, दरबार, रानी आदि कुरालाई सबभन्दा महत्त्वपूर्ण मानेको थिएँ त्यो यदि तुच्छ नभएको भए त्यो छोड्न राजा यति उत्सुक र खुसी हुने थिएनन् मैले नबुझेको रहेछु, भन्ठानी राजा नआइपुग्दै त्यहाँबाट सुइँकुच्चा ठोके आश्रममा आएर यथार्थ कुरा गुरुलाई बताए ! तब गुरुले आफ्नो शिष्यको महत्त्वाकांक्षाको ज्वरो ठीक भएर स्वस्थ अर्थात् सुपात्र भएको देखेर तत्कालै दीक्षा दिइहाले ।

महत्त्वाकांक्षाको रोगले समाएपछि मृत्युपर्यन्त छुटकारा पाउन सकिन्न । महत्त्वाकांक्षी मानिस यदि भाग्यशाली रहेछ भने सद्गुरुको सत्संग रूपी प्रसादले त्यो महारोगबाट छुट्कारा पाउन सक्छ ।

४७. अरूको हा-हामा लाग्ने खाल्डोमा पर्छ

धर्मको मार्गमा हिंड्नेलाई दुःख, पीर, चिन्ता आदिले पक्रन सक्दैन, यो परं सत्य कुरा हो । यस्तो परं सत्य कुरा हुँदाहुँदै पनि धर्मको पथमा लागेका मानिसलाई नै झन् अनेक दुःख, पीर चिन्ताले पक्रिरहेको देखिन्छ ! यस्तो किन ? यस्तो हुनमा कारण छ: धर्म अंधविश्वास होइन, जान्ने कुरा हो । परम्परा, संप्रदाय, दल, मत धर्म होइन, आश र त्रासमा धर्मको बास हुँदैन बरु अधर्ममा नै आश र त्रास रहेको हुन्छ हामीलाई पनि अन्धविश्वास होइन, आत्मविश्वास चाहिन्छ । अन्धविश्वास अर्थात् अर्काको भनाइको पछि लाग्दा नै मानिसले आनन्द पाउनुको सट्टा जीवनभर अशान्ति र अतृप्ति डुब्नु परेको छ ।

कुनै गाउँका एकजना ब्राह्मणले शहरवाट एउटा वोको किनेर गाउँ जान लागेका थिए । केही ठगहरूले त्यो वोको हत्याउने अठोट गरेर एउटा उपाय रचे । शहरदेखि अल्लि पर एकजनाले ती वाहुनलाई सोधे, 'होइन' ! यो कुकुर त खूव राम्रो रहेछ, कहाँवाट ल्याउनु भएको ?' वाहुनले भने 'यो कहाँ कुकुर हो र ! यो त वोका हो नि' ! 'वोको पनि यस्तो हुन्छ ? लौ वा तपाइँले वोको भन्नु भएपछि सायद वोकै होला भनी त्यो ठग गयो । ब्राह्मण मनमनै हाँस्दै, 'कस्तो मानिस रहेछ ! वोकोलाई कुकुर भन्ने ! भन्दै त्यो, वोकोलाई काँधमा वोकेर गाउँका वाटोतिर लम्के । अल्लि पर अर्को एकजना मानिस भेट भयो । उसले सलाई छ कि चुरोट सल्काउँ भन्दै ब्राह्मणलाई रोक्यो । चुरोट सल्काउँदै, कति मायालाग्दो कुकुर ! कति पऱ्यो ? किन्नु भएको कि कसैसँग मागेर ल्याएको' भनी सोधे ? यसपटक ब्राह्मणलाई चसक्क भयो ! तर पनि यो त वोको पो कहाँ कुकुर हो र ! ५०/- रुपियाँ तिरेर भर्खरै किनेर ल्याएको भने । त्यो मानिस हाँस्दै, तपाई ब्राह्मणजस्तो देखिनुहुन्छ वाहुन भएर पनि कुकुरलाई वोक्न हुन्छ ! डोऱ्याएर लैजानुस्न' यति भनी त्यो ठग पनि हिंड्यो । पण्डितले वोकोलाई काँधवाट उतारेर राम्ररी हेरे । सिंग छ, खूर छ, ठीक वोकाजस्तै छ ! वोकै हो भन्दै मनमा अलि-अलि शंका गर्दै अघि बढे । अल्लि पर अर्को ठगले नजिकै आएर, 'होइन ! यो कुकुरले टोक्छ कि अल्लि घाँटीनेर डोरीमा समाउनुस् है' भनेर तर्किदै गयो ! अव त पण्डितको शंका झन् झन् वढ्न थाल्यो । 'मैले वोकै किनेर ल्याएको ! वोकैले जस्तो गरेर कराएको छ ! कसरी यी मानिस यसलाई कुकुर भन्छन् ! तीन-तीन जनाले भनिसके ! के हो के हो !' भन्दै विस्तारै विस्तारै गाउँतिर अघि वढे । अल्लि पर फेरि अर्को ठग भेट भयो । उसले वाहुनं वाजेको नजिकै गएर 'आहा ! क्या राम्रो कुकुर वाजेले ल्याउनु भएको रहेछ ! मलाई पनि यस्तै कुकुर पाल्न मन थियो' भनी भन्दा वाजेलाई अव त पूर्ण रूपले पत्यार पऱ्यो । घर लग्यो भने त गाउँघरका मानिसले मलाई के भन्ठालान् भन्ने मनमनमा विचार गरेर, 'तिमीलाई खूव मन परेको भए लैजाऊ यो कुकुर !' भनी दिएर पठाए ।

४८. सानो सूत्रमा ठूलो रहस्य लुकेको हुन्छ

सदुपयोग गर्न जान्यो भने, विश्लेषण गरेर हेऱ्यो भने, राम्ररी विचार गऱ्यो भने हर कणमा विशालता पाउन सकिन्छ । एक थोपा पानीको विश्लेषण गर्ने हो भने सारा महासागरको वोध हुन्छ । ॐ यो एक अक्षरमा डुब्ने हो भने आत्मा, परमात्माको वोध हुन्छ । सूत्रलाई मन्थन गर्नुपर्दछ, सूत्रमा डुब्नुपर्छ, सूत्रको प्रयोगविधि बुझ्नुपर्छ । जीवनमुक्त हुने, भवसागर पार तर्ने तथा वोधको दियो वाल्ने परम तत्त्व यसैमा छ ।

एकपटक कुनै देशका राजाले आफ्नो प्रधानमन्त्रीसँग रिसाएर उनलाई कैद गरेछन् । प्रधानमन्त्रीलाई वन्द गरिएको जेल राजधानीवाट धेरै पर वनेको एउटा साततले अग्लो धरहरा थियो । त्यसमा सवभन्दा माथि वरिपरि वारदली थियो । तल फलामको मजवुत ढोका वाहिरवाट मजवुत तालाहरूले वन्द । पहरेदारको आवश्यकता नै नपर्ने । ढोका खोल्न वा फोड्न असंभव थियो । सातताला माथिवाट हामफाल्न पनि असंभव । प्रधानमन्त्रीको श्रीमतीले एकजना महात्माकहाँ गएर यथार्थ कुरा निवेदन गर्दै २।४ दिनभित्र त्यहाँवाट उम्काउन सकिएन भने त मेरा पति भोकै मर्ने भए भनी विन्ति गरिन् । महात्माले "हडवडाउनु पर्दैन आज साँझमा नै तिम्रो पतिलाई त्यहाँवाट छुटाइदिउँला, अहिले तिमी जाऊ र रेसमको मसिनो धागो (रेसा) अनि त्योभन्दा अल्लि मोटो धागो, अझ मोटो धागो, अनि अर्को मोटो वलियो डोरी ५०।५० मिटर लिएर आऊ, म तरीका वताइदिउँला" भन्नुभयो । मन्त्राणीले त्यसै गरिन् । त्यसपछि महात्माले वगैंचामा घुमेर एउटा कीरा (जंगली ठूलोखालको माहुरी) समाएर त्यसको टाउकोअगाडिको दुईटा सिंगजस्ता भागको टुप्पोमा मह लगाएर त्यसको पछिल्लो खुट्टामा त्यो रेशमको रेसा अल्झाएर त्यो धरहराको भित्तामा छोडिदिनुभयो । त्यो माहुरी महको गन्धले गर्दा मेरो अगाडि मह छ भन्दै अघि वढ्न थाल्यो । वढ्दा-वढ्दै त्यो माथि टुप्पामा पुग्यो । त्यसको खुट्टामा अल्झेको रेसमको धागो पनि माथि पुग्यो । प्रधानमन्त्रीले त्यो रेसमको धागो लिएर ताने । तल रेसमको छेउले मोटो धागो र मोटो धागोले मजवुत डोरी गाँसिएको हुँदा मोटो डोरी मन्त्रीको हातमा पऱ्यो ! त्यसै डोरीको सहाराले कारगारवाट मुक्त भएर भाग्न सफल भए ।

एउटा सानो सूत्रवाट पनि यदि त्यसको रहस्य (सामर्थ्य) वुझ्न सक्यौं भने दु:ख र चिन्तारूपी वन्धनवाट मुक्त हुन सकिंदो रहेछ

४९. जीवनको दौड कहाँसम्म ?

कैयौं मानिसलाई यस प्रश्नको सही उत्तरै थाहा छैन भने कतिले जीवनको दौड मृत्युसम्म हो भन्छन् ! त्यसैगरी कतिले जीवन दौडलाई केवल दौडकै रूपमा मात्र पनि लगाइरहेका छन् !

विश्व-विजयको आकांक्षामा डुवेका राजा सिकन्दरको एउटा सन्तसँग भेट हुँदा भएको चर्चा सुनौं: एक पटक सिकन्दर विश्व विजयको क्रममा दरवारवाट निक्लन लाग्दा राजमाताले आशीर्वाद दिंदै भनिन्, 'हेर वावु ! तिमीले धेरै देश जितिसक्यौ ! धेरै संपत्ति भित्र्याइसक्यौ ! एउटा कुरा राम्ररी वुझ, सवभन्दा वहुमूल्य संपत्ति भनेको सन्त पुरुष हुन् । जुन देशमा सन्तमहात्माहरु हुन्छन् त्यही देश सही अर्थमा समृध्द हुन्छ । त्यसकारण तिमी यसपटक पूर्वतिर जाँदैछौ । त्यहाँ धेरै सन्त महात्मा हुन्छन्, तिनलाई पनि ल्याउने प्रयास गर ! हवस् !' भन्दै सिकन्दर विश्वविजयको यात्रामा निक्ले । अनेक देशहरू विजय गर्दै गए । राजाले आफ्ना फौजलाई यस्तो उर्दी पनि दिएका थिए 'कसैले पनि, कहीं पनि कुनै पनि सन्तमहात्मा देखेमा तिनलाई लिएर आउनू !' एक दिन सैनिकले एकजना सन्तलाई नदी किनारामा वालुवामा नांगै मस्तसंग घाममा वसिरहेको देखेर राजाकहाँ कुरा पुऱ्याए । राजाले ती सन्तलाई ल्याउनु भनी २ जना सिपाही पठाए तर ती सन्तले हाँसेर जान इन्कार गरे । राजाले ठूलो दर्जाको एकजना सैनिकलाई लिन पठाए । उनलाई पनि ती सन्तले जान इन्कार गरे । सिकन्दर आफैं आए । "मैले लिन पठाउँदा नआउने ?" भनी कड्केर भन्दा शान्तसँग हाँस्दै ती सन्तले भने "को हो तपाई ? किन यता आउनु भयो ? मलाई किन खोजेको ?" ती मानिसको अभयमुद्राले एकातिर राजाको अंहकारमा चोट पऱ्यो भने अर्कोतिर के, के ! जस्तो पनि भयो । राजा रिसाउँदै, 'म हुँ विश्वविजेता महान् राजा सिकन्दर । यो तरवार, देखिस् ? यसले हजारौं टाउको काटिसक्यो अव तेरो पालो आएजस्तो छ । मैले लिन पठाउँदा नआउने ! मजस्तो

सम्राटसँग गर्ने व्यवहार यस्तै हो ?" भनी भने ! कत्ति पनि नरिसाई शान्तसँग ती फकिरले भने । "टाउको काट्ने कुरा गऱ्यौ राजा ! हुन्छ मलाई पनि यो मेरो टाउको अलग भएको हेर्ने इच्छा छ । तिमी काट र तिम्रो इच्छा पूरा गर, म पनि यो टाउको काटिएको हेरेर आफ्नो इच्छा पूरा गर्छु, ल त !" यो सुन्दा राजा आश्चर्यमा पर्दै राजमाताले भनेका कुरा सम्झँदै नरम भावले, "तपाई त सच्चा महात्मा सन्तजस्तो हुनुहुन्छ," भनी भने "हे राजा ! तिमी के कामले, कता, केका लागि यतातिर आएका" भनी सन्तले सोध्नु हुँदा "विश्वविजय गर्ने क्रममा अनेक राज्यहरू जित्दै हिंड्दैछु" भनी राजाले भने त्यो कुरा सुन्दा सन्तले भन्नुभयो "विश्वविजय गरेपछि के गर्छौ नि ?" राजा अकमकिए । यो कुरा त उनले सोचेकै थिएनन् । एकैछिन विचार गरेर राजाले भने "विश्वविजय गरेपछि आरामसंग वस्छु" । "आरामसंग वस्ने नै हो भने किन यत्रो दुःख गर्ने ? किन हजारौंलाई काट्ने ? घरवारविहीन तुल्याउने ? आऊ यहीं वस म पनि आरामसंग वसिरहेको छु" भनी सन्तले भने । सन्तको यस्तो कुरा सुन्दा, "विश्वविजय गर्न म निस्किसकें, यो इच्छा पूरा नगरी म चैन लिन्न, तपाइँ गजवको सन्त हुनुहुँदो रहेछ ! माग्नुहोस् मसँग, जे मागे पनि दिन्छु ।" भनी राजाले भने ! तव सन्तले हाँस्दै भन्नुभयो, "हे राजा ! पहिलो कुरा, इच्छा भन्ने कुरा कहिल्यै कसैको पनि पूरा भएको छैन र हुँदैन पनि । इच्छाको स्वभाव नै हो दुष्पुर । दोस्रो कुरा, केही माग भन्छौ । मसँग केही कुराको अभाव छैन, के मागूँ ?" राजाले केही न केही माग्न ज्यादै आग्रह गरेकाले सन्तले भन्नुभयो "उसो भए, तिमी अलि उता हटिदेऊ ! तिम्रो शरीरले सूर्यको न्यानो घाम छेकिएको छ त्यही मलाइ देऊ !" सिकन्दर लज्जित भएर झुकेर प्रणाम गरी फर्किए । भनिन्छ, सिकन्दरको इच्छा पूरा नहुँदै, घर पुग्न नपाउँदै वाटैमा विरामी परेर मरे । ती सन्तको नाम थियो डायोजनिज ।

यही हो हर मानिसको जीवनको दौडको अन्त्य ! सिकन्दर विश्वविजयको दौडमा दौडँदैदौडँदै मरे भने अरू मानिस कोही धनको दौडमा दौडँदादौडँदै मरेका छन् ! कोही पदको दौडमा, कोही प्रतिष्ठाको दौडमा !

५०. पापको पिता

हामी सवैले पाप भनेको कुरा सुनेका छौं, आ-आफ्नो ढंगले पापको व्याख्या पनि गरेका छौं अनि नर्कको यातनाको वर्णन पनि सुनेका छौं, पढेका छौं । छोटकरीमा पाप के हो भन्ने हो भने, जो जे जस्ता काम कारवाही गर्दा अरूलाई पनि दुःख हुन्छ तथा आफू उपर पनि दुःख कष्ट आइपर्दछ त्यस्तालाई पाप भन्दछन् । सरल अर्थमा यति मात्र भने पनि हुन्छ, गर्न नहुने काम गर्नु, अर्थात् अर्कालाई दुःख दिनु, चोरी गर्नु, असत्य वोल्नु, हिंसा गर्नु आदि पाप कार्य हुन् । यस्ता पापको उत्पति कहाँवाट कसरी हुँदोरहेछ त ?

एकजना विद्वान् व्राह्मणका छोराले २० वर्षसम्म गुरुकुलमा वसेर सवै विषयमा अध्ययन पूरा गरेर घरमा आई पितालाई ढोगिदिंदै सवै प्रमाणपत्र देखाए । पिताले छोरालाई आशीर्वाद दिंदै सोधे, "वावु ! तिमी सवै विषयमा पारंगत भएछौ, एउटा प्रश्नको जवाफ देऊ त ? पापको पिता को हो ?" छोरा अकवक्क भए । सवै शास्त्र संझे, कहीं उल्लेख भएको संझेनन् ! एक एक पाना पल्टाए तर कतै भेटेनन् ! अनि पिताले, "जाऊ यो प्रश्नको उत्तर पत्ता लगाएर आऊ अनि मात्र तिमी यो घरभित्र वस्न पाउने छौ भनी छोरालाई पठाइदिए । छोराले फेरि गुरु भएठाउँमा गएर सोधे । तर गुरुले पनि "ख्वै, यो प्रश्नको उत्तर कुनै शास्त्रमा पनि लेखेको छैन" भनेर त्यहाँवाट उनी त्यो प्रश्न गर्दै धेरै ठाउँमा गए, धेरै पण्डित, विद्वान्हरूसँग सोधे तर कसैले पनि उत्तर दिन सकेनन् । उत्तर नलिई पिताजीकहाँ जाने पनि कुरै भएन । कतै उत्तर भेटिन्छ कि भन्दै वनारसको गल्लीमा हिंड्दै थिए, त्यहाँ एउटी नगरवधूले तिनलाई देखेर, "तपाई को हुनुहुन्छ, कता जाँदै हुनुहुन्छ ?" भनी सोधिन् । व्राह्मणपुत्रले आफूले जान्न खोजेको प्रश्न सुनाएर "तपाइँ को हुनुहुन्छ नि ?" भनी सोधे । "म नगरवधू (वेश्या) हुँ । म आफ्नो शरीरको व्यापार गरेर जीवन चलाउँछु, आउनुहोस्, तपाइं विद्वान् व्राह्मण हुनुहुंदो रहेछ ! मेरो घर पवित्र गरिदिनुहोस् म तपाइंको सेवा गर्छु भनिन् । व्राह्मण भएर यस्तो पतितको घरमा जानु ठीक छैन भनी मनमनमा विचार गरेर व्राह्मणपुत्र अघि वढ्न मात्र के लागेका थिए ती नगरवधूले एउटा स्वर्णअसर्फी व्राह्मणपुत्रको हातमा राखिदिएर, "भित्र मात्र आइदिनुस्, अरू

केही गर्नुपर्दैन मेरो घर पवित्र हुन्छ, यो असर्फी तपाईंलाई दिन्छु" भनिन् । ब्राह्मणपुत्रले यसो सोचे, 'भित्र मात्र गएर त के भयो र ! एउटा असर्फी पाइने भयो ।' यति विचार गरी नगरवधूको घरभित्र पसे । भित्र लगेर पलङ्गमा वस्ने आग्रह गरिन् । ब्राह्मणपुत्र हिचकिचाए, ब्राह्मण भएर 'कसरी वेश्याको पलंगमा वस्ने भनी भन्दा अर्को एक असर्फी दिँदै "वसेर मात्र के भयो र, पलङ्गमा आरामसँग वसिदिनुस् र म पतीतको उद्धार गरिदिनुस्" भनिन् ! वसेरै मात्र के भयो त भनी अर्को असर्फी खल्तीमा राखेर पलङ्गमा वसे । त्यसपछि नगरवधूले खाना लिएर आइन् र खाना ग्रहण गर्न आग्रह गरिन् । ब्राह्मणपुत्रले मानेनन् । म एउटा अर्को असर्फी दिन्छु, खाना खाइदिनुस् भनी विन्ति गर्दा ब्राह्मणपुत्रले खानासम्म खाएर के भयो र भन्ठानी खाना पनि ग्रहण गरे । तत्पश्चात् नगर वधूले अर्को असर्फी दिने लालसा देखाएर उनको काखमा वसेर उनको हातवाट खाना ख्वाउन आग्रह गरिन्, सो पनि स्वीकार गरेर काखमा वसेर नगरवधुको हातवाट ब्राह्मणपुत्रको खाना खान "आँ' मात्र के गरेका थिए ! नगरवधूले गालामा जोडसँग चड्कन दिइन् ! 'किन पिटेको ?' भनी ब्राह्मणले भन्दा नगरवधूले भनिन् "ब्राह्मणपुत्र ! यही तिम्रो प्रश्नको उत्तर हो ।" "कसरी ?" भनी ब्राह्मणले सोद्धा उनले भनिन् "हेर, तिमी त्यत्रो विद्वान् ब्राह्मणपुत्र भएर पनि एक असर्फीको लोभमा मजस्ती वेश्याको घरभित्र पस्यौ ! अर्को असर्फीको लोभमा खाटमा वस्यौ ! अर्कोको लोभमा खान तत्पर भयौ ! अनि मजस्ताको हातवाट खाना खान समेत अघिसऱ्यौ अरु असर्फी पाउँदै गएको भए अझ अरू के के गर्न अघि सर्थ्यौ होला ! यही लोभ हो पापको पिता ।" आफ्नो प्रश्नको सही उत्तर पाएर नगरवधूप्रति अहोभाव प्रकट गर्दै, ती ब्राह्मणपुत्रले लोभलाई सदाको लागिं विसर्जन गरेर फर्के ।

हामीले पनि पापको वारेमा सुनेर, पढेर र, त्यसवाट वच्न खोजेर मात्र पुग्दैन । पापलाई जन्म दिने वावु लोभ हो रहेछ भन्ने जानेर लोभलाई चिनेर त्यसलाई हटाउन सक्यौं भने मात्र सदाको लागि पापवाट वच्न सक्ने छौं ।

❀

५१. परमात्माको दर्शन

आत्मा र परमात्माको वारेमा हामी धेरैले धेरैपटक सुनेका छौं, धेरै ठाउँमा पढेका पनि छौं तर पनि आत्मा यस्तो, परमात्मा यस्तो भनेर देख्न सकेका छैनौं, हेर्न पाएका छैनौं अनि न त कसैले देखाइदिन नै सकेको छ !

एकपटकको घटना हो, कुनै एउटा शहरको नजीकै नदीको किनारको स्वच्छ वातावरण भएको ठाउँमा एकजना सन्त श्रद्धालुजनहरुलाई यसरी प्रवचन दिरहनु भएको थियो, । 'शरीर, इन्द्रिय, मन, वुद्धि हामी होइनौं, हामी आत्मा हौं, हाम्रो स्वरूप आत्मा हो, सवैको आत्माको समष्टिरूप परमात्मा हो ।' यस्तै दिव्य सन्देश भनिरहनुभएका वखत एक जना आगन्तुक नवयुवकले वडो जोशिलो आवाजमा एउटा प्रश्न गरे-"तिमीहरूजस्ता जोगीले आत्मा र परमात्माको नाममा सिधासाधा जनतालाई भ्रममा पारेर स्वर्गको आश र नर्कको त्रास देखाएर स्वार्थ पूर्ति मात्र गरिरहेका छौ ! यदि तिमीले भने जस्तै आत्मा, परमात्मा छ भने मलाई देखाइदेउ ! होइन भने यहाँवाट भागिहाल ।" युवकको प्रश्न सुन्दा गद्गद हुँदै महात्माले भन्नुभयो, "हे वत्स ! तिमी सच्चा जिज्ञासु रहेछौ । तिम्रो प्रश्न सान्है उचित छ, मेरो यो प्रवचनको काम सकेर तिम्रो प्रश्नको उत्तर दिनेछु" यतिभनेर सन्तले पनि आफ्नो प्रवचन गर्दै जानुभयो । एकैछिनपछि, ती प्रश्नकर्तालाई "हेर वावु, मलाई थकाइ लाग्यो, पहिले एकग्लास दूध खान देऊ अनि म तिम्रो प्रश्नको उत्तर दिउँला है' भन्नु भयो । ती युवकले तुरुन्तै एकग्लास दूध ल्याएर सन्तको अगाडि राखिदिए ! सन्तले दूधको ग्लास हातमा लिएर दूधमा खूव हेरे । औंलाले दूधलाई चलाउँदै औंला हेर्दै गर्न लागे । धेरैवेर भैसक्यो, दूध नपिई यसोउसो गरिरहेको देखेर ती युवकले भने, 'होइन ! के गरिरहेको ? दूध सेलाइसक्यो, चाँडो खानुस्न' भनी भन्दा सन्तले भन्नुभयो, 'वावु ! म यो दूध भित्र घिउ खोज्दै छु ! त्यो सुन्दा युवकले हाँस्दै भने 'त्यति पनि थाहा नपाउने कस्तो महात्मा ! दूधमा त्यसै नौनी, -घ्यू पाइन्छ ?' दूधमा घिउ छकि छैन वावु ? भनी सन्तले सोध्दा, "छनत छ तर त्यसै कहाँ घिउ भेटिन्छ र ! घिउ पाउनत पहिले दूधलाई ठेकीमा रातभरि राख्नुपर्छ अनि दूध जम्छ, दही हुन्छ । दहीलाई मदानीले धेरै

वेरसम्म मथ्नुपर्छ अनि वल्ल नौनी निक्लन्छ । नौनीलाई वेसरी आगोमा पगालेर विलौनी झिके (छोक्रा जति फाले) पछि ध्यू वन्छ, यति कुरा पनि थाहा छैन ?" "हेर वावु ! दूधभित्र नौनी छ तर देखिन्न । दूधवाट नौनी पाउन दूधले अँध्यारो ठेकीमा कैयौंवेर वस्नुपर्छ, त्यसपछि मथिनुपर्छ, वल्ल नौनी निक्लन्छ । त्यस्तै हामीभित्र आत्मा हुँदाहुँदै पनि हामीले दूधमा नौनी नदेखेजस्तै देख्नसक्तैनौं, हामीले पनि ध्यानरूपी ठेकीमा रहेर मनन, चिन्तनरूपी मदानीले मन्थन गरेमा मात्र हामीभित्र सदासर्वदा विद्यमान आत्माको दर्शन पाउनेछौं । आत्माको दर्शन भएपछि परमात्माको दर्शन पाउन गाह्रो पर्दैन जसरी नौनी पाएपछि ध्यू पाउन गाह्रो पर्दैन ।"

युवकको चित्त वुझ्यो । आत्मविभोर भएर सन्तको चरणमा परेर क्षमायाचना गरे । सन्तले आशीर्वाद दिंदै भन्नुभयो, "तिमी जस्ता सच्चा जिज्ञासु यस जगत्मा यदाकता मात्र भेटिइन्छन् तिमी धन्य छौ । हेर वावु विना शङ्का, कौतूहल हुँदैन । विना कौतूहल र शङ्कावाट विश्वासको भरमा मात्र दौडनु अँध्यारोमा तीर हान्नु झैं अन्धविश्वास हुन्छ, श्रद्धा चाहिन्छ । शंका समाधान भएपछि श्रद्धा उब्जन्छ ।

५२. मुट्ठी बाँधी आयौं मुट्ठी खोलेर जानु छ

मरेर जाँदा कोही कसैले केही पनि साथमा लैजान पाउँदैन र सक्तैन । यो ध्रुवसत्य कुरा छ । मुठ्ठी वाँधेर मानिस जन्मन्छ तर जाने वेलामा हर मानिस मुठ्ठी खोलेर खालि हात जान्छ !

विजय-पताका फहराउँदै विश्वविजेता महान् सम्राट् सिकन्दर अघि वढ्दै थिए, अचानक उनी काला ज्वरले अस्वस्थ भए । राजवैद्य, राजचिकित्सकहरूले अनेक उपचार गरे पनि रोग कम भएन । झन्-झन् वढ्न थाल्यो ।

सिकन्दरले विश्वविजय गर्न निक्लनुअघि उनकी आमाले "नजाऊ वावु, म वूढी भैसकें, मैले तिम्रो मुख हेर्न पाउँदिनँकि भन्ने डर लाग्छ"

भनी भन्दा सिकन्दरले, "म चाँडै नै आउँछु, हजूरले चिन्ता लिनु पर्दैन, अन्तिम समयमा म हजूरकै साथमा हुन्छु, हुन्छु, कसैको सामर्थ्य छैन मेरो इच्छालाई टार्न" भनी निक्लिएका थिए ।

मताको कुरा सम्झेर सिकन्दरले आफ्ना सेनापतिहरूलाई चारैतिर पठाई एक से एक ठूला ठूला वैद्य र कविराजहरूलाई वोलाएर "जे गरेर भए पनि मलाई निको पार, यसको लागि जति खर्च गर्नुपरे पनि गर, राज्य फिर्ता दिनुपरे पनि देओ" भनी राजाले भन्दा कुनै पनि उपायले, औषधिले यो रोग निको हुन सक्तैन भनी चिकित्सकले भने ! "उसो भए मलाई घर पुर्‍याइदेओ, कुनै पनि उपायले म घर पुगेर आमासँग भेट्नैपर्छ पर्छ । मैले आमासँग प्रतिज्ञा गरेर आएको छु" भनी सिकन्दरले भने । चाँडोभन्दाचाँडो पुग्ने वाहनवाट जाँदा पनि घर पुग्न ३।४ दिन लाग्ने तर अव प्राण जाने समय केवल २।३ घण्टा मात्र वाँकी भएको कुरा चिकित्सकहरूवाट सुन्दा सिकन्दर एकैछिन गहिरो सोचाइमा परे- "आमाले भनेको कुरा मैले मानिनँ के-के न म गर्न सक्छु भन्ने थियो । म कत्रो सम्राट ! मैले जे पनि गर्न सक्छु भन्ने धारणा थियो ! कति मानिस मारें ! कतिलाई घरवारविहीन पारें । यत्रो विशाल राज्य जितें । पृथ्वीको सम्पत्ति वटुलें तर अहिले यी सव निरर्थक भए, केही काममा आएनन् यी त सवै व्यर्थका कुरापो रहेछन् ! मेरो यो जीवन नै व्यर्थ जाने भयो ! गयो ।' यसपछि सिकन्दरले सेनापतिहरूलाई नजीक वोलाएर भने, "मरेपछि मेरो लाशलाई चिहानसम्म लैजाँदा कफन (मुर्दा राख्ने वाकस) बाट मेरा दुई हात वाहिर निकालेर लैजानू ता कि दुनियाँदारले, अरू वुझक्कड, वुज्रुक र सवै मजस्ता अहंकारीले पनि देखून्, वुझून् र संझून्कि यत्रा महान् विश्वविजेता राजा समेत अन्त्यमा खालीहात जानुपर्ने रहेछ !"

यस घटनालाई कथाको रूपमा मात्र नपढी सवैले हृदयङ्गम गर्नुपर्दछ । अहंकारको घोडामा चढेर धन, पद, प्रतिष्ठा, विजय गर्ने दौडमा परेका आजका मानिसले आफ्नो अवस्थाप्रति सचेत भएमा आफ्नो मात्र होइन पृथ्वीको नै कल्याण हुनेछ । वास्तविक मनुष्य जीवनको सार्थकता पनि हुनेछ ।

५३. शक्ति असीम छ

शक्ति असीम छ । हिन्दूजगत्मा शक्तिलाई नै भगवान्‌को स्वरूप मानेर देवीको रूपमा आराधना गरिन्छ । "या देवी सर्वभूतेषु शक्तिरूपेण संस्थिता । नमस्तस्यै नमस्तस्यै, नमस्तस्यै, नमो नमः ॥' यो सूत्र हो शक्तिको परिचायक । सारा विश्वव्रह्माण्डमा शक्तिको रूपले रहेकी देवीलाई वारम्वार नमस्कार गर्दछु । यसो गहिरिएर सोचौंत ! शक्तिदेखि वाहेक के छ यहाँ ? रूख, विरुवा, माटो, चट्टानदेखि लिएर जीवजन्तु सवैमा शक्तिकै लहर हरक्षण वगिरहेको हुन्छ । जीवन नै शक्तिको वहाव हो । हामीवाट शक्ति निक्लियो कि हामी मुर्दा हुन्छौं अनि हाम्रो यो देखिएको शरीर माटो, पानी, हावा, ताप र आकाशमा मिल्न पुगदछन् ।

शक्तिदेखि फरक भएर कोही पनि एक क्षण पनि टिक्न सक्तैन त्यो शक्ति जति सूक्ष्म हुन्छ उति-उति त्यो शक्तिको शक्ति असीम हुन थाल्छ । अणु, परमाणु वम यसैको उदाहरण हो । हामीभित्रको शक्ति पनि असीम छ । आफू भित्र रहेको यो असीम शक्तिलाई राम्ररी जान्ने मानिसको लागि असंभव भन्ने केही हुँदैन । वास्तवमा असम्भव भन्ने कुरा केही छँदा पनि छैन । हामीले आफूमा रहेको आफैंभित्रको असीमतालाई विर्सेर सीमित शरीरको, मनको र वुद्धिको घेराभित्र रहेकोले नै हाम्रो जीवन दुःखमय, चिन्तित र पीडादायी वन्न पुगेको हो ।

असीम हरक्षण असीम छ, शाश्वत सनातन छ, निर्विकार निराकार छ । आकारमा ल्याएर, सही र गलतको संज्ञा दिएर, मत, सम्प्रदायले वाँधेर असीमलाई सीमित पारेर मानिसले अहंकारलाई आफ्नो सत्य स्वरूप ठानेर आफैं अन्धकूपमा गडिरहेकाछन् ! हामीमा देखिएका वाहिरी शक्तिहरू त भित्री शक्तिका केवल छायाँ मात्र हुन् । मानिसका वाहिरका शक्ति अर्थात् शुद्धशक्तिको छायाँवाट त आज विश्वमा कस्ता-कस्ता महान् चमत्कार भैरहेका देखिन्छन् भने मूल शक्तिको विस्फोट भयो भने के मात्र नहोला !

कुनै गाउँका एकजना मानिसलाई पक्षाघात भएर धेरै वर्षदेखि थलिएर ओछ्यान परिरहेका थिए । तिनको एक अंग अर्थात् दाहिने हर, हातखुट्टा केही नचल्ने हुँदा दिसा, पिसाव समेत अर्काले गराइदिनुपर्ने, उठ-वस, खानपीन सवै अर्काकै भरमा हुने गर्दथ्यो । एक दिन ती मानिस

वसेको घरमा आगलागी भएछ ! सवै मानिस आफ्नो ज्यान जोगाउन भागे । ती विरामीलाई सवैले विर्से । सुरक्षित ठाउँमा पुगेर हेर्छन् त ती पक्षाघात भएका मानिस अरू सवै मानिसभन्दा अघिवाटै सुरक्षित स्थानमा उभिएर आगलागी भएको हेरिरहेका देखे । सवैले "क्या हो ! पक्षाघात भएर हर नै नचल्ने मानिस कसरी यहाँ !" भनेर सोधे । अरूले सोधेपछि पो ती मानिसलाई पनि होश आयो ! आफू पक्षाघात भएको र धेरै वर्षदेखि ओछ्यानमा पडिरहेको कुरा सम्झेर आश्चर्यचकित भए ! तिनको पक्षाघात हरायो । ती स्वस्थ्य भए ।

साधारण हिसावले सोच्ने हो भने यो कुरा सही जस्तो लाग्दैन तर कुरा सत्य हो । हामी भित्र रहेको शक्तिले ठाउँ पायो भने, मौका पायो भने असम्भव भन्ने केही हुँदैन । मुख्य कुरा सीमितताको वन्धनवाट मुक्त हुनुपर्छ । हामी असीम छौं । आफूलाई शरीर र मनको घेरावाट मात्र अलग राखेमा पनि हामी असीमको नजीक पुग्न सक्छौं । अघि माथि वर्णन गरिएको उपमामा पक्षाघात भएको मानिसले अगलागी भएको त्यस वखत उसले आफ्नो शरीर, मन रोग सवै विर्सियो । शरीर र मनवाट अलग हुने वित्तिकै त्यसै क्षणमा परंशक्तिले आफ्नो शक्ति देखाउने मौका पाइहाल्यो । मानिसले आफूमा भएको अर्थात् आफ्नो हर अंगप्रत्यङ्गमा रहेको शक्तिको दशांश पनि प्रयोगमा ल्याउन सकेका छैनन् । दशांश नै प्रयोग नगर्दा त वैज्ञानिकहरूले कस्ता-कस्ता चमत्कार गरिरहेका छन् भने पूरै शक्तिवाट कस्तो होला ? यही कुरा सम्झिएर हामीले आफ्नो सक्कली असीम शक्तिकै आराधना, मनन, चिन्तन र निदिध्यासन गरेमा आत्मरूपको वोध भएर हामी पनि असीम वन्न पुग्छौं । यसैको लागि नै सारा धर्मग्रन्थहरुले हामीसँग पुकारा गरिरहेका छन् । वास्तवमा भन्ने हो भने संपूर्ण धर्मग्रन्थको सारांश पनि यही नै हो ।

❀

५४. जबसम्म माग रहन्छ तबसम्म माग्ने हुन्छ

माग चाहे सानो कुराको होस् चाहे ठूलो कुराको केही पनि माग्ने वित्तिकै त्यो माग्ने मानिस माग्ने नै हुन्छ चाहे गरीवले धनीसँग मागोस्, चाहे धनीले भगवान्-सँग मागून् चाहे धन, पद, प्रतिष्ठा मागून् चाहे सुख, शान्ति, स्वर्ग, मोक्ष मागून् सवै माग्ने नै हुन् र माग्ने जति सवैलाई भिखारी भनौं, माग्ने भनौं, दरिद्र भनौं जे भने पनि हुन्छ ।

सुनिन्छ राजा अकवरको समयमा राजधानीको नजीकै कुनै एउटा गाउँमा एकजना फरिद नामका सूफी फकीर वस्नुहुन्थ्यो । ती फकीरकहाँ धेरै मानिस सत्संग गर्न आउँदथे । स्वयं राजा अकवर पनि समय-समयमा सत्संग गर्न जान्थे । एक दिन त्यो गाउँका जनताले महात्माकहाँ गएर, "हजूर ठूलो मानिस ! हजूरकहाँ राज्यका सवै ठूला मानिस आउँछन्, राजासमेत आइरहन्छन् भने हजूरले राजासँग भनेर हाम्रो गाउँमा एउटा पाठशाला खोलिदिनुपर्‍यो" भने । फकीरले त्यति मन नगर्दा पनि दिनदिनै ज्यादै कचकच गर्न लागेकाले एक दिन फकीर राजदरवार जानुभयो । राजदरवारमा पनि ती फकीरलाई रोकटोक थिएन । वहाँ सरासर भित्र जानुभयो र "राजा कहाँ ?" भनी सोध्नुभयो । राजा त दरवारभित्रको मस्जिदमा प्रार्थना गर्दै हुनुहुन्छ भन्ने सुनेर फकीर त्यतै जानुभयो । मस्जिदमा पुगेर हेर्दा त राजा अकवर दुई हात माथि उठाएर भगवान्सँग यस्तो पुकारा गरिरहेका पाए ! 'हे भगवन् ! मलाई आशीर्वाद देऊ ! हे भगवन् ! मेरो राज्य वढाइदेऊ, धनसम्पत्ति वढाइदेऊ,' आदि आदि । यो सुनेर फकीर तुरुन्तै त्यहाँवाट फर्किनुभयो । फकीर सिंढी ओर्लदै थिए राजाले देखेर दौडँदै आएर स्वागत-सत्कार गर्दै त्यहाँ आउनु हुनाको कारण सोधे । 'भयो ! नभन्नु नै वेस होला' भनी महात्मा जान लाग्नुभयो । राजाले धेरै आग्रह गरेपछि साधुले भन्नुभयो, "हे राजा तिमी सम्राट् हौ भन्ने ठानेर केहीकुरा माग्न आएको थिएँ तर तिमी पनि भिखारीनै पो रहेछौ ! किनकि तिमीले दुवै हात फैलाएर भगवान्सँग धन सम्पत्ति, राज्य मागिरहेको देखें । माग्नेसँग के माग्नु ? भैगो" भनी सन्त फर्कनुभयो ।

हेर्ने हो भने यही अवस्थाका मानिसले नै भरिएको छ यो जगत् ! रंकदेखि राजासम्म सवै माग नै लिएर दौडिरहेका छन् ! मागको प्रकार मात्र फरक ।

५५. सुख र दुःखको कारण आफैमा छ

मानिस प्रायः आफूलाई सुखदुःख आइपर्नुमा मूल कारण अरूलाई नै मान्दछन् ! विशेषतः दुःख त झन् सवै नै अरूवाट भएको ठान्दछन् !

कुनै एउटा गाउँको छेउमा एक जना महात्मा आफ्ना शिष्यगणसहित वस्नुभएको थियो एक दिन एकजना मानिस वाटोवाट आउँदै थिए त्यो कुटीमा आइपुगेपछि ती मानिसले महात्मालाई सोधे, "नजिकै अर्को गाउँ आइपुग्न कति छ ? र त्यस गाउँका मानिस कस्ता छन्" ? महात्माले, "तिमी आज वसेर आएको गाउँका मानिस कस्ता थिए नि ?" भनी सोध्नु भयो । ती मानिसले भने, " त्यो गाउँका मानिस त साह्रै दुष्ट स्वभावका रहेछन्" । तव महात्माले भन्नुभयो, "नजीकैको गाउँ त अव आधाकोश पनि छैन तर त्यहाँका मानिस तिमीले छोडेर आएको गाउँका मानिसभन्दा पनि वढी दुष्ट स्वभावका छन् ।" त्यति कुरा सुनेर ती मानिस त्यो गाउँ पार गरेर अर्कै गाउँ पुग्ने विचार गरी हिंडे । संयोगको कुरा एकघण्टा जतिपछि फेरि अर्का एकजना मानिस त्यही आएर तिनै महात्मासँग उस्तै प्रश्न गरे । महात्माले पनि पहिलोलाई जस्तै "तिमीले छोडेर आएको गाउँका मानिस कस्ता थिए ?" भनी सोध्नुभयो । ती मानिसले भने "हिजो म वसेको गाउँका मानिस त साह्रै सज्जन, भलाद्मी, दानी र पुण्यात्मा थिए, वसीरहुंजस्तो लागेको थियो ।" यो सुनेर महात्माले भन्नुभयो, "अहा ! त्यो अव आउने गाउँका मानिस त झन् यति सज्जन र धर्मातमा छन् कि तपाईलाई अघिल्लो गाउँ नै विर्साइदिन्छन् ।" नमस्कार गर्दै ती मानिस पनि अगाडि वढे । दुवै मानिसलाई महात्माले दिनुभएको जवाफ शिष्यहरूले सुनिरहेका थिए । आश्चर्य मान्दै शिष्यले गुरुलाई सोधे, "होइन गुरुदेव ! एउटै गाउँका मानिसलाई हजूरले

एकजनाले सोद्धा साह्रै दुष्ट छन् भन्नुभयो, अर्कोलाई त्यही गाउँका मानिस सारै सज्जन छन् भन्नुभयो, हामीले वुझ्न सकेनौं "! महात्माले भन्नुभयो, "हेर वावु हो ! गाउँ त्यही हो तर मानिसको चित्तदशा अुनसार उसले देख्दछ र पाउँछ । पहिलो मानिस जहाँ गए पनि उसले सज्जन मानिस पाउन सक्तैन किनकि उसको भावदृष्टि नै त्यस्तै छ । यसै गरी दोस्रो मानिस जहाँ गएपनि झन्-झन् वढी सज्जन मानिस पाउँछ ! "दुष्टले सर्वत्र दुष्ट नै भेट्छ सज्जनले जहाँ पनि सज्जन नै पाउँछ । त्यसैले भनिएको छ । दृष्टि अनुसार नै सृष्टि हुन्छ ।"

५६. मतलबका हुन् यी सब दुनियाँ

यो एउटा तथ्यलाई मात्र राम्ररी वुझ्न सकियो भने जीवन्मुक्ति हुन अर्थात् मोक्ष पाउन कठिन पर्दैन ।

एकजना मुमुक्षु मोक्षको लागि अनेकन् धर्मकर्म गर्ने, सत्संग गर्ने गर्दथे तर उनको आफ्नो परिवार प्रति ज्यादै ममता भएको तथा मानिस ज्यादै संवेदनशील भएकाले पारिवारिक सानो सुखदु:खमा पनि उत्तेजित हुने, आत्तिने गर्दथे ! एकदिन आफ्नो मनको अवस्था एकजना सन्तको समक्ष वताउँदै त्यसवाट मुक्त हुने उपायको लागि निवेदन गरे । सवै कुरा सुनिसकेर सन्तले भन्नुभयो, "हेर वावु ! तिमीले जसलाई मेरो भन्ने ठानिराखेका छौ ती तिम्रा होइनन् । संसार, नाता-गोता सवै धारणा र मान्यता मात्र हुन् । न त यी पहिले तिम्रा थिए न त पछि हुनेछन् । सवै आ-आफ्नै स्वार्थपूर्तिका लागि आ-आफ्नै सुखप्राप्तिका लागि तन्मय छन् ! वावु- आमाले छोरा छोरीलाई माया गरेको पनि आफ्नो आनन्दको लागि हो । यसैगरी छोरा छोरीले वावु-आमालाई, पतिले पत्नीलाई, भाइले वहिनीलाई, दिदीले भाइलाई माया गरेको पनि सवै आफ्नै लागि हो । सवैले देखेकै छ, वच्चाले मुन्टो वटार्दा-वटार्दै पनि वूढा बाजे नातिलाई गाला जोरेर आफैं आनन्द लिन्छन् ! तसर्थ यी माया-ममता सव झूठा हुन्, सवै आ-आफ्नै मतलवमै व्यस्त छन् भन्ने तथ्यलाई राम्ररी वुझेर

त्यसमा संलग्न नभै तटस्थरूपले अभिनयकर्ताको रूपमा रही नाटक गरिदिनुपर्छ । यत्ति हो, वुझ्नुपर्ने कुरा" । महात्माका कुरा सुनी खुशी हुँदै जिज्ञासुले पुन: प्रश्न गरे, "होइन प्रभु ! मेरा परिवार मलाई अति माया गर्छन् । मेरी वूढी-आमा एक दिन मात्र मेरो मुख देख्न पाउनुभएन भने असाध्यै दु:खित र चिन्तित हुनुहुन्छ । त्यस्तै मेरी पत्नी, एक घण्टा मात्र ढिला भयो भने छटपटिन्छिन्, त्यस्तै मेरा छोरा । यी सवै मलाई आफूलाईभन्दा वढी माया गर्छन्, मैले यिनलाई कसरी मतलवी मानूँ ?" यो कुरा सुनेर महात्माले हाँस्दै भन्नुभयो "लत, म तिमीलाई आफ्नै आँखाअगाडि देखाइदिन्छु ," यति भनी त्यस दिनदेखि महात्माले ती जिज्ञासुलाई प्राणायामका केही तरीकाहरू वताएर श्वास रोक्ने अभ्यास सिकाइदिनुभयो । केही दिनपछि स्वामीजीले " अव तिमी भोलि विहान ठीक ७ वजेदेखि प्राण रोकेर मरेको जस्तो गएर २ घण्टा जति रहनू, म त्यहाँ आउँछु, त्यहाँका कुरा सुन्नु अनि जे गर्न मन लाग्छ गर" भन्नुभयो । भोलिपल्ट ती जिज्ञासुले त्यसै गरे उनी मरे भन्ने ठानी घरभरिका मानिसमा रुवावासी भयो ! ८ वजेतिर महात्मा घरमा पुग्नुभयो र "के भयो' भनी सोध्नुभयो । वूढीआमा, "म वूढीलाई कालले नलगेर मेरो जवान छोरोलाई लग्यो" भन्दै कराउन लागिन् । पत्नी, चाहिं "म विधवा भएर कसरी वाँच्ने म पनि मर्छु" ! भन्दै छाती पिट्न लागिन् । यसैगरी छोराछोरी पनि अनेक विलौना गरिरहेका थिए । महात्माले मृतकलाई हेरेर भन्नुभयो, "यदि कसैले यस मानिसको जीवनको वदलामा आफू मर्न अघिसर्छ भने यो मानिसलाई अझ ५० वर्ष म वचाइदिन सक्छु ! तपाइँहरू नरुनुस्, कसले यसको लागि आफ्नो जीवन दिनुहुन्छ भन्नुस्, म यिनलाई वचाइदिन्छु" ! यो कुरा सुन्ने वित्तिकै रुवावासी वन्द भयो ! सवै चुपो लागे । सन्नाटा भयो ! सन्तले वूढीआमालाई सोध्नु भयो,"होइंन आमा ! तपाइँ त वूढी पनि भै सक्नुभयो, तपाईंले जीवन दिनुभएमा छोरो अझ ५० वर्ष वाँच्छन् ।" वूढीआमा मुन्टो फर्काउँदै, "म मरें भने यी नाति, नातिनीको हेरचाह कसले गर्छ ? म त अहिले जान्नँ ।" त्यसपछि पत्नीतिर महात्माले फर्केर सोध्नुभयो । "वहाँ गैहाल्नुभयो, भैगो अव गैसकेकोलाई किन वोलाउनु भनी पत्नी चुपो लागिन् । छोराहरू त झन्, 'हामीहरू त भरखर जीवनमा प्रवेश गरेका, हामीले गर्नुपर्ने धेरै कुरा छन् अव यसमा अरू झन्झट नगरौं वरु चाँडै नै अन्त्येष्टिक्रिया गरिहालौं"

भन्न लागे ! तत्पश्चात् महात्माले विस्तारै ती जिज्ञासुको शिरमा हात राखिदिनुभयो र "उठ वावु !" भनेर भन्नुभयो । जिज्ञासु उठे ! महात्मासंगै पछि लागे ! ममतावाट मुक्त भए !

महामन्त्रको रूपमा रहेको यस उक्ति "मतलवका हुन् यी सव दुनियाँ" लाई राम्ररी मनन र चिन्तन गरेमा ममतारूपी वन्धन चुँडाल्न अति सरल हुन्छ । यो एउटा वन्धन चुँड्ने वित्तिकै यसकै आधारमा अडेका अरू बाँकी वन्धन आपसे आप निष्प्राण हुन्छन् !

५७. अड्नु नै सड्नु हो

जीवन एक प्रवाह हो । जीवन गतिशील छ । यसमा कतैवाट पनि अलिकति पनि अडान हुन गयो कि सडान हुन थाल्दछ । सडान नै दु:ख, पीर, चिन्ता हो । जन्मदेखि मृत्यु पर्यन्त जीवनको प्रवाह एकपला पनि अड्दैन ।

एउटा कहावत छ, राजा अकवरलाई आफ्नो जवानी अवस्थालाई कायम राख्ने एउटा धुन सवार भएछ ! यसलाई कसरी कायम राख्न सकिन्छ भनी धेरैसँग सल्लाह मागे । कसैले खानपीनमा ध्यान दिनुपर्छ भने त कसैले ब्रह्माचयको साधना गर्नुपर्छ भने, कसैले योगी महात्माको आशीर्वाद चाहिन्छ भने त कसैले नवयुवतीहरूको वढी संसर्ग आवश्यक छ भने । कुनै पनि सल्लाह राजालाई चित्त बुझेन र एक दिन वीरवललाई सोधे ! वीरवलले यसको सही उत्तर केही दिनमा दिनेछु भने । समय वित्दै गयो । राजदरवारको शाही रक्षक एकजना नवयुवक सैनिक एउटी युवतीको प्रेममा परेका थिए ! अलिकति पनि समय पायो कि त्यही युवतीकहाँ गएर प्रेमालाप गर्ने गर्दथे । यो कुरा विरवलले चाल पाए । उनले राजालाई ती युवक युवतीका वीच भएको प्रेमको संवन्धवारे सवै कुरा वताइदिए र राजालाई पर्दापछाडिवाट विरवल र युवा सैनिकका वीचको वार्ता सुन्न आग्रह गरे । त्यसपछि उनले युवक सैनिकलाई वोलाएर सोधे, "तिमी के चाहन्छौ ? धन चाहिन्छ कि, पद चाहिन्छ कि,

महल चाहिन्छ कि तिम्रो इच्छा के छ, जे चाहन्छौ त्यही म दिन्छु" । विरवलको त्यस्तो कुरा सुन्दा ती युवा सैनिकले भने-"हजूर ! मलाई यदि दिनुहुन्छ भने १ महिनाको छुट्टी दिनुस् मेरी प्रेमिकासँग वस्न पाऊँ ।" विरवलले भने "के तिमीलाई तिम्री प्रेमिकासंग सधैं वसिराख्न पाए आनन्द हुन्थ्यो जस्तो लाग्छ ?" युवकले भने, "त्यो भन्दा वढी आनन्द मेरो लागि केही हुँदैन, मेरो ज्यूज्यान नै तिनीसंग टाँसिएको छ, हामी अरूले देख्दा दुई भए पनि एउटै छौं,निगाहा हुन्छ भने सँगै वस्न पाऊँ ।"विरवलले "ल त, दरवारमै एउटा सजिसजाउ कोठामा ६ महिनाको लागि तिमीहरू दुई जनालाई राखिदिउँला, त्यहाँ खानपीन सवै कुरा जुटाइदिउँला, त्यहीं एकै ठाउँमा सगै वस है त ?" भने । युवक ज्यादै सुखी भए । "मलाई यो भन्दा वढी कुरा अरू केही चाहिन्न, हुन्छ" भनी युवकले भनेपछि विरवलले त्यही अनुसार भव्य सिंगारिएको, खानपीनको सवै व्यवस्था भएको कोठामा ती दुई प्रेमीलाई राखिदिए । राजाले अचम्म मानेर, "के गरेको"! भनी सोद्धा 'केही दिनपछि यसको रहस्य वताइदिउँला' भनेर विरवलले भने । एक दुई दिन त ती दुई प्रेमीले ज्यादै आनन्दसँग विताए, २।४ दिनपछि आनन्दमा केही कमी भयो । ८।१० दिनमा त केही वेचैनी पनि हुन लाग्यो । १०।१२ दिनदेखि ती दुई जनाका वीचमा भनाभन पनि शुरू हुन थाल्यो ! त्यसपछि त चैन कम वेचैनी र चिन्ता वढी हुन थाल्यो । महिना नपुग्दै एकअर्काको गन्ध पनि दुर्गन्धमा परिणत हुन लाग्यो ओच्छ्यान अलग भयो ! वोलचालै वन्द भयो ! वोलचाल भयो कि झगडा मात्र हुन लाग्यो ! हुंदा हुँदा एकले अर्कालाई "यो मरिदिए यो नरकवाट उम्कन पाउने थिएँ ! आफै पो आत्माघात गर्नुपर्‍यो कि" भन्ने जस्ता विचार पनि आउन लागे ! राजा र विरवल दिनदिनै तिनीहरूको चर्तिकला हेरिरहेका थिए ! तिनीहरूको ज्यादै जटिल अवस्था पुगेपछि विरवलले ती दुवैलाई वोलाई "तिमीहरू के चाहन्छौ अव ?" भनी सोद्धा, "यस वन्धनवाट मुक्त हुन पाऊँ हजूर !" भनी रुनकराउन थाले ! दुवैलाई छोडिदिए । राजाले "यो सव के गरेको ?" भनी विरवललाई फेरि सोद्धा विरवलले भने, "यो हजूरको प्रश्न, 'सदा युवक रहने इच्छा' को उत्तर हो । देखिवक्स्यो ? उत्तर पाइवक्सियो ?" भनी विरवलले सोधे, राजाले संझे, कुरा वुझे ।

अडानको यही दशा हुन्छ । जीवनक्रममा वग्न छोडेर कुनै पनि ठाउँमा अड्न खोज्नु मूर्खता मात्र हो । यो वहावलाई रोक्न सक्ने सामर्थ्य कसैमा पनि छैन । ब्रह्मा, विष्णु, महेश्वर समेत यो प्रवाहमा चलिरहेका छन् ! तर मानिस सदा जवान रहन चाहन्छ । मानिस मृत्यु चाहँदैन ! चाहना नै वाधक हो । जीवनको नामनै प्रवाह हो । वच्चा, जवान, वुढयाइँ, मृत्यु, जन्म यी सव जीवनको प्रवाह हो । यसैगरी सुख, दु:ख, दिन, रात, ठण्डी, गरम सवै जीवको गति हो । यसमा वाधा दिन खोज्नु नै दु:ख हो, योसँगै मिलेर वस्नु नै सुख हो ।

५८. मानिसको जिन्दगी कस्तो छ ?

'कहिलेकही मात्र भए पनि आनन्द प्रदान गर्ने यति लामो आयु भएको जिन्दगीलाई क्षणिक, भवसागर भनेर वैराग्य हुनु भन्दा त सुख, सुविधा वढाएर वाँचुन्जेल सुखभोग गर्नु नै वुद्धिमानी होइन र ?' भनी एक जना राजाले एउटा सन्तलाई प्रश्न गर्दा ती महात्माले राजालाई यस्तो कथा सुनाउनुभयो !

एकजना मानिस शिकार खेल्न जंगलमा गएका थिए । शिकार खेल्दै थिए, विभिन्न जीवजन्तु मार्दै थिए, तीर निसान लाग्दा प्रफुल्लित हुँदै थिए । अचानक एउटा भयंकर ठूलो वाघले उनलाई झम्टन लागेको देखेर त्यहाँवाट सुइँकुच्चा ठोकेर भागे । वाघले पनि पछिपछि लखेट्दै आइरहेको थियो । जाँदा जाँदा, भाग्दा-भाग्दा ती शिकारी एउटा ठूलो ठाडो अन्दाजी ५।६ सय फीट गहिरो भीरको डिलमा आइपुगे । तीनैतिर भीर एकातिर वाघ आइरहेको जंगलको वाटो ! हामफालूँ भने हाडखोरै नरहने हाम नफालूँ भने वाघ एकदमै नजीक आइसक्यो ! अचानक उनले भीरको छेउमा एउटा सुकेको रूख र त्यसको आधा जरो वाहिर निक्लेर झुण्डिरहेको देखे । त्यही जरोलाई समातेर तर्लङ्ग झुण्डिए ! एक-दुई हातमाथि वाघ वसेर पंजा फैलाएर पक्रने प्रयासमा गर्जिरहेको देखे ! तल हेर्दा कहाली लाग्ने चट्टानको भीर ! रूखको फेदमा देख्छन्त दुइटा मूसा

कुरकुर गरिरहेका ! के रहेछ भनी निहालेर हेर्छन् त, एउटा कालो र एउटा सेतो मूसो वसेर उनले समाएको त्यो रूखका जरा काटिरहेको ! "अव के गर्ने वावा ! भनेर आत्तिदै यसो माथि हेरेका थिए, त्यसै वखत रूखको टुप्पोमा रहेको माहुरीको घारीवाट एक थोपा मह चुहिएर उनको मुखमा पऱ्यो त्यसक्षण, सवै चिन्ता हराए ! 'अहा क्या, मीठो"! भन्दै चपचप गर्दै निले । पलभरमा फेरि वाघ माथि गर्जेको आवाजले झसंग भए ! ४।५ सय फीट गहिरो चट्टानको भीरमा फेरि नजर गयो, आंग जिरिङ्ग भयो आफूले सहारा लिएको रूखको जरा कालो र सेतो मूसाले काटिरहेको देख्दा हतास भए र मुन्टो माथि उठाउँदा फेरि फेरि एक थोपा मह चुहिएर मुखमा पऱ्यो ! 'अहा ! क्या मीठो' ! त्यस क्षण सवै विर्सियो वाघ, भीर, मूसा सवै हरायो । घाँटीमा महको रस पुग्न पाउँदा-नपाउँदै फेरि आपनो सामु वाघ, भीर र मूसाले सातोपुत्लो लिन थालिहाल्यो !

यही हो संसारको सुखभोगको अवस्था ! आजको मानिसको जीवनदशा हेर्ने हो भने त्यही शिकारीको अवस्था छ । वाघको रूपमा रहेको वितिसकेको अर्थात् अतीतको यादमा, भीरको रूपमा रहेको भविष्यको दौडमा तथा सेतो र कालो मुसाको रूपमा रहेको दिन र रातको कटाइमा परेको मानिस यदाकदा महरूपी क्षणिक विषय सुखमा भुलेर मस्त हुन्छ यस कथालाई राम्ररी मनन गरौं चिन्तन गरौं सांसारीक विषय भोगको निस्सारतालाई वुझौं र वास्तविकताको मार्ग पक्रौं ।

❀

५९. नैतिकता र धार्मिकता

नीति र धर्मको वीच ज्यादै निकटतम सम्वन्ध छ । नैतिकवान् मानिस धार्मिक जस्तो देखिए पनि धार्मिक वन्न सक्तैन तर धार्मिक मानिसको हरवाक्य, हरकदम, हर व्यवहार आपसेआप नैतिकताले ओत प्रोत हुन्छ ।

एकजना ५० वर्षका र एकजना २५ वर्षका दुईजना वौद्धभिक्षु भिक्षाटन गरिसकेर विहारतिर फर्कदै थिए । वाटोमा एउटा घुंडा घुंडासम्म

पानी आउने खोला आइपुग्यो । साँझको वेला एकजना सुन्दरी युवती त्यो खोला तर्न डराएर त्यो खोलाको किनारामा उभिएर कसैको सहायताको अपेक्षामा पर्खिरहेकी थिइन् । वूढा सन्यासी अघि अघि थिए । केटीले सहारा मागिन् । उनले ती तरूनी केटीलाई देख्ने वित्तिकै मुन्टो फर्काएर छिटो-छिटो कदम चालेर खोला तर्न लागे । पारी पुगेर वूढा भिक्षुले देख्छन् त त्यति राम्री जवान केटीलाई समातेर मात्र होइन काँधमा राखेर जवान भिक्षुले खोला तारिरहेको ! रिस र ईर्ष्याले ती वूढा भिक्षु जाज्वल्य भैरहे ! पारि पुगेर ती जवान भिक्षुले ती केटीलाई काँधवाट झिकी भूईमा राखेर आफ्नो वाटो लागे । वाटोभरी ती वूढा भिक्षुले एक शव्द पनि वोलेनन् । मनमनमा ती युवक भिक्षु र तरूनी केटी सम्झँदै रिस र ईर्ष्याको ज्वाला दन्काउँदै रहे । विहार पुग्ने वेलामा, ढोकानेर पुगेपछि वूढा भिक्षुले कंपित र रुष्ट आवाजमा ती युवा भिक्षुलाई भने, "हेर नादान ! तैंले भिक्षु भएर, दीक्षा लिएर, विहारमा वसेर पनि त्यस्तो अनैतिक काम गरिस्, यस्तो कुरा म सहन सक्तिन । गुरुलाई भनेर तँलाई यहाँवाट निकाल्न लगाउँछु ।" कुरा सुनेर मुसुमुसु हाँस्दै युवक भिक्षुले भने, "ओहो ! तपाईले त त्यो केटीलाई यहींसम्म नै वोकेर ल्याइराख्नुभएको रहेछ ! मैले त खोलापारि नै ती केटीलाई छोडिदिसकें !" भनिन्छ, ती युवाभिक्षुले युवावस्थामा नै वुद्धत्व प्राप्त गरे अनि वूढा भिक्षुले मरणावस्थासम्ममा पनि वुद्धत्व पाउन सकेनन् ।

धार्मिक तथ्य कृत्यमा होइन भावमा रहेको हुन्छ । अधार्मिक जगत् भावना होइन कृत्यमा, देखावटीमा रहेको हुन्छ । धार्मिक व्यक्तिवाट गरिएका हरकृत्य सत्य हुन्छन्, नैतिक हुन्छन्, धार्मिक हुन्छन् चाहे अधार्मिक व्यक्तिहरूको दृष्टिमा अनैतिक जस्तो देखियोस् । धर्म विनाको नैतिकता त पाखण्ड मात्र हो । "मुखमा राम राम वागलींमा छुरा" यो धर्म होइन, यो नीति हो । भित्रभित्र व्यभिचार वाहिरी प्रवचन र भेषभुषाचाहिं धार्मिक ! यो धर्म होइन यो पाखण्डी मत हो ।

६०. व्यर्थदान र सार्थक दान

नचिकेताका पिता उद्दालकले विश्वजित् यज्ञको प्रारंभ गरे । त्यसवखत विश्वविजेताको रूपमा अश्वमेध यज्ञ गरिन्थ्यो भने विश्वमा सर्वोत्कृष्ट स्थान पाउनको लागि विश्वजित् यज्ञ गरिन्थ्यो । यस यज्ञमा उद्दालकले धेरै संपत्ति, नगद, जिन्सी, जग्गाजमीन, गाईदान गर्दैथिए । दान गर्न लागिएका गाईहरुलाई देख्दा नचिकेतालाई चित्त नवुझी पिताजीलाई सोधे । (नचिकेता त्यस वखत पाँच वर्षका मात्र थिए) "तपाई हरचीज यस यज्ञमा दान-गर्दै हुनुहुन्छ भने यी रोगी थाकेका वूढी गाईहरू किन दान गर्नुहुन्छ ? दानै गर्ने भए राम्रा दूधदिने गाई पो दान गर्नुपर्ने होइन र ?" छोराको कुरा सुन्दा उद्दालकलाई रिस उठिसकेको थियो । उद्दालकको दान रीत पुऱ्याउनुसम्म थियो, संख्या देखाउनुमा सीमित थियो, यस्तो गर्न सक्ने महान् पुरुष भन्ने प्रतिष्ठा कमाउनु थियो । वास्तवमा छोराको कुरा सत्य थियो, सार्थक थियो । वावुको व्यर्थ दान देख्दा नचिकेताले फेरि सोधे, 'हरचीज दान गर्ने यस अवसरमा मलाई कसलाई दान दिनुहुन्छ नि ?' चूप लागेर वसेका उद्दालकलाई उनका एकलौटे छोरा नचिकेताले वारंवार यसरी भनिरहँदा, "तँलाई मृत्युलाई दान दिन्छु" भनी रिसको झोकमा भनिहाले । नचिकेता 'वावुको आज्ञापालन गर्छु, भनेर यमराजकहाँ गए । यमराजलाई भेट नहुँदा तीनदिनसम्म ढोकामा उपवासमा रहेर कुरिरहे ! तीन दिनपछि यमराज आएर नचिकेताको सत्यउपरको दृढता देखेर खुसी भएर आत्मज्ञान दिए ।

यम कथामा धेरै रहस्यहरू लुकेका छन् । सवभन्दा पहिलो कुरा हामी धेरैले गर्ने गरिएका धर्म कर्म, पाठपूजा, यज्ञ-होम सवैको पछाडि यदि फलको चाहना रहेको छ भने त्यो धर्म कर्म सत्य हुँदैन । दोस्रो कुरा, दान भनेको वस्तुको होइन, संख्याको होइन, ममताको दान हुनुपर्छ । तेस्रो कुरा उमेर पुगेपछि मात्र वुद्धि हुन्छ अर्थात्, जति उमेर पाको उति वढी वुद्धि हुन्छ भन्ने कुरा होइन । चलाखी वुद्धि होइन, निर्दोषिता नै खास वुद्धि हो भन्ने कुरा वुझ्नु पर्दछ । चौथो कुरा, मृत्युलाई नचिनी ज्ञान हुँदैन तसर्थ मृत्युलाई राम्ररी चिन्नुपर्छ, मृत्युलाई अलग्गै राखेर कुरा गर्न.

सक्नुपर्छ । र पाँचौं कुरा छ मृत्युलाई चिन्न उपवास नभई हुँदैन । उपवासको अर्थ हुन्छ आत्मासँग नजीकै वस्नु ।

आजको संसार उद्दालक संसार छ ।

६१. एकाग्रतामा सफलता

हामी घर घरमा भन्छौं, 'ध्यान दिएर काम गर राम्रो हुन्छ, मन अन्त नलगाईकन काम गर सफल हुन्छौं, एकत्व भएर (जे गर्न लागेको छ त्यसैमा मात्र तल्लीन भएर) जे काम गरे पनि त्यो पूरा हुन्छ' ।

एउटा च्यामे राजदरवारको चोक, वगैंचा, वाटो विहान सवेरै गएर वढारकुँडार गर्ने काम गर्थ्यो । एक दिन विहान सवेरै सूर्योदयको प्रथम किरणको समयमा ऊ वगैंचामा वढार्दै थियो, उसको आँखा दरवारको झ्यालमा पऱ्यो ! भरखर विछ्यौनावाट उठेकी महारानी पूर्वतिर फर्किएर अस्त व्यस्त कपाल र लुगा तहलाउँदै, हातखुट्टा तन्काएको दृश्य त्यस च्यामेको नजरमा पऱ्यो । ती अति सुन्दरी महारानी विहानको पहिलो सूर्यकिरणमा त्यो अवस्थामा कस्ती देखिएकी होलिन् ? त्यो अनुपम दृश्यले त्यो च्यामे ज्यादै मोहित भयो । उसको अन्तस्तलमा कामवासनाको गहिरो छाप पऱ्यो । काम त्यसै छोडेर घर गयो । हरवखत त्यही दृश्य, त्यही अनुपम सौन्दर्य, महारानीउपर कामभोगको अग्निले जलाउन लाग्यो । भन्नै नहुने कुरा उसले भन्न पनि सकेन । छटपटमा रहन थाल्यो । विरामी पऱ्यो । काममा जान पनि सकेन, खाना खान पनि छाड्यो । उसको त्यो अवस्था देखेर उसकी स्वास्नीले ज्यादै कर गरेर सोधी, उसको मनको कुरा सुनी, सवै कुरा थाहापाई । पतिलाई सान्त्वना दिलाएर त्यस दिनदेखि त्यो च्यामिनीले निरंतर रानी एक्लै भेट्ने प्रयास गर्दागर्दै एक दिन वगैंचामा भेट्ने मौका पाई । वडो दीन-हीन र दयनीय अवस्थामा उसलाई केवल अश्रुधारा मात्र वगाइरहेको देखेर रानीमा करुणा भयो र रानीले उसलाई यस्तो हुनाको कारण सेधिन् । च्यामिनीले वहुतै मार्मिक तरीकाले आफू विधवा हुन लागेको र त्यस्तो

अवस्थावाट केवल हजूरले मात्र उध्दार गर्न सकिवक्सन्छ भनी विन्ति गर्दा रानीले "यदि मैले तिमीलाई विधवा हुनवाट वचाउन सक्छु भने त्यो म गरिदिउँला" भनिन् । च्यामिनीले आफ्नो लोग्नेलाई परेको असर र इच्छा सवै वताइदिई । रानीले भनिन्, 'हुन्छ म मेरो वचन पूरा गर्छु तर एउटा मेरो शर्त तिम्रो पतिलाई सुनाइदेऊ' भन्दै शर्त भनिन् । 'एक घण्टासम्म अरू कुरा केही पनि मनमा आउन नदिई मेरो नाम मात्र जप्यो भने जुन दिनमा उसले त्यो पूरा गर्छ त्यसै दिनमा म आफैं उसकहाँ आएर उसको इच्छा पूरा गराइदिन्छु ।' च्यामिनी घर गएर सवै कुरा लोग्नेलाई सुनाई । च्यामे उत्तिनखेरैदेखि आँखा चिम्लेर रानीको नाम जप्न थाल्यो । तर एकै छिनमा मनमा अरू कुरा आउन थाले । घरमा भएन भन्ठानी उ एकान्त खोज्दै नदी किनारमा गएर नाम जप्न थाल्यो । त्यहाँ पनि उसलाई एकाग्रतामा वाधा पर्‍यो । त्यहाँवाट निर्जन-निर्जन स्थानमा जाँदा जाँदै घनघोर जंगलमा गएर नाम जप्न थाल्यो । त्यहां उसलाई अलिअलि एकाग्रता के हुन थालेथ्यो पर विश्रान्ति र पर आनन्दको अनुभूति उसमा हुन थाल्यो । केही दिनपछि त उसलाई समाधि चढेर कैयौं दिनसम्म पनि आनन्दमग्न भएर रहन थाल्यो । रानीको रूपमा साक्षात् भगवतीको दर्शन पायो, उसलाई परपद प्राप्त भयो । समाधिको प्रभावले उ देदीप्यमान भयो । रानीले त्यो च्यामेको पछाडि गुप्तचर छोडेकी थिइन् । सवै कुरा गुप्तचरवाट थाहा पाउँथिन् । अव ठीक वेला भयो भनी आफ्नो वचन पूरा गर्न भनी उनी जंगलमा गइन् र नमस्कार-अभिवादन गर्दै भनिन्, 'हे महात्मा ! हजूरले मलाई चिन्नुभयो होला ! म फलानी हुँ, आफ्नो वचन पुरा गराउन आएकी हुँ ।" यो सुन्दा ती च्यामे जो महात्मा भैसकेका थिए, रानीको खुट्टामा ढोग्दै भने "हे माता ! हजूर त साक्षात देवी होइवक्सिदो रहेछ । हजूरले मेरो उध्दार गरिदिवक्स्यो ! वन्द भएको आंखा खुल्यो, आत्मस्वरूपको दर्शन पाएँ । क्षुद्र कुराको पछाडि पनि विराट्को वास हुंदोरहेछ । कामको पछिलाग्दा राम पाएं, हजूर धन्य धन्य होवक्सन्छ !"

❀

६२. सुनेर, पढेर, बुझेर मात्र पुग्दैन अनुभव नै गर्नुपर्छ

कुनै देशको राजधानीमा एउटा वुज्रुक चोर वस्दथ्यो । त्यो चोर यति चलाख थियो कि कसैले पनि त्यसलाई पक्रन सकेका थिएनन् । त्यस चोरलाई पक्रनेलाई राजावाट प्रशस्त इनामको घोषणा समेत भयो । तैपनि कसैले यसलाई पक्रन सकेनन् । यतिसम्म कि फलानो रात फलानोको घरमा म चोर्न आउँछु भनेर पूर्व जनाउ दिएर जाँदा पनि चोर्न सफल हुने तर उसलाई पक्रन चाहिं नसक्ने ! चोर वुढो हुँदै गयो । एक दिन उसको एकमात्र छोरोले आफ्नो वावुसंग चोरी गर्ने यो कुशल शीप सिकाइदिनुपर्‍यो भनी आग्रह गर्‍यो ! कैयौं दिनसम्म वावुले वास्तै गरेन । छोराले ज्यादै जिद्दी गरेकाले एक दिन वावुले सोध्यो, "के तैंले चोरीकै मार्गवाट जीवन यापन गर्ने दृढ अठोट गरेको हो ?" छोराले आफ्नो दृढता व्यक्त गर्‍यो । "लौत उसो भए आजराती मसँग हिंड, चोर्न म सिकाइदिउँला" भनी आफ्नोसाथ लिएर हिंड्यो । दुवै जना एउटा घरभित्र पसे । छोरोलाई एउटा कोठाभित्र पस्न लगायो । वावुले वाहिरवाट छेस्कनी लगाइदियो र 'चोर कोठामा पसेको छ' ! भनी कराएर आफू घरमा आएर ओछ्यानमा पल्टियो ! त्यस घरका सवै मानिस उठे । वरपरका मानिस पनि उठे । चोरलाई खोज्न थाले । चोर पसेको कोठाको ढोकामा ताल्चा तोडिएको तर छेस्कनी लागेको देखेर आश्चर्य मान्दै घरपति हातमा मैन वत्ती लिएर त्यो कोठाभित्र पसे । छोरा चोरले त्यसै वेला घरपतिको हातको वत्तीलाई फुकेर निभाइदियो अनि त्यहाँवाट सुइँकुच्चा ठोकेर घरतिर आयो, मानिसहरू चोरलाई लघार्दै पछि लागे । त्यों चोरले वाटोको छेउमा एउटा तलाउ देख्यो । तत्काल एउटा ठूलो ढुंगो उचालेर तलाउमा फालिदियो र आफू अर्कै वाटोवाट भाग्यो । मानिसहरूले चोर तलाउमा फाल हाल्यो भन्ठानी त्यहीं अलमलिए । ऊ चाहिं आफ्नो घरमा सकुशल आइपुग्यो । घरमा आएर हेर्छ त वावु मस्तसंग निदाइरहेको । मनमनै छोराले विचार गर्‍यो, 'मेरा वावुले के गरेका होलान् ! मलाई पक्राउन खोजेको हुन् भने किन पक्राउनु ? नत्र कोठाभित्र पसालेर चोर-चोर भनी किन कराउनु ! यही विचारमा थियोकि वावुले आँखा खोलेर, "तेरा कुरा

भोलि सुनुँला जा गएर सुत्' भनेर आफू पनि उता फर्केर सुत्यो । छोरा'ले रातभर वावुप्रति अनेक शंका-उपशंका गरेर वितायो । भोलिपल्ट संगै वसेर चिया खाँदै वावुले छोरालाई सोध्यो "लौ भन्त अव हिजो राती के भयो ?" छोराले भन्यो, "पहिलो कुरा कसैले पक्रन नसक्ने गरी चोर्न सिकाउँछु भनेर लैजानुभयो ! कोठाभित्र थुनेर चोर-चोर भनी कराएर झन् आफू चाहिं भागेर मलाई पक्राउन पो खोज्नु भयो ! यस्तो किन ?" वावुले सोभ्यो, "पहिले भन् तँलाई के-के भयो अनि कसरी भागिस् र घर आइस् ? तैंले त्यहाँवाट उम्कन के के योजना वनाइस् ?" छोरोले भन्यो, "कहाँको योजना ? कहाँको सोचाइ ? आँफै त्यहाँ थिइन केवल भाग्ने, उम्कने उत्कण्ठा मात्र त्यहाँ थियो । मैले त यहाँ घरभित्र पसेपछि मात्र यो चाल पाएँ" ! यो कुरा सुनेर वावुले गद्गद् हुँदै छोरोलाई अंकमाल गर्दै भन्यो "तँ सफल भइस् ? तैले कुंजी पाइस्, तैले जानिस् अव तँलाई कसैले कहिल्यै पक्रन सक्तैन । कसैले सिकाएर वताएर अथवा आफूले पनि सोचेर, विचार गरेर योजना वनाएर गरेको काम पूरा कहिल्यै हुँदैन । प्रवलता, प्रगाढता, उत्कण्ठावाट निक्लेको, पाएको कुरा नै दिगो हुन्छ, सदा रहन्छ, सत्य हुन्छ ।"

ज्ञानको लागि पनि चोरको छोराको झैं उतकट अभीप्सा हुनुपर्‍यो ज्ञान-भित्रै डुवेर मन, शरीरलाई विर्सने अवस्थामा पुग्नुपर्दछ । तव मात्र सच्चा ज्ञान मिल्छ ।

❀

६३. भगवान् पाउने कसरी ?

भगवान् भनेको सत्, चित, आनन्द हो ? जानी नजानी कुनै न कुनै ढंगवाट हर मानिस भगवान्‌कसरी पाइएला भनेर लागिरहेकै हुन्छन्, सोचिरहेकै हुन्छन् । कोही मानिस वृद्धावस्था पुगेपछि धर्म गर्ने भन्दै भगवान्‌को खोजी गर्छन् भने कोही वाल्यावस्था र युवावस्थामा आहारविहारवाट आनन्द पाउने कार्यमा संलग्न भैरहेका हुन्छन् । वास्तवमा हर-जीवको एउटै लक्ष्य रहेको हुन्छः आनन्द कसरी पाउने ?

आनन्द भगवान्‌कै पर्यायवाची शव्द हो । गहिरिएर विचार गर्ने हो भने हरजीवले जे-जसो गरिरहेका छन्, आनन्द प्राप्तिकै लागि गरिरहेका हुन्छन् । राम्रो लगाउनु, मीठो खानु, ठूलो घरमा वस्नु, सम्पत्ति कमाउनु, नाम राख्नु, पठनपाठन गर्नु, धर्मकर्म गर्नु, विहावारी गर्नु, यावत कुराको उद्देश्य हेर्ने हो भने आनन्द प्राप्तिकै लागि हो । तर मानिसले गलत तरीका र गलत सोचाइ राखेर खोज्न लागेकोले समय र श्रम खेर फाल्नुको साथै दुःख, चिन्ता र अशान्ति थुपार्न पुगेको छ !

एकजना राजाले धेरै वर्षसम्म राज्य गरेर सांसारिक सुखवैभव मृगतृष्णा झैं कहिल्यै पूरा नहुने वरु दुःख र चिन्ता मात्र थपिँदैजाने रहेछ भन्ने कुरा बुढेसकालमा आएर वल्ल बुझेछन् ! मृत्युको डरले अव के गरेदेखि सुखशान्ति पाउँला, स्वर्गजान पाउँला भनी राज्यका विद्वान्, पण्डित, महात्मा सवैलाई वोलाएर सुझाव मागे । विभिन्न सुझावको सार निचोडमा धर्मकर्म गरेमात्र भगवान् खुसी हुनु हुन्छ, भगवान् खुसी भएपछि मनुष्यजीवन सफल हुन्छ भन्ने भयो । भगवान्‌लाई कसरी खुसी पार्ने त ? भन्दा दान दक्षिणा दिने, पाटी, पौवा, मन्दिर वनाइदिने नित्य पाठपूजा, यज्ञ,होम भजनकीर्तन गरेमा नै भगवान् खुसी हुनुहुन्छ भन्ने सल्लाह अनुसार राजा यी काममा तल्लीन भए ।

एकपटक उनको राज्यमा एकजना सन्त आउनु भयो । वहाँको नाम सुनेर राजा पनि दर्शन गर्न गए । त्यहाँ पुगेर राजाले यस्तो प्रश्न गरे ! "मैले यति वर्षदेखि धर्मकर्म गर्दै आएँ, यति मन्दिर, कुवा, पाटी वनाएँ, यति दान दिएँ, यति यज्ञ होम गराएँ मैले कहिले भगवान् पाउँछु ?" महात्माले 'भोलि साँझ आऊ म उत्तर दिउँला" भन्नुभयो । भोलिपल्ट साँझ राजा त्यहाँ पुग्दा महात्मा कुटीभित्र यता उता धुईंधुईंति केही खोजिरहेका देखे । राजाले उभिएर हेरिरहे । केही वेरपछि राजाले सोधे, "हैन महात्मा ! हजूरले के खोजेको ?" महात्माले भन्नुभयो, "मेरी गाई कता गइछिन्, कहीं लुकेकी छिन् कि भनेर यहाँभित्र खोज्दैछु ।" राजा, (मनमनै) यो त पागल पो हो कि ! भन्ठानी 'होइन ! एकजना मानिस राम्ररी नअटाउने झुप्रोभित्र पनि गाई वस्छिन् र फेला पर्छ ?" भनी सोधे । तव महात्माले "हे राजा, यो त मैले तिम्रो प्रश्नको उत्तर दिनको लागि गरेको हुँ" भन्नुभयो । "कसरी ?" भनी राजाले सोध्दा महात्माले भन्नुभयो, "जस्तो, यो सानो छाप्रो छ यहाँ गाई त के एकजना

मानिससम्म अटाउन पनि गाहारो पर्छ, यहाँ गाई खोजेर पाउनु निरर्थक छ । त्यस्तै गरी तिम्रो अहंकाररूपी क्षुद्र छाप्रोमा भगवान्को त के कुरा सत्यको झिल्कोसम्म पनि अट्दैन । तिमीले, मैले यति गरें, यसो गरें भनुन्जेल भगवान् पाउन सक्तैनौ । भगवान् पाउनु छ भने अहंको छाप्रोवाट निक्ल ! अहंलाई छोड्ने विक्तिकै भगवान् सदा सर्वदा, सर्वत्र पाउने छौं ।"

❀

६४. भाषण मात्र सुनेर पुग्दैन

आजको संसारमा भाषणको जाल फैलाएर जनतालाई शोषण गर्ने कार्यको चौतर्फी विकास भैरहेको छ ! राजनैतिक मात्र होइन सामाजिक र धार्मिक क्षेत्रको पनि मूल आधार नै भाषण वनेको छ ! कुराले ठिक पार्‍यो, आफ्नो स्वार्थपूर्ति गर्‍यो, अवोध मानिसलाई शव्दजालले वेच्यो, आश र त्रासको वल्छीमा अडकायो ! अनि स्वार्थ पूर्ति गर्‍यो ! वस् ।

एकजना वालव्रह्मचारी महात्मा धर्मउपदेश दिने गर्दथे । उनको त्याग, तपस्या र साह्रै चित्तवुझ्दो प्रवचनले गर्दा धेरै मानिस ती वालव्रह्मचारीकहाँ गएर उनको पूजा गर्ने प्रवचन सुन्ने, भजन, कीर्तन गर्ने गर्दथे । त्यहाँ आउनेहरूमा एक जना ती व्रह्मचारीका कुटीनजीकै वस्ने नगरवधू पनि रहिछन् । 'व्रह्मचार्य ठूलो तप हो, परस्त्रीगमन महापाप हो, संसार मायाजाल हो', आदि उपदेश दिने वाल व्रह्मचारी ती नगरवधूको सुन्दरतामा मुग्ध हुन पुगेछन् । प्रवचन सुन्दासुन्दै एक दिन ती नगर वधूले महात्माको प्रवचनको प्रभावमा परी आफूले शरीर वेच्ने गरेको आचरणलाई आजैदेखि त्यागने अठोट गरेर आफ्नो पलङ्गमा सुतेकी मात्र थिइन् उनीकहाँको चौकिदारले एक जना आगन्तुकको खवर लिएर आयो । भित्रैवाट नगरवधूले फर्काएर पठाइदेऊ, म अवदेखि यो पेशा गर्दिनँ भनिन् । एकै छिनमा फेरि चौकिदार आएर भन्यो "हजूर ती त घर अगाडि कुटीमा वस्ने महात्मा हुन्, हजूरलाई नभेटी भएन भन्छन् ।" महात्माको

नाम सुन्ने वित्तिकै नगरवधू आफैं गएर अभिनन्दन गर्दै माथि ल्याएर आसनी ओच्छ्याएर वस्न आग्रह गरिन् तर महात्मा पलङ्गमा गएर वसेर नगरवधूलाई पनि आफूसँगै वस्न वोलाए ? नगरवधू वहुतै संकोच मानेर नजिकै वसिन् । तव महात्माले विस्तारै उनलाई उठाएर काखमा राखेर भोगको लागि आग्रह गरे । नगरवधुले आश्चर्य हुँदै भनिन्, काम महापाप हो ! भनी हजूरले भन्नु भएकोले मैले पनि हजूरका महान्वाणीलाई हृदयंगम गरेर आजदेखि यस्तो घृणित कार्य छोड्ने प्रतिज्ञा पनि गरिसकें, तर हजूर फेरि त्यही कार्यमा प्रेरित हुनुहुन्छ, मैले वुझ्न सकिन' ! 'महात्माले भने,, हे सुन्दरी ! म माथि उठिसकेको छु, संसारका कुनै कृत्यले मलाई छुन सक्दैनन् । जहाँसम्म तिम्रो सवाल छ, म जस्तो पवित्र वालव्रह्मचारी र पवित्र आत्मासंग भोगमा डुव्नु कुनै पापकृत्य हुँदैन, वरु झन् वढी पुण्य मिल्दछ भनेर आफ्नो कामवासना तृप्त गरेर फर्के । पुनः भोलिपल्ट देखि आफ्नो प्रवचन, भजन, उपदेश पनि यथावत् जारी राख्दै गरे !

आजको जगत्मा प्रायः यस्तै दुरात्माहरुको विगविगी छ ! यस्तासँग सावधान रहनुपर्छ । भाषण सुनेर मात्र हुँदैन । गुलाफको फूललाई वाहिरवाट हेरेर मात्र हुँदैन । प्लाष्टिकको फूल सक्कली फूलभन्दा पनि आर्कर्षक हुन्छ । छुट्याउन जान्नुपर्छ । सरल उपाय छ, 'सुवास' । सक्कली फूल जीवित हुन्छ शुवास आउँछ नक्कलीमा शुवास हुँदैन । यसैगरी महातमा-सन्त पनि सक्कली र नक्कली हुन्छन् । सहवास अर्थात् तिनको नजिकैवाट ज्ञात हुन्छ । अनुहार, वोली रहनसहन, वसउठ हर तरफवाट परंतत्त्वको शुवास वहिरहेको हुन्छ ।

६५. बाहिरी आचरण र भित्री मनोभाव

मासु लसुन-प्याज नखाने, रामनामी ओढ्नी ओढ्ने, चन्दन-विभूति लगाउने तर भित्री मनसाय चाहिं कसरी धुतूँ, कसरी थुतूँ ! यस्ता मानिसको सधै नरक वास हुन्छ ।

कुनै देशको एक नगरको छेउमा एकजना अति सुन्दरी वेश्या रहन्थिन् । तिनको घरमा अनेक धनाढ्य कामीपुरुपहरुको भीड लागिरहन्थ्यो । नाचगान, शराव र भोगविलासको केन्द्रस्थल नै त्यो घर थियो । त्यही घरनजीकै सडकको अर्को किनारामा एउटा साधुको कुटी पनि रहेछ । त्यहाँ दिनभर कहिले कहीं त रातभर पनि भगवत् भजनकीर्तन प्रवचन पूजा-पाठ चल्दथ्यो । शहरभरका भक्तजनहरुको त्यहाँ ठूलो भीड भैरहन्थ्यो ।

आफ्नो दैनिक चर्या सकेर राती जव ती वेश्या सुत्न जान्थिन् त्यस वखत पनि आफ्नो घरपारिको कुटीमा भैरहेको भजन- कीर्तन, पाठ पूजा देख्दा तिनलाई आफूले वाध्यतावश् अँगालेको पेशा उपर साह्रै घृणा उत्पन्न हुन्थ्यो । आफूलाई सारै पतीत, नीच ठान्दन्थिन् । भगवान्को भक्तिमा डुवेका ती मानिसहरुलाई देखेर तथा हरवखत पूजा- पाठ, प्रवचन र कीर्तनमा मस्त भएका साधुलाई देखेर हृदयदेखि नै तिनीहरुलाई प्रणाम गर्दथिन् र आँखावाट आँसुका धारा वगाउँदै थकथकी हुन्थिन् । कहिले यो अनैतिक पेशा छोडेर त्यहाँ सम्मिलित हुन पाउँला भनी विह्वल हुन्थिन् । उता ती साधु आफ्नो दैनिक चर्या सकेर सुत्नुअगाडि त्यो वेश्याको घरतिर हेर्थे । सडकपारिवाट कुटीभित्रसम्म आएको अत्तरको वास्नामा मग्न हुन्थे । त्यो वेश्याको मनमोहक अनुहार देखेर भित्रभित्रै कामुक हुन्थे । त्यहाँ चलेको नाचगानमा मुग्ध भएर कान चनाखो पारिरहन्थे ! अनि वसेर यस्तो सोच्न थाल्दथे, "मैले यो के जीवन अपनाएँ हुँला ? दिनरात उही पाठपूजा ! उही भजनकीर्तनको प्रलाप । उही सुगारटाइको प्रवचन ! त्यो पारि, घरमा हेर, कति रमाइलो छ ! ती सुन्दरीसंग सहवास गर्न पाए कस्तो आनन्द पाउँथे हुँला ।" आदि आदि

संयोगको कुरा केही समयपछि ती दुवै साधु र वेश्याको एकै दिन करीव करीव एकै समयमा मृत्यु भएछ ! ती वेश्याको घरमा कोही थिएनन् ! वरिपरि झिंगा भन्किरहेको वेवारिसी लाश त्यसै पडिरहेको थियो ! उता ती साधुको कुटी वरपर हजारौं हजार भक्तजनको भीड लागिरहेको थियो । फूल, माला, लावा, अवीरले उनको लाश ढपक्कै ढाकिएको थियो । 'राम नाम सत्य हो' को नारा गुंजिरहेको थियो !

स्वर्गबाट देवदूत र यमलोकवाट यमदूत त्यहाँ लिन आए । यमदूत कुटीतिर गए ! देवदूत वेश्याको घरतिर गए ! देवदूतले ती वेश्यालाई

स्वागत सत्कार र अभिवादन गरेर स्वर्गतिर लान लागे । उता यमदूतलाई देखेर साधुको मृतात्माले आश्चर्य प्रकट गर्दै, "होइन ! यो के आश्चर्य ! म जीवनभर भगवान्को भजन कीर्तन गर्ने, पाठपूजा गर्ने, मानिसलाई यमलोक ! त्यो जिन्दगीभर वेश्यावृत्ति गर्ने, मांस- मदिरा सेवन गर्ने, कहिल्यै भजनकीर्तन नगर्नेलाई स्वर्गलोक ! फेरि हेर यहीं, मेरो लाशको कत्रो सम्मान छ हजारौं मानिस एकतृत छन् अनि त्यस पतीतको लाशउपर केवल झिंगा भन्किरहेका छन् ! कतै तपाइँ दूतहरुले वाटो विराएको त होइन ?" भनी सोधे । "हामी विल्कुल सही ठाउँमा आएका छौ, तपाइँको तर्कको जवाफ सुन्नुहोस्" भनी यमदूतले भने, "तपाईले भन्नु भएको कुरा वाहिरवाट हेर्दा सही छ तर तपाइँको र ती वेश्याको भित्री मनोभाव विलकूलै विपरीत छ । तपाईको क्रियाकलाप वाहिरवाट हेर्दा अति राम्रो थियो अनि तिनको वाहिरी क्रियाकलप सारै नराम्रो थियो । तर तपाइँको भित्री भावना कस्तो थियो ? भजन कीर्तनमा वेकारमा जीवन विताएँ त्यो वेश्याकहाँ जान पाए र भोगविलासको आनन्द लिन पाए कस्तो हुन्थ्यो" भने ती वेश्या 'म पापिनी' मैले भगवान्को भजनकीर्तनमा भाग लिनपाइनँ, भनेर रुन्थिन्, थकथक हुन्थिन" ! भगवान्को नियममा वाहिरी आचरणलाई मान्यता हुँदैन । मनोभावले नै स्वर्गमा आदरसत्कार पाउँछ । वाहिरी आचरणले त संसारलाई झुक्याउन सक्दछ तर शाश्वतलाई सक्तैन । वाहिरी आचारणवाला व्यक्तिले संसारको मानइज्जत पाउन सक्ला तर पंरको सत्कार पाउँदैन ।

६६. भक्ति नै सर्वोत्तम ज्ञान हो

ज्ञानको वारेमा हामी धेरैले अनेक कुरां पढेका छौं, सुनेका छौं र मानेका छौं । तत्त्ववोध, आत्मवोध, ब्रह्मवोध भएमा ज्ञान हुन्छ भनी वोधका लागि अनेकन पुस्तकहरू पनि लेखिएका छन् । यी विषयमा अध्ययन पनि गराइन्छन् तर जति जति अध्ययन गऱ्यो ज्ञानी हुनुको सट्टा झन् मानिसमा अहंकार वढेर अज्ञानी नै भएको पाइन्छ !

एक पटकको कुरा, नारदजी वैकुण्ठ जाँदै हुनुहुन्थ्यो । वाटोमा नदीको किनारामा एक जना तपस्वी ज्येष्ठ महिनाको धूपमा आगोको धुनी अगाडि नांगै वसेर तपस्या गरिरहेको देख्नुभो ! नजिकै गएर तपस्वीको दर्शन गर्नु भयो । नारदलाई देख्ना साथ तपस्वीले आफ्नो उद्‌गार प्रकट गरे, "हेर्नुहोस् नारदजी ! मैले दुई जन्मदेखि भगवान्‌को दर्शन पाउन कठोर तप गरिरहेछु । सारा वेद, उपनिषद्, शास्त्र कण्ठ गरिसकें तैपनि मैले दर्शन पाएको छैन ! मैले भगवान्‌को दर्शन कहिले पाउने हो ?" भनी ती तपस्वीले भन्दा नारदजीले भन्नुभयो "म वैकुण्ठ जाँदै छु, त्यहाँ म भगवान्‌लाई सोधुँला" तपस्वीले, "जरूर सोध्नुहोला र मलाई खवर पनि दिनुहोला" भने । नारदजी त्यहाँवाट अलि पर मात्र के पुग्नुभएको थियो एक जना भक्त मस्तसँग भजन गाएर नाचिरहेको देख्दा तिनलाई पनि सोध्नु भयो । तपाईले कहिले भगवान्‌को दर्शन पाउने ? के यो कुरा भगवान्‌सँग सोधूँकि ? म वैकुण्ठ जाँदैछु," भन्दा भक्तले नारदजीको कुरा ध्यानै नदिई मस्तसंग नाचिरहे । नारदजी वैकुण्ठ जानुभयो । सवै कामकुरा सिद्धिएपछि भगवान्‌लाई तपस्वीको संदेश सुनाइदिनुभयो । भगवान्‌ले भन्नु भयो-"अव अर्को दुई जन्मपछि तुरुन्तै ती विद्वान् तपस्वी पंडितले मेरो दर्शन पाउनेछन् ।" भक्तको वारेमा पनि सोधिहालूँ भनेर नारदले सोद्धा भगवान्‌ले भन्नु भयो, "ती भक्त जुन वृक्षमुनि वसेर भजन गर्दैछन् त्यो रुखको जति पात छन् त्यति जन्मपछि मेरो दर्शन पाउने छन् ।" नारदजी खुसी हुँदै फर्कनु भयो र तपस्वीलाई अव केवल दुइजन्म पछि भगवान् मिल्ने कुरा वताइदिनु भयो । यो कुरा सुन्ने वित्तिकै ती तपस्वी क्रोधित हुँदै, "यही हो भगवान्‌को न्याय ? यत्रो पढें ! यत्रो तप गरें ! तैपनि अझ दुइ जन्मपछि ? चाहिंदैन यो तपसप " भनेर उठेर हिंडे । नारदजी भक्त भएठाउँमा पुग्नुभयो । भनूंकिं न भनूँ ! दुइ जन्मपछि भनेकोले त त्यसरी रिसाए भने योत हजारौं हजार जन्मपछिको कुरा । तैपनि भनिदिऊँ भनी भनिदिनु भयो । नारदजीको कुरा सुन्ने वित्तिकै भक्त त झन् आत्मविभोर हुँदै उफ्रन थाले ! नारदजीलाई शंका लाग्यो, मैले भनेको कुरा गलतपो सुनेंकि भनेर फेरि वहाँले दोहोर्‍याएर भन्नुभयो । भक्त गद्‌गद् हुँदै भन्न लागे, "संसारमा असंख्य रुख छन्, तिनमा असंख्य पात छन् तर भगवान्‌को कृपा ! यही एउटा रूखका पात जति जन्मपछि मात्र ! दर्शन

पाउनेत पक्कै भएँछु, धन्य भगवान्को कृपा !" भन्दै नाच्न थाले । भनिन्छ, त्यसैक्षण भगवान्को दर्शन ती भक्तले पाए ।

अधैर्य, हतपत, चाँडो पाऊँ, यसो यसो गरें, धेरै पढें, बुझें, तप गरें, ध्यान गरें, दुःख गरें, आदि गुनासा जति निक्लन्छन् ती सबै अहंकार अर्थात् अज्ञानका उद्घोष मात्र हुन् । धैर्य, समर्पण, प्रफुल्लता, भक्ति, धन्यता सबै निरहंकार, अर्थात् ज्ञानका उद्घोष हुन् ।

❀

६७. दृढभावनामा भगवान्

कोही मानिस शून्य आकाशतिर हेरेर भगवान्को पुकारा गर्छन्, कोही जड चट्टानको मूर्तिलाई अंगाल्छन् भने कोही आँखा चिम्लिएर आफूभित्रै डुबेर मस्त हुन्छन् ! जे गरे पनि ठीक छ यदि त्यहाँ दृढता छ भने, अनि जे गरे पनि गलत छ यदि त्यहाँ भावना छैन भने ।

एकजना अति विद्वान् कर्मकाण्डी पण्डित ब्राह्मण नित्य स्नान, पूजा, पाठ, होम, यज्ञ, जप, तप आदि गर्नमानै व्यस्त हुन्थे । धेरै शास्त्रका प्रकाण्ड विद्वान् समेत भएकोले कैयौं विशिष्ठ व्यक्तिहरु पनि उनीकहाँ सत्संग गर्न आउँदथे । ती ब्राह्मणको घरमा एउटा काम गर्ने तल्लो जातको नोकर पनि थियो । ती ब्राह्मणले नित्य गरेको पूजा-पाठ र अरू मानिसले तिनलाई मानेको देखेर नोकरलाई पनि भगवान्को पूजा-पाठ गर्ने तीव्र इच्छा जागेछ । एक दिन ती ब्राह्मणलाई विन्ति गर्दै, "मैले लेखपढ गर्न जानेको छैन भगवान पाउन कसरी पूजापाठ गर्नुपर्छ सिकाइदिनुस्न हजूर ! भन्दा ती ब्राह्मणले खिस्याएर भरखर आफूले पूजा गर्दा झिकेका वासी फूल-अक्षता देखाउँदै, "यो फूल अक्षता दिन दिनै लगेर वेलको रूखमुनि गएर 'हरर्र वोके आइजा फूल अक्षता खाइजा' ! भनेर भन्नु भगवान् आएर तैंले चढाएको फूल अक्षता ग्रहण गरिदिनुहुनेछ र तँलाई दर्शन पनि दिनु हुनेछ भने । त्यो नोकर भित्रैदेखि आह्लादित हुँदै त्यो फूल-अक्षता लिएर त्यो बेलको वोटमुनि गएर, "हरर्र वोके आइजा फूल अक्षता खाइजा" भनेर वडो भक्ति भावले खन्याउन थाल्यो । २।३ दिनपछि

त साँच्चिकै एउटा वोको आएर त्यो फूल अक्षता सवै खायो ! अनित दिनदिनै त्यही क्रम चलिरह्यो । त्यो नोकरको कान्ति वढ्न थाल्यो । ऊ धेरै शान्त र आनन्दित रहन थाल्यो । नोकरको प्रफुल्लता र ओज देखेर एक दिन ती पण्डितले सोधे । 'ए तँ आजकल आनन्दित, प्रफुल्लित देखिन्छस्, क भयो ? "नोकरले हाँस्दै "हजुरले जुन पाठ गरेर अक्षता-फूल वेलको वोटमुनि चढाउनु भन्नुभएको थियो, मैले त्यसै गरें । "हरर्र वोके आइजा फूल-अक्षता खाइजा !" भन्नासाथ दिनदिनै एउटा वोको आएर सवै खायो, गयो ! त्यो वोकोलाई देखेको दिनदेखि मलाई कुनै कुराको चिन्ता लाग्दैन, सदा आनन्द मात्र हुन्छ !" भन्यो । भोलिपल्ट व्राह्मण चियो वसेर हेर्छन् त साँच्चिकै ! अनि मनमनै सोच्न थाले, "सवै शास्त्र कण्ठ गरें, दिनदिनै पूजापाठ, जपतप गरी कैयौंलाई अर्ति-उपदेश दिएँ तर आजसम्म मैले भगवत्कृपा पाइनँ । म त महामूर्ख रहेछु ।

६८. बुद्धि बाधा, बोध सत्य

वुद्धिको प्रयोगवाट पदार्थ पाइए जस्तै परमात्मा पाउने प्रयास मानिस गर्छन् ! वुद्धि अघि सरिन्जेल सत्य ज्ञान (परमात्मा) कहिल्यै भेटिंदैन ।

यसै प्रसंगमा दार्शनिक टल्स्टायको कथा : एक पटक मृत्युका देवताले रसियाको उत्तरी भागकी एउटी महिलालाई ल्याउन आफ्नो दूत पठाए । ती दूत निर्दिष्ट स्थानमा आए । एउटी ३०।३५ वर्षकी महिला पर्खालको छेउमा मरणासन्न अवस्थामा अन्तिम सास फेरेर उत्तानो परिरहेकी थिइन् । छाला हाडमा टाँस्सिएकी ती महिलाको दुई जुम्ल्याहा करीव ६।८ महिनाको, छोरीहरु आमाको सुकेको स्तन तानिरहेका ! र दूध नपाउँदा भोकले रोइरहेका करुण दृश्य देखेर ती देवदूत फर्केर यमकहाँ गएर सवै वृत्तान्त सुनाउँदै भने- 'स्वामी ! त्यस्ता अनाथ छोरीहरुलाई टुहुरो पारेर ! ती आमालाई मैले त ल्याउन सकिनँ" भनी विन्ति गरे । दूतको जवाफ सुनेर यमराजले-हाँस्दै, भन्नुभयो, "हे दूत तिमी खुव

वुद्धिमान भएछौ ! तिमीमा यहाँ वस्ने योग्यता अझसम्म पुगेको रहेनछ तसर्थ जाऊ पृथ्वीमा गएर केही समय वस, वुद्धिको निरर्थकतालाई हेरेर तीन पटकसम्म तिमीलाई हाँसो उठेपछि मात्र यता आउन पाउँछौ भनी ती दूतलाई मर्त्यलोकमा खसालिदिए । जाडो महिना, रुसको ठण्डी, थुरथुर काम्दै कुनै गाउँको नजिक जंगलको छेउमा उभिरहेका थिए । एउटा सार्की जाडोको लागि भनेर शहरवाट केही लत्ता कपडा किनेर गाउँतिर जानलाग्दा त्यो नांगो मानिसलाई कामिरहेको देखेर सोध्यो "कहाँवाट आएको, कहाँजाने ?" "म परदेशी हुँ कहाँ जाने केही थाहाछैन, तिम्रो साथमा लैजान्छौ भने जान्छु मैले पनि जुत्ता सिउन जानेको छु भनी थरथर काँप्न थाले । सार्कीले 'नांगै छ, जाडो छ, कपडा दिनै पर्‍यो, तर घरमा पुगेपछि स्वास्नीले गर्ने गाली सम्झियो तैपनि दयावश एक टुक्रा कपडा दिएर साथ लिएर गयो । घरमा पुग्ने वित्तिकै स्वास्नी ओइरिहाली, खाउँला जस्तै गरेर ! जाडोको कपडा दिने अनि घरमा पाहुना ल्याउने- भनेर सर्किनीको मूर्खता देखेर देवदूत खूव हाँसे । आफ्नो घरमा देवदूत आएको, फलीफाप हुने कुराको के ज्ञान ? देवदूतको प्रभावले सार्कीको काममा कुशलता, निपुणता वढ्यो । स्वयं देवदूतले अति मनमोहक ढंगले छाला काट्ने, जुत्ता सिउने गर्दागर्दै चाँडै नै सार्की धनधान्यले संपन्न भयो । ऊ राजपरिवार र कुलीनवर्गको सार्की वन्न पुग्यो ! एकदिन त्यही देशका राजा आफैले शिकारमा मारेको एक अमूल्य जन्तु ल्याएर सार्कीलाई दिंदै भने, "यो जन्तुको छालाको मलाई एकजोर यस्तो किसिमको वूट वनाएर भोलि साँझ ल्याउनू" ! राजाको गर्जन, हुकुम र रवाफ देखेर देवदूत खूव हाँसे । वुटलाई छालै नपुग्ने सानो जन्तु थियो के गर्ने होला भने र सार्की वडो अन्योलमा पर्‍यो । देवदूतले छाला काटेर तुरुन्तै तन्काए, सुकाएर काट्न थाले । छाला काटेर ल सिऊ" भनेर सार्कीतिर फालिदिए । वूटको ठाउँमा चप्पल काटेको देखेर सार्कीको सातो पुत्लो गयो ! सार्की देवदूतसँग खूव रिसायो । "अव भोलि तिम्रो र मेरो दुवैको टाउको काटिने भयो !" भन्यो । रातभर सार्की सुत्न पनि सकेन । भोलिपल्ट विहान राजाको मंत्री घोडामा आएर सार्कीलाई हिजोको राजाले दिएको छालाको वूट नवनाएको भए चप्पल वनाउनुपर्‍यो किनकि राजाको त आज राती ओच्छ्यानको ओच्छ्यानमै स्वर्गवास भयो" ! भने । त्यहाँको प्रचलनअनुसार च्यानमा गाड्दा मृतकलाई मनपर्ने लुगा र चप्पल

लगाउनु पर्ने रहेछ । सार्कीले चप्पल दिएर पठायो र देवदूतको करामतमा आश्चर्यचकित भयो !

केही दिनपछि त्यही राज्यकी राजमाताले आफ्ना २ छोरीहरुको विवाहको लागि जूत्ता सिलाउन भनी त्यहाँ आइन् । एउटी छोरी साथमा थिइन् उनकै नापोवाट अर्कीको पनि जुत्ता सिइदिने कुरागर्दा देवदूतले एउटै नापोले दुइजनाको जुत्ता मिल्छ र ? भनी सोद्धा यी दुई जुम्ल्याहा हुन्, दुवै उस्तै उस्तै छन्, जे पनि दुवैलाई मिल्छ भनी राजमाताले भनिन् । हजूरकै छोरी हुन् त भनी देवदूतले सोद्धा "मेरो कम्पाउण्डवाहिर १५ वर्षअघि एउटी गरीव स्त्रीले यी दुई छोरीलाई छोडेर मरेकी थिई, मलाई दया लागेर यी दुईलाई मैले धर्म पुत्री वनाएकी थिएँ । अव एक हप्तापछि यिनीहरुको विवाह छिमेकी देशका राजकुमारहरूसँग हुँदैछ भनिन् । जुत्ताको नापो सकेर राजमाता गइन् तव देवदूत फेरि खित्का छोडेर हाँसें । तत्पश्चात् देवदूतले सार्कीलाई भने "हेर सार्की ! यो समेत म तीनपटक हाँसे । अव म तिमीलाई सवै कुरा वताउँछु, सुन ! पहिलो पटक तिम्री स्वास्नीको वुद्धि देखेर म हाँसें किनकि म देवदूत हुँ, म घरमा वसेमा तिमीहरुको कस्तो फलिपाप हुन्छ भन्ने कुरा नवुझी एक टुक्रा कपडाको लागि तिमीलाई गालीगर्ने ! दोस्रो पटक राजाले बूट सिउनुपर्छ भनी कड्केको अवस्थामा हाँसें, किनकि त्यही दिन राती मर्नु छ, आफूलाई अजर अमर ठानेर अहंकारलाई प्रश्रय दिने राजाको वुद्धि देखेर ! तेस्रो पटक अहिले आफ्नै वुद्धि सम्झेर हाँसें । यी दुई जुम्ल्याहा राजकुमारीकी आमा (यिनको उमेर ६।८ महिनाको छँदा) यिनलाई लिन यमराजले मलाई पठाउनु हुँदा म कत्तिन जान्ने भएर यी वालिकाको रक्षा गर्न भनी लिएर गइनँ । भगवान्को चाँजोमा म जान्ने हुँ भन्ने वुद्धिको मूर्खताप्रति सचेत गराउन यमराजले मलाई यहाँ पठाउनु भएको थियो । मानिसको वुद्धिको मूर्खता पनि देखें, आफ्नै मूर्खता पनि संझे, वुझें अब सचेत भएँ । यो शाश्वतको राजमा यताउता गर्न खोज्ने तुच्छ वुद्धिदेखि तिमी पनि सावधान होऊ यही कुरा संझ, वुझ यही सत्य हो । यति भनी देवदूत यमलोक गए ।

सर्वव्यापक परंको रहस्यलाई नवुझी, नसंझी क्षुद्र वुद्धिको प्रयोगले के के न गर्छु भन्ने मूर्ख्याँइले गर्दा नै मानिसले दु:ख पाइरहनुपरेको हो ।

६९. भोगबाट दुःख मात्र मिल्दछ

संसारको भोगवाट सुखमय जीवनको कामना गर्नु वालुवा निचरेर तेल निकाल्न खोज्नु जस्तै हो । संसारको अनित्यतालाई चिनेर, जानेर, बुझेर रहेमा मात्र यसवाट ज्ञान मिल्दछ र आनन्दप्राप्ति हुन्छ । संसारिक भोगको कल्पना मात्रले पनि ठूलो आपतमा पार्दछ ।

एउटी केटीले अवैध सम्बन्धवाट जन्मेको आफ्नो छोरालाई कुनै अनकंटार जंगलको एउटा कुनामा फ्याँकेर आइछ । त्यही जंगलमा ध्यान-तपस्या गरी वस्ने एकजना ऋषिले त्यो वच्चालाई रोएको आवाज सुनेर त्यहाँ गएर त्यो वच्चा कुटीमा ल्याएर पालनपोषण गरेर राखे । विस्तार-विस्तार त्यो वच्चा ठूलो हुँदै गयो, जवान भयो, अनि जंगलको कन्दमूल खाएर ऋषिको चेलो भएर पूजाआजा, ध्यान- जप गरेर वस्न थाल्यो । ऋषिको निर्वाण हुनेवेलामा आफ्ना शिष्यलाई संसारको भोगवाट पर रहेर आत्मचिन्तनमा लाग्ने सल्लाह दिए । ऋषिको निर्वाणपछि ती युवकले पनि आत्मचिन्तनमा दिन विताउन लागे । कहिलेकाही उनलाई संसार भनेको कस्तो होला भन्ने जिज्ञासा हुन थाल्यो !

एकदिनको घटना हो गाउँवाट गएको जन्तीले जंगलमा वाटो छलिएर हिंड्दा त्यही कुटीमा पुगेर आज एक रात त्यही वास वस्न अनुरोध गर्दा युवकले 'हुन्छ' भने । त्यसपछि ती युवकले कौतूहलपूर्वक, "तपाइँहरु यतिका मानिस को हो ? यो झलमल्ल सिंगारिएर घोडामाथि चढ्ने को हो ? कता जान लागेको अनि के गर्न लागेको ?" भनी सोधे । एकजना पाको मानिसले, "हामी जन्ती हौं, त्यो घोडामा चढ्ने सिंगारिएको मानिस दुलाहा हो", भनी भन्दा "जन्ती भनेको दुलाहा भनेको विवाह भनेको सवैकुरा मलाई वुझ्ने गरी संझाइदिनुहोस्" भने । ती पाका मानिसले, युवा अवस्थामा पुगेपछि छोरामानिसले छोरीमानिससंग विवाह गर्दछ र यसरी विवाह गरेर संवन्ध कायम हुन्छ, अनि यसरी यसरी गर्भाधान हुन्छ, वच्चा जन्मन्छ, वढ्छ र यसरी नै संसारको सृष्टि वढ्दैजान्छ भनी सवै वृत्तान्त स्पष्ट हुनेगरी बुझाइदिए । ती युवकलाई कुरा साह्रै घत लाग्यो । नवुझेका हरकुरा सोधे । ती पाका मानिसले पनि एकएक कुरा वुझ्ने गरी वुझाइदिए । भोलिपल्ट जन्ती आफ्नो वाटो लागे । गरम महिना,पूर्णिमाको रात ती युवक संसारको सृष्टिको वारेमा सुनेका

घतलाग्दा कुरा मनमा सोच्दै चहुरमा यस्सो के पल्टिएका थिए झप्प निद्रा लागेर सपना देख्न थाले ! ती युवकले आफू पनि दुलाहा वनेको, दुलही ल्याएको, संभोग गरेको, दुलहीले पेट वोकेको, वच्चा पाएको सवै जो जो विवरण सुनेका थिए त्यस्तै सपनामा देख्न थाले ! थोरै समयमा त्यति लामो सपना देखे । त्यो सपनाको वच्चालाई वीचमा सुताएर ती युवक र उनकी स्त्री छेउमा सुतेछन् । वच्चा किचिएला, अल्लि पर सुत्नुहोस् ! भनी दुलहीले भनिन् । सपनामा अलि अलि पर सर्दा सर्दै ती युवक चहुरको नजीकैको पोखरीमा पो खस्न पुगे ! पोखरीमा खसेपछि व्यूँझेर कराए । परवाट गोठालाहरुले सुने र त्यहाँ आई पोखरीवाट ती युवक सन्तलाई वाहिर झिकेर, "के भयो ? कसरी पोखरीमा खसेको ?" भनी सोद्धा तिनले हाँस्दै भने "सपनामा विवाह गरेर पाएको वच्चाले त पोखरीमा खसालिदिंदो रहेछ भने विपनामा साँच्चिकै विवाह गरेर पाएका वच्चाले त उत्रनै नसक्ने खाडलमा खसालिदेलान् भनेर कुटीभित्र पसेर ऋषिले भनेका दिव्य उपदेश संझी मनन-चिन्तनमा डुव्न थाले ।

७०. भाग्य ठूलो कि पुरुषार्थ ठूलो ?

भाग्य र पुरुषार्थमा कुन ठूलो भन्ने वारे अनेक तर्क छन् । जुन तर्क सुन्यो त्यही ठीक जस्तो लाग्छ । भाग्यमा छैन भने जति पुरुषार्थ गरेपनि पाइन्न भनिन्छ । यो पनि ठीकै कुरा हो । पुरुषार्थ अर्थात् कोशिशै नगरी कसरी पाइन्छ भन्ने कुरा पनि ठीकै हो नि !

एउटा नगरमा दुइजना विद्वान् पण्डितहरुका वीचमा कुराकानीको क्रममा एकजना भाग्य ठूलो भन्ने र अर्कोले पुरुषार्थ ठूलो भन्ने कुरा उठ्यो । कुरा गर्दा गर्दै दुईजनाको वादविवाद चर्कन थाल्यो । आखिर हात हालाहालसम्म पनि हुन थाले । दुवैलाई पुलिसले पक्रेर राजाकहाँ पुऱ्याए । राजाले दुवैजनाको तर्क सुनिसकेपछि भोलि यस कुराको फैसला गरुँला, आज एक रात यी दुवैजनालाई दरवारको एउटा कोठामा वन्द गरेर वाहिरवाट ताल्चा लगाइदिनू भन्ने हुकुम भयो । रातको समय भैसकेको

थियो । ती दुवैलाई एउटा अन्धकार कोठामा लगेर कोठामा लगेर ढोकाभित्र हुली चौकीदारले वाहिरवाट ताल्चा लगाइदियो । भाग्यवादी पण्डित, "लौत ! भाग्यले यहाँ ल्यायो, रात परिहाल्यो, अव यहीं, पल्टिनुपऱ्यो" भनी ढोकाकै छेउमा सुकुलमा पल्टिए । पुरुषार्थवादीचाहिँ कोठामा अँध्यारो भए पनि यताउता छामछुम गर्न थाले । अलिकति पर पुग्नेवित्तिकै ठूलो टेवुलमा उनको हात पऱ्यो । त्यहाँ यताउता छाम्दा उनले सलाईको वट्टा भेट्टाए ! त्यही नजिकै ठूलो मैनवत्ती पनि देखे । त्यो मैनवत्ती वाले । कोठाभरी प्रकाश भयो ! गजव ! छेवैमा राम्रा दुई पलंग र उता अर्को टेवुलमा दुई भाग अति स्वादिष्ट भोजन राखिएको देखे ! भोक लागिरहेकोले खाना खान वसे । उता देखे भाग्यवादी मित्रको हालत, ढोकैनेर सुकुलमा कुक्रुक्क परेर निदाइरहेका ! दया लाग्यो र उनलाई गएर घचघच्याए । भाग्यवादीले आँखा खोले । अर्का साथीले "भोक लागेको होला खाना खान आऊ" भनेर उठाएर पर लगी खाना खाँदै भने, "हेर पुरुषार्थ कस्तो हुँदो रहेछ ! मैले कोशिश नगरेको भए यो उज्यालो, यो ओच्छ्यान फेला पर्ने नै थिएन ।भाग्यको भर पर्ने तिमीले जस्तै भोकै अन्धकारमा सुकुलमा सुत्नु पर्थ्यो ! अवत मान्छौ कि भाग्यभन्दा पुरुषार्थ ठूलो भनेर ?" यो कुरा सुन्दा हाँस्दै भाग्यवादीले भने, "हेर मित्र ! यो सवै भाग्यको करामत हो ! भाग्यमा नभएको भए तिमीलाई अँध्यारोमा छामछामछुमछुम गर्ने वुद्धि नै आउँदैनथ्यो । ढोकैमा आनन्दसंग सुतेको मलाई पनि मेरै भाग्यले उठाएर प्रकाश, खाना र आरामदायी ओच्छ्यान दिलायो । मेरो भाग्यमा नभएको भए तिमीले मलाई उठाउने थिएनौ !" यसरी दुइजनाको विवाद त्यहाँ पनि टुगिएन ! दुवैजना आरामसंग सुते । भोलिपल्ट राजाकहाँ दुवैलाई उभ्याइयो । राजाले "तिमीहरुको वादविवाद टुङ्गियो त" ? भनी सोधे । टुङ्गिएन महाराज ! हजूरले नै टुङ्ग्याइदिनु पऱ्यो भनी दुवैले भने तव राजाले भने, "तिमीहरुको प्रश्नको जवाफ त हिजो राती कोठामा घटेको घटनावाट स्पष्ट भैसक्यो" भनी राजाले भने । "कसरी ?" भनी तिनीहरुले सोद्धा राजाले भने- "यी दुई भाग्य र पुरुषार्थ भन्ने कुरा हेर्दा, सुन्दा दुईटा जस्ता देखिएता पनि यी दुई अभिन्न छन् । एउटा मात्र लियो भने त्यो अधूरो हुन्छ । भाग्य र पुरुषार्थ साथै भएमा मात्र यो पूरा हुन्छ । तसर्थ म भन्छु, भाग्य मात्र पनि गलत हो, पुरुषार्थ मात्र पनि गलत हो । दुवै

मिलेको सही हो । तसर्थ पुरुषार्थ गर, उद्योग उन्नति गर तर फलको लागि भाग्यको भर पर । मैले यसो गरें, यस्तो पाएँ भनेर नगम्किनू । केही काम विग्रियो नासियो भने पनि भाग्यको भोग संझेर दुःखित नहुनू, यही हो भाग्य, पुरुषार्थको मिलन । यिनलाई अलग अलग राखेर हेर्न हुन्न ।"

७१. परंको रहस्य जान्न खोज्नेको अन्त्य दुःख परंमा बाँच्नेको सुख

भगवान्‌को रहस्य पत्ता लगाउन खोज्ने मानिसले दुःखमा गुँडुल्किनुपर्छ । भगवान्‌को रहस्यमा मिलेर यसमै वाँचने मानिस आनन्दित हुन्छ किन कि मानिस स्वयं पनि उसैको रहस्यको पुंज मात्र हो । यहाँ दृश्य, अदृश्य जे-जति छन् सवै रहस्यपूर्ण छन् । रहस्यले रहस्यलाई कसरी जान्ने ? उही हातले उही हातलाई कसरी छुने ? रहस्योद्‌घाटन गर्छु भनेर लागेकोले नै मानिसले चिन्ता र अशान्ति भोग्नुपरिरहेको छ !

शतखुट्टी भन्ने एउटा कीराको वारेमा एउटा कहावत छ । यो कीरा एक डेढ इन्च जति लामो हुन्छ । सयओटा खुट्टा भएकाले यसको नाम शतखुट्टी रहन गएको हो । यो कीरो धारा, कुवा, इनार आदिको छेउछाउमा इंट, ढुगा या रुखको कापमा गुँडुल्किएर वस्दछ ।

धेरै धेरै समय पहिले एउटा कुवाको छेउमा यो मजासंग हिंडिरहेको देखेर एउटा भँगेराले अचम्म मानेर सोधेछ "होइन ए शतखुट्टी भाइ ! तिमी कसरी यी सय खुट्टाचलाएर हिंड्छौ ? मेरा त दुईटा मात्र खुट्टा छन् यिनमा त मैले कुन पहिला चलाउने, कुन पछि चलाउने संझिन नसक्दा दुइवटै एकै पटक उचालेर हिंड्न थालेको छु ! तिम्रा त झन् सय खुट्टा कसरी संझेर चाल मिलाएर हिंड्न सकेको ?"

"यस्ता प्रश्न किन गरेको ?" भनी शतखुट्टीले सोध्दा भँगेरोले भन्यो, "हेर ! भाइ ! म पनि पहिले दुईटै खुट्टा मजासंग चलाएर हिंड्थें । एक दिन एउटा माछोले मलाई सोध्यो, 'हामी माछाको त खुट्टै हुँदैन जता

मन लाग्यो उतै जान्छौ तर तिम्रो त दुईटा खुट्टा छन्, कुन पहिला अनि कुन पछि चालेर हिंड्छौं ? अनि चाल मिलाउन विर्सियो भने के गर्ने ? माछाको यो कुरा सुन्दा मलाई पनि चित्त वुझ्यो । त्यसपछिदेखि मैले संभन खोजें, खुट्टाको चाल मिलाउन खोजें । हिसाव राख्नै सकिन भन गडवड हुन थाल्यो अनित दुइटै खुट्टा एकै पटक चलाएर हिंड्नु पऱ्यो !" हे शतखुट्टी, तिम्रा त सय खुट्टा छन्, भन् कसरी संभने अनि कसरी चाल मिलाउने ? लौ वा तिमी आफै विचार गर" भनी भँगेरो उडेर गयो । त्यसपछि शतखुट्टी आफनो खुट्टाको चाल हेर्न र विचार गर्न थाल्यो । जति जति हेर्न थाल्यो विचार गर्न थाल्यो उतिउति चाल गडवड हुन थाल्यो । आखिर हिंड्नै नसकी गुँडुल्किएर वस्न थाल्यो । रात परेपछि खुट्टा नदेखिने भएपछि मात्र हिंड्न सक्ने अरू वेला इँटंको, ढुंगाको कापमुनि गुँडुल्किएरै रहन थालेको अहिलेसम्म त्यस्तै छ !

त्यो कीराको त सय खुट्टा मात्र छन् तर मानिसको मन र वुद्धिको त हजारौं खुट्टा छन् ! हरेक खुट्टाको चाल मिलाउन र चाल थाहा पाउनमा व्यस्त रहने मानिस दुःखित, पीडित, चिन्तित हुनमा के आश्चर्य ! मन र वुद्धिको चाल जान्ने हुन खोजेर विगारेकोले नै मानिस असंतुलित भएर संतुलन मिलाउन भनी जाँडरक्सी, गाँजा, चरेस, भाङ धतुरोको शरणमा परेर मुर्दातुल्य भैरहेछ !

७२. भावान्का सच्चा भक्त

अहंभाव मानिसमा रहिन्जेल त्यस मानिसले सत्य (भगवान्) पाउन सक्तैन । अहं भाव राम्रो कुरामा होस् कि नराम्रो कुरामा होस् केही फरक छैन । म जस्तो धनी भन्नु वा म जस्तो ध्यानी भन्नु, म जस्तो ज्ञानी भन्नु वा म जस्तो दानी भन्नु, उच्चपदस्थ व्यक्ति भन्नु वा मठाधीश भन्नु केही फरक छैन । अहं भन्ने सानो मात्र भाव रहुन्जेल वन्धन छुट्दैन ।

अर्जुनलाई म जस्तो भगवान्‌को प्रेमी कोही छैन भन्ने धारणा वसेको देखेर श्रीकृष्णले एकदिन डुल्न जाऊँ भनेर लिएर हिंड्नु भयो । दुवैले भेष वदलेका थिए । वाटामा एक जना विचित्रका ब्राह्मण देखिए । सुकेका घाँस मात्र खाने गरेको देखेर अर्जुनले "किन सुकेको घाँस खाएका" भनी "सोद्धा, हरियो घाँसपातमा पनि प्राण हुने भएकोले जीव हिंसा नहोस् भनेर सुकेको घाँस खाएको हो" भने । ती साधुले एउटा हातमा चम्किलो तरवार लिएको देखेर "यस्तो अहिंसकको हातमा तरवार किन नि ?" भनी अर्जुनले आश्चर्य प्रकट गर्दा साधुले भने, "चार जना दुष्टलाई काट्नु छ !" यस्ता अहिंसकले काट्ने कुरो गरेकोमा झन् विस्मय मान्दै अर्जुनले सोधे, 'ती दुष्टहरु को को हुन् ? साधुले भने, "पहिलो व्यक्ति नारद हो, ।" 'ओहो ! नारद ! किन र ?' भनी अर्जुनले सोद्धा ब्राह्मणले भन्नुभयो' 'त्यो दुष्ट नारदले सधैं वीणा वजाएर मेरो भगवान्‌लाई सुत्नै दिँदैन' । 'दोस्रो व्यक्ति को त' ? भन्दा "दोस्रो व्यक्ति प्रह्लाद हो' भनी ब्राह्मणले भन्नुभयो । तिनले के गरेर तिनलाई मार्न खोज्नु भएको भन्दा, त्यस वदमाशले मेरो भगवान्‌लाई उम्लेको तेलमा वस्न लगायो, हात्तीले कुल्चायो, ढुङ्गाको खम्वामा वस्नलगायो ! 'तेस्रो व्यक्ति को हो नि ?" भन्दा "तेस्रो व्यक्ति द्रौपदी हो भनी साधुले भन्नुभयो "त्यो दुष्टाले मेरा भगवान्‌लाई वोलाएर सागको त्यान्द्रो ख्वाई !""चौथो को हो नि ?" भन्दा चौथो व्यक्ति दुष्ट अर्जुन हो, त्यो वदमाशले भगवान्‌लाई सारथी वनाएर त्यत्रो महाभारतको युद्ध गऱ्यो ।" भगवान्‌का यस्ता सच्चा भक्त ब्राह्मणलाई देखेर अर्जुनको अहं शिथिल भयो ।

यसैगरी नारदमा पनि म जस्तो भक्त कोही छैन भन्ने अहं वढेछ त्यो दुर्भावलाई तोड्न भगवान् विष्णुले एकदिन "नारद ! मेरा एकजना तिमी भन्दा ठूला भक्त छन्, देखेका छौ ?" भनी भन्नुहुँदा नारदले आश्चर्य मान्दै, "को हो, ? कहाँ छन् ? म हेर्छु देखाइदिनुहोस्" भने । विष्णुले फलानो गाउँमा यस्तो घरमा वस्ने किसान् हुन् भनी वताइदिनु भयो । नारद गए, हेरे तर भक्तिभाव केही देखेनन् र फर्केर आएर "ख्वै मैले त तिनमा भक्तिभाव केही देखिनँ । केवल विहान एकपटक हजूरको नाम लिने र काममा जाने, दिनभर काम गर्ने अनि सुत्ने गर्थे । त्यसपछि भगवान्‌ले नारदलाई एउटा तेलले भरिएको कचौरा दिँदै भन्नु भयो, "यो कचौरा लिएर पृथ्वीको एक चक्कर मारेर आऊ, तर होश गर तेल एक थोपा

पनि पोखिन नपाओस्" भनी अन्तर्ध्यान हुनु भयो । नारद पृथ्वीको एक चक्कर मारेर १ महिनामा फर्किए । तव भगवान्ले सोध्नुभयो, "नारद ! पृथ्वीको चक्कर लगाउँदा यो १ महिनामा तिमीले मलाई कति पटक संभियौ ?" नारदले भने "चक्कर लगाइन्जेल त नपोखियोस् भनेर मेरो ध्यान तेलमा मात्र गयो, मैले अरु केही संभिन !" पृथ्वीको एक फेरो लगाउँदा १ महिनासम्म तिमीले मलाई पूरै बिर्सियौ तर हेरत ! त्यत्रो परिवार र त्यतिका काम समेत सम्हाल्नुपर्दा पनि ती किसानले मलाई एकै पटक मात्र भए पनि दिनदिनै संभन छोडेनन् तर तिमी ! अव विचार गरत ! तिमी भन्दा ती ठूला भक्त भएकि भएनन् ?" नारद नतमस्तक भए !

७३. विद्वान होइन विवेकवान हुनुपर्छ

विद्वान् र विवेकवानमा धेरै अन्तर छ । जान्न खोज्ने अनि ज्ञानका कुरा जम्मा गरेर वुद्धिमान् वन्न खोज्ने अर्थात् विभिन्न शास्त्रका कुरा कण्ठ गरेर जान्ने हुने मानिस विद्वान् वन्दछ । यस्ता मानिस विद्यार्थीको रूपमा आएर ज्ञानका कुरा संकलन गरेर पण्डित वन्दछ । विवेकवानलाई सैध्दान्तिक ज्ञानको मतलव छैन ऊ केवल व्यवहारीक हुन्छ । उ पानीको तत्त्व जान्नतिर लाग्दैन पिएर प्यास शान्त गराउनतिर लाग्दछ । पाक शास्त्र कण्ठ गरेर भोक मेटिन्न खानानै चाहिन्छ भन्ने कुरा वुझ्ने मानिस विवेकी हुन्छ भने खाना नखाई भोकै वस्ने तर विभिन्न खाना कसरी तयार गर्ने, भनेर पाकशास्त्र कण्ठ गर्नेतिर लाग्ने मानिस विद्वान् हुन्छ । उ कुरा गर्न सिपालु हुन्छ, तर विवेकी मानिस कुरा होइन काममा नै लाग्दछ ।

विभिन्न साधु, सन्त, महात्माकहाँ चहारेर वेदान्तका, शास्त्रका कुरा कण्ठ गरेर ज्ञान वटुल्न लागेका एकजना विद्वान् मानिस चहार्दा चहार्दै, एकजना सद्गुरुकहाँ पुगेछन् । त्यहाँ गएर उनले अनेक जिज्ञासा प्रकट गरे । उनका जिज्ञासाका सवै उत्तर महात्माले दिनुभयो । नयाँ तर्क र नयाँ विचार आयो कि ती जिज्ञासुले कागजमा टिपी पनि हाल्दथे । यो देखेर महात्माले सोध्नु भयो-"हे सज्जन ! तिमीले के, कति पढेका छौ र

कति सत्संग गरेका छौ ?" जिज्ञासुले पढेका अनेकन् शास्त्र र अहिलेसम्म गरेका सत्संगको लम्वा विवरण सगौर प्रस्तुत गरे । यो कुरा सुन्दा महात्मालाई ती मानिसले पण्डित वनेर जीवन वर्वाद गर्न लागेको देखेर दया उठेछ । ती पण्डितलाइ मुमुक्षु वनाइदिने अठोट गर्दै एकैछिन प्रश्नोत्तर गरेर ती पण्डितलाई, "भोलि विहानै आऊ तिमीलाई सच्चा ज्ञान दिलाउदिउँला" भन्नुभयो । भोलिपल्ट विहानै ती व्यक्ति आए । विहानको केही हल्का खानपिन गरेर महात्माले "ल हिंड, आज घुम्न जाउँ म तिमीलाई सच्चाज्ञान सिकाइदिउँला" भनी तिनलाई लिएर घुम्न गरमयाम भएकोले २।३ घण्टा हिंडिसकेपछि दुई जना नै थाके । पण्डित त झन् भोक, प्यास र थकाइले आकुल- व्याकुल हुन लागे । तव महात्माले भन्नुभयो "तिमीलाई ज्यादै भोक र प्यास लागेजस्तो छ, ल ! यो पाकशास्त्रको पुस्तक पढ र भोक शान्त गर ।" आश्चर्य मान्दै पण्डितले भने, होइन यो के दिनु भएको पाक शास्त्रको पुस्तक पढेर के मेरो भोक हट्छ र ? यहाँ त केवल खानाका अनेक विवरण छन् तर यो विवरणले मेरो भोक कसरी शान्त हुने ! मलाई त रूखासुखा भए पनि रोटी चाहियो ।" महात्माले हाँस्दै भन्नुभयो, "यही पुस्तकको शुरुमै पानीको सूत्र पनि लेखिदिएको छ, त्यो पनि पढ, कण्ठ गर र प्यास मेट ! यो के भन्नु भएको ? पानीको सूत्र कण्ठ गरेर, पाकशास्त्र पढेर कहाँ प्यास-भोक मेटिन्छ ? मलाई के गर्न आँट्नुभएको?" झोलावाट एक वोतल पानी र दुइटा सुख्खा रोटी देखाउँदै महात्माले, भन्नुभयो, "हे सज्जन ! तिमी त्यो पुस्तक लिउ । म त यो रोटी र पानीले आफ्नो भोक- प्यास मेट्छु" भनेर खान थाल्नुभयो । पण्डित छटपटिएर, पाकशास्त्रको पुस्तक च्यातचुत पारी फाल्दिएर रोटी खोस्न पुगे ! महात्माले झोलावाट अर्को दुइटा रोटी र एक वोतल पानी दिंदै भन्नुभयो, "लौ हेर वावु ! मैले तिमीलाई सच्चा ज्ञान दिन्छु भनेको थिएँ यही हो । सच्चा ज्ञान ! पाकशास्त्रको जत्रोसुकै ठूलो ठेली पनि वेकम्माका हुन्छन्, रोटीको सामुन्ने भोक लागेको वेलामा जसरी तिमी दुई रोटी र दुई घुड्का पानीको लागि छट्पटियौ, जसरी तिमीले पाकशास्त्रका अनेक वर्णन र पानीको तत्त्व भएको पुस्तकै फालेर रोटी र पानी पाउन झम्टियौ त्यसै गरी परमात्माको अनुभूतिको लागि तिम्रा यी कोरा ज्ञानका, सिद्धान्तका पुस्तक र सूत्रहरुले काम दिंदैनन् । परमात्माको पनि भोकले-प्यासले छट्पटिनु पर्छ । सच्चा ज्ञानका कुरालाई

खूव चपाएर निल्नुपर्छ, रगत, हाडछाला मांस मज्जामा घुलमुल्याउनुपर्दछ अनिमात्र सच्चा ज्ञान हुन्छ । त्यसपछि ती मानिस पनि पण्डित वन्न छोडेर विवेकवान वन्न थाले ।

७४. सच्चा त्याग र वैराग्य

संसारमा धेरै मानिस छन् जो वाहिरवाट अनेक किसिमका त्याग गरेर वैराग्य देखाएर आफूलाई त्यागी, योगी र वैरागी कहलाउँछन् ! वास्तवमा वैराग्य र त्याग गर्ने कुरा होइन, देखाउने कुरा पनि होइन । यो त घट्ने कुरा हो,फल्ने कुरा हो । वैराग्य र त्यागको खास अर्थ हो कर्ता भावको अभाव ।

महावीर वर्धमानमा कसरी त्याग घटित भयो यसवारे सुनौं: केटाकेटी अवस्थादेखिनै महावीरलाई सांसारिक जीवनदेखि वैराग्य उत्पन्न भएको थियो । उनलाई घरवारमा अलमलिएर वस्न पटक्कै इच्छा थिएन । एक दिन उनले आफ्नी विधवा मातासंग जङ्गल जान अनुमति मागे । आमाले, "यस्तो कुरा फेरि नदोहोऱ्याउनु, म वुढी भैसकें, म नमरुञ्जेल अनुमति दिन्न" भनिन् । महावीर शान्तसंग वसिरहे । केही वर्षमा आमाको देहावसान भयो । अन्त्येष्टिक्रिया सकेर घाटवाट फर्कंदा वाटोमा महावीरले आफ्ना दाज्यूसँग घर छोडेर जङ्गल जान अनुमति मागे । 'घरमा विपत परेको वेलामा घर छोड्ने अनुमति म दिन्न, फेरि यस्तो कुरै नउठाउनु" भनेर दाज्यूले पनि हप्काए । महावीर शान्त भएरै रहे फेरि जोड पनि गरेनन् । तर महावीरको घरको वसाइ नाम मात्रको थियो । वोल्दापनि नवोल्ने हाँस्दा पनि नहाँस्ने मूर्तिवत् भए । भाइको त्यो अवस्था देखेर एकदिन दाज्यूले भने, "भाइ, तिमी यहाँ छौ, छैनौ केही फरक परेन ! त्यसकारण तिमीलाई जे गर्दा चित्त वुझ्छ त्यसै गर, जहाँ जान्छौ जाऊ ।" महावीर घरवाट निक्लिए । एउटा ओढ्ने मात्र ओढेर जङ्गलतिर लागे । वाटोमा एउटा माग्ने जाडोले थुरथुर काम्दै मागिरहेको देखे । आफ्नो ओढ्ने आधा च्यातेर दिए । त्यहाँवाट जङ्गलभित्र पसे । उनी आफूमा यति मग्न भएर हिंड्दै थिए कि उनको ओढ्ने काँडामा परेर तानिएको पनि पत्तै पाएनन् ! ओढ्ने काँढामा छुट्यो । उनी नांगै भए । त्यस वेलादेखि

नाङ्गै रहेका महावीर सदा दिगम्वर नै भएर रहे । कैयौं वर्ष कठोर, अटूट र एकात्मरूपको तप गर्दागर्दै महावीर वुद्ध भए ।

महावीरलाई नाङ्गै देखेर, वुद्धलाई भिक्षापात्र लिएर हिंडेको देखेर अहिलेका मानिस पनि कोही नाङ्गै वस्ने, कोही पहेंलो लुगा लगाएर भिक्षापत्र लिएर हिंड्ने, घरवार छोड्ने जस्ता काम गरेर वुद्ध वन्न, महावीर वन्न खोज्नु कतिसम्म मूर्खता र पाखण्डीपन होला ! वुद्धलाई जस्तो भित्रैवाट वैराग्य आउनुपर्दछ ।

७५. सानो बिउमा विशाल वृक्ष हुन्छ

यो एउटा महान् सूत्र हो । यो सूत्रलाई मात्र राम्ररी मनन, चिन्तन गर्ने हो भने तथा यसको रहस्यलाई अनुभवमा उतार्ने हो भने त्यस महापुरुषले सवै कुरा पाउँछ, उसको लागि पाउनुपर्ने केही वाँकी रहन्न । यसो हेर्दा कुरा मामूली जस्तो देखिन्छ । विउ हेर्दा पनि त मामूली सानो गेडा मात्र नै देखिन्छ तर यदि त्यो विउले ठाउँ पायो भने विशाल वृक्ष मात्र होइन अरू पनि यस्तै वीज र अनन्त वृक्षको विस्तार हुन सक्तछ । हाम्रा जीवनरूपी मैदानमा पनि राग, द्वेष, क्रोध, ईर्ष्यारूपी विभिन्न विषयवृक्षका वीजहरु रोपिन गए, उम्रेन, हुर्केन भने यिनैको विस्तार भएर हाम्रो जीवन नारकीय जीवन पनि वन्न सक्छ भने दया, प्रेम र श्रद्धारूपी वीज परेर यी हुर्कन पाए भने हाम्रो जीवन स्वर्गीय वन्न सक्छ । ज्ञान, ध्यान, मुक्ति भन्ने कुरा वास्तवमा यही नै हो । विष वृक्षहरूको वीजलाई रोप्दै नरोप्नू । रोपी सकेको रहेछ भने पनि उम्रन नदिनू, उम्रिसकेको रहेछ भने पनि वढ्न नदिनू । मल जल नदिएर सुकाइदिनू । सानो अहंकारको वीजले गर्दा नै महाभारतको काण्ड घटेको कुरा स्पष्ट छ ।

पाण्डवहरुले अति राम्रो कारिगरीयुक्त दरवार वनाए । त्यस्तो अनुपम राजप्रासाद कसैले बनाउन सकेका थिएनन् । दरवार तयार भैसकेपछि एक भव्य समारोहको आयोजना भयो । राजा-रजौटा धेरै आमन्त्रित थिए । कौरवहरूलाई पनि वोलाइएको थियो । दरबारको कारिगरी विचित्रको थियो । ढोका भित्ता जस्तो र भित्ता ढोका जस्तो

देखिन्थ्यो । जमीन पानी जस्तो र पानीका तलाउ जमीन जस्तो देखिन्थे । दुर्योधन अलमलिए । ढोका भनेर पस्न लागेका भित्तामा ठक्कर खान पुगे ! फेरि जमीन भनी टेकेकोमा पानीमा परे अनि पानी भनी उफ्रेको त चिप्लेर लड्न पुगे ! द्रौपदी हेरिरहेकी थिइन् । हाँसो रोक्न सकिनन्, खित्का छुटिहाल्यो । मुखवाट अप्रिय शब्द पनि अनायास निक्लिहाल्यो, “अंधाको छोरो अन्धै” भन्ने । दुर्योधनमा त्यो शब्दले एकैपटक ईर्ष्या, द्वेष र क्रोधको भवक जागिहाल्यो । अपमानको वदला लिन जुवाको आयोजना गरी पाण्डवको सर्वस्व अपहरण गरी द्रौपदीलाई नाङ्गै पारियो ! पाण्डवले राज्यमात्र गुमाएर पुगेन वनवास, गुप्तवास जस्ता अनेकन् यातना पनि सहनुपऱ्यो । अपमानरूपी सानो वीजले विशाल विष वृक्षको रूप लियो ! महाभारतको विश्वयुद्ध नै भयो । लाखौं मानिस स्वाहा भए । यो सव हुनाको मूलकारण अपमानको एक सानो वीज मात्र थियो । यदि द्रौपदीले त्यति शब्द प्रयोग नगरेकी भए, त्यो वीज नरोपेको भए शायद यत्रो संहार हुने नै थिएन ।

हाम्रा जीवनका हर क्रियाकलाप उपर सुरुमै हामीले राम्ररी होश गऱ्यौं भने जीवनमा आई पर्ने अनेकन् दुःख, चिन्ता, पीडावाट सजिलैसंग छुट्कारा पाउन सक्छौं । जे जसो गर्ने हो वीजको अवस्थामा नै ध्यान दिनु पर्दछ । विष वृक्षको वीजारोपण नगर्नु, वीजारोपण हुन नदिनु नै सही ज्ञान हुनु हो । वास्तवमा एकै पटक ठूलो समस्या पर्दैन । कुनै पनि समस्या त्यसै आई पर्दैन त्यसको कारणरूपी वीज रोप्नै पर्छ । विनावीज वृक्ष बन्दैन, विना वृक्ष फल फल्दैनन् । सुख, दुःखका जो फल हामीले भोग्नुपऱ्यो, भोग्दैछौं, र भोग्नु पर्नेछ ती सवैको जिम्मेवार पनि हामी आफैं छौं । आफैंले रोपेका विउको वृक्षवाट फलेको फल पाउँदै छौं । सारा धर्मशास्त्र र महात्मा सन्तहरु सवैको संदेशको सार निचोर्ने हो भने पनि यति नै अर्थ आउँछ ।

❀

७६. शान्ति

यस विश्वब्रह्माण्डमा शान्ति नचाहने कोही पनि छैनन् । गहिरिएर हेर्ने हो भने जीवनको एकमात्र उद्देश्य पनि शान्ति नै हो । जीवमात्रले जे-जति काम कुरा गरेका छन् शान्तिप्राप्तिकै लागि गरेका छन् । मानिस त झन् सवै प्राणीमा वढी विवेकशील भएकोले यसले आफ्नो विवेक प्रयोग गरेर अनगिन्ती तरीका अपनाएर शान्ति पाउने चेष्टामा लागिरहेको छ । तर मानिसको जीवन दशा हेर्ने हो भने शायद सपूर्ण जीवजन्तुमा सवभन्दा वढी अशान्त मानिस नै पाइन्छ !

एकजना मानिस ज्यादै क्रोधी थिए । क्रोधकै आवेशमा आएर एक पटक पिट्दाखेरि तिनको स्वास्नी नै मरिन् । यस घटनाले ती क्रोधीलाई ज्यादै चिन्ता पऱ्यो । अशान्ति र चिन्ताले गर्दा तिनी यत्रतत्र छटपटिएर हिंड्न थाले । एकदिन एकजना सन्तकहाँ पुगे । ती सन्तको उपदेशको ठूलो प्रभाव उनमा परेछ । घरवार सवै ती स्वामीजीको मठलाई अर्पण गरेर आफ्नो मानसिक स्थिति र आफूले गरेका यावत् कुकृत्य सन्तलाई वताएर सन्तको चरणमा परेर यो अशान्ति अवस्थावाट उद्धार गरिदिन र शिष्यत्व ग्रहण गरिदिन आग्रह गरे । सन्तले पनि तिनलाई शिष्य वनाएर राखे । ती शिष्यको त्याग र लगनशीलता देखेर सन्तले उनको नाम शान्तिनाथ भनेर राखिदिए । १५।२० वर्षपछि, सन्तको मृत्यु भयो । मठका सवभन्दा जेठा र सन्तका प्यारा शिष्य भएकाले तिनै शान्तिनाथ त्यो मठका मुख्य मठाधीश भए । २०।२५ जना चेला पछि लगाउँदै एकदिन शहरतिर गएका थिए तिनलाई पुराना एकजना साथीले देखे । आफ्नो क्रोधी साथी महात्मा वनेर चेलागण समेत पछि लगाएर हिंडिरहेको देखेर आश्चर्य र खुसी पनि हुँदै भेटघाट गर्न भनी अघि वढेछन् । तर शान्तिनाथले तिनलाई चिनेको नचिनै जस्तो गरेको मित्रले थाहापाए ! त्यस्ता क्रोधी मानिस कसरी महात्मा भए होलान् भन्ठानी नचिने पनि कुराकानी गर्नैपऱ्यो भनी अघि वढे । साथीले नमस्कार गर्दै सोधे, "महात्मा, हजूरको नाम के हो ?" महात्माले कड्किएर भने, "रेडियो सुन्दैनौ, अखवार पढ्दैनौ ? पत्रपत्रिका, रेडियोहरूमा मेरो नाम आइरहन्छ । मेरो नाम शान्तिनाथ हो ।" एकै छिनपछि फेरि साथीले, "ओहो, महात्माजी ! मैले विर्सिएँ, हजूरको नाम केरे , एक पटक फेरि वताइदिनु

हुन्छ कि ?" भने । यो कुरा सुन्दा शान्तिनाथ आँखा तरेर, "भरखर भनेको मेरो नाम विर्सने कस्तो मानिस रहेछ" भन्दै औंला ठड्याएर भने, "शान्तिनाथ, शान्तिनाथ, शान्तिनाथ ।" कत्तिका शान्त रहेछन् हेर्नैपर्‍यो भनी साथीले एकैछिनपछि फेरि, "ए हजूर ! मैले त भुसुक्कै विर्सिएँ, हजूरको नाम केरे ?" भनी के सोधका थिए, हातमा लिएको लट्‌ठीले हिर्काइहाले टाउकोमा । "कत्ति पटक भनुँ मेरो नाम शान्तिनाथ, शान्तिनाथ भनेर ।" मित्र जुरुक्क उठेर हाँस्दै, "हे मित्र ! तिम्रो नाम शान्तिनाथ भए पनि मित्र त २० वर्षअगाडिकै जो स्थिति थियो त्यही रहेछ" भनेर हिंडे ।

नाम मात्रको शान्तिनाथ काम लाग्दैन । यसैगरी नारा मात्राको शान्ति पनि निरर्थक हुन्छ । अहं साथमा रहुन्जेल चाहे वीसौं, तीसौं, पचासौं वर्ष जंगलमा वसोस्, चाहे सारा शास्त्र कण्ठ गरोस्, चाहे अनेकन् व्रत, उपवास, जप,तप, गरोस् त्यस्ताले तृप्ति संतोष शान्ति पाउँदैन ।

७७. देव, मानव र दानव

देव, मानव र दानव यी तीन अवस्थालाई गुणको हिसावले सत्त्व, रज र तमवाट पनि हेर्न सकिन्छ । स्वर्गमा वस्ने देवता, पृथ्वीमा मानव र पातालमा वस्ने दानव होइनन् । वास्तवमा हाम्रो शरीर र मन नै विभिन्न लोक हुन् मानिसका गुण, अवस्था र धारणाले यही शरीर र मन कहिले स्वर्ग हुन्छ, कहिले मर्त्य र कहिले नर्क बन्दछ । हामीले यही शरीर र मनवाट नै देवत्वको मानवताको र दानवताको स्वाद लिन्छौं ।

स्वर्ग, मर्त्य, पाताल तीन लोक कहाँ छन् र त्यहाँ वस्ने देव, मानव र दानव कस्ता हुन्छन् ? भनी एकजना जिज्ञासुले एकजना महात्मालाई प्रश्न गरेछन् । ती महात्मा मसानघाटको निर्जन जंगलमा वस्नुहुन्थ्यो । महात्माले भन्नुभयो, "यी तीनै लोक नजिकैको एक तिमीले वोकेर हिंडिरहेछौ ! आकाश, पाताल चहार्नुपर्दैन राम्ररी आफूभित्र हेर, मर्त्य र पाताल पाउने छौ ।" यो कुरा त मैले बुझ्न सकिनँ, दृष्टान्त दिएर

आज्ञा भए हुन्थ्यो, भनी जिज्ञासुले विन्ति गरे । त्यसैवखत नजीकको गाउँ वाट मुर्दा मसानतिर वोकी लैजाँदै थिए, त्यो मुर्दालाई देखाएर महात्माले जिज्ञासुलाई, "त्यो मुर्दा मर्नुभन्दा अगाडिसम्म स्वर्गमा थियो कि नर्कमा थियो त्यो कुरा र अव मरिसकेपछि पनि कहाँ जान्छ वताउन सक्छौ ?" भन्नुभयो । "कसरी सकिन्छ र, म त सक्तिनँ हजूर" भनी जिज्ञासुले भने । अनि एकजना शिष्यलाई त्यही प्रश्न सोध्नुभयो । शिष्यले, "हजूर, वुझेर आएर म एकैछिनपछि वताउन सक्छु" भनेर त्यहाँवाट वाहिर गए र एकै छिनमा फर्केर "त्यो मर्ने सज्जन वाँचुन्जेल पनि स्वर्गमै थिए र अव पनि स्वर्गमै गएका रहेछन्" भने । यति कुरा भन्दै थिए फेरि अर्को मुर्दा लगेको देखियो । महात्माले फेरि ती शिष्यलाई, यो मर्ने मानिस कहाँ थियो र कहाँ जाँदैछ ?" भनीसोध्नु हुँदा ती चेलाले फेरि वाहिर निक्लिएर एकै छिनमा फर्केर आई भने, "हजूर, यी मर्ने मर्त्यलोकमै थिए र मर्त्यलोमै गएका रहेछन्" भने । त्यसै वखत फेरि अर्को मुर्दा लगेको देखियो । महात्माले उही प्रश्न गर्नुभयो । चेलाले फेरि त्यसैगरी आएर जवाफ दिए, "ती व्यक्ति नर्कमै थिए र नर्कमै गए" भनी जवाफ दिए । यस्ता कुरा सुन्दा ती जिज्ञासुले आश्चर्य मानेर 'कसरी थाहा हुन्छ यस्तो कुराभनी सोधे । महात्माले शिष्यलाई वताइदिउत भन्नुहुँदा शिष्यले भने, "हे सज्जन, हेर्नुहोस्, म तीनै पटक वाहिर गएँ, यी मर्ने मानिसका गाउँमा गएर त्यहाँका मानिसको अवस्था हेरें, मरेका ती मानिसका वारेमा तिनीहरुले गरेका कुरा सुने । पहिलो मर्ने व्यक्तिको गाउँका मानिसहरु सवै शोक मनाइरहेका थिए, "यस्ता देवताजस्ता मानिस गए हामीलाई टुहुरो पारेर" भनी रोइरहेका थिए । सवैनै त्यहाँ शोकसन्तप्त पाएँ । दोस्रो मानिसको वारेमा खास चर्चा केही पाइएन । तेस्रो व्यक्तिको गाउँ घरका हरव्यक्ति खुसी र आनन्दित थिए । ठाउँ ठाउँमा यस्तो कुरा गरेको पनि सुनें, 'यो दुष्टवाट वल्ल छुट्कारा दिलायो भगवान्ले !' त्यस मृत व्यक्तिले जीवनकालमा अरूलाई दिएका दुःख र पीडा वारेका चर्चा पनि अनेक सुनें । यसैवाट स्पष्ट भयो कि यी कहाँ थिए र कहाँ गए भनेर ।"

यसरी हरव्यक्तिले तीनैलोक साथै लिएको हुन्छ । उपकार भावनाले स्वर्ग, स्वार्थको भावनाले मर्त्य र हिंसाको भावनाले नर्कको वास हुन्छ । यसैगरी राम्रो भावना लिने मानिस सदा देव वनेर यही स्वर्गमा रहन्छ, मिश्रित भाववाला संसारको सुख दुःख भोगमा पर्दै मर्त्यलोकमा

वस्छ अनि षड्यन्त्र, परपीडा, भ्रष्टाचार, शोषण, अन्याय गर्ने मानिस सदा दानव वनेर नर्कमै वस्दछ ।

❀

७८. म को हुँ ?

कसलाई थाहा छैन होला यस प्रश्नको जवाफ ? सवैलाई थाहा भएर पनि कसैलाई थाहा छैन । थाहा भएर पनि थाहा नहुनु अचम्मै हो ! "म" को जो परिचय हामी सवैलाई वालककालदेखि नै परिवार समाजले दिएका छन् ती परिचय सवै गलत भएकाले थाहा भएर पनि थाहा छैन भनिएको हो । के थाहा छ त ? "म फलानो जातिको हुँ , फलानोको छोरा हुँ, पति हुँ, पत्नी हुँ, फलानो देशको हुँ, फलानो धर्मको हुँ, भनेर । यी कुनै पनि सही उत्तर होइनन् । यी सवै कुरा वावु, आमा, समाज, देश, धर्म, चलनले दिएका काल्पनिक परिचय मात्र हुन् । भरखर जन्मेका वच्चामा यी कुनै कुरा पनि हुँदैनन् । अझ गर्भमा छँदा अनि गर्भमा आउनुभन्दा अगाडिको "म" को परिचय ख्वै ? फेरि मृत्युपश्चात्को "म" को परिचय ख्वै ?

भारतको अरुणाचलमा वस्नुएका महर्षि रमण योगीको वारेमा यस्तो कुरा छ । रमण कुनै गाउँका मध्यमवर्गको परिवारमा जन्मेका थिए । कुमार अवस्थामा कामविशेषले मामाघर गएका रहेछन् । राती एक्लै कोठामा सुतेका थिए । अवेला वल्ल वल्ल निद्रा के परेको मात्र थियो आफू मरेको दु:स्वप्न देखेछन् ! झल्याँस्स व्यूँझँदा त मुटु ढुकढुक गरिरहेको, स्वाँस्वाँ भैरहेको अनि जीउभर पसिनाले लथपथ भैरहेको पाए ! उनलाई असाध्य डर लाग्यो । मध्यरात छ, के गरुँ कसो गरुँ भयो । घरमा अरूलाई उठाऊँ कि जस्तो पनि लाग्यो । फेरि सपना देखेर पनि डराउने लाछी भन्नेपो हुन्कि जस्तो पनि लाग्यो । अनेक तर्कवितर्क गर्न लागे । आखिर उनलाई एउटा विचारले प्रेरणा दियो-"यो मर्ने भनेको के रहेछ त ?" सपनामा पनि त म मरेको थिएँ, मरेको आफैंले देखेको थिएँ । यो कसले के देखेको रहेछ ? फेरि एक पटक आँखा चिम्लेर सुत्छु र हेर्छु,

मरेको भनेको के कस्तो रहेछ, को मर्ने रहेछ" ! यति विचार गरी आँखा चिम्लेर खाटको तल लम्पटमा पल्टेर मृत्युको विचारमा डुवेछन् । एकै छिनमा त आफू मरेको ! परिवारले शोक गरेको र मुर्दा लगेको, जलाएको कल्पना दृश्य रूपमा देखे । कल्पनावाट आफ्नो पूर्वस्थितिमा फर्केपछि उनलाई दृढ भएछ "यो मर्ने भनेको त शरीर रहेछ, शरीर मर्दा पनि यो मरेको देख्ने 'म' त वाँकी नै हुने रहेछ । यो शरीर र मन उपर घटेका यावत् क्रियाकलाप त दृश्य मात्र रहेछन् ! म त देख्नेवाला द्रष्टा मात्र पो रहेछु ! सारा अवस्था मेरा अगाडि घट्ने रहेछन् ।" सच्चा आफू को ? भन्ने कुराको वोध उनलाई त्यही भएछ । विहान हुन लागेको थियो कसैलाई पत्तै नदिई त्यतावाट उठेर उनी अरुणाचलतिर लागे । तत्पश्चात् रमणवाट वहाँ महर्षि रमण हुनुभयो । वहाँले भक्तजन, मुमुक्षु र श्रद्धालुहरुलाई यही कुरामा वढी जोड दिनुहुन्थ्यो, "म को हुँ" यसै महामन्त्रमा मनन गर, चिन्तन गर ज्ञानको लागि, आत्मदर्शनको लागि, यही सर्वोत्तम र सरल छ ।

हुन पनि यस महामन्त्र उपर गहिरिएर सोच्ने हो भने सारा ज्ञानको सार यिनै तीन शव्दमा अटाएका छन् । अहिलेसम्मका सद्गुरु र सत्शास्त्रहरुले पनि यसै महामन्त्रको अनुभव गराउनको लागि नै अनेक तरकीव तथा विधिवाट कोशिश गरिरहेका पाइन्छ । सवै धर्मको, सवै मानिसको एक मात्र उद्देश्य छ, आफूलाई चिन्नु । आत्मस्वरूप "म" भएकोले आफूलाई नचिनी आत्मा अर्थात् परमात्मा पाइन्न, यो पक्का छ ।

७९. अन्धो हुनु अज्ञान हो आँखा देख्नु ज्ञान हो

अन्धो अर्थात् आँखा नदेख्नेले जहाँसुकै अन्धकार मात्र देख्दछ भने दृष्टिवानले जताततै उज्यालो देख्दछ । अन्धो मानिसलाई जतिसुकै उदाहरण दिएर ज्योति यस्तो हुन्छ भनेर भने पनि उसले उज्यालो देख्न सक्तैन ।

यसैगरी अज्ञान रहुन्जेल सत्यको दर्शन हुँदैन, अज्ञान हटेपछि तुरुन्त सत्यको ज्ञान हुन्छ ।

एक पटकको घटना हो, एकजना जन्मान्ध मानिसले एउटा भोजमा जाँदा त्यहाँ खीर खाएछन् । उनलाई खीर खूव मन परेछ । एकजनासँग उसले "यो खीर भनेको के चीज हो, यो कस्तो हुन्छ मलाई वताइदिनुपर्‍यो" भनेछन् । कुनै पनि प्रश्न सोध्नुमात्र पर्छ वताउने मानिसको के कमी ! धेरै मानिसले धेरै तरीकाले खीरका वारेमा संझाए, तर कुनै कुराले पनि अन्धाको चित्त वुझेन । आखिर एकजना पण्डित निक्लेर भने, "खीर भनेको दूधवाट वनाइन्छ । "यो दूध भनेको कस्तो हुन्छनि ?" भनी अन्धाले सोधे । दूध भनेको सेतो हुन्छ भनी पण्डितले भने । सेतो भनेको कस्तो हुन्छ भनी अन्धाले सोद्धा सेतो भनेको चिनी जस्तो हुन्छ भने । चिनी कस्तो हुन्छ त भन्दा चिनी हस्तिहाड जस्तो हुन्छ भने । हस्तिहाड कस्तो हुन्छ भन्दा हस्तिहाड लठ्ठी जस्तो हुन्छ भने ।" ए उसो भए खीर भनेको मेरो हातमा भएको लठ्ठी जस्तो पो हुँदो रहेछ !" भनी अन्धाले चुपो लागे । उता पण्डित मैले अन्धोलाई चित्त वुझाइदिएँ भनी दङ्ग परे । उता ती अन्धा घरमा गएर स्वास्नीलाई फेरि सोध्न थाले । स्वास्नीले लोग्नेलाई डोर्‍याउँदै वुद्धकहाँ लगेर "हे भगवान्, हजूरले मेरा पतिलाई खीर कस्तो हुन्छ चित्त वुझ्ने गरी संझाइदिनु पर्‍यो" भनी विन्ति गरिन् ! वुद्धले तुरुन्तै त्यही सहरको एकजना चिकित्सकलाई वोलाउन पठाएर आँखाको उपचार गराइदिनु भयो । केही दिनमा आँखा ठीक भयो । वुद्धले खीर कचौरामा हालेर तिनको अगाडि राखेर, "ल खीर खाऊ ! दर्शन गर ! स्वाद लिऊ, यही हो खीर !' भन्नुभयो ।

अन्धोले खीरको विभिन्न व्याख्या सुने झैं अज्ञानीले व्याख्या सुन्छ र भन्न पनि सक्छ तर अनुभूति पाउन सक्दैन । चिकित्सकको सहारावाट आँखा ठीक गराएर खीर देखेझैं हामी पनि सद्‌गुरु सन्त, महात्मारूपी चिकित्सककहाँ गएर अज्ञानरूपी अन्धकारलाई हटाएर ज्ञानरूपी ज्योति वाल र सत्यको दर्शन स्वयंले गर्नुपर्दछ अनिमात्र सच्चा ज्ञान हुन्छ ।

❀

८०. कल्पनाको प्रभाव

मन भनेको काल्पनिक र हुँदै नभएको कुरा हो तापनि यसको प्रभाव हाम्रो जीवनमा ज्यादै गहिरोसँग परेको हुन्छ ! वास्तवमा भन्ने हो भने हामी र हाम्रा जीवनको हरकृत्य तथा घटना सव मान्यता मात्र हुन् । हाम्रो आफ्नै विचार र मान्यताले नै हामीलाई जकडी राखेको हुन्छ । मानिसको जन्म हुनु, जीवन चल्नु, मृत्यु हुनु, सुख-दुःख हुनु आदि यावत् कुरामा मनकै प्रमुख भूमिका भएको हुन्छ । मनले मान्यो, ठान्यो कि मान्यता भयो । आफूलाई जे मान्यो आफू त्यही हुन्छ त्यसैगरी आफूले अरूलाई जे मान्यो त्यो त्यही हुन्छ ।

नागार्जुन भन्ने एक महात्मा हुनुहुन्थ्यो । वहाँकहाँ एकजना युवक ज्ञान पाउन भनी आएछन् । वडो हठी युवक थिए । ज्ञान नपाई म कतै जान्न भनी त्यहीं वसे । यसलाई ज्ञान दिलाइदिनै पऱ्यो भनी नागार्जुनले ती युवकलाई त्यही नजीकैको एउटा गुफामा लगेर थुनिदिनुभयो । साँझ र विहान भुजा दाल तरकारी लगेर 'हे भैंसी ल भूसा खा ! कुँडो खा !' भनेर दिन लाग्नु भयो । २।३ दिन पछित युवकलाई आफ्नो जीउ गऱ्हौं गऱ्हौं जस्तो अनुभव हुन थाल्यो ! अर्को दिन त जीऊ एकदम भारी, पुच्छर पनि चलेजस्तो हुन लागेको अनुभव भयो ! अर्को दिनमा त पूरै भैंसीकै अनुभव भयो । सातौं दिन विहानै नागार्जुन आएर, "ए युवक ! वाहिर आऊँ" भनी वोलाउनुभयो । युवकले वाहिरवाट वोलाएको आवाज सुने । एकै छिनपछि भित्रवाट जवाफ दिए, "गुरुदेव ! यो गुफाको प्वाल सानो छ ! मेरो सिङ छिर्दैन कसरी वाहिर आऊँ !" गुरुले वाहिरवाट सम्झाउँदै भन्नुभयो, "तिमी त भैंसी होइनौ, तिमी त फलानो युवक हौ, तिमी आफूले भैंसी ठानेका मात्र हौ मैले भनेको मानेर तिमी गुफाभित्र पसेको र मैले धेरै पटक भैंसीको रटन लगाएकोले तिमीमा भैंसीको भाव भएको मात्र हो भनी वारम्वार भन्दै जांदा क्रमशः युवकको भारीपना हराउँदै गयो, पुच्छर हरायो, सिङ हरायो, भैंसीको मान्यता सवै हराएर आफ्नो अगाडिको युवकशरीरमै फर्केर वाहिर आएर गुरुलाई दण्डवत गरे ? तव गुरुले सोध्नुभयो, "ज्ञान पायौ त ?" कसरी गुरुदेव ?" भनी युवकले भन्दा नागार्जुनले भन्नुभयो, "५-६ दिनमात्र तिमीले आफूलाई भैंसी हुँ भनेर मानेर वस्दा तिम्रा सिङ, पुच्छर सवै उम्रेको तिमीलाई

अनुभव भयो ! तिमी भैंसी नै वन्यौ ! फेरि आफूलाई भैंसी त मानेको पो रहेछ भन्ने कुरा वुझ्ने वित्तिकै भैंसीको भ्रम हट्यो, त्यस्तै गरी आफूलाई अज्ञानी छु भन्ने पनि तिम्रो मान्यता मात्र हो । तिमीले अज्ञानी छु भन्ने कुरा धेरै अघिदेखि मानिरहेकोले अज्ञानी भएका मात्र हौ, तिमी त शुद्ध ज्ञान स्वरूप नै छौ तिमीले मानिन्जेल तिमी अज्ञानी नै हुन्छौ, म त अज्ञानी होइन रहेछु भनेर मान तिमी ज्ञानी भैहाल्छौ । यसैगरी तिमीले म दु:खी छु भन्ने माने दु:खी हुन्छौ, म सुखी छु भनेर माने सुखी हुन्छौ । नाम, रूप, नाता, संवन्ध, ठीक, वेठीक, राम्रो, नराम्रो, आफ्नो, पराइको आदि सवकुरा तिम्रा मान्यता मात्र हुन् ! सारा खेल मन र मान्यताकै संस्कार हो । मनलाई र मान्यतालाई पन्छाइदिने वित्तिकै आत्मस्वरूपमा पुगिहालिन्छ ।

❀

८१. वनको बाघले खाँदैन मनको बाघले खान्छ

यो सामान्य उखान मात्र होइन आजको संसारका अधिकसेअधिक मानिसलाई यस उखानले साक्षात् रूपमा प्रकट भएर जीवनलाई सताइरहेको छ । वनको वाघभन्दा वढी खतरनाक मनको वाघ हुन्छ ।

प्राचीन समयमा वगदाद राज्यमा घटेको एउटा घटना हो, वगदादका राजा एकदिन घोडामा चढेर घुम्दै थिए एउटा कालो छायाँको रूपमा भयानक आकृति आफ्नो अगाडि उभिएको देखेर घोडा रोकेर राजाले भने, "मेरो अनुमतिवेगर मेरो राज्यभित्र पस्ने को होस् तँ" ? त्यो आकृतिले भन्यो, 'म मृत्यु हुं ! आजको सातदिन भित्र तिम्रो राज्यवाट मैले पाँच हजार मानिस लैजानु छ । तिमी राजा भएकाले तिमीलाई खवर गरिदिऊँ भनेर मात्र आएको । मृत्युलाई कहीं पनि जान कसैको अनुमति लिनु पर्दैन !" यति भनी मृत्यु त्यतावाट फर्के । राजाले मृत्युसंग भेट भएको, तथा मृत्युले भनेको कुरा राज्यभरि सुनाएर होशपूर्वक, सावधानीपूर्वक वस्ने जनाउ दिए । सव मानिस सतर्क भए । भोलिपल्ट नै

ल्पेग रोग देखिन थाल्यो । हेर्दा हेर्दै सातदिन भित्रमा ५० हजार मानिस मरे ! सातदिन पछि मृत्यु फेरि राजाकहाँ आएर आफ्नो कार्य पूरा गरेको खवर सुनाए । राजाले मृत्युसंग रिसाउँदै भने, 'ठीक छ ! तिमी मृत्युलाई कहीं पनि जान कसैको अनुमति लिनुपर्दैन, तर ढाँट्न त हुन्नथ्यो नि ? सात दिनभित्र ५ हजार मानिस लैजान्छु भन्ने लैजाने वेलामा ५० हजार मानिस लैजाने, के गरेको ? किन ढाँटेको ?' राजाको यो कुरा सुनेर मृत्युले भने, "हे राजा ! मैले ढाँटेको होइन ! मलाई ढाँट्नु पर्ने आवश्यकता पनि छैन । ५० हजारै चाहिएको भए म त्यसै वेला भनिदिने थिएँ । मलाई चाहिएको त ५ हजार मात्र थियो र मैले नै लगेको त ५ हजार मात्र हुन् तर वाँकी ४५ हजार मानिस त आफ्नै आएका हुन् ! रोगको, मृत्युको नाम सुन्ने वित्तिकै आत्तिएर आफैं मरेका हुन् मलाई चाहिएर लगेको होइन !' आजका मानिसको मनोदशा पनि यस्तै छ । तथ्य एकातिर छ, खास कुरा एक थोक छ । मनको भ्रान्तिले गर्दा असंख्य मानिस दु:खित, पीडित र चिन्तित वनिरहेका छन् ! अडकल, अन्दाज, कल्पना र मान्यताको भरमा हुँदै नभएको कुरालाई हो भनेर, हुँदै नहुने कुरालाई यस्तो होला भन्ठानेर वनको वाघका मुखमा होइन मनको वाघको मुखमा आफैं फालहाल्दैछन् ! मनको कल्पना, धारणा, त्रास आदि कुरा नै मनका वाघ हुन् । वनमा त यदाकता एकाध वाघ भेटिइन्छन् ! तर मनका वाघ अनगिन्ती छन् । यी मनका वाघले हरक्षण हामीलाई हमला गरिरहेका छन् ! दिनमा नपुगेर रातमा निदाएको वेलामा पनि यी मनका वाघले सपना वनेर हामीलाई हमला गरिरहन्छन् ! फेरि वनको वाघले त मारे पनि हामीलाई एकै पटक मात्र मार्छ, वनको वाघको पञ्जावाट त फुत्कन पनि सकिन्छ तर मनको वाघले त हामीलाई एकै जिन्दगीमा पनि हजारौं पटक मार्दछ । मनको वाघवाट वच्न पनि ज्यादै कठिन छ । वास्तवमा गहिरिएर सोच्ने हो भने यो मनको वाघ हुँदै नभएको वाघ हो, कल्पनाको, मान्यताको वाघ मात्र हो ।

❀

८२. प्रार्थना कसरी ?

प्रार्थना जसरी पनि हुन्छ । सक्कली प्रार्थनामा विधि भन्ने कुरै हुँदैन । जहाँ विधि हुन्छ त्यहाँ कृत्रिमता भैहाल्दछ । प्रार्थना वाहिरवाट गरिने कृत्य होइन । भित्री भावको वाहिर स्फुरण हुने अर्थात् वाहिर प्रकट हुने अवस्था नै प्रार्थना हो । प्रार्थनाको लागि कुनै नियम छैन । भगवान् प्रति भएको भाव विभोर वाहिर निस्कँदा त्यही प्रार्थना हुन्छ । संसारमा चल्न, सांसारिक चीज वस्तु पाउन नियम, विधि आदि चाहिन्छ तर प्रार्थना सांसारिक कुरा नभै आन्तरिक कुरा भएकोले पदार्थको प्राप्तिको जस्तो विधि विधान चाहिँदैन । पदार्थ वाहिरवाट पाइन्छ परमात्मा भित्रवाट मात्र पाइन्छ । विधि वन्धन हो, मान्यता हो, तर प्रार्थना मान्यता होइन, यो स्वाद हो । सिकाएर, विधिपूर्वक प्रार्थना गरेर परमात्मा पाउन सकिने भए त अहिले सम्ममा लाखौं करोडौं मानिसले पाइसक्थे !

एकजना भेडागोठाला एउटा भव्य मन्दिरको नजीकैको जंगलमा दिनभरि गाना गाउँदै, कहिले भेडाहरूसँग जिस्कँदै, कुरागर्दै आनन्दमग्न भएर भेडा चराएर घर गएर आरामसँग खानपीन गरेर मस्तसँग सुत्ने गर्दथ्यो । एक दिन त्यही नजीकको मन्दिरका मूल पूजारी त्यही जंगलको वाटोगरी जान लागेका रहेछन् । पर ! कोही कुरा गरेको जस्तो सुनेर कान ठाडो पारेर सुन्न लागे । "हे भगवान् ! कि त मलाई वोलाऊ, कि त तिमी आऊ, तिमीलाई म पनि खुशी पार्नेछु, तिम्रा खुट्टा दुखेका वखतमा म तेल लगाएर, खुट्टा मिचेर तिमीलाई आराम पारिदिउँला, गीत गाएर तिमीलाई सुताइदिउँला, तिम्रा लुगामा, कपालमा कति जुम्रा परेका होलान् ! म सवै जुम्रा टिपेर मारिदिउँला" अरू सवै कुरात हाँसेर पुजारी सुन्दै थिए तर भगवान्को जुम्रा टिपिदिउँला भनेको कुराचाहिं सहन सकेनन् । को मूर्ख रहेछ ! यस्तो नचाहिंदो कुरा वोल्ने भनेर अगाडि वढेर हेर्छन् त गोठालो उत्तानो परेर उपरखुट्टि लगाएर आकाशतिर एकटक लगाएर हेरेर तल्लीन भएर मस्तसंग कुरा गरिहेको देखे ! "के वकवक गरिरहेको ?" भनेर पुजारीले कडा स्वरले भने । तल्लीनतावाट झसंग भएर गोठालो जुरुक्क उठ्यो । पुजारीलाई अगाडि देखेर डराउँदै हात जोरेर उभियो । "हे मूर्ख ! के गरिरहेको तँ" ? भनेर पुजारीले फेरि सोध्दा "म भगवान्सँग प्रार्थना गरिरहेको हजूर," भनेर गोठालाले भन्यो । 'धत्तेरिका

उल्लू, त्यसरी पनि भगवान्को प्रार्थना गर्ने हो ! भगवान्लाई पनि कहीं जुम्रा पर्छ ?" भनेर पुजारीले भन्दा डराउँदै गोठालाले भने, 'मलाई पनि जुम्रा पर्छन्, दुख्छ, भेडालाई पनि जुम्रा पर्छ, छटपटाउँछन्, यो देखेर भगवान्लाई पनि जुम्राले टोक्लान् अनि भगवान्लाई पनि दुख्ला भनेर टिपिदिन्छु भनेको हजूर, गल्ती भएको भए माफ पाऊँ अनि भगवान्को प्रार्थना कसरी गर्ने त ? सिकाइ पनि दिनु हुन्छ कि ?" भनेर गोठालाले भन्दा पुजारीले संस्कृत भाषामा छन्दवद्ध भएको एउटा श्लोक भनिदिंए । पलेटी मारेर, आँखा चिम्लिएर यो श्लोक भनेर प्रार्थना गरेमात्र भगवान् खुशी हुनुहुन्छ भनेर त्यहाँवाट हिंडे । गोठालाले के संभिनयोस् विचरा ! भन्नै पनि र वस्नै पनि सकेन "मैले त संभिनँ र जानिनँ पनि हजूर" भनेर गोठालाले भन्दा रिसाएर, "हे मूर्ख ! पढ्नुपर्छ अनि आउँछ । भोलिदेखि विहान विहान मन्दिरमा आइज अनि पूजा प्रार्थना कसरी गर्नुपर्छ भनेर सिक्लास् "? भनी त्यहाँवाट अघि वढे । जंगलमा अलिकति के अघि वढेका थिए भगवान्को आकाशवाणी भयो,"हे पुजारी ! तिमीले मेरो एउटा प्यारो भक्तलाई मेरो सच्चा प्रार्थनावाट विचलित गरायौ, जाऊ फर्क र त्यो विचलित मेरो भक्तसंग क्षमा माग र उसले गर्ने गरेको प्रार्थना नै सच्चा प्रार्थना हो भनिदेऊ र उसलाई मसंग जुट्न देऊ !"

भगवान् शव्दजालमा वाँधिने, विधिविधानमा वाँधिने वस्तु होइन । भगवान्को वास भावनामा मात्र हुन्छ । नारद वीणामा, मीरा, तुलसी भजनमा, वुद्ध ध्यानमा, शंकर ज्ञानमा, रामकृष्ण भक्ति भावमा विभोर भएर प्रार्थनामा हुन्थे । सवै ठीक यदि भाव छ भने । सवै गलत यदि अनुकरण छ भने ।

❀

८३. सच्चा दान अनन्त भेटी

दिनु, अर्पण गर्नु, चढाउनुलाई,सवैले दान मानेका छन् र दानलाई ठूलो धार्मिक क्रिया पनि मानेकाछन् । तर कर्ता भावमा र वाध्यतावश दिइएको दान, अर्पण गरिएको भेटी, कोसेलीमा केही पनि रत्तिभर धार्मिक

क्रिया हुँदैन र यस्तो दान, भेटीवाट त झन् अहंकार वढेर त्यो मानिस झन् झन् अधार्मिक हुँदै हुँदै जान्छ । आज कतिपय मानिस आफूलाई गरीवलाई दिएका दान र भगवान्लाई चढाएका भेटी,नैवेद्य, पूजासामग्री आदिमा यस्तो दानी, यस्तो धार्मिक भनेर कहलाउनको लागि दिन्छन् भने कतिपय यति नदिए, यसो नगरे अरुले के भन्लान् भनेर दिने गर्छन् ! कतिपयले चलन र विधि व्यवहार अनुसार यति गर्नै पर्छ नगरे अनिष्ट हुन्छ भन्ने त्रासमा पनि गर्दछन् । यस्ता कुनै पनि कारणबाट गरिएका, दान, भेटी, अर्पण आदि धार्मिक कार्य हुँदैनन् ।

सवरी भन्ने तल्लो जातकी एउटी आइमाई रामकी परम भक्त थिइन् । राम वनवास गएका वखत सवरीले रामलाई चढाउन भनी वनमा गएर वयर खोज्न लागिन् । वयर टिप्दै चाख्न लागिन् । अमिलो टर्रो जस्तो आफूले खाइन् । जुन जुन वयर गुलियो हुन्थ्यो त्योचाहिं रामलाई भनेर झोलामा हाल्थिन् । यसरी जूठो वयर पातको थालीमा हालेर रामलाई चढाइन् । रामले त्यो जुठो वयर खाँदा भन्नुभएको थियो, "यति मीठो स्वाद त मैले अयोध्यामा वस्दा मेरी आमा कौशल्याले ख्वाएको खानाबाट पनि पाएको थिइनँ ।"

यस्तै श्रीकृष्णका साथी सुदामाले कनिका अर्पण गरेको घटना पनि स्मरण गर्न लायकको छ । सुदामा ज्यादै गरीव थिए तर उनी श्रीकृष्णलाई अति प्रेम गर्दथे । भेट्न मन लागेतापनि खालीहात जान सकेका थिएनन् । एकदिन श्रीकृष्णको प्रेमले ज्यादै आकर्षण गऱ्यो । घरमा केही थिएन । एकमुठी कनिका थियो, त्यही लिएर गए । श्रीकृष्णले त्यो कनिका अति मीठो मानेर काँचै खाइदिनुभयो ।

रामकृष्ण परमहंसले पनि कालीलाई भोग चढाउँदा दाल, तरकारी चाखेर मात्र चढाउने गर्नु हुन्थ्यो । जुठो खाना किन चढाएको भन्दा, नून चर्को छ कि, खल्लो छ कि, ज्यादै तातो छ कि आमालाई ठीक्क पो खान दिनुपर्छ' भन्नुहुन्थ्यो !

यसैगरी खुट्टामा कोढ भएको एकजना माग्ने वाटोको छेउमा माग्दै थियो । कोही २ पैसा, कोही ४ पैसा त कोही एक रुपियाँसम्म पनि दिन्थे । मयलले कट्कटिएको थोत्रो गन्हाउने लुगा लगाएको परैबाट दुर्गन्ध आउने त्यो माग्नेको नजीकै एकजना युवक आएर त्यसलाई पैसा दिन भनी खल्तीमा हात हाले । माग्नेले ती युवकको मुख हेरिरहेको थियो ।

हात खल्तीमा, आँखा भूइँमा ट्वाल्ल गरेर एकैछिन, अडिएर वडो नम्र स्वर गरेर एक हातले त्यो माग्नेको आंगमा थपथपाउँदै ती युवकले "हेर भाइ ! खल्तीमा पैसा रहेनछ माफ गर भोलि दिउँला है ?" भने । त्यो माग्नेले हर्षाश्रु वगाउँदै, अहोभाव प्रकट गर्दै भन्यो, "मलाई भाइ भनेर मेरो पिठ्यूँ थपथपाएर यसरी प्रेम गरेपछि अरू के चाहिन्छ र ? लाखौं दिएको भन्दा वढी पाएँ " । माथिका चार घटनावाट हामीले सच्चा दान, सच्चा भेटी के कस्तो हुँदो रहेछ भन्ने कुरा राम्ररी वुझ्नुपर्दछ ।

❀

८४. वासना

वासनाका धेरै नाम छन् : इच्छा, चाहना, माया, ममता, आदिको सघन अवस्थालाई वासना भनिन्छ । वास्तवमा भन्ने हो भने हाम्रो जन्म, मृत्यु र जीवनचक्रको खेल नै यही वासना हो । वासनाले मानिसलाई चारैतिरवाट जकडेको छ । चाहना दुई प्रकारका छन्, हामीले चाहेको कुरा नमिले पनि जीवन राम्ररी चल्ने र चाहेको नभएमा जीवननै नचल्नेकुरा । यी दुइटा चाहना हुन्छन् । जस्तै-भोकको लागि भोजन र प्यासको लागि पानी नभै जीवन नै चल्दैन । जिव्रो र स्वादको लागिका कुरा नभएमा पनि जीवन राम्ररी चल्दछ । जवर्जस्ती वासनालाई नियन्त्रण गऱ्यो भने झन् त्यो विस्फोट भएर निक्लन्छ र विकराल हुन्छ ।

वासनाका केही सत्य घटना : घाटमा पुऱ्याइएकी एउटी ८० वर्षकी वुढिया अन्तिम अवस्थामा पुगेर अड्किरहेकी थिइन् । वालविधवा सानै उमेरदेखि व्रत-उपवास, भजन-कीर्तन, प्रवचनमा व्यस्त रहने, माछा-मासु, लसुन- प्याज केही नखाने धर्मकी अवतार मानिएकी ती वुढियाको प्राण निक्लन धेरै समय लाग्यो ! कहिले ती वुढिया तन्कने, कहिले आँखा खोल्ने, कहिले हात उठाउन खोज्ने गर्दैथिइन् । वरपर वस्ने मानिस, 'राम भन्नुस्, नारायण भन्नुस् वज्यै !' भनी कराइरहेका थिए । यत्तिकैमा तिनले आँखा खोलेर, सानो स्वरमा 'मासु !' भनिन् ! यस्ती धार्मिक वुढिलाई मर्ने वेलामा कसरी मासु खानदिने भनेर कटहरको

तरकारीको सानो टुक्रा परवरको अलिकति रसमा राखेर मुखमा हालिदिए। तर बुढियाले तुरुन्तै मुख विगारेर थुकिदिइन्! फेरि एक पटक "मासु!" भनिन्! घाटे वैद्यले, मासु खान नपाई बुढियाको प्राण जाँदैन भने। पकाएको मासुको सानो टुक्रा र झोल मुखमा हालिदिए। आँखा र मुख उज्याला भए! तृप्तिको अनुभव देखियो! वडो स्वादसंग जिब्रो र मुख चलेको र घाँटीवाट निलेको देखियो। मासुको टुक्रो मुखैमा रहे पनि झोल निलियो, प्राण पनि निक्लियो!

६० वर्षको उमेरमा तेस्रो विवाह गर्ने एकजना मानिस ७० वर्षको उमेरमा माथिकै जस्तै अवस्थामा घाट पुगे। प्राण निक्लन धेरै समय लियो। आँखाले केही खोजिरहेको देखियो। वूढाको जीवनी सुनेर घाटेवैद्यले कान्छी स्वास्नीलाई ल्याउनु पर्छ भने। परवाट आउन लागेकी कान्छी स्वास्नीको हावा पर्नासाथ वूढाका आँखा र मुखमा चहक आयो। नजीकै स्वास्नी आएपछि वूढाले हात पसारेर कान्छीको काखमा राखे, प्राण पनि निक्लियो!

टाइफाइड ज्वरोमा घन्टौंसम्म वेहोश भएका ५० वर्षका वूढाको होश खुल्दा पहिलो वाक्य निक्लियो "साँचो" अनि हात तुनामा पुग्यो। खै मेरो साँचो? सदा सेफको साँचो तुनाँमा वाँध्ने वूढाको तुनामा फेरि साँचो ल्याएर वाँधिदिए।

धेरै दिनको वेहोशीपछि होश खुल्दा ४० वर्षका एकजना मृगौला, रक्तचाप र मधुमेह रोगले पीडित अधिकृत भन्छन् "खवर सुन्न नपाएको धेरै भयो रेडियो खोल!"

८५. मन

सवै इन्द्रियका मालिक मन हो। धेरै प्रकारका प्रलोभन देखाएर, फकाएर, फुल्याएर यो मनले इन्द्रियहरूलाई वहुतै इमान्दार नोकर वनाएर राखेको छ। त्यही लोभमा परेर मानिस हरवखत यही मन मालिककै काम गर्नमा व्यस्त रहन्छ! कोही पनि मानिसले जन्मदादेखि मनलिएर

आएको हुँदैन तर त्यही मानिसमा पालन- पोषण, परिवार, शिक्षादीक्षा, समाज, संगत, रीतिरिवाजको प्रभावमा पर्दै मन निर्माण हुन थाल्दछ । यसरी यी सबै वातावरणका समष्टि रूप नै मन हुन पुग्छ । हुँदाहुँदा मानिस मान्यतामा यसरी जकडिन पुग्दछ कि हुँदैनभएको काम, कुरालाई पनि हो भन्न थाल्दछ, होइन जस्तो लागे पनि वाध्यतावश हो भन्न थाल्दछ, कसैले होइन भन्यो भने पनि हो भन्नुपर्दछ भनेर हो भन्न थाल्दछ ।

प्रचलित एउटा कथा सुनौं, धन, संपत्ति र राज्य प्रशस्त विस्तार गरेर अहंकारले मदमस्त भएर वसेका एउटा राजाकहाँ एकपटक एकजना छट्टू मानिस आएर राजाको दर्शन गर्न गएछन् । राजाले दर्शन दिए । ती आगन्तुकले राजाको मुरी-मुरी प्रशंसा गरे । प्रशंसाको क्रममा, "हजूर विश्व विजयी, चक्रवर्ती राजा भएपछि त हजूरले पनि स्वर्गका राजाले लगाउने जस्तो पोशाक लगाउनुपर्दछ अनि त्यो पोशाक लगाएर राज्यपरिक्रमा गरेपछि हजूरलाई स्वर्गको राज्य पनि मिल्दछ," भने । छट्टूको त्यो कुरामा राजा ज्यादै प्रभावित भएर "त्यस्तो पोशाक कसरी पाउने त," भनी भन्दा, म त्यो पोशाक तयार गर्न सक्छु तर मलाई छ महिनाको समय र दरवारमा एउटा कोठा, कपडा र पोशाक राख्ने ठाउँ र कपडा किन्न १० हजार असर्फी चाहिन्छ । अनि हजूर दिनदिनै सिएको हेर्न र नापो दिन पनि आइरहनुपर्दछ" भने । राजालाई चित्त वुझ्यो र सबै कुरा जुटाइदिए । त्यो मानिस असर्फी थन्क्याएर साँझपख पिठ्यूँमा केही वोकेर आएजस्तो गरी दरवारमा आयो । "किन वोके झैं गरेर त्यसरी हिंडेको ?" भनी राजाले सोध्दा "कपडाको पोको देख्नुभएन ! स्वर्गका राजाले लगाउने पोशाकको कपडा र यसवाट वनेको पोशाक त्यस्ता मानिसले देख्दैनन् जो आफ्ना वावुवाट नजन्मी अरूवाट जन्मेको हुन्छ ! राम्रोसंग हेर्नुहोस् त, कपडा कति राम्रो छ" भनी भन्दा राजाले, "आहा ! वल्ल देखें । हो गजव राम्रो रहेछ" भने । वास्तवमा कपडा छँदै थिएन । राजा दिनदिनै आउने, नापो लिने, विना सियो, धागो, कपडा सिएको हेर्ने गर्दथे तर मनमनमा, "म त केही देख्दिनँ ! तर देख्दिनँ भन्दा त आफ्नो वावुको छोरा नहुने भएवाट "हो, आहा ! कतिराम्रो मिलेको, सिएको" भनेर भन्दै गर्थे । ६ महीनामा नभएको पोशाक तयार भयो । नांगो पारेर ती संतले राजालाई नदेखिने पोशाक लगाइदिए । मनमनमा राजा संकोच

माने तापनि केही वोल्न सकेनन् ! छट्टूले तानतुन पारेजस्तो गर्छ, ठीक्क भएछ भन्छ । अव राजाको रथ तयार गर्न लगायो । स्वर्गीय पोशाकमा राजाले राज्य घुम्ने घोषणा भयो । "आफ्नो वावुवाट नजन्मेर अरूवाट जन्मनेले स्वर्गीय पोशाक देख्दैन आफ्नै वावुको सन्तानले मात्र देख्दछ" भन्ने कुरा पनि सुनाइयो । स्वर्गीय पोशाकमा राजाको दर्शन गर्न जनताको भीड लाग्यो । नांगा राजा रथमा उभिएर अभिवादन फर्काउँदै गए ! कसैले पनि स्वर्गको पोशाक देखेनन् तापनि सवैले 'आहा ! कति राम्रो' भनी तारीफ गर्न लागे !

५।६ वर्षको एउटा वालक पनि आफ्नो वावुको कुममा वसेर तमासा हेर्दै थियो ! यस वच्चाले वावुलाई भन्यो, "होइन ! राजा किन नांगै उभिएको ? लाज पनि नमान्ने" ? यो सुनेर वावुचाहिंले छोरोलाई हपार्न थाल्यो, 'त्यसो भन्न हुन्न, स्वर्गीय पोशाक त ठूलो भएपछि मात्र देख्नेछौ । चुपो लाग् भनेर जवर्जस्ती मुख वन्द गरिदियो !

मान्यताको जंजीरले वाँधिएको शुद्ध वाल्यावस्थाले जो देख्छ सही देख्दछ । यही वालक जव यसरी यस्ता मान्यताको साथमा वढ्दै जान्छ र भीडसंगै मिल्न थाल्दछ ! तव हुँदै नभएको काम कुरालाई पनि हो भन्न लगाउँछ । यसरी मनको निर्माण हुँदैजान्छ ! वास्तवमा मन भन्नु नै भीडको मान्यता हो । मान्यता र भीडमा नै यसको वास हुन्छ । एक्लै यो वस्न सक्तैन, एक्लै भयोभने पनि अनेक कल्पना गरेर भीड वनाइहाल्दछ । अरूको सहारामा मात्र यो वाँच्दछ, अरूको मान्यतामा नै यो घट्ने वढ्ने हुन्छ, सुखी-दु:खी हुने हुन्छ ।

८६ मृत्यु र विदेह

विजुलीको संवन्ध तारवाट छुट्नासाथ वत्ती निभेझैं शरीरवाट आत्माको संवन्ध टुटेपछिको घटनालाई मृत्यु भनिन्छ । वास्तवमा शरीर मृतक पदार्थवाट वनेकोले यो सदा मृतक नै छ यसको मृत्यु हुने भन्ने कुरै हुँदैन । आत्मा अमर र शाश्वत भएकोले यसको पनि मृत्यु हुने कुरै

छैन । वास्तवमा मृत्यु भन्ने हुँदै नभएको कुरा हो । जन्म र मृत्यु मनले मानेका काल्पनिक कुरा मात्र हुन् । यसै कुरालाई जसले वुझ्दछ त्यही महापुरुषलाई विदेही भनिन्छ । विदेहीको अर्थ हो देह भएर पनि, देह लिएर पनि मनको, वासनाको अधीनमा नफस्नु ।

राजा जनकलाई विदेही राजा भनिन्छ । एक दिन राजाका एकजना मंत्रीले आफू पनि विदेही हुन मन लागेको कुरा राजालाई विन्ति चढाए । के गरेदेखि कसरी, विदेही होइन्छ भ्‌नी विन्तिगर्दा राजाले, कुनै वेलामा यसको उत्तर दिउँला अव फेरि यो प्रश्न नगर भनी पठाए । राजा, मंत्री सवै आ-आफ्नो काममै व्यस्त भए । एक पटक राज्यमा एउटा अप्रिय घटना घट्यो । त्यसको दोष तिनै मंत्रीलाई पर्‍यो । वास्तवमा मन्त्री दोषी थिएनन् ! राजालाई त्यो कुरा थाहा थियो तापनि राजाले मंत्रीलाई फाँसीको सजाय दिने घोषणा गरेर जेलमा थुनिदिए । फाँसीको दिन र समय तोकियो । मंत्रीलाई पनि सुनाइयो । फाँसिदिने समय जुन दिनको ३ वजे थियो सोही दिन विहानको खाना राजाले आफैंसंग ख्वाउने भनी मंत्रीलाई लिन पठाए । थुनिएको दुई दिनमै मंत्री त खर्ल्याप खुर्लुप परेका ! रगत सुकेर फुस्रै भएका ती मंत्री राजाको नजीकै आएर आसनमा वसे । ८४ व्यञ्जनको सुस्वादिष्ट खाना ल्याइयो । अरू मंत्रीहरू पनि थिए । राजा र अरू सवै मंत्रीहरू भोजनको खूव तारीफ गर्दै खान लागे । ती मंत्री चाहिं एक टुक्रा खाना मुखमा हाल्छन्, निल्न सक्तैनन् । यसैवेला जनकले ती मंत्रीलाई सोधे, "मंत्रीजी ! खाना कस्ता छन् ? मन पर्‍यो कि परेन ?" मंत्रीले भने, "फांसी लाग्नु २ घण्टा वाँकी छ कहाँ खानाको स्वाद ! मुखमा रस नै छैन, मन फांसीमा, मृत्युमा छ भने यी खाना, यो भोज मेरो लागि केही छैन महाराज !" तव राजा जनकले हाँस्दै भन्नुभयो: "हे मंत्री, ! यो फाँसीको रचना मैले गरेको तिम्रो एक वर्षअगाडिको प्रश्नको उत्तरको लागि मात्र गरेको हुं ! तिमी दोषी छैनौ ! मलाई थाहा छ, तिमीलाई फाँसीको सजाय पनि छैन । तिमी यथावत मंत्री नै छौ ।" "यो कुरा सुन्ने विध्तिकै मंत्रीको सारा शरीर-रोमाञ्चित भयो पहेंलो चेहरा रातो भयो ! खिस्रिक्क परेको अनुहारमा चमक आयो ! तव मंत्रीले कसरी भयो त भनी सोध्दा राजाले भने, 'मजस्तै विदेही हुने कसरी भन्ने तिम्रो प्रश्न थियो । देख्यौ, वुझ्यौंत ? यस्ता मीठा भोजन पनि मृत्युको अगाडि वेस्वाद भयो ! यति राम्रो शरीर २ दिनमा मृत्युको नाम

मात्रले कस्तो तुल्यायो ? फेरि मृत्युको नाम हटाइदिने वित्तिकै चकिलो कसरी भयो ? तीन घन्टापछि कल्पना गरिएको मृत्युले तिम्रो स्वाद हरायो भने मसंग त मृत्यु पल पलमै निमेष- निमेषमै गाँसिएर वसेको छ । हेर ! यो शरीर मरणधर्मा हो, शरीर माने मरण । मरणलाई, मृत्युलाई नजानुन्जेल विदेही हुन सकिन्न । मेरो देह भएर पनि म यसमा छैन । हो, यो देह त मसंग छ, ममा छ तर म यसमा छैन । तिमी त पूरै देह वनेर वसेका छौ, देहलाई नै आफू ठानेका छौ । देहको मृत्युवाट भयभीत हुन्छौ, देह रहन पाउने भयो भन्दा प्रफुल्लित हुन्छौ ! तसर्थ विदेही हुनको लागि देह आफू होइन भन्ने कुरा राम्ररी वुझ्नुपर्दछ । यस तथ्यलाई राम्ररी वुझेमा मात्र विदेही होइन सक्छ ।"

८७. समर्पण नै सफल जीवन हो

समर्पण भन्नु नै जीवन रस हो । विना समर्पण जीवन सुखमय हुँदैन । जीवनको यस रहस्यलाई राम्ररी वुझ्न सक्यो भने मात्र जीवन सफल हुन्छ । प्रायशः मानिसको जीवन व्यवहार हेर्ने हो भने मानिस सँधै संघर्षमै व्यस्त छन् !

महान् सम्राट सिकन्दर विश्वविजय गर्न निक्लनुअगाडि राजमातासंग विदा हुन गए । छोरालाई आशीर्वाद दिँदै राजमाताले भनिन्, "हिन्दुस्तानतिर संत-महात्माहरु हुन्छन् रे तसर्थ घर फर्कदा एउटा दुईटा भए पनि सन्त- महात्मा ल्याउन नविर्स ।" सिकन्दर हिन्दुस्तानवाट विजय पताका फहराउँदै फँर्कदै थिए वाटामा एकजना सन्त नदीको किनारामा वसिरहेको खवर राजाकहाँ ल्याए । नांगो तरवार लिएका सैनिकहरु सहित राजाले ती सन्तलाई घेरेर यूनान हिंड भनी भने । सन्यासीले भने, "जुन दिनदेखि मैले सन्यास लिएँ; त्यसदिनदेखि मैले कसैको पनि आज्ञा मान्न छोडेको छु ।" सिकन्दरले रिसाएर प्रज्वलित हुँदै नांगो तरवार देखाउँदै भने "यो तरवार देखेका छौं ? यसले काटेर टुक्रा-टुक्रा गरिदिऊँ" ? सन्तले भने "जुन दिनदेखि मवाट अहंकार हट्यो त्यस दिनदेखि जो काटिनेवाला

थियो त्योसंग मेरो संवन्ध विच्छेद भैसक्यो । तिमीले काट्न त काटौला तर मलाई काट्न सक्दैनौ । तिमीले त्यसैलाई काट्नेछौ जसलाई मैले आफैंले उहिल्यै काटिसकें ।" सिकन्दरले आवेशमा आएर सन्तलाई काट्न हात उठाए तर उठेको हात तल झरेन । उठेको उठ्यै भयो । आजसम्म नकाँपेको सिकन्दरको हात कामेको देखियो ! आफ्नो अगाडि मन्दमुस्कानमा महात्मा खडा थिए । ती महात्माको नाम ददामी थियो । सिकन्दरले फेरि सोधे, "होइन ए सन्त ! तिम्रो मनमा आफू माथि खतरा आइपर्न लागेको केही अनुभव भएन ?" सन्तले भने, "म सुरक्षाको इच्छा नै गर्दिनँ । म सधैं भगवान्मा समर्पित भएकोले मेरो लागि खतरा र सुरक्षा भन्ने नै छैन । जो, जे आइपर्छ त्यसैमा म राजी छु ।"

सौभाग्यको लागि जसमा अपेक्षा छैन भने उसको लागि दुर्भाग्य भन्ने पनि हुँदैन । जीवन एक पाठशाला हो, त्यस पाठशालामा सिकाइने र सिक्ने शिक्षा नै समर्पण हो, जसले जीवनमा समर्पण भाव जगाउन सक्छ उही शिक्षित हुन्छ । जसले समर्पणलाई अँगालेर जीवनरथलाई चल्न दिन्छ उही ज्ञानी र उही तत्त्वदर्शी हुन्छ उही आत्मदर्शी हुन्छ ।

जति वढी अहंकारी उति वढी असुरक्षित र जति वढी समर्पित उति वढी सुरक्षित हुन्छ । जमीन जसको ओच्छ्यान छ आकाश जसको ओढ्ने छ, गुफा, छहरा जसको घर छ रूख-विरुवा जसको छहारी छ, अभय जसको छाया छ यस्ता परम पुरुषलाई केको लागि सुरक्षा? धन, पद, प्रतिष्ठा बटुल्ले र जीवनमा आइपर्ने दु:खवाट वच्न चाहने कातर मानिसलाई नै कदम- कदममा सुरक्षाको आवश्यकता पर्दछ । पद छिन्लान्, धन चोर्लान्, यश, प्रतिष्ठा हर्लान् भनेर हरक्षण कदम-कदममा असुरक्षित भएर वारवार त्यस्ता मानिस जीउँदै मरिरहन्छन् ।

८८. सुनेर स्वाद पाइन्न चाख्नै पर्छ

अर्काले खाएर आफूलाई स्वाद मिल्दैन भन्ने थाहा हुँदाहुँदै पनि मानिस खानपट्टि नलागेर अर्काले गरेको वर्णन सुन्नतिर र अर्काले

लेखिदिएको विवरण पढ्नमा मात्र व्यस्त रहेको पाइन्छ ! यतिका पढिसकें, यतिका सुनिसकें, यतिका सत्संग गरिसकें तैपनि क्यै पाइनँ भनेर गुनासो पनि गरिरहन्छन् ! पाकशास्त्र पढेर वा पकाउने विधि र खानाको स्वादको वर्णन अरूवाट सुनेर कहीं खानाको स्वाद थाहा हुन्छ ? वाहिरी जगत्का पदार्थको स्वाद त आँफैले लिनुपर्दछ अनि मात्र थाहा हुन्छ भने सत्यको, स्वाद थाहा पाउन त झन् त्यसैमा नडुवी कसरी थाहा पाउने ?

एक पटकको कुरा हो, कुनै ठाउँमा एकजना सन्त हुनुहुन्थ्यो । सत्यको स्वाद थाहा पाइसकेका सच्चा सन्त हुनाले वहाँकहाँ जिज्ञासुहरुको, ठूलो भीड लाग्न थाल्यो । वहाँले पनि करुणावश आफूले पाएको स्वादको यथाशक्य वर्णन गरेर स्वादप्रति उन्मुख गराउने प्रयास गर्नुहुन्थ्यो । भीड झन्-झन् वढ्दै गयो । ५० हजार मानिस त वहाँका अनुयायी मात्र वने ! वहाँले ती अनुयायीहरूलाई एकदिन भन्नुभयो, "हेर वावु हो ! मेरो भनाइको पछि लागेर मात्र हुँदैन, तिमीहरु आँफैले स्वाद लिनुपर्छ । स्वाद नलिई मैले स्वाद लिएको भरमा सत्यको स्वाद यस्तो हुन्छ भनेर भन्ने मानिसले त झन् कहिल्यै स्वाद लिनेतिर नै लाग्दैन । सत्यको स्वाद अवर्णनीय छ, अव्याख्य छ, तर अनुभवगम्य छ, अर्थात् यो स्वादै-स्वाद मात्र छ ।" सन्तले यसरी वारम्वार संझाउँदा पनि सुन्न र पढ्न नै सुगम ठानेर कसैले पनि स्वादमा डुवुल्की मार्ने साहस देखाएनन् । केही समयपछि सन्तको अन्तिम वेला भएछ । त्यस वखत वहाँका वरपर हजारौं शिष्यहरू शोकाकुल हुँदै अन्तिम उपदेशको लागि पर्खिरहेका थिए । त्यसै वेला सन्तले चिम्लेका आँखा उघार्नुभयो र सोध्नुभयो, "किन वावु हो ! मेरो वरिपरि यसरी भीड लागेर वसेका ?" एकजना चेलाले भने, "हजूर पाल्नुभएपछि हामी टुहुरा हुन्छौं, हामीलाई यस्तो दिव्य उपदेश अव कसले देला ? हजूरको अन्तिम उपदेश सुन्न पाइन्छ कि भनेर पनि हामी यसरी वसेकाहौं" ! स्वामीजीले हाँस्दै भन्नु भयो, "५० वर्ष अघिदेखि मैले उपदेश दिइरहेछु, कसैले सुनेजस्तो, वुझेजस्तो लागेन ! अन्तिम उपदेशले के गर्छौ ? म परमात्माकहाँ जाँदैछु, तिमीहरूमध्ये को- को परमात्माकहाँ जान तत्पर छौ अघि वढ, म तिमीहरूलाई साथै लिएर जान्छु ।" सवतिर सन्नाटा छायो ! न त कोही अघि सरे न त कसैले केही वोले ! एकजना अघि सरेर उभिए । त्योदेखि सन्तले हाँस्दै, "तिमी परमात्माकहाँ जान अघि सरेका हौ ?" भनी सोध्नुभयो । ती सज्जनले, "अहिल्यै गैहाल्ने वेला

अल्लि भैसकेको छैन मलाई मार्गनिर्देशन हुन्छ कि भनेर अघि सरेको" भने । संतले पुन: हँसिलो मुहारमा भन्नुभयो, "परमात्माकहाँ जाने हजारौ मार्ग मैले वताइसकें, आजसम्म कसैले ती मार्गवाट हिंडेको देखिनँ, मार्गको नाम कण्ठ गरेर, मार्गलाई नक्सामा राखेर, टाँगेर मात्र नहुने भएर नै मैले साथै सीधै लैजान खोजेको तर तिमीहरू कोही पनि तत्पर भएनौ ? म गएँ" भनी सदाको लागि आँखा चिम्लनुभयो ।

मानिसको मन वडो चलाख छ । सत्यमा डुवुल्की मार्ला भनेर यही मन अनेक वहाना गर्दछ ! कहिले मन भन्छ, कुरा वुझिहालियो नि, मार्ग थाहा भएपछि त पुगिहालिन्छ नि, आदि अनेक वहाना निकालेर आफ्नो हैकमलाई कायमै राखेर जन्म मरणको फेरोमै रूमल्याइदिरहन्छ ।

८९. मानिसले इच्छा अनुरूप नै चाहन्छ, देख्दछ र लिन्छ

भोकाएको मानिसले आकाशका चन्द्रमालाई रोटी देख्दछ, धनले अन्धो भएको मानिस सूर्यास्तको हिमशिखर देख्दा सुनको थुप्रो देख्दछ, एउटै फिल्म हेरेर फर्केकाहरुसंग सोध्नु कोही प्रेमको भावमा त कोही दृश्यमा कोही संगीतमा, कोही अभिनयमा, कोही निर्देशन, कोही काला वजार गर्ने तरीकामा, कोही चोरी गर्नेमा त कोही शान्तिलिने जस्ता कुरामा रस लिएर फर्केका हुन्छन् ! यसैगरी लेख, कविता, प्रवचन आदि दिनेले एउटा उद्देश्य लिएको हुन्छ भने त्यो पढ्नेले, सुन्नेले आफ्नै धारणसंग मिलाएर सुन्दछन्, वुझ्दछन्, अर्थ लगाउँदछन् । नतिर्खाएको मानिसलाई जस्तोसुकै स्वच्छ जल अगाडि ल्याइदिए पनि ऊ पिउँदैन । जवर्जस्ती पियाइदियो भने पनि ओकल्छ । प्यासी मानिस दौड धूप गरेर पनि पानी खोज्दछ, पानी पाउने वित्तिकै घुटघुट पिउँछ । यसैगरी अध्यात्म पनि, धर्म पनि प्यास जस्तो हो । यसको पनि उत्कट प्यासले छटपटिएको मानिस नै खोजीमा लाग्दछ ! यस्ता धर्मात्माले मात्र आनन्दरूपी, तृप्तिरूपी, संतोषरूपी जल पिएर आफूमा तृप्त हुन्छ ।

भगवान् वुद्ध कुनै गाउँमा गएर ३।४ महीनासम्म वस्नु भएछ । त्यस गाउँका मात्र होइन अन्य पर पर गाउँवाट पनि अनेक मानिस भगवान् वुद्धका दिव्य उपदेश सुन्न आउँथे । एकदिन एकजना युवकले वुद्धसँग एउटा प्रश्न गरे, "तपाइँलाई सवैले भगवान् वुद्ध भन्छन् र मान्छन् पनि ! तपाइँ यस गाउँमा रहनु भएको यतिका दिन पनि भैसक्यो आजसम्म कतिजना यहाँका मानिसलाई मुक्ति दिलाइदिनु भयो ?" प्रश्न सुनेर मुसुमुसु हाँस्दै वुद्धले भन्नु भयो, "ठीक प्रश्न भन्यौ वत्स ! पहिले तिमीलाई म एउटा काम दिन्छु, गाउँका घर घरमा गएर सोधेर आऊ, वुद्ध यहाँ आएका छन् तिमीहरु के चाहन्छौ भन र त्यसको लगत लिएर आऊ अनि म तिम्रो प्रश्नको उत्तर दिउँला" भन्नुभयो। युवक गए । भोलिपल्ट विहानैदेखि गाउँका घर-घरमा गएर यही प्रश्न गरे, त्यस गाउँका करीव एकसय घरका घरपतिलाई युवकले प्रश्न गरेर जवाफ संकलन गरे । सयजना मध्ये करीव ५० जवानले धनको माग गरे । २५ जवानले मान, पद, प्रतिष्ठाको माग गरे । १० जवानले छोराछोरीको लागि सुयोग्य वर र वधूको माग गरे । १० जवानले मुद्दा जिताइदिने माग गरे । वाँकीले लागेको रोग निको गराइदिने माग गरे । ती युवकले सोही दिन साँझ यथार्थ विवरणसहित वुद्धकहाँ आएर निवेदन गरे । भगवान्ले भन्नुभयो, "युवक ! कति जनाले मोक्ष मागेका छन् त ?" युवकले भने, मोक्ष त एकजनाले पनि मागेका छैनन् ! जसलाई मोक्षको इच्छा नै छैन प्यास नै छैन त्यस्तालाई मैले कसरी मोक्ष दिने त ? सांसारिक सुखसुविधा, धन, पद, प्रतिष्ठा केही रहेनछ, वुद्धत्व नै परम धन रहेछ भन्ने ज्वलन्त उदाहरण म नै तिनको अगाडि उपस्थित भएर यसतर्फ उन्मुख हुन आह्वान गर्दा पनि सवैजना सांसारिक क्षणिक वासनाकै दौडमा छन्स त्यसैको प्यासा छन्, भने कसैले केही गर्न सक्दैन । उत्कट इच्छा, प्रगाढ प्यास, गहिरो अभीप्सा नभै मोक्ष पाइन्न आफ्नो उत्कट इच्छा जे छ त्यस्ताले जहाँ गए पनि त्यही खोज्दछ, त्यस्तै देख्दछ, त्यस्तै मात्र लिन्छ ।"

आजको पृथ्वीका मानिसलाई राम्ररी निहार्ने हो भने ती गाउँलेहरूकै जस्तो अवस्था छ । भोकले छटपटिएका वेलामा हीराको के प्रयोजन ? प्यास लागेर घाँटी सुकेको वेलामा आभूषणको के वास्ता ?

यसैगरी अध्यात्मको, धर्मको, आत्माको लागि पनि उत्कट अभीप्सा, प्रगाढ प्यास हुनुपर्छ अनि त्यस्तालाई मात्र उपदेश सार्थक हुन्छ ।

❀

९०. सर्वसमर्पण

सर्वसमर्पण एक महामंत्र हो । भक्तिमार्गको पराकाष्ठा नै सर्वसमर्पण हो । भक्त भन्छ, 'भगवान्को मर्जी विना पातसम्म पनि हल्लिंदैन ।' यस्तो सर्वसमर्पणको अवस्थामा पुगेका भक्त तत्काल ज्ञानी भैहाल्छ । ज्ञानमार्गको पराकाष्ठामा पुगेपछि पनि त्यो ज्ञानी सर्वसमर्पणकै अवस्थामा पुग्दछ । आत्मा, परमात्माको सम्वन्धमा जान्नुपर्ने कुरा म नजानिछोडदिन भनेर अघि वढ्ने मानिस पनि अन्त्यमा अहं भन्ने केही रहेनछ, सवै उही मात्र रहेछ भन्ने कुरानै वुझ्दछ यसरी भक्ति र ज्ञान दुवैको संगम सर्वसमर्पण नै हुन जान्छ । यस महा-मंत्रलाई मनन, चिन्तन गर्ने कुरा हो, मुखले भनेर वा कण्ठ गरेर मात्र हुने कुरा होइन ।

धार्मिक प्रवचन गरेर समाजमा प्रतिष्ठा पाएका, धन, मान र पदले विभूषित भएका एक जना व्राह्मण थिए । प्रत्येक प्रवचनमा तिनी भन्दथे, "यहाँ जो जे हुन्छ, भयो र भैरहेकोछ ती सवै भगवान्को मर्जी हो, भगवान्को मर्जीवेगर रूखको एउटा पात पनि हल्लिंदैन ।" सवै श्रद्धालुहरूलाई यस कुराले सारै प्रभाव पनि पारेको थियो । व्राह्मणको यस्तो अटल उक्तिलाई वारंवार सुन्दा एक दिन भगवान्लाई जाँच गर्न मन लागेछ । ती व्रह्मणले वडो मेहेनत गरेर एउटा खूव राम्रो फूलको वगैंचा वनाएका थिए । तिनको वगैंचाको मनमोहक दृश्य हेर्न धेरै मानिस पनि आउने- जाने गर्दथे । एक दिन भिखारी व्राह्मणको भेष धारण गरेर भगवान् त्यो वगैंचा हेर्न आउनुभयो । ती महात्मा व्राह्मण आफ्नो वगैंचामा वसेर वगैंचेलाई काम लगाइरहेका थिए । व्राह्मणरूपधारी भगवान्ले,"आहा ! कति राम्रो वगैंचा यो! कसले वनाएको ?" भनी सोध्नु भएछ । तुरून्तै कड्केर व्राह्मणले भने, "थाहा छैन ? यो मैले वनाएको !" "कति राम्रा फूलका वोट ! अनि कति राम्रा फूल, यो कसले लाएका र

फूल फुलाएका नि" ? भनी भगवान् ब्राह्मणले सोध्नुहुँदा "मेरो वगैचामा कसले लाउँछ, अनि कसले फुलाउँछ ? यो सवै मेर परिश्रम हो भने ।" यति कुरा सुनिसकेर भगवान्ले "ए त्यसो पो त भनेर त्यहाँवाट जानुभयो । भोलिपल्ट विहान सवेरै एउटा गाईको रूप लिएर त्यो वगैंचामा पसेर भगवान्ले फलहरू खाइदिनुभयो, विरुवाहरू पनि कुल्चेर मसमिन्डि पारिदिनुभयो ! ब्राह्मण विहान फूल टिप्न आउँछन् त वगैंचाको त्यस्तो दुर्दशा देख्दा रिसको पारो चढिहाल्यो ! रिसको भकानो फुटिहाल्यो । एउटा कठवाँस लिएर गाईमाथि जाईलागिहाले । गाईलाइ अन्धाधुन्ध पिट्न थाले । रिसको झोंकमा पिट्दा-पिट्दा गाई मरिन् । अव पऱ्यो फसाद ! ब्राह्मणवाट गो-हत्या ! झट्ट त्यसै वखत आफूले अरुलाई दिनेगरेको महामंत्र संझे । मानिसको भीड पनि एकत्रित भयो । क्या हो ! किन र कसरी भनी सोध्न लागे । त्यस वखत हाँस्दै ब्राह्मणले भने "उसैको मर्जी ! मवाट केही भएको होइन । भगवान्को इच्छा । यहाँ जे छ, जो हुन्छ सव भगवान्कै इच्छा अनुरूप हुन्छ ।" मानिसको चित्त वुझ्यो, गाई लगेर फ्याँकिदिए ।

वगैंचा वनाउने आफू, फूल फुलाउने आफू ! गाई मार्ने चाहिं भगवान्को मर्जी ! यस्तो समर्पण त स्वार्थी समर्पण मात्र हो, अहं मात्र हो । वगैंचा वनाउनमा पनि उसैको मर्जी, फूल फुलाउनमा पनि उसैको मर्जी, गाई आउनमा पनि उसैको मर्जी, फल खानु र मसमिन्डी पार्नमा पनि उसैको मर्जी भएको भए मात्र गाई मार्नमा पनि उसैको मर्जी हुन्थ्यो । आजका मानिस यस्तै छन् : अरूलाई वेदान्त आफूलाई मरणान्त !

९१. कति भए पुग्ने ?

इच्छाको अर्थात् चाहनाको स्वभावै हो अतृप्ति । जहाँसम्म इच्छा हुन्छ त्यहाँसम्म अतृप्ति, असंतोष जारिनै रहन्छ । इच्छा यस्तो छ, यो कहिल्यै पनि तृप्त रहनै सक्दैन । इच्छाको अर्को यस्तो स्वभाव पनि हुन्छ, परकोलाई हेर्ने । मसँग भएको कम ! मेरो नपुग ! मेरो नराम्रो !

जतिसुकै राम्रो घर होस्, राम्री स्त्री होस्, अरूकै महल राम्रा, अरूकै स्त्री राम्रा ! इच्छाले सदा सम्पन्नताको नाममा विपदामै वस्न चाहन्छ । इच्छाको न्वारानको नाम मन हो । मनको वोलाउने नाम इच्छा हो । इच्छाले वढ्ने, हुर्कने ठाउँ पायो भने सानो आगोको झिल्काले प्रलयङ्कारी आगोको रूप लिएर घर, गाउँ, वस्ती, नगर, जङ्गल सखाप पारे झैं इच्छारूपी अग्निले पनि मानिसलाई अनेक यातना दिंदै मृत्युमा लगेर पछारिदिन्छ ।

टल्सटायको एउटा कथा छ : रसियाको कुनै शहर नजिकै एक जना मानिस परिवार सहित सुखैसंग जीवन यापन गरेर वसिरहेका थिए । इच्छा, आकांक्षाको दास नभएर आफुसँग जो छ त्यसैमा संतोष मानेर वसेका थिए । एकदिन एक जना परदेशी तिनको घरमा आएर वास वसे । कुरामा कुरा चल्दा ती परदेशीले ती मानिसलाई भने, 'यति सानो घरमा वसेर अनि यति थोरै जग्गाको मालिक भएर पनि तिमी यति प्रसन्न छौ भने तिम्रो अल्लि ठूलो घर र जमीन पनि धेरै भए त तिमी पनि अमिर वनेर वढी सुखी हुने थियौ होला हगि ?" परदेशीको यो कुरा सुन्दा हो त नि अझ ठूलो घर र धेरै जमीन भए त म पनि अमिर वनेर झन् वढी सुखी हुने थिएँ हुँला भन्ने धून तिनमा सवार भयो । कसरी यो इच्छा पूरा गर्ने हो भनेर सोच्न थाले । कल्पनाका लहर दौडन लागे । यसो गर्दा यसो पो पर्ने हो कि भन्ने भय पनि उठ्न थाल्यो । भोलिपल्ट तिनै परदेशीलाई उपाय केही छ कि भनेर सोधे । उपाय ज्यादै सरल छ भनी परदेशीले भने । तिम्रो यो घर जग्गा वेच । त्यो पैसा लगेर साइवेरियाको आदिमवासीहरू वस्ने गरेको ठाउँमा खर्च गर । यो भन्दा धेरै ठूला घर र धेरै गुना वढी जमीन पाउँछौ । त्यहाँका मुखियालाई केही सौगात, कोसेली लगेर दिएर खुसी पार्न सक्यौ भनें त अनुमान गरेभन्दा पनि वढी जमीन पाउँछौ भने । यो कुरा ती मानिसलाई चित्त वुझ्यो । घरका परिवारले इन्कार गर्दा गर्दै पनि घर-जग्गा वेचेर साइवेरिया तर्फ लागे । त्यहाँका मुखियालाई सौगातको रूपमा मीठो रक्सी र अन्य खानेकुरा पनि चढाए । मुखिया खुशी भएर तिनलाई त्यहाँ आउनाको कारण सोधे । जमीन अलिकति पाए हुन्थ्यो भनी ती मानिसले भने । मुखियाले, भोलि विहान सूर्योदय हुँदादेखि सूर्यास्तसम्म हिंडेर तिमीले छोडेको ठाउँसम्म फर्कदा तिमी जति हिंड्न सक्छौ तिमीले टेके जति ठाउं भित्रका जमीन

तिमीलाई दिउँला भने । ती मानिस खुसीले गद्गद् हुँदै डेरामा फर्के । भोलि यसरी दौड्ने छु, यति जमिन ढाक्ने धुरी ठूलो जमिनदार वन्ने भन्ने अनेकन कल्पनामा परेर रातभर छटपट गर्दै कहिले भोलि होला, सूर्योदय होला भन्ने चिन्तामा परे । आधा रातिमै ओच्छ्यायानवाट वाहिर आएर डाँडोतिर नजर दिन थाले ! झिसमिस भयो । पेट भरी खाना खाए धेरै हिंड्न, दगुर्न सकिन्न भनी केही नखाई अलिकति पानी एउटा थैलोमा हालेर झुण्ड्याएर सूर्योदयको पहिलो किरणमै ढोका छोडे । वायु वेगले दगुर्न थाले । युवावस्थामा पनि उनी त्यति छिटो दौडन सकेका थिएनन् । मध्यान्नसम्ममा कोसौं कोस दगुरिसकेका थिए । अझ एकैदिन दौडन पाए झन् वढी जमीनको मालिक हुने थिएँ, वरु फर्कदा अहिलेको भन्दा पनि गति वढाउँला भनी अझ अघि वढे ! रातभरको निद्रा, भोक र प्यास सव विर्सेर दोड्दै रहे । प्यासले ज्यादै सतायो तर पानी पिइन्जेल १०।१५ गज भए पनि, वढी जमीन पाउँछु भनी पानीसम्म पनि पिएनन् । दोपहरपछि फर्किए । धेरै लामो दूरी सूर्यास्तको समयसम्ममा पुग्नु पर्ने भएकोले चाल नवढाई सुखै थिएन । सूर्यास्तसम्ममा छोडेको ठाउँ पुग्ने हिसावले भएभरको शक्ति लगाएर कुदे । ठाउँ-ठाउँमा जाँचकी तैनाथ थिए । तिनले पनि झन झन् हौसला दिंदै कुद, अलि कुद भन्न थाले ! ती मानिस यसरी कुद्न थाले कि आखिर शक्तिले धान्न सकेन । छोडेको ठाउँको नगिचै आइपुग्दा लडेर त्यहीं मरे ! त्यही च्यान खनेर तिनलाई गाडे । च्यानमा यस्तो लेखियो : "एक जना मानिसलाई कति जमीन भए पुग्छ ? केवल छ फीट ।"

माथिको कथा मृतकलाई गाड्ने चलन भएको ठाउँमा लेखिएकोले एक जना मानिसलाई ६ फीट जमीन भए पुग्ने भन्ने भयो तर दाह संस्कार गर्ने ठाउँमा त खरानी वनाएर वगाई दिने हुंदा केही पनि चाहिन्न । मानिस न त जन्मँदा केही साथमा लिएर आएको हुन्छ नत जाँदा (मृत्युपछि) केही लैजान्छ । अधिकांश मानिस जन्म- मृत्युको बीचको यो छोटो समयमा यति भए त पुग्थ्यो कि भन्ने व्यथा लाग्ने मानिस कथाको अवस्थाको मानिस वन्न पुग्दछ ।

९२. ध्यान नै परम धन हो

हातखुट्टा चलुन्जेल धन नै जम्मा गर्नुपर्छ ! उमेर ढल्केपछि, हातखुट्टा चल्न छोडेपछि मात्र ध्यानगर्नु पर्दछ भन्ने धारणाले धेरैलाई जकडेको छ । युवावस्थामा कसैले धर्मको वारेमा कुरा गरे भने अहिले वेला भएको छैन यस्तो कुरा त वुढो भएपछि पो गर्नुपर्छ भन्छन् । धर्मको मर्म नै नवुझी यस्तो भन्नु ठीक होइन । वास्तवमा भन्ने हो भने जीवनको पुरुषार्थनै धर्म, अर्थ, काम, मोक्ष हो । धर्म भनेको कर्तव्य कर्म हो ! कर्तव्य गर्दै अर्थात् सत्कार्यवाट अर्थ अर्थात् जीवन यापनको लागि चाहिने धन कमाउनु नै अर्थ आर्जन गर्नु हो । काम अर्थात् यसरी कमाएको धनले सुख भोग्नुलाई भोग गर्नु भनिन्छ. । मोक्ष अर्थात् सजगतापूर्वक गरिएको भोगवाट ज्ञान लिएर असत्यवाट विमुख हुनु मोक्ष हुनु हो । तर धेरै मानिसले पहिलो र अन्तिम सूत्र अर्थात् धर्म र मोक्षलाई छोडेर वीचका दुई, अर्थ र कामलाई अर्थात् धन कमाउने र भोग मात्र लिने हो भने त यो भन्दा ठूलो अभिशाप केही हुँदैन !

भगवान् ज्यादै दयालु हुनुहुन्छ भन्ने कुराको उदाहरण हेर्न मन लागेर नारदले एक दिन श्रीकृष्णलाई, 'हजूरको दयाको दृष्टान्त देखाउनु पऱ्यो भनेछन् । श्रीकृष्णले, हुन्छ भनेर एक दिन नारदलाई लिएर गाउँतिर लाग्नुभयो । गाउँका एक जमीनदार सेठकहाँ एक रातको वास पऱ्यो । भेष वदलेर गएकाले कसैले पनि कृष्ण र नारदलाई चिनेनन् । रात त्यो घरमा खाना पिना गरेर आरामसँग वित्यो । भोलिपल्ट फर्कन लाग्दा बाटामा पुगेपछि श्रीकृष्णले ती जमीनदारलाई दोव्वर जमीन वढोस्, कामदार, नोकर-चाकर दोव्वर होउन्, धन सम्पत्ति पनि दोव्वर होस् भनी आशीष दिनुभयो । अर्को दिनको साँझ एउटी वूढी गरीव आइमाईको घरमा वास पऱ्यो । त्यो वुढियाको धन सम्पत्तिको नाममा केवल एउटा वुढी गाई रहेछ. । त्यही गाईको स्याहार सुसार गर्ने र फुर्सदको समयमा भगवत चिन्तन गर्ने गर्दीरहिछन् । खाना, पीना गरेर रात त्यही झोपडीमा आराम गरेर श्रीकृष्ण र नारद फर्कनु भयो । बाटोमा श्रीकृष्णले भन्नुभयो 'यो वुढियाको गाई मरोस् ।' यो सुन्ने वित्तिकै नारदजी आश्चर्यमा पर्दै सोध्नु भयो "होइन भगवान् ! त्यो सेठ कहिल्यै भगवत् चिन्तनमा नलाग्ने, सदा नोकर चाकरलाई हप्काउने, दुःख दिने, केवल धनको पछि लाग्ने भए

तापनि सेठले हामीलाई खानदियो, सुत्न दियो भनेर हजुरले त्यसमाथि दया गरेर धन सम्पत्ति, जमीन, नोकर चाकर दोव्वर वढाइदिएर दया देखाउनुभएको त चित्त वुझ्यो तर यी वुढिया, न कसैलाई गाली गर्छिन्, नत धनको लागि दौडधूप नै गर्छिन्, गाईको स्याहारसुसार गर्ने र वाँकी समयमा हजुरकै मनन, चिन्तन गर्ने, यस्ती धर्मात्मा, आफूले नखाएर पनि हाम्रो लागि खान दिने, आफू वाहिर सुतेर पनि पाहुनालाई भित्र सुताउने भगवान्‌की भक्तलाई दिनु त कता हो कता भएको एउटा गाई पनि मरोस् भन्ने यो कस्तो न्याय हो ! हजुरको दयाको दृष्टि त ठीक भएन कि ?" नारदको यस्तो कुरा सुनेर श्रीकृष्णले भन्नुभयो : 'नारदजी ! यी दुई जनालाई मैले ठीक न्याय दिएको छु र मेरो भक्त ती वुढियालाई ठूलो दया पनि गरेको छु", "कसरी ?" भनी नारदले सोद्धा श्रीकृष्णले भन्नुभयो, "हेर नारद ! सांसारिक धन ठूलो कुरा होइन धन र कामले मानिसलाई कहिल्यै शान्तसँग वस्न दिदैन । सम्पत्ति भन्नु नै विपत्ति हो । त्यो सेठको मन सदा धनतिर छ । धर्म र मोक्षतर्फ त्यसको ध्यानै छैन । त्यसलाई यति धन, सम्पत्ति, नोकर चाकर तह लगाउन नै त्यति मुश्किल परिरहेछ भने अव दोव्वर धन, सम्पत्ति, जमीन, नोकर चाकर तह लगाउन झन कति परिश्रम पर्ला ? यो वरदान होइन, दया होइन यो त अभिशाप हो । त्यस्तै गरी बुढिया फुर्सद भयो कि मेरो मनन चिन्तन गर्नेको मैले गाई मारिदिएँ । ती वुढिया त्यो गाईको वन्धनले गर्दा इच्छा हुँदा पनि भगवत चिन्तनमा पूरा पूरा लाग्न सकेकी थिइनन् । अव तिनको वन्धन फुक्यो । अव सदा सर्वदा भगवत् चिन्तनमा रहेर चाँडै नै ममा लीन हुन्छिन् । वाहिरवाट हेर्दा यो अभिशाप जस्तो देखिए पनि यो वरदान हो, दया हो ।"

यस उपमावाट हामीले पनि वुझ्नुपर्‍यो कि धन केवल अभिशाप हो । सम्पत्ति केवल विपत्ति हो । ध्यान नै परम धन हो, भगवान् नै परम सम्पत्ति हो ।

९३. प्रतिविम्बमा मात्र नभुल

प्रतिविम्व भनेको छायाँ हो । सक्कली कुरा त विम्व मात्र हो । आजको अधिकांश मानिस प्रतिविम्वलाई नै सच्चा मानेर त्यसैलाई पक्रिएर त्यही सत्य हो भनेर दौडिरहेका छन् । यो जगत्, विश्व व्रह्माण्ड सव परमात्माको प्रतिविम्वमात्र हो । प्रतिविम्वलाई पक्रिन्जेल विम्व भेटिन्न जति प्रयास गरे पनि हात खाली नै हुन्छ । प्रतिविम्ववाट विम्वको इसारा लिन, अनुमान लगाउन चाहिं सकिन्छ तर विम्वमै भुलेर वस्नु हुँदैन ।

एकजना मानिस वाटोमा हिंड्दै थिए प्यास लागेर वाटोको छेउको एउटा तलाउमा पानी खान ओर्ले । यस्सो पानी अंजुलीमा लिनमात्र लागेका थिए तलाउमा एउटा हीराको हार देखे ! गजवको हार पाएँ ! भन्ठानी लुगा फुकालेर तलाउमा फाल हाले ! तलाउभित्र डुवुल्की मारेर भेट्टाउन खोजे तर सकेनन् । थाकेर माथि आए । फेरि हेर्दा त हार त्यहीं छ ! फेरि फालहाले डुवुल्की मारे ! तर पनि पाएनन् । वाहिर आउँछन्, देख्छन्, फाल हाल्छन् तर पाउँदैनन् ! गर्दा गर्दै थाकेर लखतरान भएर त्यहीं पल्टिए । त्यही वाटोवाट अर्का एकजना मानिस आउँदैथिए । तलाउको छेउमा त्यो मानिस लडिरहेको देखेर त्यहाँ गएर को रहेछ भनी हेर्न ओर्ले । के भयो ! भनी तिनले त्यो मानिसलाई सोद्धा उसले हीराको हार देखाउँदै त्यो भेट्टाउन गरेको प्रयास र आफ्नो असफलताका सवै वृत्तान्त सुनायो । आगन्तुकले तलाउमा हेरे, अनि मुन्टो ठाडो पारेर माथि हेरे । तलाउको किनाराको रूखमा झुण्डिरहेको हारको प्रतिविम्व तलाउमा देखिएको चाल पाइहाले । (कुनै राजकुमारी नुहाउन लाग्दा फुकालेर राखेको हीराको हार कागले खाना हो कि भन्ठानी ल्याएर त्यो रूखमा छोडेको रहेछ) आगन्तुक रूख चढे, हार लिएर घर गए !

विम्व अर्थात् आत्मा पाउन आफूभित्र हेर्नुपर्छ, प्रतिविम्व पाउन वाहिर (संसारतिर) हेर्नुपर्छ । प्रतिविम्वले निरर्थक रूपमा दौडाइरहन्छ, भट्काइरहन्छ । विम्व अर्थात् आत्मदर्शन पाउन अडिनुपर्छ । संसारलाई नै सत्य भन्ठानेर सत्य भेट्टाउने प्रयासमा लाग्ने मानिसको गति हीराको हार पाउन तलाउमा फाल हाल्ने यात्रुको जस्तै हुन्छ ।

❀

१४. ध्यानमा असीम शक्ति हुन्छ

चित्त शान्त भएर एक कुरामा मात्र एकाग्र भएको अवस्थालाई ध्यान भनिन्छ ! ध्यानमा असीम शक्ति हुन्छ । राम्रो कुरामा मात्र होइन नराम्रो कुरामा पनि ध्यान जाने वित्तिकै त्यही कुरामा ध्यानको शक्तिले काम गर्न थाल्दछ । रिसमा ध्यान गऱ्यो भने रिस यति वढ्छ कि त्यो रिसले ज्यान लिनपनि अग्रसर हुन्छ । त्यही भगवान् तर्फ या आफूतर्फ गयो भने परंपदमा पुऱ्याइदिन्छ । यदि मानिसको ध्यानलोभमा गए लोभी, संसारमा ध्यान गए संसारी, काममा ध्यान गए कामी हुन थाल्छ । जति गहिरो ध्यान जता जान्छ मान्छे त्यत्ति नै गहिरो त्यसभित्र डुव्दछ ।

फरिद भन्ने एक सूफी फकीर थिए । एक जना मानिस एक दिन उनीकहाँ आएर एउटा यस्तो प्रश्न गऱ्यो ! "तपाइँ कसरी यस्तो ज्ञानी वन्नुभयो, तपाईंले कसरी परमात्मा पाउनु भयो"? "फरिदले भन्नुभयो "म नुहाउन जाँदैछु, तिमी पनि मसंगै हिंड, त्यही तिम्रो प्रश्नको उत्तर दिउँला ।" दुवै जना नदीतिर लागे । सोच्दै थियो, अहिल्यै उत्तर नदिएर नुहाउँदा दिन्छु भनेर किन भनेको होला ? फरिद हट्टा कट्टा मोटा थिए तर ती मानिस दुव्ला पातला र कमजोर थिए । नुहाउन लाग्दा ती मानिसलाई घाँटी समाएर फरिदले पानीमा थिच्न थाले । पानीमा टाउको डुवेका ती मानिसले प्राण वचाउन भएभरको शक्ति लगाएर फरिदलाई यसरी घचेटे कि फरिदको हात छुट्यो । नदीवाट वाहिर निक्लँदै ती मानिसले रिसाउँदै भन्न लागे, "तपाइँलाइ त धर्मात्मा, सज्जन फकीर भन्ठानेर भगवान् पाउनेवारेमा प्रश्न गर्दा त झन् मलाई पानीमा डुवाएर मार्न खोज्ने ! के गरेको यस्तो ? फरिदले नुहाई सकेर रुमालले आङ्ग पुछ्दै, हाँस्दै भन्नुभयो, 'हे सज्जन यो मैले तिम्रो प्रश्नको उत्तर दिएको हुँ । मैले तिमीलाई मार्न आँटेको होइन ।' मेरो प्रश्नसँग यस घटनाको के संवन्ध छ ?' भनी ती मानिसले भन्दा फकीरले भन्नु भयो "हे सज्जन ! मैले तिमीलाई पानीभित्र गाँज्दा तिम्रो मनमा के-के विचार आए ? तिम्रा घर परिवार, तिम्रा धन, पद अनि तिम्रा इच्छा, वासना के-के थिए" ? ती मानिस भन्छन् "कहाँको विचार ! कहाँको घरपरिवार, धन पद ! त्यस बखत त मेरो सारा ध्यान एकै कुरामा मात्र केन्द्रित थियो, त्यो हो कसरी प्राण बचाउँ" तब फरिदले भन्नुभयो "जसरी त्यस वखत तिम्रो समग्र ध्यान प्राण बचाउनमा तल्लीन

थियो, त्यस वखत तिमी अन्य कुनै कुरामा नअल्झिएर केवल प्राण वचाउनमा एकाग्र थियौ, यसै गरी जव तिमी तिम्रा असंख्य इच्छा, वासनालाई छोडेर भगवान्प्रति मात्र ध्यानस्थ हुन्छौ, त्यसैको लागि छटपटिन थाल्छौ अनि मात्र भगवान् पाउँछौ, ज्ञानी वन्दछौ । हेर तिमी दुव्ला पातला र कम्जोर भएर पनि प्राण वचाउने उत्कट अभीप्सामा लाग्दा म जस्तो हट्टा-कट्टा वलियोलाई पनि घचेटेर आफू उम्कियौ ! यसै गरी जस्तो सुकै कमजोर मानिसले पनि भगवान्को लागि उत्कट अभीप्सा राखेर भगवान्तर्फ लाग्यो भने त्यसले भगवान् पाउँछ, पाउँछ, यसका शंका छैन ।"

❀

९५. बाहिर होइन आफैंभित्र छ

पूष-माघको समय । अवेलासम्म कुहिरो लाग्ने अनि फेरि चाँडैनै सूर्य डुब्ने । घामको न्यानो पाउनकोलागि कहिलेकहीत हप्तौंसम्म पनि कुर्नुपर्ने हुन्थ्यो । यस्तै समयको कुरो हो घाम लाग्ने वित्तिकैदेखि मानिस मात्र होइन अरु जीवजन्तुहरु समेत घामको आनन्दले मग्न भएर घाम तापेको दृश्य जताततै देख्दा सूर्यले सोचे, त्यो घाम भनेको कस्तो होला ? त्यो घाम ताप्न पाए कति आन्द हुनेहोला ? त्यो घाम पाउन कहाँ गएर के गर्नुपर्ने होला भनेर विचारमग्न हुन थाले । डाँडोमाथि गएमा वा हिमालयमाथि पुगेमा पो पाइनेहोकि भनेर कहिले हिमाल, कहिले पहाड, कहिले तराई त कहिले समुद्र सवैतिर पुगदापनि आफूले घामको दर्शन नपाउँदा हैरान हुन थाले । एकदिन चन्द्रले सूर्यलाई त्यस्तो निन्याउरो मुख लागेर वसिरहेको देखी भनिन्, 'होइन सूर्यदेव ! किन हजूर हिजोआज चिन्तित जस्तो देखिनुहुन्छ ! के भयो, म केही गर्न सक्छुकि' ? सूर्यले आफ्नो इच्छा सुनाउँदै भने, 'हे चन्द्र ! आज एक महिनाभन्दा धेरै भैसक्यो त्यो घाम भन्ने वस्तुलाई पाउन मैले कोशिश गरेको ! कति व्रत, उपवास पनि वसिसकें, डाँडा, पाखा, पर्वत, सागर, हिमाल सर्वत्र पुगिसकें तर त्यो घाम पाउन सकिन, लौन केही उपाय तिमीले वताइदिन सक्छ्यौकि' ।

सूर्यको त्यस्तो कुरा सुनेर चन्द्रले हाँस्दै भनिन्, 'हे सूर्य ! तिमी आफैंनै घाम हौ ! तिमीनै संपूर्ण घाम, न्यानो, तातो, उज्यालो, सवैका स्रोतनै तिमी हौ ! नपत्याए एकैछिन तिमी वादलभित्र लुकिदिएर हेरत ती तिमीलाई तापिरहेका मानिसहरु के भन्छन् ।' सूर्य वादलभित्र लुकिदिए । घाम हरायो । आनन्दसँग घाम तापिरहेका मानिसहरु कराउन थाले, 'कस्तो पापी वादल रहेछ सूर्यलाई ढपक्कै ढाकिदियो' भन्दै कोठाभित्र पस्न थाले । त्यो देख्दा वल्ल सूर्यलाई आफ्नो सक्कली स्वरूपको वोध भयो । त्यस दिनदेखि आफू आफूमै मग्न भएर रहनलागे वाहिरी दौडधूपको इच्छा वन्द भयो ।

यस्तै दुर्गति आज मानिसको भैरहेको छ । आँफै आनन्दको स्रोत भएर पनि, आँफै भगवान्को अंश भएर पनि आनन्द प्राप्तिको लागि, भगवान् पाउनको लागि भनेर वाहिरी दौडधूपमै लागेर दुःख पाउँदैछन् । सूर्यले जस्तै हामी पनि एकैछिन यो संसार (शरीर, मान्यता, धारणा आदि) वाट अलग भएर हेरेमा आफ्नो सक्कली स्वरूपको ज्ञान हुनेछ ।

❀

९६. आत्मज्ञान

नवागन्तुक एकजना जिज्ञासुलाई उसको तत्परता, दृढता र जिज्ञासालाई देखेर महात्माले भन्नुभयो, "हेर वावु ! आत्मज्ञान गर्ने तिम्रो अभिलाषा छ भने म तिमीलाई एउटा काम दिन्छु त्यही काममा लागिराख, वेला भएपछि म आफैं आएर तिमीलाई आत्मदर्शन गराइदिउँला" । ती मानिसले स्वीकार गरिहाले । २।३ सय जना शिष्य मण्डली वस्ने त्यस आश्रमको चामल केलाउने कार्यवोझ तिनलाई दिइयो । त्यसैदिनदेखि तिनी आफ्नो काममा दत्तचित्त भए, १२ वर्ष वितेको तिनलाई पत्तैभएन । २।४ घन्टा सुत्ने समयदेखि वाहेक तिनलाई फुर्सद पटक्कै हुँदैनथ्यो । त्यसपछि एकदिन महात्माले आफ्ना एकसेएक विद्वान् शिष्यहरुलाई वोलाएर आफू जंगलतिर एकन्तवास गर्न जानलागेकाले आफ्नो उत्तराधिकारीको लागि परीक्षा गर्नलागेको कुरा वताउनुभयो । परीक्षाको शर्त यस्तो थियो, गुरु सुत्नु हुने कोठावाहिरको ढोकामा टाँगिएको कालोपाटी (वोर्डमा) रातमा

आएर जसले सारयुक्त अर्थात् सत्य कुरा लेख्दछ त्यसैलाई योग्यसंझी उत्तराधिकारी वनाइनेछ । हरेकदिन राती एकसेएक विद्वान्, शास्त्रज्ञ चेलाहरु आएर लेख्दैगए तर कसैको पनि कुरा गुरुलाई चित्त वुझेन । सवभन्दा विद्वान् एउटा चेलाले यस्तो लेखे, "मन एक दर्पण हो । यसमा लागेका विचाररूपी धूलो सफा गरेपछिमात्र सत्यको दर्शन हुन्छ ।" अरू चेलाले ठानेका थिए योभन्दा सारयुक्तकुरा केहीछैन । अव यिनै चेला उत्तराधिकारी हुनेभए । तर भोलिपल्ट गुरुले उठेर त्यो वाक्य पढ्दा झन् रिसाउँदै त्यो लेख्ने चेलालाई अयोग्य घोषित गरिदिनुभयो ! धान कुट्ने र केलाउने जिज्ञासुको सामुमा वसेर अरू चेलाहरुले यसै कुराको चर्चा गरिरहेको सुन्दा ती जिज्ञासु हाँस्न थाले । "तैले के कुरा वुझेर हाँसिस् हँ गंवार" ! भन्दै एकजनाले तिनलाई हपारे । होत्तनि गुरुले भन्नुभएका कुरा ठीकैतहुन्नि भनी तिनले भन्दा अर्को चेलाले सोधे, 'के कुरा ठीक हो ! तँ लेख्न सक्छस्त' ? लेख्नत म जान्दिन, फेरि मलाई उत्तराधिकारी हुने इच्छा पनि छैन । उत्तराधिकारी नवनाउने हो र तपाईंले लेखिदिनुहुन्छभने म भरे राती भनुँला' भनी तिनले भने । कसैले पनि तिनका कुरा पत्याएका थिएनन् । रातपर्‍यो, तैपनि त्यो गँवारले के भन्दोरहेछत भनेर गए । तिनलाई उठाएर ल्याए, 'लौ भन् हामी लेखिदिन्छौं !' भने । तव तिनले भने, "नत यहाँ मन भन्ने नै केही वस्तु छ, अनि नत यहाँ विचार भन्नेनै केही छ, जसले यो कुरा वुझ्यो त्यसैले सार कुरा वुझ्यो" । सवै सुत्न गए । रातमै गुरु ती चेलाकहाँ आउनुभयो र भन्नुभयो, 'वावु ! तिमीलाई आत्म ज्ञान भैसकेछ ! अव तिमी यी पण्डितहरुको वीचमा वस्न सुहाउँदैन, तिमी आफ्नो वाटो अहिल्यै लागिहाल, यहाँवस्यौभने तिमीलाई मूर्खहरुले वाँकी राख्दैनन् । यति भनी तिनलाई उत्नीखेरै आफ्नो उत्तराधिकारीको डण्डा दिएर पठाइदिनुभयो ।

वुद्धिले जम्मागरेका जूठो ज्ञानका सम्पूर्ण कुराहरु जवसम्म रहिरहन्छ तवसम्म आत्मज्ञान असंभव हुन्छ । १२ वर्षसम्म चामल केलाएर ती शिष्यले वुद्धिमा जम्मा भएका जूठो जति सवै फालेर रित्तो पारेकाले नै आत्मज्ञानी वनेका हुन् ।

१७. जीवन गंगा

जसरी सानो रुपमा हिमालको काखवाट निक्लेको गंगाजी दुइ किनाराको वीचवाट वग्दै ठूलो हुँदैहुँदै आफ्नो स्रोत महासागरमा गएर विलीन हुन्छिन् त्यसैगरी एक सानो वच्चाको रूपमा आमाको गर्भवाट निक्लिएको मानवजीव सुख र दु:ख रूपी दुई किनाराको वीचवाट वग्दैवग्दै आफ्नो स्रोत शिवमा मिल्न पुग्दछ । जसरी जवसम्म नदी भन्ने नाम रहन्छ तवसम्म त्यसको दुई किनारा रहिरहन्छ । कहिले दायाँकिनारातिर ढल्कँदै र कहिले वायाँ किनारातिर ढल्कँदै समुद्रमा पुगेपछि शान्त हुन्छ त्यसैगरी जीवनरुपी नदी पनि कहिले सुखतिर ढल्कँदै त कहिले दु:खतिर ढल्कँदै आफ्नो यात्रा पुरागरेर जीवन लीला समाप्त गर्दछ । जसरी कुनैपनि किनारामा नटांसिई नदी अविरलरूपमा वग्दैवग्दै आफ्नो स्रोतमा पुग्दछ त्यसैगरी हामीले पनि अविरल रुपमा सुख र दु:ख कुनै पनि किनारासँग राग द्वेष नगरी अघि वढ्दै गएमा चांडैनै आफ्नो स्रोत परमात्मामा लीन हुन पुग्दछौं । तर अपसोच ! जीवनका यी दुइ अनिवार्य पक्षलाई नवुझेर कतिपय मानिस केवल सुख मात्र पाउने चेष्टामा लागिरहेका छन् ! यस्ता अवस्थाका मानिसलाई जीवनभर कहिल्यैपनि सुख प्राप्ति हुनेछैन । स्मरणीय छ, दु:खको अनुभव विना सुखको दर्शननै हुँदैन । यस्तैगरी यो कुरा पनि सभ्फनुपर्दछकि सुख आयोकि अव दु:ख नआईछोड्दैन । सु:ख दु:ख लाभ-हानि नाफा नोक्सानी यस्तै विपरीतहरुको नामनै जीवन हो । यो वास्तविक तथ्य वुझ्ने मानिस सुख, दु:खको चपेटावाट अलग रहेर अगाडि वढ्दै गएर जीवन सार्थक पार्दछ । यस्ता भाग्यमानी मानिसनै आफूसँग जे छन् र जे आइपर्दछन् तिनमा सन्तुष्ट रहेर आनन्दमग्न हुन्छन्, अन्यथा-

एक पटक एकजना सेठले विचार गरेछन्, 'मसंग यतिका धन संपत्ति छ तैपनि मलाई पुगेको छैन, सुखशान्ति कहिल्यै पाउँदिन, के गरेमा सुखशान्ति मिल्ला' ! उसले एकजना सन्त जो शहरदेखि टाढा गाउंको नजिकैको जंगलमा वस्दथे तिनले धेरैजनालाई शान्ति दिलाइदिए भन्ने सुनेर आफूले कमाएर जम्मागरेका गरगहना सवैको एउटा पोको वनाएर ती सन्तकहाँ गएर मलाई सुखशान्ति दिलाइदिनुभयोभने यो मेरो जीवनभरको

कमाइ तपाइँलाई अर्पण गर्दछु भनेर सन्तको पाउमा राखिदिए । सन्तले एकैछिन आँखा चिम्लिएर, 'वस, म तिमीलाई शान्ति दिलाइदिउँला' भन्नुभयो । ती सेठले आँखा चिम्लनेवित्तिकै सन्त त्यो पोको लिएर कुलेलम ठोक्नुभयो ! सेठले आँखा खोल्छन्त सन्त गायव ! म मरें, सकिएँ, मेरो जीवनभरको कमाइ गयो, म लुटिएँ ! वर्वाद भएँ भन्दै रुँदै कराउँदै सन्तलाई खोज्नलागे । एकजना गाउँलेले 'सन्त त त्यहाँमाथि मन्दिरमा हुनुहुन्छ' भनी देखाइदिए । हेतोडसंग दौडदै त्यहाँ पुगेर हेर्छन्त आपनो पोको जस्ताकोतस्तै आँफै चढेर आएको घोडाको पीठ्यूँमा राखिएको र सन्तचाहिं हाँसेर वसिरहनुभएको देखे ! पोको फुकालेर हेर्दा सावुत सामान पाएपछि आकाशतिर फर्कंदै 'धन्य भगवान ! मेरो लुटिएको सामान पाएँ, वल्ल मलाई आनन्द भयो !' यो कुरा सुनेर सन्तले सोध्नुभयो, 'सेठजी ! तपाईलाई आनन्द भयो होइन त ? ल हेर्नुहोस् ! आनन्द भनेको के रहेछत ? तपाईले आपनै वस्तु पाउनुभयो, भैरहेकै वस्तु पाउनु भयो । तसर्थ नभएको कुरा खोज्नतिर नलाग्नुहोस्, भएकै वस्तुसंग रमाएर वस्न जान्नुहोस् सुखको राज यतिनै हो । सुख कहीं छैन आफैसँग भएको कुरामा नै छ । आपनो महत्त्व विर्सनु र अन्तवाट पाउन खोज्नुनै दुःखको मूल कारण हो ।

❀

१८. भगवान् छन्कि छैनन् ?

भगवान्लाई कसैले देखेका पनि छैनन्, देखाउन सकेका पनि छैनन् तथा देखाउन सक्ने पनि छैनन् भनी अहिलेका धेरैजसो युवावर्गहरु 'हामी भगवान्लाई मान्दैनौं, कुनै धर्म पनि मान्दैनौं' ! भनी आफूलाई नास्तिकको उपाधीले विभूषित गरेर हिंडिरहेकाछन् भने कोही कट्टरवादी अंध विश्वासीहरु र भगवान्लाई माध्यम वनाएर शोषण गर्न पल्केका केही स्वार्थी, धूर्त र वेइमान तथाकथित धर्म प्रचारक र नेताहरु अनेकन वाहियात कर्मकाण्डमा र देवीदेवताका मन्दिरहरुमा अल्झिएर र अल्झाएर वर्वाद हुँदैछन् ! यस्ता प्रकारका मानिसहरु आफूलाई आस्तिकको उपाधीले विभूषित पारेर हिंडिरहेकाछन् ! यस प्रकारका आडम्वरी र अंधविश्वासी

आस्तिकहरु भन्दा भगवान्को अस्तित्वलाई हाँकदिएर हिंड्ने नास्तिकले वास्तविकताको ज्ञान पाएर जीवन मुक्त हुन सक्ने छ ।

वङ्गालदेशको त्यस वखतको एउटा घटना हो, एक पटक रामकृष्णपरंहंसकहाँ एकजना नास्तिक आफ्ना ५०० जना दलवल सहित रामकृष्णसंग शास्त्रार्थ गर्न आए । वेलुरमठमा वसिरहनुभएका परंहंस समक्ष पुग्नेवित्तिकैदेखि ती नास्तिकले नास्तिकताका अनेकन दलीलदिंदै गहन से गहन तर्क गर्दै गए । रामकृष्णचाहिं ती दलोलहरु सुन्दै वाह ! वाह ! भन्दै मुग्ध हुँदै जानुभयो । एक घन्टासम्म अनवरतरूपमा आफ्ना कथनहरु भनिसकेपछि ती नास्तिकले परंहंसलाई सोधे, 'लौत रामकृष्णजी अव भन्नुहोस् ! तपाइँसँग आस्तिकतालाई प्रमाणित गर्ने केही दलील छन्' ? तव रामकृष्णले हाँस्दै भन्नुभयो, 'हे महाशय ! तपाईले जो अहिले एक घन्टासम्म लगातार रूपमा जुन कुरावोल्नुभयो ती भन्दावढी आस्तिकताका प्रमाण म कहाँवाट ल्याउँ ? आश्चर्यमान्दै ती नास्तिकले भने, 'होइन ! यी प्रमाण कसरी भए ?'

'तपाईमा वोल्ने शक्ति, कहाँवाट कसरी आयो ? कसले दियो तपाइँलाई यो शक्ति ?, भाव व्यक्तगर्ने शक्ति, यहाँसम्म हिंडाएर ल्याउनेशक्ति, खाने, पचाउने, श्वासफेर्ने, मुटु चलाउने जस्ता तमाम शक्तिहरू जुन तपाइँ प्रयोग गर्दै हुनुहुन्छ ती कहाँवाट आए ? तपाइँ आफ्नो मर्जी अनुसार श्वास चलाउन सक्नुहुन्छ ? तपाइँका संपूर्ण प्रकारका क्रियाकलापहरू सवैले उही शक्ति, परंशक्ति जसलाई कोही भगवान् भन्छन्, कोही परमेश्वर भन्छन्, कोही जगन्माता भन्छन् त्यही हो । तसर्थ तपाइँ आफैनै भगवान्को प्रत्यक्ष प्रमाण हुनुहुन्छ ।' नास्तिक नतमस्तक भएर परंहंसको पाउ परे । कट्टर नास्तिक एक सच्चा आस्तिक हुन पुगे ।

'भगवान् छन्कि छैनन् ?' यस्ता अनावश्यक प्रश्नलाई लिएर वादविवाद गरिहिंड्नुभन्दा आफू छुकि छैन भनेर आफूलाई खोजूँ, आफ्नो सक्कली परिचय पाऊँ, मान्यताको पोकोलाई विसाएर आँफैभित्रको ज्ञानको पोकोलाई फुकाउनतिर लागौं । त्यहाँ जे भेट्टाइन्छ त्यही पाएपछि केही

पाउन वाँकी रहँदैन । त्यसवखत हामी सच्चा आस्तिक हुनेछौं तव यस्ता अनावश्यक प्रश्न स्वत: हराएर जानेछन् ।

❀

९९. भक्तिको साकार रूप अभय हो

भक्तिको निराकार रूप प्रेम, श्रद्धा, समर्पण हो भने भक्तिको साकार रुप अभय, त्याग र प्रफुल्लता हो । हरे राम हरे कृष्ण ! भनेर हिंड्दैमा मात्र भक्ति हुने होइन, वासनायुक्त प्रेम र समर्पण पनि भक्ति होइन । जसप्रति हामी पूर्ण समर्पित हुन्छौं, जसप्रति हाम्रो अगाध श्रद्धा हुन्छ तथा जसको संसर्गमा रोमाञ्च उठ्नथाल्दछ त्यसप्रति हाम्रो भक्ति हुन्छ । भक्तले चढाएको पत्र, पुष्प, फल सवै भगवान् ग्रहण गर्नुहुन्छ । जस्तै मीराको हातमा पर्दा विष अमृत भएको र रैदासको एक पैसा भेटी पनि गंगामाताले ग्रहण गर्नुभएको घटना हामी सवैले सुनेकै छौं । यसैकारणले धर्मशास्त्रहरुले प्रेमलाई नै परमात्मा भनेका छन् ।

भगवान्का भक्त एकजना नवयुवकले विवाह गरेछन् । आफ्नो पतिको त्यस्तो भक्तिभाव देख्दा पत्नीले एकदिन पतिलाई यस्तो प्रश्न गरिन्, "भक्तिको साकार रूप कस्तो हुन्छ ? मलाई देखाइदिनुपर्‍यो । " "हुन्छ कुनैदिन तिमीलाई देखाइदिउँला" भनी पतिले भने । केही दिनपछि एकपटक दुवैजना नौका विहारगर्न भनी गंगाजीमा गए । संयोगवश त्यसैवखत भयंकर रूप लिएर आंधी, तूफान आउन थाल्यो । पत्नी ज्यादै भयभीत भएर पतिसंग टांसिन पुगिन् तर पतिचाहिं आनन्दसंग कत्तिपनि विचलित नभै डुंगा ख्याउदै, गाउँदै गर्न लागे ! त्यो देख्दा पत्नीले अचम्म मान्दै, "हजूरलाई डुंगा पल्टिएर मरौंला भन्ने डरलाग्दैन" ? भनी सोधिन् । पति हांस्दै गाउँदै, ख्याउँदै रहे । एकैछिन पछि आँधि तूफान थामियो । गंगाजी शान्त भइन् । त्यसै वखत पतिले खल्तीवाट एउटा छुरी निकालेर पत्नीको अगाडि तेर्स्याए ! पत्नी हांस्दै पतिको काखमा पल्टिन् । तव पतिले पत्नीलाई सोधे, "होइन प्रिय ! यस्तो धारिलो छुरीको टुप्पो तिमीतिर तेर्सिइरहेको वेलामा पनि तिमी किन नआत्तिएको ? तिमीलाई यसले घोपेर मरौंला भन्ने भय छैन ?" त्यो कुरा सुन्दा पत्नीले हाँस्दै भनिन्, "हजूरको

काखमा, हजूरको साथमा रहँदा मलाई केको भय ?" तव छुरालाई खल्तीमा राख्दै पतिले भने, "हे प्रिय ! केही दिन अगाडि तिमीले मलाई सोधेको भक्तिको साकार रूप मैले आफूले पनि देखाईदिएँ, तिमी आफैले पनि त्यो रूप अहिले देखाइदियौ" । कसरी भनी पत्नीले सोध्दा पतिले भने, 'हेर ! जसरी तिमी त्यस्तो धारिलो छुरी देख्दा पनि ममाथिको गाढा प्रेम र श्रद्धाको कारणले अभयपूर्ण अवस्थामा रह्यौ तिमीलाई त्यो कुराको भय भएन । त्यसैगरी जत्रोसुकै आँधितूफान आएपनि मलाई तिनले कत्ति पनि विचलित पार्न सक्दैनन् किनभने म पनि सधैं भगवान्को काखमा हुन्छु । यसैकारणले अघि त्यत्रो आँधितूफान आउँदापनि म आनन्दमग्न थिएँ, पूर्ण निर्भय थिए । यही हो भक्तिको साकार रूप ।"

❀

१००. अडकलबाट होइन सही कुरा बुझेर हिंड्नुपर्दछ

केही समय वढी लागे पनि वास्तविकता वुझेर मात्र जीवन व्यवहारमा कदम चाल्ने मानिस कहिल्यै भँडखालोमा पर्दैन भने अडकलवाजीको भरमा चाँडो काम गर्न खोज्ने मानिस प्रायः पछुतोकै भूमरीमा परेर धिक्कारिरहनुपरेको हुन्छ ।

धेरै अगाडिको कुरा हो त्यस वखत कुनै एउटा देशमा राजगद्दी खाली भएछ । त्यस देशको चलन अनुसार हात्तीलाई पुष्पहार दिएर नगर घुमाएर राजाको चयन गर्ने व्यवस्था रहेछ । त्यस पटक पनि साविकजस्तै गरियो । हात्ती पुष्पहार लिएर नगर परिक्रमा गर्न लाग्यो । नगरको एक छेउमा त्यसैदेशको जंगलको गुफामा वस्ने एकजना सन्त कारणवश आएर एउटा पाटीमा वस्नुभएको रहेछ । हात्तीले घुम्दाघुम्दै त्यसै पाटीमा आएर त्यहाँ वसिरहनुभएका सन्तका गलामा हार पहिऱ्याइदियो ! सवैजना आश्चर्य भए । मन्त्रीवर्ग सवैजना आएर सन्तलाई 'हिंड्नुहोस् महाराज ! गद्दीमा वस्नुहोस्' भनेर विन्ति गर्नलागे । सन्तले वारंवार जान इन्कार गर्नुभयो तापनि सवैजनाको आग्रह भएको र त्यस देशको संस्कृतिकै

नाश हुने समेत भएकोले सन्तले आखिरमा स्वीकार गर्नुभयो । सन्त सच्चा सन्तनै हुनुहुन्थ्यो । वहाँले शासनभार सम्हाल्नुभएदेखि देशमा कतै पनि केही पनि अनिष्ट भएन । सवै जनता सुख शान्तिसँग रहन थाले । राजाले ढुकुटी कोठाको साँचो आफ्नै साथमा राख्ने गर्नुहुन्थ्यो । ढुकुटीभित्र कसैलाई पनि छिर्न दिनुहुन्नथ्यो । हरेक दिन विहान र साँझ एक एक घन्टासम्म ढुकुटी कोठामा वसेर सन्त फर्कनुहुन्थ्यो । सन्तको त्यस्तो चाला देख्दा मन्त्रीवर्गमा शंका उठ्न थाल्यो । 'अर्थमन्त्रीलाई समेत ढुकुटीकोठामा जान दिंदैनन् । आफूमात्र दिनदिनै दुइपटक गएर घन्टौं वस्ने ! कतै विस्तारै ढुकुटीका सवै संपत्ति कुम्ल्याएर भाग्ने त होइन यो फकिरले !' भनी चर्चा समेत चलाउन थाले । हुँदा हुँदा यो चर्चाले ठूलो रूप लिन लाग्यो । जनताहरुलाइ समेत भड्काउन थाले । नारा, जुलुस पनि निकाल्न लागे । यो देख्दा राजाले एकदिन दरवारमा जनता समेतको भेला गराई मन्त्रीवर्ग सवैलाई लिएर ढुकुटी कोठा लगेर देखाइदिनुभयो । ढुकुटी भरिभराउ, पहिलेकोभन्दा ढुकुटीमा सम्पत्ति दोव्वर, तेव्वर वढेकोछ । हरहिसाव सवै दुरुस्त छन् । ढुकुटीको छेउमा एउटा ठूलो पोको देखेर प्रधान मन्त्रीले त्यो के भनी सोधे । ती सन्त राजाले त्यो पोको फुकालेर आफू दरवारभित्र पस्दाखेरि लगाएको सन्तको पोशाक देखाइदिए । त्यसपछि राजाको पोशाक फुकालेर त्यही पोशाक लगाएर सन्तले भन्नुभयो, 'हे मन्त्रीवर्गहो ! हे प्यारा मानवहो, म हर दिन विहान र वेलुका एक एक घन्टा यस कोठाभित्र पसेर आफ्ना दिव्य पोशाक लगाएर आत्मस्वरूपको ध्यान गर्दथें । मलाई कुनै कुराको खाँचो पहिलेपनि थिएन, अहिले पनि छैन र पछिसम्म पनि कहिल्यै हुनेछैन । मैले यो २४ वर्ष तिमीहरुको आग्रहमा शासन चलाइदिएँ, मवाट कुनै त्रुटी भएको छैन, अव मलाई पुग्यो' तिमीहरुको इच्छा पनि पूरा भयो' मेरो समय पनि सकियों । अव म आफ्नै तपोभूमिमा गएर तपस्या गर्दछु ।' यति भनी सन्त त्यहाँवाट प्रस्थान गर्नुभयो । जनता र मन्त्रीवर्ग सवैजना पछुताउँदै रुन लागे ।

राज्यपद भन्दा सन्तपद धेरै ठूलो हुन्छ । राजासमेत सन्तको शरण, चरण र आशीर्वादको लागि लालायित हुन्छन् । सन्तको वाहिरी १।२ क्रियाकलाप मात्र हेरेर अडकलवाजी गर्नतिर लाग्नु हुँदैन ।

सभाका सदस्यहरुद्वारा, परिषद्द्वारा समय समयमा निर्धारित नियम वा कार्यविधि अनुसार गोप्यमतदानको आधारमा हुन्छ । परिषद्का सदस्यहरुले आफू मध्येबाट अध्यक्ष, उपाध्यक्ष, कोषाध्यक्ष, र सचिव छान्ने छन् । संस्थाको संचालनसम्वन्धी सम्पूर्ण अधिकार संचालकपरिषद्मा रहेको छ ।

संस्थाका कोषहरु

संस्थाका दुइ प्रकारका कोषहरु छन् :

१.पूँजी कोष, २. कार्यसंचालन कोष

पूँजी कोष:- संस्थालाई प्राप्त सवै सहायता पूँजी कोषमा जम्मा गरिने छ । पूँजी कोषमा रहेको रकमलाई परिषद्को निर्णय अनुसार सरकारी धितोपत्रहरुमा, वाणिज्य वैंकहरुका वचत र मुद्दती खातामा, अन्य सुरक्षित क्षेत्रमा तथा संस्थाको काममा मद्दत पुग्ने कार्यमा लगानी गरिने छ । पूँजीकोषवाट सामान्यत: सालवसाली कुनै काममा खर्च गर्न पाइने छैन ।

कार्यसंचालन कोष:- पूँजी कोषको लगानीवाट प्राप्त आय, कार्यसंचालन कोषमा जम्मा गरिने छ । संस्थाका प्रकाशनहरुको विक्रीवाट प्राप्त आय तथा अन्य आय पनि कार्यसंचालन कोषमा जम्मा गरिन्छ । संस्थाको स्वीकृत कार्यक्रमका लागि जो चाहिने खर्च यसै कोषवाट वेहोरिन्छ ।

कोषहरुको संचालन परिषद्द्वारा तोकिए अनुसार कोषाध्यक्षको रेखदेखमा गरिने छ । कोषहरुको आम्दानी खर्चको लेखा, संचालकपरिषद्द्वारा तोकिएको ढाँचामा राखिन्छ । संस्थाको लेखाको परीक्षण साधारणसभाद्वारा नियुक्त रजिष्टर्ड लेखापरीक्षक द्वारा गरिन्छ।

वार्षिक प्रतिवेदन

संस्थावाट प्रत्येक वर्ष संस्थाको अघिल्लो वर्षको गतिविधि र लेखापरीक्षण भएको वासलात र नाफा नोक्सानको हिसाव समावेश रहेको एक वार्षिक प्रतिवेदन प्रकाशित गरिने छ ।

सम्पर्क

'गीता समुदय प्रकाशन' सम्वन्धी थप जानकारी चाहिएमा फोन नं. ४७१-३९० वा २२८-९१५ मा सम्पर्क राख्नु हुन अनुरोध छ ।

□□

A353

गीता समुदय प्रकाशन

एक संक्षिप्त परिचय

"गीता समुदय प्रकाशन" को स्थापना संघ संस्था दर्ता ऐन, २०३४ अन्तर्गत २२ पौष ,२०५२ मा गरिएको हो ।

संस्थाको उद्देश्य

संस्थाको मुख्य उद्देश्य जनसाधारणमा, खासगरी युवावर्गमा, सनातन धर्मप्रति रुचि र आस्था बढाई एक सर्वाङ्गीण रूपमा उन्नत समाजको विकासमा योगदान गर्नु हो । उपर्युक्त उद्देश्य प्राप्तिका लागि संस्थाले विशेष गरी निम्नलिखित कार्यहरु गर्नेछ :-

१. जनसाधारणमा सनातन धर्मप्रति रुचि र आस्था बढाउने किसिमको पुस्तक पत्रपत्रिका इत्यादि प्रकाशन गर्ने ।

२. बालबालिकाहरुलाई हाम्रो सनातनधर्म र संस्कृतिको जानकारी गराउने सरल भाषामा लेखिएका पुस्तक पुस्तिका प्रकाशन गर्ने ।

३. संस्थाका उद्देश्यहरु पूरा गर्ने किसिमको अन्य प्रकाशन तथा कार्यहरु गर्ने ।

संस्थाको साधारण सभा

संस्थाका सबै सदस्यहरु साधारण सभाका सदस्यहरु हुने छन् । संस्थाको सदस्यता शुल्क यस प्रकार छ-

आजीवन सदस्यता रु १,०००।- वा अधिक संरक्षण सदस्यता रु. २५,०००।- वा अधिक

संस्थाका आजीवन सदस्यहरुलाई 'समुदय' पत्रिका आजीवन नि:शुल्क तथा अन्य प्रकाशनहरु आधा मूल्यमा उपलब्ध गराइने छ । संरक्षकसदस्यहरुलाई संस्थाका सबै प्रकाशनहरु पाँच प्रति नि:शुल्क उपलब्ध हुने छन् ।

संचालकपरिषद्

संस्थाको कार्यसंचालनका लागि १३ सदस्यहरु भएको एक संचालकपरिषद् रहेको छ । परिषद्का सदस्यहरुको निर्वाचन साधारण

(बाँकी भित्री पेजमा)